नेटो–युद्धविरुद्ध विश्वभरिका कम्युनिष्टहरुको हुंकार !

# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ६७

मूल्य रु. २०/-
भारतमा भा.रु. १४/-



के कोसोभो लिबरेशन आर्मी (KLA) जर्मनी र अमेरिकाका भाडाका सिपाहीहरु हुन् ?



साधना अधिकारी
के सोच्दै हुनुहुन्छ ?
के गर्दै हुनुहुन्छ ?

चुनावी परिणाम र
आगामी कार्यक्रमहरूबारे
क. माधव नेपाल, क. वामदेव गौतम,
क. मोहनविक्रम र क. पद्मरत्न तुलाधर

"म झाँक्रीको असिस्टेण्ट भएँ"
- क. निर्मल लामा

नयाँ उपन्यास
"जूनकिरीको संगीत"
खगेन्द्र संग्रौला



# कसरी आयो कांग्रेसको बहुमतको सरकार ?

प्रत्येक इन्जिनीयर, आर्किटेक्ट, कुशल ठेकेदारलाई थाहा हुन्छ, डण्डीको यील्ड स्ट्रेन्थ, डिजाइनको त्यो आधार हो,
जसबाट निर्माण किफायती र बलियो बन्छ।
हिमाल स्टील टोरस्टील त्यस्तो शक्तिशाली फलामे डण्डी हो, जुन अन्तराष्ट्रिय प्रविधिबाट अन्तराष्ट्रिय गुणस्तरमा नेपालमै
तयार पारिएको छ। यस्को शक्ति सम्पन्न ४२.५ किलो/वर्ग मि.मि. यील्ड स्ट्रेन्थको हामी ग्यारेन्टी दिन्छौं
र यसको बढी बण्ड स्ट्रेन्थले तपाईको निमार्णमा बचत गराउँछ।
तपाईको सृजनशीलता र हाम्रो हिमाल स्टील
अभिन्न साथी एक अर्काको।

हिमालले सुरक्षित घर बनाउँछ।


# HI-YIELD STRENGTH



हिमाल आयरन एण्ड स्टील (प्रा.) लि.
ज्योति भवन, कान्तिपथ, पो.ब. १३३, काठमाडौं
फोन: २२५२३०, २२५४९०, फ्याक्स: २२६३१४

# Kathmandu Maida Mills Pvt. Ltd.

## AN AUTOMATIC FLOUR MILL



KMM

You have a deal. A fair deal. Best quality flour and atta.
From our modern and automatic plant.
For you and for all your needs.
Quality flour for bakeries and confectioneries.
Hygenic Atta for breads.
All suited to your needs
Give your flair a name.
The name of

***KATHMANDU MAIDA MILLS PVT. LTD.***

**Balaju Industrial District, Balaju**
**P.O. Box 351 Kathmandu Nepal**
Phone No. 350221, 350285

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १७, पूर्णाङ्क ६७
जेठ / २०५६

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ

**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का

**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी

**विज्ञापन व्यवस्थापक**
गुण श्रेष्ठ

**बजार व्यवस्थापक**
दुर्गा खड्का

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं




## कसरी आयो कांग्रेसको बहुमतको सरकार ?

● कसले कति पायो, कति गुमायो ? ● कसको गढ कहाँ बन्यो, कहाँ भत्कियो ? ● कसले कहाँ जित्न सम्भव थियो ? ● वाम तालमेल नहुनाले कति सीट गुम्यो ? ● एमाले जित्न सम्भव ठाउँहरू ● किन माले चुनावमा यति नराम्ररी हार्‍यो ?

चुनावी परिणाम र आगामी कार्यक्रमहरूबारे क. माधव नेपाल, क. वामदेव गौतम, क. मोहनविक्रम र क. पद्मरत्न तुलाधर के भन्नुहुन्छ ?

## कस्तो होला भट्टराईको प्रधानमन्त्रीत्व र बहुमतको सरकार ?

## नेटो-युद्धको विरोधमा बिश्वब्यापी रुपमा आवाज घन्कियो !

❑ कोसोभो लिबरेशन आर्मी (KLA) जर्मनी र अमेरिकाका भाडाका सिपाहीहरू
◆ नेटोआक्रमणका विरूद्ध विश्वका कम्युनिष्टहरूको हुँकार
❑ नेपालमा नेटोविरूद्ध प्रदर्शन



## अधिकारविहीन महिलाहरूलाई अधिकार दिलाउन नै हामीहरू राजनीतिमा लागेका थियौं

-साधना अधिकारी

## जूनकीरीको संगीत

खगेन्द्र संग्रौलाको नयाँ उपन्यासको अंश


**हाम्रो मूल्यांकन**
के हो अबको दायित्व सबै वामपन्थीहरूको ? ४

**आवरण कथा**
कसरी आयो कांग्रेसको बहुमतको सरकार ? ४
कसले कति पायो, कति गुमायो ६
आगामी समयमा एमालेको भूमिका के हुनेछ ? -क. माधवकुमार नेपाल ८
नेकपा मालेले यस चुनावमा किन यस्तो नराम्ररी हार खानु पर्‍यो ? -क. वामदेव गौतम १०
किन माले चुनावमा यति नराम्ररी हार्‍यो ? १२
हजार चुनाव हारे पनि हामी अन्तिम विजय हासिल गर्नेछौं -क. पद्मरत्न तुलाधर १३
यो चुनावले देखाएको नयाँ लक्षण र प्रवृत्तिहरू -दीपेश उपाध्याय १४
हामीले हाम्रो नीति र व्यवहारको बलमा चुनाव जितेका हौं -क. मोहनविक्रम सिंह १५

**व्यंग्य**
हारेका उम्मेदवारहरूलाई बधाई -विमल निभा १७

**आत्मकथा**
म भाँक्रीको असिस्टेण्ट भएँ -क. निर्मल लामा २०

**दर्शन परिचय**
सांख्य दर्शन: एक संक्षिप्त परिचय २५

**इतिहास**
यसरी मनाउन थालियो विश्वमा मे दिवस २६

**जीवनको झाँकी**
फाँसीको सजायँ आजीवन कारावासमा बदलियो ! २२
क्रान्ति पार्टी र अन्य नक्कलबारे क. चारू मजुमदार के भन्नुहुन्छ ? २३

**आँखीझ्याल**
कोसोभो लिबरेशन आर्मी (KLA) जर्मनी र अमेरिकाका भाडाका सिपाहीहरू ३७

**विश्व कम्युनिष्ट आन्दोलन**
नेटो-युद्धको विरोधमा विश्वब्यापी रूपमा आवाज घन्कियो ! ४०
विश्वका कम्युनिष्टहरूको हुंकार ४२

**घटना र प्रवृत्ति**
नेपालमा नेटोविरूद्ध प्रदर्शन ४४
के पाकिस्तान र भारतबीच युद्ध भड्केला ? ४४
भट्टराईको प्रधानमन्त्रीत्व र बहुमतको सरकार ? ४५

**अन्तर्वार्ता**
अधिकारविहीन महिलाहरूलाई अधिकार दिलाउन नै हामीहरू राजनीतिमा लागेका थियौं -साधना अधिकारी १८

**विज्ञान / प्रविधि**
बहुग्रहको नयाँ सौर्यमण्डल अपसिलन एन्ड्रोमेडा २८

**नीति संस्कृति**
वाम-आन्दोलनभित्रको असहिष्णुता र संकीर्णता ३१

**साहित्य**
जूनकीरीको संगीत ३२

**पर्दा / रंगमञ्च**
कोरियामा रायन पुरस्कृत ३६

**पाठकको कुरो** ४२



आवरणमा : गोरू जुधिरहेको व्यंग्य चित्र (यति आर्ट) र गिरिजाप्रसाद कोइरालाको मुखाकृति (रविन सायमी)/
काँधमा: मेसेडोनियाको राजधानी स्कोप्जीमा नेटो र अमेरिकाविरुद्ध भइरहेको प्रदर्शनको दृश्य (फोटो: फ्रन्टलाइन)
आवरण सज्जा: सुन्दर बस्नेत, बागबजार फोन: २५२६४५ / कलाकारहरू: लक्ष्मण भूजेल, जि.डि. सारू, यति आर्ट, पुतलीसडक । फोन: २४७१८२
मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार

# हाम्रो मूल्यांकन

**मूल्याङ्कन** ले बेलैमा पर्याप्त तथ्यतथ्यांक सहित के कुरा स्पष्ट पारको थियो भने, यो आम चुनावमा संपूर्ण बामशक्तिबीच चुनावी एकता हुन सकेन भने स्पष्टतः नेपाली कांग्रेसको स्पष्ट-बहुमतको सरकार आउनेछ । तर जिम्मेवार ठाउँबाट त्यो कुराको बेलैमा सुनवाइ भएन । भनियो कि- एउटै पार्टीको बहुमत आउनसक्ने स्थिति नेपालमा विद्यमान छ । सोचियो कि- फुटेर जानेलाई जिरोमा झार्नुमै ज्यादा कल्याण छ । तर अहिले चुनावी परिणामले व्यवहारमा साबित गरेको छ, कि- मूल्याङ्कनको विश्लेषण अवस्तुवादी थिएन । स्थिति त्यही सिर्जना भएको छ , जुन मूल्याङ्कनले भविष्यवाणी गरेको थियो र जुन नहोस् भनेर उसले अनेकौं प्रयत्न गरेको थियो ।

यो चुनावले स्पष्ट देखाएको छ कि- नेपाली जनताको ४० प्रतिशत जनमत संयुक्त बाम-शक्तिको पक्षमा छ । तथापि, नेपालले ३६ प्रतिशत जनमत मात्र आफ्नो पक्षमा भएको नेपाली कांग्रेसको बहुमतको सरकार आफ्नो थाप्लामा बोक्नुपरिरहेछ । यो ठूलो बिडम्बना हो । तर बामशक्तिको अदूरदर्शितापूर्ण बिभाजनको कारणले "छातीमाथि ढुंगा राखी" हामीले यो बिडम्बना ब्यहोर्नु परिरहेछ ।

नेपाली जनताले अब त्यो आर्थिक उदारवाद ब्यहोर्नु पर्नेछ, जसले विदेशी ऋण, महँगी, बेरोजगारी र गरीबी बेपत्तासित बढाउने छ र देशका आफ्ना उद्योग धन्दाहरुलाई धराशायी बनाउने छ । नेपालले अब त्यस्तो "प्रजातान्त्रिक समाजवाद" ब्यहोर्नु पर्नेछ , जहाँ जनताले न प्रजातन्त्रको उपभोग गर्न पाउँछन् न समाजवाद । प्रजातन्त्रको बदलामा नांगो राज्य-आतङ्क र समाजवादको बदलामा धनी-गरीबबीच बढ्दो विभेद र सामाजिक अन्याय मात्र जनताको नियति हुनेछ । खानेपानी, खाद्य

## के हो अबको दायित्व सबै वामपन्थीहरुको?

पदार्थको आपूर्ति, स्वास्थ्य र शिक्षा जस्ता आधारभूत सेवाहरुको समेत निजीकरण ब्यहोर्नु पर्नेछ नेपाली जनताले । कार्णाली र बाँकी नदीनालाहरुको पनि "कन्यादान" ब्यहोर्नु पर्नेछ, नेपाल राष्ट्रले ।

तर अब जो नहुनु पर्ने थियो, त्यो भइसकेको छ । बाम तालमेल नहुनुको नतिजा के हुँदोरहेछ भनेर सम्बन्धित पक्षले गंभीर पाठ सिक्नसक्यो भने त्यो नै अब ठूलो कुरो हुनेछ । बाम एकता नहुनाले गर्दा कम्तीमा ४५ वटा संसदीय सीट प्रतिक्रियावादीहरुको हातमा गएको छ यसपटक । र, नेपालको इति-हासमा पहिलो पटक अत्याधिक बहुमतसहितको वाम सरकार गठन हुने ऐतिहासिक अवसर पनि यो सँगसँगै फेरि एक पटक गुमेको छ । यो नोक्सानी-बोध मात्र संबन्धित पक्षले गरेमा पनि त्यो ठूलो उपलब्धि हुनेछ ।

अबको मुख्य सवाल भनेको संसदमा अब वामपन्थीहरु प्रतिपक्षको रुपमा खडा भएका छन्, उनीहरुले कसरी एकताबद्ध भएर देशलाई बर्बादीबाट बचाउन संघर्ष गर्ने भन्ने हो । संसदको मात्र संघर्षले संसदीय संघर्ष समेत गतिलो हुन सक्दैन । अझ, प्रतिक्रियावादी शक्तिको संसदमा सुविधाजनक बहुमत भएको स्थितिमा त सडक - संघर्ष मजबुत र प्रभावकारी भएन भने उसले संसदमा जति कराए पनि टेर्ने स्थिति नै रहँदैन । त्यसैले, अबको चुनौती भनेको संसद र सडकको संघर्षलाई कसरी संयोजित गरेर अगाडि बढ्ने भन्ने नै हो ।

हाम्रो ठम्याइमा अब वामपन्थीहरुले एउटा साझा न्यूनतम कार्यक्रमको आधारमा प्रजातान्त्रिक सुधारका लागि "संयुक्त प्रजातान्त्रिक मोर्चा" निर्माण गर्नु जरुरी छ । यो मोर्चाले सडकमा पनि र संसदमा पनि प्रभावकारी संयुक्त संघर्ष चलाउनु जरुरी छ । असमान सन्धिहरुको खारेजी, प्रगतिशील भूमि सुधार, ग्रामीण औद्योगिकरण र विद्युतीकरण, महिलाहरुलाई, जनजाति र भाषाभाषीहरुलाई, धर्मावलम्बीहरुलाई पूर्ण समानताको अधिकार (एक लिंग एक भाषा र एक धर्म बिशेषाधिकारको अन्त्य), महँगी र कालापानीको समस्याको समाधान, जथाभावी निजीकरण र निष्कण्टक आर्थिक उदारवादको अन्त्य,- यति मात्र सवालमा साझा संघर्ष-संचालन गर्न सकेको खण्डमा पनि ठूलो उपलब्धि हुनेछ ।

क्रान्तिकारी वामपन्थीहरुले यसनिम्ति तत्काल एउटा सानो "कोर कमिटी" बनाउनु जरुरी भएको हामीलाई लागेको छ ।

ने.क.पा. (माले) संसदीय चुनावमा अप्रत्याशित ढंगले पराजित भएको छ । अब उसले आफ्नो संगठन मजबूत पार्ने भनेको सडक -संघर्षमा अगुवाको भूमिका खेलेर, ग्रास रुट तहमा संगठन मजबूत पारेर, साइजको ठूलो संगठन होइन, गुणको ठूलो संगठन बनाउन खोजेर हो भन्ने हामीलाई लाग्छ । माले नाउँको छुट्टै संगठनको औचित्य स्पष्ट हुने ढंगले उसले काम गर्न सकेमा नै संसदीय पराजयलाई उसले सजिलै क्षतिपूर्ति गर्नसक्ने छ । ❑

---

**२**०४८ सालको आम निर्वाचनपछि पुनः एक पटक देशमा नेपाली कांग्रेसको स्पष्ट बहुमत भएको सरकार सत्तामा आएको छ । यो बहुमत ल्याउनका लागि कांग्रेससित यस पटक न कुनै जनताको मनजित्ने चुनावी मुद्दा नै थियो, न तुलनात्मक रूपमा ज्यादा दरिलो संगठन, न लोकप्रियता नै । तथापि, ने.क.पा. (एमाले) गतः वर्ष फुटेकाले र फुटेका पार्टीहरू यदुवंश-शैलीमा एक अर्कालाई निमिट्यान्न पार्न चुनावमा जुटेकाले कांग्रेसलाई निमिट्यान्न पार्ने कुरा दुवैको मुख्य एजेण्डामा परेन । यसैको फलस्वरूप, आशा नगरिएको अपुतालीझैं सुविधाजनक बहुमत कांग्रेसको हातमा उत्तिकै आइलागेको छ । नेपाली कांग्रेस लगभग एक-ढीका भएर चुनावी मैदानमा जानु, तर सबैभन्दा बलवान दुई बामपन्थीहरू भने एक अर्कालाई सिध्याउन नै मूलतः तल्लीन हुनु- यही नै मुख्य कारण हो, जसले अत्यन्त अलोकप्रिय स्थितिमा पनि नेपाली कांग्रेसलाई सिंहदर्वारको शक्तिशाली घुम्ने मेचमा पुऱ्याएको छ ।

वामशक्तिको पक्षमा परेको कूल मतको हिसाबले प्रष्ट देखाएको छ- यस पटक बामपन्थीहरू एक भएको खण्डमा सजिलै ११९ भन्दा ज्यादा सीट ल्याएर अत्याधिक बहुमत हासिल हुनु संभव थियो । (हेर्नुहोस्: टेबुल १) एमाले एक्लैको स्पष्ट बहुमत आउनु समेत संभव थियो । तर एमाले स्वयमले के रणनीति तय गरेको देखियो भने, बरू कांग्रेस जितेजितोस्, यी सबै विकल्पभन्दा बेस विकल्प मालेलाई यसपल्ट 'जिरोमा झार्नु' र आफू बरू प्रमुख प्रतिपक्षमा बस्नु हो । यसो गरियो भने मालेका मान्छेहरू कालान्तरमा एमालेमा ओइरिनेछन् , त्यसपछि ५ वर्षपछिको चुनावमा आफ्नो बहुमत पक्का हुनेछ । - यही रणनीतिका कारणले

> *नेपालमा अहिले यथार्थमा ४० प्रतिशत लोकप्रिय मत ल्याउने वाम खेमामाथि ३६ प्रतिशत मात्र मत ल्याउने नेपाली कांग्रेसको शासन छ ।*

### कसले कति पायो, कति गुमायो ?

### कसको गढ कहाँ बन्यो, कहाँ भत्कियो ?

### कसले कहाँ जित्न सम्भव थियो ?

### वाम तालमेल नहुनाले कति सीट गुम्यो ?

### एमाले जित्न सम्भव ठाउँहरू

### किन माले चुनावमा यति नराम्ररी हाऱ्यो ?

गैर-कांग्रेसी सरकार बन्ने संभावना ढोकै अगाडि आउँदा समेत एमालेबाट बलपूर्वक ढड्याम्म ढोका बन्द गरियो । आम जनताको अपेक्षा र बौद्धिकहरूको अनेकौं प्रयत्नका बावजूद, माले-एमालेबीच तालमेल संभव हुन सकेन । हाम्रो आफ्नै कोशिस पनि व्यर्थ भयो । अहिलेको चुनावी नतिजा त्यसैको स्वाभाविक परिणाम मात्रै हो ।

त्यसैले, कांग्रेसले आफ्नै सामर्थ्यले मात्र अहिलेको स्पष्ट बहुमत ल्याएको होइन । एमालेको रणनीति कार्यान्वयन गरिँदा कांग्रेसको बहुमत स्वतः आएको मात्र हो । यस अर्थमा, यो अपुताली-बहुमत हो कांग्रेसको लागि ।

"एमाले मालेलाई शून्य सीटमा झार्न चुनाव लड्यो, माले एमालेलाई जतिसक्यो उति ज्यादा ठाउँमा हराउन चुनाव लड्यो, कांग्रेसविरूद्ध त उनीहरूले खासमा चुनावै लडेका छैनन्, अनि कांग्रेसले बहुमत नल्याए कसले ल्याओस् त ?" -दीपक ज्ञवालीको यो व्यंग्यात्मक टिप्पणी मलाई निकै सटीक लागको छ ।

त्यसो त, नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले विगतको गल्तीबाट पाठ सिकेर कांग्रेसलाई एक गराउन केही बुद्धिमत्तापूर्ण कदम नचालेका भने होइनन् । कृष्णप्रसाद भट्टराईलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गर्नु र उम्मेदवारहरू संबन्धमा सर्वसम्मत निर्णय गर्नु कांग्रेसको नेतृत्वबाट यस पटक उठाइएका दूरदर्शितापूर्ण पाइलाहरू थिए ।

यी कदमहरूले गर्दा यसपल्ट

२०५१ सालमा जस्तो भित्री पार्टी -फूट कांग्रेसमा तीव्र भएन । बागी उम्मेदवारीका वावजूद कांग्रेस जम्माजम्मीमा एकतावद्ध रह्यो । बागी उम्मेदवार एउटा पनि जित्ने स्थिति बनेन । यो एकताका करणले कांग्रसले अन्तर्घातबाट हुने नोक्सानीलाई न्यूनतम पार्‍यो र केही ठाउँमा जितवाजी पनि सुनिश्चित भयो ।

तर प्रश्न के हो भने, सबै वापन्थीहरू चुनावी तालमेलमा मात्र एंकजूट भएको स्थितिमा कांग्रेसको एकता मात्रैले उसको अहिलेजस्तो स्पष्ट वहुमत आउन संभव थियो ? कदापि थिएन ।

यो तथ्य अहिले वामपन्थीहरूको कूल मत जोड्दा वामपन्थीहरू स्वतः जित्ने, तर पनि चुनावी एकताको अभावको कारणले मात्र हारेका चालीसौं ठाउँहरूको गन्ती गर्दा छर्लगं देखिन्छ ।

अहिलेको चुनावमा एमाले र मालेबीच मात्र चुनावी तालमेल हुँदा स्वतः जित्ने ठाउँ ४० वटा देख़िएका छन् । तर बाम तालमेलको अभावमा ती सवै ठाउँ नेपाली कांग्रेसको हातमा गएको छ । भक्तपुर -२ मा ने म कि पा , एमाले, माले र संजमोको कुल मत जोड्दा २५, १४४ हुन आउँछ, तर ने म कि पा स्वतः जित्ने त्यो ठाउँमा विजय भएको छ - नेपालीक कांग्रेस, सिर्फ १४,२०० मतले । त्यस्तै, रामेछाप २ मा सं ज मो र मालेले ल्याएको कूल मत १९,११५ छ, तर संजमो सजिलै जित्ने त्यो ठाउँमा नेपाली कांग्रेस सिर्फ १२,२३५ मतले जितेको छ । सिराहा-३ मा पनि संजमो र एमालेको कूल मत १८,४७२ देखिन्छ, तर सं.ज.मो. को स्वतः जित हुने त्यस क्षेत्रमा जितेको छ- रा.प्र.पा. त्यो भन्दा ४ हजारभन्दा कम मत ल्याएर । यही कुरा- बर्दिया १, वाँके ३ मा पनि भएको छ । कूल मतको हिसाव गर्दा माले स्वतः जित्नु पर्ने यी ठाउँमा निकै कम मतले नेपाली कांग्रेस जितेको छ ।

यसरी, कूल मतको हिसावले निकै ज्यादा मतले वामपन्थीहरू स्वतः जित्ने ठाउँहरूमा तालमेल हुन नसक्नाले वामपन्थी मतको विभाजनले गर्दा कम्तीमा ४४ सीट उत्तिकै नेपाली कांग्रेसको कब्जामा गएको छ । ती क्षेत्रमा संगठनिक पकड पनि वामपन्थीकै बलियो छ, लोकप्रियता पनि उनीहरूकै ज्यादा छ, तर जित भने नेपाली कांग्रेसको भएको छ, सिर्फ बाम बेमेलको कारणले ।

यसप्रकार, लाटो हिसावले पनि यस पटक खालि तालमेल मात्र गर्दा वामपन्थीहरूको स्वतः ११९ सीट आउने, र कांग्रेसको सीट ६६ मा झर्ने सुनिश्चित थियो ।

# कसरी आयो कांग्रेसको बहुमतको सरकार ?



बामपन्थीहरूले ल्याएको मत प्रतिशतकै हिसावले पनि यो तथ्यको पुष्टि हुन्छ !

अहिलेको चुनावमा नेपाली कांग्रेसले कूल खसेको मतको ३६ प्रतिशत हासिल गरेको छ । तर एमालेले हासिल गरेको करीब ३१ प्रतिशत मत, मालेले हासिल गरेको करीब ६ प्रतिशत मत, राजमोको करीब १.५ प्रतिशत मत, संजमो र नेमकिपाले ल्याएको करीब १-१ प्रतिशत मत, नेकपा (संयुक्त) र नेकपा (मार्क्सवादी) ले ल्याएको मत एकै ठाउँमा जोड्दा वामपन्थीहरूको कूल मत ४० प्रतिशतभन्दा पनि ज्यादा हुन्छ ।

आश्चर्यजनक विरोधाभास के छ भने, खालि ३६ प्रतिशत मतको सहाराले नेपाली कांग्रेसले संसदमा ११० सीट हासिल गरेको छ, तर ४० प्रतिशतभन्दा ज्यादा मत ल्याउने बामपन्थीहरूको कब्जामा खालि ७१ सीट मात्र छ । कांग्रेसभन्दा अत्याधिक लोकप्रिय मत वाम खेमाले पाएर पनि वाम बेमेलले गर्दा कति धेरै स्थान नेपाली कांग्रसको पोल्टामा स्वतः गएछ, त्यो यो तथ्याङ्कबाट पनि स्पष्ट हुन्छ ।

नेपालमा अहिले यथार्थमा ४० प्रतिशत लोकप्रिय मत ल्याउने वाम खेमामाथि ३६ प्रतिशत मात्र मत ल्याउने नेपाली कांग्रेसको शासन छ । अर्को भाषामा, नेपालमा अहिले स्पष्टतः जनताको बहुमतमाथि अल्पमतको शासन छ । लोकप्रिय मतको हिसावले, यथार्थमा नेपाली कांग्रेसको सरकार बाम खेमाको सापेक्षतामा अल्पमतको सरकार हो, वाम खेमा विभाजित हुनुको कारणले वैधानिक वा कानूनी रूपले

**चुनावी परिणाम र आगामी कार्यक्रमहरुबारे क. माधव नेपाल, क. वामदेव गौतम, क. मोहनविक्रम र क. पद्मरत्न तुलाधर के भन्नुहुन्छ ?**

मात्र यो संसदीय वहुमतको सरकार हुन गएको हो ।

हामी नेपाली वामपन्थीहरू भूपि शेरचनको "हामी" कवितामा भनिएझैं भएका छौं -"हामी बीर त छौं, तर बुद्धू छौं"।

यो हाम्रो बुद्धूपनको ज्वलन्त उदाहरण हो कि- मिल्नासाथ हामी स्वतः संसदमा अत्याधिक बहुमतमा हुन्छौं, नमिल्दा पनि लोकप्रिय मतका हिसावले हामी नेपालमा स्पष्टतः बहुमतमा छौं, तथापि हामी बरू कांगेसको कानूनी वहुमत थाप्लामा बोक्न तयार छौं, तर साझा प्रहार-लक्ष्यका विरूद्ध, साझा उद्देश्यका लागि, हामी आफू चाहिं कदापि मिल्न तयार छैनौं ।

> *कांग्रेस लोकप्रिय र बलवान हुनाले होइन, वामपन्थी खेमा एकताबद्ध र जागरूक नहुनाले मात्र कांग्रेसको 'बहुमत" संभव भएको हो ।*

अहिले एमालेको ६८ सीट आएको छ । तालमेल गरेको खण्डमा ४० सीट थपिएर यो स्वतः १०७ सीट हुन्थ्यो । अर्थात् एमाले एक्लैको स्पष्ट बहुमत आउँथ्यो । हामी कति वुद्धिमान छौं भने, बरू हामी प्रमुख प्रतिपक्ष हुन तयार, तर ४० सीट आफ्नो हातमा ल्याउन मालेलाई ५-१० सीट दिन बेतयार !

त्यसैले, अहिलेको कांग्रेसको बहुमतको सरकार सिर्फ वाम बेमेलको परिणाम हो । तीतो भाषामा भन्नुपर्दा, यो बाम बुद्धूपनको उपहार हो ।

कांग्रेस लोकप्रिय र बलवान हुनाले होइन, वामपन्थी खेमा एकताबद्ध र जागरूक नहुनाले मात्र कांग्रेसको "बहुमत" संभव भएको हो । अन्यथा यो संभव थिएन, छैन ।

त्यसमाथि थप, नेपाली कांग्रेसबाट यसपल्ट "जसरी पनि" चुनाव जित्ने षड्यन्त्र पनि प्रशस्तै भएको देखिएको छ । सरकारी संचार माध्यको एकलौटी उपयोग गर्ने पैसाको खोलो बगाउने, बूथ क्याप्चर गर्ने निर्वाचन आयोगलाई नै साधन बनाएर धाँधली गर्ने उम्मेदवार नै अपहरण गर्ने जस्ता कामहरू गरिएका प्रशस्त प्रमाणहरू भेटिएका छन् ।

केही चर्चित प्रतिनिधि प्रमाणहरू मात्र यहाँ प्रस्तुत गरौं: धनुषामा एमाले उम्मेदवार रामचन्द्र झाको प्रहरी स्वयम्‌द्वारा हेलिकोप्टरमा गरिएको अपहरण, सिन्धुली क्षेत्र नं.३ दुमजा, नुवाकोट क्षेत्र नं.२, काभ्रे क्षेत्र नं. ३ मा प्रहरी,दंगा-प्रहरी स्वयम्‌बाट भएको बूथ क्याप्चर, झापा र सुन्सरीमा निर्वाचन आयोग स्वयम्‌द्वारा भएको उल्टो स्वस्तिक छापको खेल यसका ज्वलन्त उदाहरणहरू हुन् ।

"जसरी पनि" चुनाव जित्ने यी साजिशबाट कांग्रेसको केही सीट अवश्य बढेको छ । तर मूख्य रूपमा कांग्रेस बहुमतमा आएको यो कारणले होइन, मूलतः वामशक्तिको विभाजन नै कांग्रेसी वहुमतको आधारभूत कारण हो । अहिले पनि बहुसंख्यक जनताले बहुसंख्यक भोट हालेको कांग्रेसलाई होइन, वाम खेमालाई नै हो । तर जनताको मत र अपेक्षाअनुरूप वामशक्ति एक भएर संसदमा बहुमत ल्याउन र वहुमतको सरकार चलाउन तयार भएनन् । यही बेतयारीले मात्र नेपालमा अहिले कम लोकप्रिय मत पाएर पनि नेपाली काग्रेसको "वहुमतको सरकार" बन्ने स्थिति पैदा भएको हो । तुलनामा बढी जनताको मत बाम खेमाको पक्षमा परे पनि, एमाले स्वयम्‌को मत आफ्नै वहुमतको सरकारको पक्षमा नभएकोले मात्र अहिले नेपाली काग्रेसको प्रतिक्रियावादी सरकार देशले व्यहोर्नु परेको हो । जसको आफ्नै पक्षमा आफ्नै मत हुँदैन, त्यसले अरूको लात र हालीमुहाली त ब्यर्होनु पर्छ नै ।

नेपाली कांग्रेसको स्पष्ट वहुमतको तानाशाही कस्तो हुन्छ , त्यो देशले २०४८ सालदेखि २०५१ सालसम्म तीनवर्ष भोगी, हेरी सकेको हो । सिंगो पंचायत कालको ३० वर्षमा मारिएभन्दा दोब्वर नागरिकहरू त्यतिखेर कांग्रेसी सरकारबाट ३ वर्षमा मारिएका थिए । 'सन्धि'लाई 'समझदारी' भनेर महाकालीको पानी भारतलाई कौडीको मोलमा सुम्पने रापट्रघाती प्रयत्नको प्रारम्भ त्यतिखेरै कांग्रेस सरकारबाट भएको थियो । दुई अंक दरको महँगीले धरहरा छोएको समय त्यही थियो । राष्ट्रिय स्वाधीनतालाई नै सीमित पार्ने र विद्युत महशुल तीनसए प्रतिशत बढाउन विश्व बैंकका खतरनाक शर्तहरू स्वीकार गरेर अमेरिकामा भन्दा पनि महँगो प्रतिएकाइ मोलमा नेपालमा बिजुली निकाल्ने प्रयत्न "अरूण ३" योजनामार्फत त्यतिखेरै भएको थियो । के त्यस्तो वहुमतको शासनतर्फ नेपाललाई जानाजान डोऱ्याउने प्रयत्न गर्नु उचित भएको छ ? सबैले निधार खुम्च्याएर सोच्नु जरूरी भएको छ ।

❑ श्याम श्रेष्ठ

# कसले कति पायो, कति गुमायो

यस पटकको आम-चुनावमा नेपाली कांग्रेस र एमाले २०४८ सालकै आम चुनावको स्थितिमा फर्केका छन् । अहिलेसम्म घोषित २०१ क्षेत्रको चुनाव परिणाममध्ये नेपाली कांग्रेसले ११० स्थान हात पारेको छ । २०४८ सालमा पनि उसले ठीक त्यति नै स्थानमा विजय हासिल गरेको थियो । एमालेको २०४८ सालमा ६९ स्थानमाथि कब्जा थियो, अहिले उसले ६८ स्थान हासिल गरेको छ ।

रा.प्र.पा को सीट आधा नै घटेको छः २० सीटबाट ११ सीट । यो रा.प्र.पा.मा भएको पार्टी फूटको परिणम हो । रा.प्र.पा. (चन्द) त यसपालि शून्य सिटमै झरेको छ ।

ने.क.पा (मसाल) को चुनावी मंच राष्ट्रिय जनमोर्चाले २०५१ सालको दुई सीटबाट यसपल्ट आफ्नो स्थिति सुदृढ बनाएर पाँच सीट हासिल गरेको छ । बाम तालमेलमा उसले हासिल गरेको सफलताले गर्दा यस्तो स्थिति बन्न सक्केको हो ।

नेपाल सदभावना पार्टीले पहिलेको ३ सीटलाई अहिले ५ सीट पुऱ्याएको छ ।

संयुक्त जनमोर्चा, नेपालले पहिलेको शून्य स्थितिबाट यसपल्ट एक सीटमा विजय हासिल गरेको छ । ने.म.कि.पा भने पहिलेको चार सीटबाट यस पटक एक सीटमा झरेको छ ।

पहिले ४० सीटमाथि क़ब्जा भएको ने.क.पा. (माले) यसपल्ट शून्य सीटमा ओर्लेको छ ।

२०५१ सालको मध्यावाधिमा सात सीट ल्याएका स्वतन्त्र उम्मेदवारहरूले यसपल्ट १ सीट पनि ल्याउन सकेका छैनन् ।

२०५१ सालमा ४ वटा पार्टी मात्र राष्ट्रिय पार्टी हुन सकेका थिए, यसपालि ६ वटा पार्टी राष्ट्रिय पार्टी भएका छन् । कांग्रेस, एमाले रा.प्र.पा. (थापा), सदभावना, माले, र रा.प्र.पा (चन्द) । माले र रा.प्र.पा. (चन्द) नयाँ थपिएका राष्ट्रिय पार्टी हुन् ।

> **यस पटकको विशेषता के हो भने, कांग्रेसको तुलनामा लोकप्रिय मत बाम खेमाको ज्यादा भएको छ । कांग्रेसले पाएको मत ३६ प्रतिशत छ भने बाम खेमाले पाएको मत ४० प्रतिशतभन्दा पनि ज्यादा छ ।**

नेपाली कांग्रेसले २०५१ सालमा कुल खसेको मतमध्ये ३३ प्रतिशत मत हात लगाएको थियो । यसपल्ट त्यो बढेर ३६ प्रतिशत पुगेको छ, यो मूलतः एमाले फुट्नाले बढेको मत हो । अन्यथा, कांग्रेसको मत खासै बढेको देखिन्न । एमालेको मत भने पार्टी फुट्दाफुट्दै पनि ३१ प्रतिशत नै कायम रहेको छ । यसको तात्पर्य, एमालेको लोकप्रिय मतमा वृद्धि भएको छ । त्यसमाथि थप, ने.क.पा.(माले ले यसपल्ट शून्य सीटका बावजूद ६ प्रतिशत लोकप्रिय मत हासिल गरेको छ । दुवैको मिलाउँदा ३७ प्रतिशत मत हुनजान्छ । अर्थात् कांग्रेसको भन्दा ज्यादा ।

रा.प्र.पा को मत १८ प्रतिशतबाट १० प्रतिशतमा झरेको छ । रा.प्र.पा (चन्द) को समेत मिलाउँदा रा.प्र.पा. को मत १३ प्रतिशत हुनजान्छ । यसको मतलब, रा.प्र.पा. को लोकप्रिय मत ओरालो लागेको छ । सदभावनाको लोकप्रिय मत भने, करीब ज्यूँकात्यूँ देखिएको छ-३ प्रतिशतकै वरपर ।

रा.ज.मो. को पहिलेको मत थाहा नहुनाले तुलना संभव भएन । तर, राजमोले यसपल्ट १।३९ प्रतिशत मत हासिल गरेको छ । यो शायद पहिलेभन्दा थोरै ज्यादा हुनुपर्दछ । संयुक्त जनमोर्चाको मत भने

# कसको गढ कहाँ बन्यो, कहाँ भत्कियो ?

पहिलेभन्दा लगभग आधा नै घटेको छः १।३२ बाट अहिले ०।८१ । त्यस्तै, ने.म.कि.पा. को पनिः पहिलेको लगभग १ प्रतिशतबाट अहिले ०।५५ र पहिलेभन्दा संगठनको आधार-क्षेत्र खुम्चेको हुनाले यस्तो भएको हनुपर्छ ।

तर, यस पटकको विशेषता के हो भने, कांग्रेसको तुलनामा लोकप्रिय मत बाम खेमाको ज्यादा भएको छ । कांग्रेसले पाएको मत ३६ प्रतिशत छ भने बाम खेमाले पाएको मत ४० प्रतिशतभन्दा पनि ज्यादा छ ।

## *कसको गढ कहाँ बन्यो, कहाँ भत्क्यो ?*

२०५६ सालको चुनावको एउटा प्रवृत्ति के भएको छ भने, सुदूर पश्चिमाञ्चलमा यसअघि एमालेको बाहुल्य भइरहेकोमा यस पटक त्यहाँ कांग्रेसको एकछत्र बाहुल्य कायम भएको छ । १८ सीट भएको सुदूर पश्चिमाञ्चलमा एमालेको ११ वटा सीटमा र कांग्रेसको ४ वटा सीटमा कब्जा भइरहेकोमा यस पटक अठारैं वटा सीटमा कांग्रेसको हालीमुहाली कायम भएको छ । बाजुरा, अछाम, बझाङ, डोटी, कैलाली, दार्चुला, बैतडी, डडेलधुरा र कंचनपुर जिल्लाका संपूर्ण सीटहरू कांग्रेसको हातमा गएका छन् ।

मध्य पश्चिमाञ्चलमा एमालेको सबैभन्दा बलवान संसदीय शक्ति भएको छ । १७ सीटमा पकड भएको एमाले ११ सीटमा ओर्लेको छ । कास्की र स्याङ्जामा एमालेको गढ भत्केको छ । कपिलवस्तु र अर्घाखाँचीमा कांग्रेसको गढ धराशायी भएको छ । बाग्लुङ २ सीट सहित रा.ज.मो. को किल्ला बन्न पुगेको छ । पर्वत र म्याग्दी कांग्रेसी कब्जामा गएको छ । त्यस्तै, करीव रूपन्देही गढ रहेको बर्दिया र रा.प्र.पा. को किल्ला रहेको बाँके यस पटक पूरै कांग्रेसको कब्जामा गएको छ । तर, यस पटक कर्णाली अंचलमा भने सबै सीटमा एमालेको एकलौटी हालीमुहाली कायम भएको छ । डोल्पा, मुगु, जुम्ला, हुम्ला र कालीकोटका पाँचै सीट एमालेका भएका छन् । यसअघि कालीकोटबाहेक अरू ठाउँमा कांग्रेस, ने.म.कि.पा. र स्वतन्त्रको कब्जा थियो । ३० सीट भएको त्यस क्षेत्रमा यसअघि एमालेको ६ सीट मात्र भएकोमा त्यो ९ सीट पुगेको छ; १६ सीट भएको कांग्रेस १७ सीटमा उक्लेको छ; प्यूठान रा.ज.मो.को किल्ला हुनपुगेको छ, र जाजरकोट र सल्यानबाहेक अन्यत्र रा.प्र.पा. सफाया भएको छ । पहिले जुम्ला र दैलेखबाट ने.म.कि.पा. ले २ सीट ल्याएकोमा यसपालि शून्य भएको छ ।

४३ सीट भएको पश्चिमाञ्चलमा यसअघि ने.कां.को २० सीटमा कब्जा थियो, यसपालि त्यो २५ सीटमा उकालो लागेको छ र यो पुनः त्यहाँको पनि । अर्घाखाँचीमा पहिलो चोटि रा.ज.मो.ले खाता खोलेको छ ।

६५ सीटको धनी मध्यमाञ्चलमा यसअघि ने.कां.को २४ सीटमा मात्र बाहुल्य कायम थियो । यसपटक घोषित ६३ सीटमध्ये ३० सीटमा उसको कब्जा कायम भएको छ । एमालेको यसअघि २८ स्थानमा हालीमुहाली कायम भएकोमा यसपटक २७ स्थानमा कायम भएको छ । यसरी, मध्यमाञ्चलको एक नंवरको संसदीय शक्ति एमालेबाट कांग्रेस हुन आइपुगेको छ । कतिपय एमालेको एकलौटी किल्ला मानिएका काठमाण्डौ, काभ्रे जस्ता जिल्लामा नेपाली कांग्रेसले २-२ सीटको खाता खोल्न सफल भएको छ । उता कांग्रेसको सिन्धुली, रौतहट जस्ता एकलौटी कब्जा भएका जिल्लाहरूमा वामपन्थीहरूबाट कांग्रेसको लगभग सफाया भएको छ । दोलखामा बचेखुचेको १ सीटमा पनि कांग्रेस सफाया भएको छ । सिन्धुलीमा पहिलो चोटि सं.ज.मो. ले खाता खोलेको छ । महोत्तरी, नुवाकोट, पर्सा, मकवानपुरबाट रा.प्र.पा. पूरै सफाया भएको छ । एमालेको बाहुल्य मानिएको बारा कांग्रेसको बाहुल्य रहेको बारामा परिणत भएको छ । ने.म.कि.पा. को किल्ला रहेको भक्तपुरमा कांग्रेसले पुनः खाता खोलको छ; कांग्रेसको वाहुल्य रहेको पर्सामा एमालेले खाता खालेको छ । रा.प्र.पा. को बाहुल्य रहेको सिन्धुपाल्चोकमा कांग्रेस घुस्न सफल भएको छ ।

५० सीट भएको पूर्वाञ्चलमा एमालेको यसअघि २६ सीटमा प्रभूत्व भएकोमा अहिले त्यो घोषित ४८ सीट मध्ये २२ मा झरेको छ । नेपाली कांग्रेसको १९ सीटमा हालीमुहाली भएकोमा अहिले त्यो बढेर २१ पुगेको छ । तेरूथुम र पाँचथरमा कांग्रेस स्वाहा भएको छ । ती पुनः एमालेको गढ हुन गएका छन् । एमालेको बाहुल्य रहेको झापामा कांग्रेस हाराहारीको शक्ति हुन आइपुगेको छ । खोटाङमा एमालेको २ सीटे गढ स्वाहा भएको छ र त्यो पूरै कांग्रेसी कब्जामा गएको छ । कांग्रेसको एकछत्र किल्ला रहेको सुन्सरीमा एमालेले खाता खोलेको छ । पाँच सीटमा चार सीट कांग्रेसले हात पारेको सिराहामा कांग्रेस एक सीटमा झरेको छ, एमालेले १ बाट २ सीटमा उन्नति गरेको छ । एमालेका बाहुल्य रहेको तीन सीटे इलाम कांग्रेसको बाहुल्य रहेको इलाममा बदलिएको छ । पाँचथरबाट रा.प्र.पा. बढारिएको छ । एमालेको गढ रहेको २ सीटे संखुवासभामा कांग्रेसले प्रवेश गरेको छ । पूर्वाञ्चलमा यसरी एमालेकै झीनो बाहुल्य कायम छ, यद्यपि त्यो घटेर लगभग कांग्रेसकै हाराहारिमा आइपुग्न लागेको छ ।

❑ *मूल्याङ्कन डेस्कबाट*



*एमालेको मत भने पार्टी फुट्दाफुट्दै पनि ३१ प्रतिशत नै कायम रहेको छ । यसको तात्पर्य, एमालेको लोकप्रिय मतमा वृद्धि भएको छ । ने.क.पा. (माले )ले यसपल्ट शून्य सीटका बावजूद ६ प्रतिशत लोकप्रिय मत हासिल गरेको छ ।*

## कसले कहाँ जित्न सम्भव थियो ?

### *संयुक्त जनमोर्चाले जित्न संभव ठाउँहरू*

| जिल्ला क्षेत्र नं. | जित्ने पार्टी र पाएको मत | संजमो | फरक मत | अन्य वाम पार्टीको मत |
|---|---|---|---|---|
| रामेछाप-२ | कांग्रेस-१२२३५ | ११४०७ | ८२८ | माले-८०९८ |
| सिराहा-३ | रा.प्र.पा-१४३९६ | ९५७२ | ४८२४ | एमाले-८९०० |


### *ने.म.कि.पा.ले जित्न संभव ठाउँ*

| जिल्ला क्षेत्र नं. | जित्ने पार्टी र पाएको मत | नेमकिपा | फरक मत | अन्य वाम पार्टीको मत |
|---|---|---|---|---|
| भक्तपुर-२ | कांग्रेस-१४२०० | १३४३२ | ७६८ | ११७१२ एमाले, माले र संजमो मिलाएर |

### *मालेले जित्न संभव ठाउँहरू*

| जिल्लाक्षेत्र नं. | कांग्रेस | माले | फरक मत | एमाले |
|---|---|---|---|---|
| १.बर्दिया- १ | १७२१९ | १३२४७ | ३९७२ | १०८८५ |
| १.बाँके-३ | १२०८६ | ८७३५ | ३३५१ | ८६३६ |

स्रोतः निर्वाचन आयोग र नै.क.पा.(माले) केन्द्रीय कार्यालय



# आगामी समयमा एमालेको भूमिका के हुनेछ ?

**प्रमुख प्रतिपक्षका नेता, एमाले महासचिव क. माधवकुमार नेपालसँगको विशेष अन्तर्वार्ता**

❑ तपाईहरूले यसपालिको चुनावमा नेकपा एमालेको बहुमत आउनसक्छ, भन्ने अपेक्षा गर्नु भएको थियो । तर त्यसको विपरीत, नेपाली कांग्रेसको बहुमत आयो र नेकपा एमाले प्रमुख प्रतिपक्षमा आयो । किन यस्तो भयो ? चुनावको समग्र नतीजालाई तपाईले कसरी विश्लेषण गर्नु भएको छ ?

-यसपालिको चुनावको परिणाम हामीले अपेक्षा गरेकोभन्दा फरक निक्लेको छ । शायद अरुहरुले पनि अपेक्षा गरेअनुसार भएन होला । स्वयं कांग्रेसले पनि उनीहरुको त्यति धेरै सीट आउला भनेर सोचेको थिएन होला । यस्तो हुनुका कारणहरु थुप्रै छन् । एउटा कारण चुनावको नजिकै क. मनमोहन अधिकारीको निधनले १५-२० सीटमा असर पार्नु, अर्को कारण कांग्रेसले सरकारी साधनको दुरुपयोग गरेर धाँधली गर्नु, तेस्रो, पार्टीको विभाजन हुनुको कारणले ३०-४० सीट घट्नु । यी तीनवटा मूल कारणहरु हुन्, जसले गर्दा नेपाली कांग्रेस बढी सीट ल्याउन सफल भएको छ भने हाम्रो पार्टीको सीट अपेक्षा गरेभन्दा पनि कम आएको छ ।

तर एउटा कुरा के जाहेर छ भने, पार्टी फुट भएर पनि अन्य कुराहरु हाम्रो अनुकूल भईदिएको भए हाम्रो पार्टीले सहजै बहुमत ल्याउन सक्नेथियो ।

अर्को कुरा, यसपालि जनताहरुले फुटपरस्त तत्वहरुलाई अस्वीकार र दण्डित गरेका छन् । हामीप्रतिको उनीहरुको अनर्गल प्रचारलाई जनताले विश्वास गरेनन् । चुनावको नतीजापछि नेकपा मालेलाई भोट दिनाले कांग्रेसले बहुमत ल्याएकोमा मतदाताहरु पछुताएका खबरहरु सुन्नमा आइरहेका छन् ।

त्यस्तै, यो चुनावमा क्षेत्रीय नारा, जातिवादी नारा आदिले पनि जनतालाई प्रभाव पार्न सकेन । कतिले पैसाको खोलो बगाएपनि त्यसले ठूलो संख्यामा जनतालाई किन्न सकेन । त्यस्तै, झूठो तथा अनर्गल प्रचारले पनि जनतालाई उग्मगाउन सकेन । जनताले आफ्नै सोचाइ र स्वतन्त्र निर्णयले भोट हाले ।

जेहोस्, नेकपा एमालेले मतको हिसाबले जनताको राम्रो समर्थन प्राप्त गरेको छ । नेकपा एमाले नै यो देशको कम्युनिष्ट आन्दोलनको मूल प्रबाह हो भन्ने कुरा जनताले नै पुष्टि गरिदिएका छन् । नेकपा एमालेको राष्ट्रिय राजनीतिमा अहंम् भूमिका छ भन्ने कुरा यो आमनिर्वाचनको परिणामले प्रष्ट पारेको छ । सरकारलाई खबरदारी गर्नको लागि, जनताको हक अधिकार प्राप्तिको लागि एउटा बलियो शक्तिको आवश्यकता महसुस गरेर जनताले एमालेलाई प्रमुख प्रतिपक्षीको भूमिका खेल्नका लागि रोजेका छन् ।

❑ अहिलेको चुनाव परिणाम हेर्दा सम्पूर्ण बामपन्थीहरू मिलेर चुनावमा गएको भए तपाईहरू एक्लैले पनि संसदमा वहुमत ल्याउन सक्ने र संसदमा बामपन्थीहरूको अत्याधिक वहुमत आउनसक्ने देखाएको छ । गैर कांग्रेस सरकार बनाएर तपाईहरु यो काम गर्न किन लाग्नु भएन ?

- हामीले त अरु सबै बामपन्थीहरुसँग राम्रो समझदारी कायम गरेका नै थियौं । जुन पार्टीको जनआधार थियो, उनीहरुसँग त हामी मिलेका नै हौं । त्यसैले मसालले ५ वटा सीट प्राप्त गरेको छ । संयुक्त जनमोर्चाका उम्मेदवारले पनि हाम्रै सहयोगबाट सिन्धुलीको एउटा सीट जितेका छन् । रामेछापमा २ क्षेत्र पनि जित्नै पर्नेथियो । त्यस ठाउँमा कतिपय कारणले गर्दा जित्न सकिएन । जगजाहेर छ, संजमो र राजमोका बिरुद्ध बामपन्थीहरु नै उठेका थिए । उहाँहरु बिरुद्धमा बामपन्थीहरु नै पूरै प्रचार अभियानमा जुटेका थिए । ती बामपन्थीहरु तथा नेपाली कांग्रेस दुबैसँग जुधेर नै उहाँहरु जित्न सफल हुनुभयो । यसरी बामपन्थीहरुसँग त समझदारी कायम भयो । जहाँसम्म पार्टी फोडेर आन्दोलनलाई कमजोर पार्ने अवसरवादीहरुको कुरा हो, उनीहरुसँग हाम्रो समझदारी कायम हुने कुरा नै थिएन । उनीहरुको नियत नै ठीक छैन । आन्दोलन कमजोर पार्नको लागि नै उनीहरुले पार्टी फुटाएका हुन् ।

फेरि उनीहरुसँग मिलेर पनि कहाँ मिल्ने ? उनीहरुले काठमाण्डु २, ५ तथा ६ माग्ने थिए, जबकि २, ५ र ६ एमाले नै जित्ने ठाउँ हो । झापा २, उदयपुर २, ललितपुर २ हामी नै जित्ने ठाउँ हो । ती ती ठाउँहरु उनीहरु छोड्न तयार हुँदैनथे । त्यस्तै, प्यूठान मसाल जित्ने ठाउँ हो । त्यहाँ पनि उनीहरु छोड्न तयार हुँदैनथे । जहाँ हामीहरु दिन तयार थियौं, त्यहाँ उनीहरु लिन मान्दैनन् । यही नियतले गर्दा मसाल र संजमोसँग पनि उनीहरुको मेल हुन सकेन । उनीहरुको मूल उद्देश्य नै एमालेलाई हराउनु थियो । त्यस्तो शक्तिसित हामी कसरी मिल्न सक्छौं ?

❑ क.मनमोहन अधिकारीको प्रधानमन्त्रीत्वमा गैर कांग्रेसी चुनावी सरकार बनाउनु पनि तपाईहरूकै हितमा हुँदैनथ्यो ?

- त्यो त यथार्थ नै थिएन नि । जसले एमालेलाई हराउनु नै मेरो उद्देश्य हो भन्छ र प्रकारान्तरले कांग्रेसलाई जिताउने कुरामा खुसी ब्यक्त गर्दछ, त्यसले के एमालेको प्रधानमन्त्रीलाई स्वीकार गर्थ्यो ? गर्दैनथ्यो ।

❑ क. मनमोहनको नेतृत्वमा गैर-कांग्रेसी सरकार बनाउने कुरालाई नेकपा मालेले सार्वजनिक रूपमा नै बाहिर ल्याएको थियो नि त ?

- सार्वजनिक रुपमा त जे पनि भन्छन् । उनीहरुले मनमोहनलाई प्रधानमन्त्री बनाउने कुरा मसँग भने ? मसँग कुरा गर्दा त प्रधानमन्त्रीको कुरा अहिले नगरौं, पछि कुरा गरौं भनेका थिए । कहिले के वक्तव्य जारी गर्छन्, कहिले के बक्तब्य जारी गर्छन्, त्यस्ताका कुरा कसरी विश्वास गर्ने ?

❑ मालेका नेताहरूले यसबारे

**यसपालि जनताहरुले फुटपरस्त तत्वहरुलाई अस्वीकार र दण्डित गरेका छन् ।**

अध्यक्ष मनमोहन अधिकारीलाई भेटेर नै कुरा गरेका थिए रे नि त ?

- मनमोहनजीलाई भनेको कुरा मलाई थाहा छैन ।

❑ अहिले एमाले प्रमुख प्रतिपक्ष भएको छ । यस अवस्थामा संसदमा उठाइने एमालेको मुख्य मुद्दा के हुनेछ ? कसरी जाने बिचार गरेको छ संसदमा एमालेले ?

- अहिलेको स्थितिमा, नेपाली कांग्रेसले सरकार बनाएको सय दिन नहुँदै अठ्यारो हुने गरी हामी जानु उपयुक्त हुँदैन । उसले जनतासामु कबुल गरेका बाचाहरु तथा प्रतिबद्धताहरु पूरा गर्छ कि गर्दैन, हामीले हेर्नुपर्छ र उसलाई सय दिन काम गर्ने मौका दिनुपर्छ । हामीले बहुमत पाएनौं भनेर पीडाबोध गरिरहेका छैनौं । हामी सत्तामा गएपनि, प्रतिपक्षमा रहेपनि हाम्रो काम भनेको जनताको सेवा र राष्ट्को हित गर्नु, नेपालको सार्वभौमिकताको रक्षा गर्नु, नेपालको सम्मान र मर्यादाको अभिवृद्धि गर्नु,

> **हामी अहिले पनि अरूण ३ को, महाकाली, कर्णाली वा अन्य कुनै मेघा प्रोजेक्टको बिपक्षमा छैनौं ।**

नेपालमाथि गरिने आन्तरिक हस्तक्षेपहरुको विरोध गर्नु, राष्ट्रियताको आन्दोलनलाई सशक्त रुपमा अगाडि बढाउनु नै प्रमुख हुनेछन् । यसको लागि संसद र सडकसम्म पनि संघर्ष गर्नेछौं ।

त्यस्तै किसिमले, एमालेले निरंकुशता, जनताका मौलिक अधिकार हननको विरोध, जनताको प्रजातान्त्रिक अधिकारको रक्षाको लागि आवाज उठाउने छ । र, जनतामाथि भएको शोषण, दमन तथा उत्पीडनका विरुद्धमा र त्यसबाट मुक्तिको लागि हाम्रो पार्टीले आवाज उठाउने छ । त्यसैगरी, राज्य संचालनमा देखापरेका विकृति, विसंगतिहरु, प्रशासनलाई राजनीतिकरण गर्न चाहने प्रवृत्तिहरु, भ्रष्टाचारलाई मौलाउन दिने कदमहरु, तस्करतन्त्र, माफियातन्त्रलाई हुर्काउन चाहने कदमहरुका विरुद्ध संसदमा र सडकमा पनि हाम्रो पार्टीले सशक्त रुपमा आवाज उठाउने छ । त्यसैगरी, नेपाली समाजको विकासको लागि, समाजलाई परिवर्तनको तथा आमूल परिवर्तनको दिशामा लानको लागि खेल्नुपर्ने भूमिकाहरुको लागि र पार्टीले निभाउनु पर्ने दायित्व पूरा गर्न पनि पार्टी अगाडि बढ्ने छ । छोटकरीमा भन्ने हो भने, सामन्तवाद, साम्राज्यवाद, प्रभुत्ववाद तथा प्रतिकृयावादका विरुद्धमा जवरजस्त रुपमा जुध्न पार्टी अगाडि बढ्ने छ ।

❑ २०५१ सालको आम-चुनावपछि तपाईहरू संसदको घेरा भित्र मात्र सीमित हुनुभयो, सडक संघर्ष पटक्कै चलाउनु भएन भनेर ब्यापक आलोचना भएको छ । अब तपाईहरूले संसद-संघर्ष र सडक-संघर्षलाई कसरी सन्तुलित रूपमा अधि बढाउने कुरा सोच्नु भएको छ ?

-सडक भनेको जनता हो, संसद भनेको जनप्रतिनिधिहरु हुने ठाउँ हो । यी दुवै ठाउँहरुमा स्वाभाविक रुपले पार्टीको उपस्थिति हुनैपर्छ र त्यहाँ पार्टीको भूमिका देखिनै पर्दछ । त्यसैले, जनताको शक्तिको परिचालनको लागि उनीहरुमा जागरण पैदा गर्नको लागि, प्रतिक्रियावादी शक्तिको बिरुद्ध जुध्ने मानसिकता उनीहरुमा बिकास गराउनको लागि हामीले सडक छोड्ने प्रश्नै उठ्दैन ।

❑ तर ०५१ सालपछि त सडक आन्दोलन छोडेको देखियो नि त ? मदन भण्डारीको मृत्युपछि सडक संघर्षको पनि मृत्यु भयो नि त ?

- यसबीचमा कतिपय कारणहरुले गर्दा हामीले सडक छोड्नु पर्‍यो । चुनावपछि हामी अल्पमतको सरकारमा बस्यौं । त्यसपछि त्रिशंकु सरकार बन्यो । त्यसपछि पनि समीकरणका खेलहरुमै लाग्नुपर्‍यो । त्यसैले गर्दा सडक संघर्ष छुट्न गएको हो । तर अब त्यस्तो हुनेछैन ।

❑ अहिले नेपाली कांग्रेसले अरूण-तेस्रो फिर्ता ल्याउने तथा कर्णाली इनरोनलाई सुम्पने कुरा गर्दैछ । यसमा तपाईहरूको नीति के हुनेछ ?

-त्यतिवेला हामीले अरुण-३ मा भएका त्रुटीहरुका विरुद्ध आवाज उठाएका थियौं । ती त्रुटीहरु सच्याइसकेपछि अरुण-तेस्रोलाई नै ल्याउने पक्षमा हामी थियौं । त्यसकारण, हामी अहिले पनि अरुण ३ को, महाकाली, कर्णाली वा अन्य कुनै मेघा प्रोजेक्टको बिपक्षमा छैनौं । तर हामी यसमा के हेर्छौं भने, प्रोजेक्ट नेपालको राष्ट्रिय हितको पक्षमा छ कि छैनन् ? नेपालले ती योजनामा उपयुक्त लाभांश पाउँछ कि पाउदैन ? नेपालको राजश्वमा वृद्धि हुन्छ कि हुँदैन ? र, त्यो देशको दीर्घकालीन हितमा छ कि छैन ?

| २०५६ सालको आम चुनाव वाम तालमेल नहुनाले कति सीट गुम्यो ? |
|---|

## एमाले जित्न सम्भव ठाउँहरु

*एमाले-मालेबीच तालमेल नहुनाको असरबाट प्रभावित मत परिणाम*

| जिल्ला | बिजेता कांग्रेस | एमाले | फरक मत | माले |
|---|---|---|---|---|
| इलाम- १ | १८६०८ | १८५०२ | १०६ | ३५७ |
| झापा- ३ | २१०३० | १७६५७ | ३३७३ | ८२१९ |
| झापा- ४ | १५६७१ | १५६४५ | २६ | ५३२३ |
| संखुवासभा-१ | ११६८५ | १०९८३ | ७०२ | २९६८ |
| धनकुटा-२ | १२१४५ | १११११९ | १०२६ | २२८० |
| सुनसरी-४ | २०१९४ | १९६३१ | ५६३ | ६२३ |
| खोटाङ-१ | १७२१६ | १२८१४ | ४४०२ | ६१४३ |
| खोटाङ-२ | १७४२२ | १०५१३ | ६९०९ | ८३१२ |
| सप्तरी-१ | १५०८३ | १३८५३ | १२३० | ५८२० |
| धनुषा-३ | १५०२६ | १०२५६ | ४७७० | ९९७४ |
| महोत्तरी-१ | १८४०८ | १६८७९ | १५२९ | ३७७० |
| महोत्तरी-२ | १७७०५ | १५३९७ | २३०८ | २३५६ |
| रसुवा-१ | ६४२४ | ६३५७ | ६७ | ६०० |
| धादिङ-२ | २६०५३ | २५४८९ | ५६४ | १०८४ |
| काठमाडौं-४ | १२५५४ | ७२९६ | ५२५८ | ५३४० |
| काठमाडौं-७ | १८५८७ | १५३०४ | ३२८३ | ६९५७ |
| काभ्रे-२ | २५३९० | २४४०४ | ५२१ | ११६०९ |
| काभ्रे-३ | १८९२५ | १८४०४ | ५२१ | ११६०९ |
| बारा-३ | २२२९१ | १६११७ | ३०९४ | ३८३१ |
| बारा-४ | २४४०९ | १६९२७ | ७४८२ | ८२६९ |
| पर्सा-२ | २०१७८ | १९६२२ | ५५६ | १००३ |
| चितवन-१ | १९०८७ | १८१७६ | ९११ | ११८४ |
| चितवन-२ | २१७२७ | १९५०२ | २२२५ | ३७७४ |
| गोर्खा-२ | ११५४४ | १११३१ | ४१३ | १२९५ |
| लमजुङ-२ | १९०२६ | १८६९९ | ३२७ | १०६९ |
| रुपन्देही-३ | २३६९७ | २३०३३ | ६६४ | १७२८ |
| बाग्लुङ-१ | १५४६७ | १५४२५ | ४२ | ५५४४ |
| पर्वत-२ | १४७७७ | १३५०४ | १२७३ | ३८१० |
| रुकुम-१ | ७९९२ | ७६८५ | ३०७ | ८०० |
| सल्यान-२ | १०९२२ | ६८४५ | ४०७७ | ५१५९ |
| दाङ-३ | १९०७२ | ११६४७ | ७४२५ | ८०८५ |
| जाजरकोट-१ | ८४५२ | ७६७६ | ७७६ | १०६७ |
| सुर्खेत-१ | १६९८० | १६५९४ | ३८६ | १५२३ |
| सुर्खेत-२ | १६८७० | १५७९१ | १०७९ | १९३६ |
| बाँके-१ | १५१३७ | १४१७९ | ९५८ | १९८४ |
| बाँके-३ | १२०८६ | ८६३६ | ३४५० | ८७३५ |
| बर्दिया-३ | १५५७४ | ८९५२ | ६६२२ | ७९२८ |
| डोटी-१ | १४१९८ | १२२९० | १९०८ | १९८२ |
| कैलाली-१ | १५७०० | ९१२४ | ६५७६ | ७७६२ |
| कंचनपुर-२ | १३१०९ | १०२८२ | २८२७ | ३८१७ |

**जम्मा एमाले जित्न संभव ठाउँहरु- ४०**

*स्रोत: दृष्टि साप्ताहिक र निर्वाचन आयोग*

तर यसमा हाम्रो ज्ञान तथा जानकारीको अभावले गर्दा र वार्गेनिङ्ग क्षमताको अभावले गर्दा, हामी ठगिनसक्ने कुरा बिचार गर्नुपर्ने हुन्छ । साथै, नेपालको सार्वभौमिकतामाथि नै आँच आंउन सक्ने कुरामा हामी चनाखो हुनुपर्छ । यतिकुरा पक्का भएको स्थितिमा हामी मभौला र मेघा प्रोजेक्टको बिरुद्धमा छैनौं । हामी कछुवाको गति होइन, घोडाको गतिमा जलविद्युत योजना विकास गर्न चाहन्छौं ।

❑ २०४६ सालको आन्दोलनपछि जनताले प्रजातान्त्रिक सुधारहरू हुनेछ, भूमिसुधार हुनेछ तथा अन्य सुधारहरू हुनेछन् भन्ने कुराको अपेक्षा गरेका थिए । तर अहिलेसम्म उनीहरूमा संसदीय व्यवस्था र नेतृत्वप्रति नै व्यापक निराशा छाएको छ । अव जनताको यो अपेक्षा पूरा गर्नका लागि बाम र प्रजातन्त्रवादी शक्तिहरू मिलेर संयुक्त संघर्ष गर्ने कुरामा तपाईको पार्टीको नीति के हुनेछ ?

- हामी संयुक्त संघर्षका लागि तयार छौं । व्यापक प्रजातान्त्रिक सुधार र निर्वाचन पद्धतिमा समेत सुधारको

# नेकपा मालेले यस चुनावमा किन यस्तो नरामरी हार खानु पर्‍यो ?

## चुनावको परिणाम पछि नेकपा मालेका महासचिव क. बामदेव गौतम के भन्नुहुन्छ ?



> *यो चुनावमा धाँधलीको लागि मनी र मसल धेरै प्रयोग भएको छ । यतिमात्र नभएर 'गन र बन'को पनि प्रयोग भएको छ ।*

आवश्यकता छ । नेपालमा गरीव तथा भूमिहीन किसानलाई र वास्तविक किसानलाई जमीनको मालिक तथा इतिहास निर्माणकर्ताको भूमिकामा खडा गर्ने सवालमा आवश्यक कानून, नियम, तथा संविधान सुधार गर्न आवश्यक छ भने त्यो समेत गर्नको लागि हामी तयार छौं ।

❑ अहिले तत्कालै महंगी चर्को रूपमा बढेको छ । त्यसको नियन्त्रणको लागि के गर्नु जरूरी छ भन्नुहुन्छ ?

**-नयाँ सरकार भर्खरै आएको छ । उसले पनि महंगी नियन्त्रण गर्छु भनेर जनतासामु कबुल गरेको छ । बहुमतको सरकारले जनताको पीरमर्कालाई संबोधन गर्न सक्नुपर्छ । जनतालाई राहत दिनुपर्छ । यदि उसले यी कामहरु गरेन भने र जनतासामु कबुल गरेका कुराहरु पूरा गरेन भने, त्यसलाई उठाउन दायित्व प्रमुख प्रतिपक्षको हो ।**

❑ यसपालि तपाईको पार्टीमा एक व्यक्ति, एक पदका कुराहरू उठिरहेको छ भनेर पत्रपत्रिकामा खवर आइरहेको छ । यसबाट एमाले संसदीय दलमा नेतृत्वको छिनाझप्टि हुने सम्भावना छ । के यो साँच्चै हो ?

**- पत्रिकामा जे पनि आउँछ । हाम्रो पार्टीमा त्यस्तो कुरा उठेकै छैन ।**

❑ यसपालिको चुनावमा धाँधलीको लागि 'मनी र मसल'को प्रयोगको कस्तो रह्यो ?

**-यो चुनावमा धाँधलीको लागि मनी र मसल धेरै प्रयोग भएको छ । यतिमात्र नभएर 'गन र बन'को पनि प्रयोग भएको छ । जसरी पनि चुनाव जित्नै पर्ने प्रवृत्ति देखा परेको छ । यही पाराले चुनाव हुने हो भने प्रजातन्त्र र चुनावप्रति जनताको विश्वास हट्छ ।**

❑ तपाईहरूले पनि मनी र मसलको व्यापक प्रयोग गर्नु भयो रे नि त ?

**- हामी किन गर्छौं ? जनता नै हाम्रो पक्षमा छन् र हामी उनीहरुलाई अधिकारसम्पन्न गराउन चाहन्छौं नै भने धाँधली गर्नुपर्ने आवश्यकता किन ? त्यसैले यो कुरा भ्रूठ हो । ❑**

**◉ यसपालिको चुनावको नतीजा नेकपा मालेको लागि अप्रत्याशित रह्यो । तपाईले यो नतीजालाई कसरी हेर्नु भएको छ ?**

- यसपालिको चुनावमा धाँधलीका धेरै घटनाहरू भए । बूथ क्याप्चर भयो, बम पड्क्यो, हत्या भयो, सरकारी साधनको र स्रोतको दुरूपयोग भयो । तर नेकपा मालेले यो अप्रत्यासित नतीजा भोग्न पर्नुको मुख्य कारण चाहिं कांग्रेसबिरोधी र एमालेसंग एकीकृत रहँदाको हाम्रो जनआधार हो, जुन चुनावमा एमालेको पक्षमा गयो । यो किन गयो भने, कांग्रेसलाई हराउने उद्देश्यले एमालेले दिएको बहुमतको सरकार बनाउने भन्ने नारालाई विश्वास गरेर हाम्रो पक्षको जनमत पनि कांग्रेसका विरूद्ध एमालेमा गयो । कांग्रेसको विकल्पको रूपमा हाम्रै पक्षमा भएको जनमतले हाम्रै पार्टीलाई विश्वास गर्न सकेन । यही कारणले हामीले अप्रत्याशित ढंगले चुनाव हार्‍यौं ।

नेपाली कांग्रेस देशी तथा विदेशी प्रतिकृयावादीहरूको मुख्य प्रतिनिधि हो र यसलाई परास्त गर्न सबै बामपन्थीहरू, देशभक्तहरू तथा सच्चा प्रजातन्त्रवादीहरू एकजुट भएर जानुपर्छ भन्ने सन्देश जनताको यो प्रवृत्तिले दिएको छ । जनताको यो प्रवृत्तिलाई हामीले सम्मान गर्नुपर्छ । र, हामी पनि यही बाटोमा अगाडि बढ्नु पर्छ भन्ने कुरा पार्टीले बुझ्नुपर्दछ । मैले यो चुनावको नतीजालाई यही रूपमा लिएको छु ।

**◉ यस चुनावमा तपाईहरूको चुनावी व्यवस्थापन, रणनीति, र रणकौशलमा चनाखोपन कम भयो र सक्रियतामा पनि कमी भयो भन्ने भनाइका बारेमा चाहिँ कसरी सोच्नु भएको छ ?**

-त्यसको पनि भूमिका रह्यो होला । तर प्रमुख रूपमा त्यो कुरा होइन । हामीले ८-१० वटा सीटमा त पूरा शक्ति नै लगाएका थियौं । त्यहाँ हामीले रणनीति, रणकौशल तथा तालमेलका लागि पनि धेरै कोशिस गरेका थियौं ।

**◉ नेकपा एमाले र नेकपा मालेको बीच चुनावी तालमेल भएको भए बामपन्थीहरूको अत्याधिक बहुमत आउने प्रष्ट देखियो । यो तालमेल मिलाउन तपाईहरूल मूर्त रूपमा के के प्रयास गर्नु भएको थियो ?**

- यो तालमेलको लागि सूर्यबहादुर थापाको सरकार हटेर गिरिजाप्रसाद कोइरालाको सरकार बन्न लागेको बेलादेखि नै हामीले प्रयास गरेका थियौं । त्यतिवेला हामीले पहिलो पटक एमाले र मालेको बीचमा कार्यगत एकता गरेर अगाडि जाने कुरा गरेका थियौं । तर एमालेको तर्फबाट त्यसप्रति नकारात्मक भूमिका रह्यो । हामी सरकारबाट हटिसकेपछि देवी ओझा, मोहनचन्द्र अधिकारी तथा राधाकृष्ण मैनाली तीन जनालाई मैले मनमोहन अधिकारी, माधव नेपाल तथा खड्गप्रसाद ओलीसँग बार्ता गर्न पठाएको थिएँ । मैले त यतिसम्म कि एमालेको बुटवलको बैठकको समयमा मालेको समर्थनमा मनमोहनजीलाई प्रधानमन्त्री बनाएर एमालेको सरकार बनाउन छलफल गरियोस् भनेर मोहनचन्द्र अधिकारीलाई त्यहीं पठाएको थिएँ । उहाँहरूले त्यो कुरा मान्नुभएन । बरू गिरिजाप्रसादको नेतृत्वमा बनेको सरकारमा बस्ने निर्णय गर्नुभयो ।

> सरकार बनाउने विषयमा त राधाकृष्ण मैनालीले माधव नेपालसँगै र के.पी. ओलीसँग पनि कुरा गर्नुभयो । दुवैसँग कुराकानी भएपछि यो कुरामा माधवजीको सकारात्मक र ओलीजीको नकारात्मक कुरा छ भनेर आर.के. फर्केर आउनु भयो ।

अर्को कुरा, मलाई तीथि-मिति त याद भएन, चुनावको अघि मात्रै पनि कमसेकम चुनबमा एकता गरौं, ४९ ठाउँमा एमाले र ४० ठाउँमा मालेले लिएर र सकिन्छ भने, २०५ क्षेत्रमा तालमेल गरौं, सकिंदैन भने न्यूनतम क्षेत्रमा तालमेल गरौं भनेर मनकुमार गौतमलाई माधव नेपालसँग कुरा गर्न पठाएको थिएँ । त्यतिवेला बहुमत सीट १०३-भन्दा बढी सीट एमालेको नै आउने गरी तालमेल गरौं । त्यसले

माले घाटामा नै परे पनि राष्ट्रको हित हुन्छ र कांग्रेसी शासनबाट जानताले मुक्ति पाउँछन्, जुन कुरा जनताले चाहेका छन् भनेर हामीले भनेका थियौं । यो कुरा मनकुमार गौतमले एमाले महासचिव माधवकुमार नेपालको घरमै गएर गर्नु भएको थियो ।

त्यस कुराकानीमा माधव नेपालले 'चुनावहुनु डेढ महिना बाँकी छ । हाम्रो पार्टीले यो कुरालाई सकारात्मक मान्यो भने म खवर पठाउँला, तर यो कुरा तपाईले पनि बाहिर नलैजानु होला र म पनि लैजान्न' भनेर मनकुमारलाई फिर्ता पठाउनु भयो ।

सरकार बनाउने विषयमा त राधाकृष्ण मैनालीले माधब नेपालसँगै कुराकानी गर्नु भएको थियो । उहाँले 'के.पि. ओलीसँग कुरा गर्नुस्' भन्नु भयो र राधाकृष्णजीले के.पी. ओलीसँग पनि कुरा गर्नुभयो । दुवैसँग कुराकानी भएपछि यो कुरामा माधवजीको सकारात्मक र ओलीजीको नकारात्मक कुरा छ भनेर आर.के. फर्केर आउनु भयो ।

यति मात्र नभएर, दोश्रो चरण, जेष्ठ ३ गतेको चुनाव हुनुभन्दा अगाडि मात्रै पनि 'जति ठाउँमा सकिन्छ, त्यति ठाउँमा तालमेल गरेर चुनाव लडौं' भनेर मैले क. केशवलाल मार्फतखबर पठाएको थिएँ । उहाँले युवराज ज्ञवालीसँग कुरा पनि गर्नुभयो । तर प्रत्युत्तर सकारात्मक भएन । हाम्रो तर्फबाट भएका प्रयत्नहरू यिनै हुन् ।

**◉ उहाँहरूले तपाईहरूको चुनावी तालमेलका यी प्रस्तावहरूलाई किन स्वीकार गर्नु भएन भन्ने तपाईलाई लाग्छ ?**

– हाम्रा प्रस्तावहरू इन्कार गर्नुको कारण बदलाको भावना मात्रै हो, यो मार्क्सबादी दृष्टिकोण भएन । उनीहरू हामीमाथि तस्कर, माफिया, सुरासुन्दरी जस्ता अराजनैतिक तथा असत्य कुराहरूको आरोप लगाएर हाम्रो अस्तित्व नै मेटाउने कुरामा प्रयत्नशील रहे । उनीहरूले हाम्रो अस्तित्वलाई स्वीकार गर्ने चाहेनन् । र, उनीहरूले हामीलाई समाप्त नै गर्न चाहे । त्यसको गम्भीर दुष्परिणाम अहिले राष्ट्रले भोग्नु परेको छ । अब देशमा धेरै दुर्भाग्यपूर्ण अवस्था आउने छ ।

**◉ अहिले माले सखापै भयो भन्ने थुप्रै मानिसहरू छन् । यस भनाइप्रति तपाईको धारणा के छ ?**

– कम्युनिष्ट पार्टीको लक्ष भनेको समाजवाद र साम्यवाद स्थापना गर्नु हो । नेपालमा अहिले संसदीय संघर्ष पनि त्यही लक्ष प्राप्त गर्नको लागि प्रयोग गरिने संघर्षको एउटा रूप हो । यस पटकको संसदीय संघर्षको परिचालन गर्ने सम्बन्धमा हामी असफल भयौं । यो साँचो कुरा हो ।

समाजवाद तथा साम्यवादको लक्ष प्राप्त गर्नको लागि आधारभूत रूपमा हामी गैरसंसदीय बाटोबाट नै अगाडि बढ्नु पर्दछ । गैरसंसदीय बाटो भनेको जन आन्दोलनको बाटो हो । र, जनताको शक्ति प्रयोग गरेर सत्ता कब्जा गर्ने बाटो हो । त्यो बाटोमा दृढतापूर्वक अघि बढ्नको निम्ति त हामीले असफलता प्राप्त गरेका छैनौं । देशको परिस्थिति अनुरूप हामी त्यो बाटोमा अघि बढ्ने कोशिस गरिनै रहेका छौं ।

अहिले सदनमा एमाले गएको छ । सडक त खालि नै छ, जहाँ जनता खडा छन् । त्यही जनता भएको सडकमा गएर शत्रुहरूलाई पराजित गर्ने बाटोतिर हामी लाग्यौं भने हामीले ठूलो सफलता प्राप्त गर्नसक्ने छौं ।

त्यसैले, अहिले नेकपा मालेले ठूलो पराजय व्यहोर्नु परेको भएता पनि जनतालाई गोलवन्द पार्ने, आमूल परिवर्तनको बाटोमा जनतालाई अघि बढाउने कुरामा हामी पराजित भएका छैनौं । हाम्रा नीति र विचारमा हामी पराजित भएका छैनौं । त्यसको आधारमा हामी भोलि शक्तिशाली भएर अगाडि बढ्न सक्छौं ।

**◉ एमालेका महासचिव क. माधवकुमार नेपालले मालेका कार्यकर्ताहरूलाई 'घर छोडेर गएकाहरू फेरि घर फर्केजस्तै गरी एमालेमा फर्क भन्ने आहवान गर्नु भएको छ । यो कुरालाई कसरी हेर्नुहुन्छ ?**

– हारजीत त सबैको हुन्छ । भन्ने हो भने एमालेको पनि पराजय भएको छ । उसले बहुमतको सरकार बनाउने रणनीति बनाएर चुनावमा गएको थियो । खोइ त उसको बहुमत आएको र सरकार बनाउन सकेको ? अहिले एमालेको बहुमतको सरकार बनाउन नसकेपछि एमालेका कार्यकर्ताहरू यताउति लाग्न थालेका छन् । त्यसैले मालेका कार्यकर्ताहरू एमालेमा तान्नुभन्दा पनि एमालेका कार्यकर्ताहरूलाई रोक्नको लागि माधव नेपालले यो आह्वान गर्नु भएको होला ।

उहाँले सच्चा मनले त्यसो भन्नु भएको भए पार्टी एकताको कुरा गर्नुहुन्थ्यो । तर उहाँले व्यक्तिगत रूपमा घर फर्कन आह्वान गर्नु भयो । यो कुरा अन्तरविरोधपूर्ण भएन र ? यदि मालेमा रहेका कार्यकर्ताहरूको घर एमाले पनि हो भनेर भन्ने हो भने सबभन्दा पहिलो यो कुरा पनि स्वीकार गर्नु पर्‍यो कि त्यो घर माले र एमालेको साझा घर हो । साझा घर हो भने, मालेको भागमा कति छ ? त्यो छुट्याउनु पर्‍यो र त्यसको हिस्सा प्रदान गर्नुपर्‍यो ।

यदि त्यसो होइन भने माले पनि एउटा राजनैतिक पार्टी हो । ऊ आफ्नै किसिमको राजनैतिक निर्णय गरेर अगाडि बढेको छ । यो पार्टी निर्माण गर्ने प्रकृया उहाँहरूले नै १० जना पार्टी नेताहरूलाई निष्काशन गरेपछि शुरू भएको हो । १० जना नेताहरूको निष्काशन भएपछि उहाँहरूकै पहलमा ४६ जना संसदहरू गोलवन्द हुनुभयो । त्यसपछि उहाँहरूकै पहलमा पूर्वकमिटीका सदस्यहरू, राष्ट्रिय परिषदका सदस्यहरू, जिल्ला विकास समितिका सभापति, उपसभापति तथा हजारौं कार्यकर्ताहरू आएका हुन् ।

यसरी आएका कार्यकर्ताहरू फेरि एमालेमै जाने भए हिजो किन एमाले छोडेर मालेमा आए त ? फेरि, एमालेले लोभलालच देखाएर तान्ने कोसीश गर्ने हो भने अहिले उसको हातमा सत्ता पनि त छैन । त्यसकारण, माधव नेपालको आह्वानले मालेका कार्यकर्ताहरू फर्केर एमालेमा जालान् जस्तो मलाई लाग्दैन । यदि कोही गइहाल्यो भने, त्यसको ठाउँमा अर्को आइहाल्छ नि । आउँने-जाने प्रकृया त चलीनै रहन्छ । कोही एमालेबाट मालेमा आउँछ, कोही मालेबाट एमालेमा जान्छ ।

**आउने-जाने प्रकृया त चलीनै रहन्छ । कोही एमालेबाट मालेमा आउँछ, कोही मालेबाट एमालेमा जान्छ ।**

**◉ यसबीचमा तपाईहरूले एमालेसँग असहमति राखेर त्योभन्दा उन्नत किसिमको संगठन र आन्दोलन शुरू गर्छु भनेर भन्नु भएको थियो । अब नेता-कार्यकर्ता-जनताहरूलाई नीति तथा सिद्धान्तको पक्षमा लगाउने र उन्नत संगठन बनाउने कामलाई अगाडि बढाउन तपाईंहरूले तत्काल के ठोस कार्यक्रम सोच्नु भएको छ ?**

– कुनै पार्टीभन्दा उन्नत किसिमको पार्टी बनाउछु भनेर कसैले भन्दैमा उन्नत पार्टी बनीहाल्दैन । उन्नत पार्टी हुनको लागि जनताको स्वार्थको प्रतिनिधित्व गर्न सक्ने, संघर्षको प्रतिनिधित्व गर्न सक्ने र त्यस अनुरूपको आचरण गर्न सक्ने हुनुपर्दछ । यस्तो आवश्यकता पूरा गर्न सक्ने पार्टी भयो भने मात्रै त्यो पार्टी अरू पार्टीहरूभन्दा फरक र उन्नत हुनसक्छ । अब हामी त्यसै अनुरूप अगाडि बढ्नुपर्छ ,बढ्नेछौं ।

त्यसैले अबको हाम्रो काम भनेको अहिले संसदीय संघर्षमा प्राप्त भएको असफलताको शिक्षा लिएर पार्टी पुनर्गठन गर्ने, पार्टीलाई जनताको बीच स्थापित गर्ने र तल्लो तहबाट नै जनताको आन्दोलनलाई उठाएर लैजाने काममा हामी लाग्नुपर्दछ । यसपालीको निर्वाचनमा हाम्रो सवभन्दा ठूलो तथा प्रमुख कमजोरी भनेको ग्रासरूटमा संगठन निर्माण नहुनु हो । त्यहाँसम्म संगठन लैजानको लागि हाम्रा नेता-कार्यकताहरूले जनताको बीचमा जाने अभियान नै चलाउने छौं ।

कम्युनिष्ट पार्टीको शक्ति भनेको जन-आन्दोलनमा हुन्छ । जनसंघर्षमा सामेल नहुने हो भने पार्टी कमजोर हुन्छ । त्यसैले एकातिर पार्टीको सुदृढीकरण गर्ने र अर्कोतिर पार्टीलाई जनसंघर्षको काममा सामेल गर्ने कुरा सँगसँगै गर्नुपर्दछ । हामी यो कामलाई पनि सशक्त रूपमा अगाडि बढाउने छौं ।

**◉ संसदमा आफ्ना कुराहरू लैजाने काम अब तपाईहरू कसरी गर्नु हुन्छ ?**

– यस चुनावका माध्यमबाट हाम्रो पार्टी बीस-तीस लाख जनताहरूमा आफ्ना विचारहरू लिएर गयो, गाउँगाउँमा र वडावडामा हाम्रो संगठनको खाका तयार भएको छ , यसबाट भावी दिनहरूमा जनस्तरीय संगठन निर्माण गर्ने आधार हामीलाई प्राप्त भएको छ । यसबाहेक, जनताले हामीले उठाएका विचारहरूप्रति ठूलो अभिरूचि देखायो ।

यद्यपि, हाल हामी प्रतिनिधि सभामा चुनिन नसकेपनि राष्ट्रिय सभामा त अझै पनि हाम्रा २र३ जना सदस्यहरू हुनुहुन्छ र उहाँहरू अझै २र३ वर्षसम्म रहनुहुन्छ । बाहिर सडकमा साझा आन्दोलनमा सामेल हुने अरू पार्टीहरूसंग मिलेर जनताको आन्दोलन अगाडि बढाउन हामी संयुक्त मोर्चा गर्नेछौं । यही आन्दोलनबाटै सरकार वा संसदलाई हाम्रो कुरा सुनाउन बाध्य गर्ने किसिमले हामी जानेछौं । ❑

# किन माले चुनावमा यति नराम्ररी हाऱ्यो?

यस पटकको आम चुनावमा १९६ स्थानमा उम्मेदवार उठाएको ने.क.पा. (माले) ले एक सीट पनि ल्याउन सकेन । यो परिणाम सबैको निम्ति आश्चर्यजनक र अप्रत्याशित भएको छ ।

आखिर किन ने.क.पा. (माले) यति नराम्ररी हाऱ्यो ?

मालेका महासचिव बामदेव गौतमको भनाइ छ – कांग्रेसलाई चुनावमा हराउनुपर्छ भन्ने उद्देश्यले माले पक्षधर जनमत पनि कांग्रेसलाई हराउन सक्ने विकल्प एमालेलाई नै ठानेर, एमालेको बहुमतको सरकारको नारामा विश्वास गरेर, एमालेपट्टि लाग्यो, कांग्रेसको विकल्पको रूपमा मालेलाई विश्वास गरेन । यही कारणले यति अप्रत्याशित ढंगले मालेको चुनावमा हार भएको हो ।

एमालेका महासचिव माधवकुमार नेपालको विश्लेषण बेग्लै छ । उहाँको ठम्याइ छ- यो आम जनताले फूटपरस्त तत्वलाई दण्डित गरेको हो, पार्टी फोड्नेहरूलाई जनताले पूरै अविश्वास र तिरस्कार गरेको कुराको अभिव्यक्ति हो यो, जनताले मालेलाई शून्य सिट दिएर कम्युनिष्ट आन्दोलनको मूलधार एमाले नै हो भन्ने कुरा सावित गरेर देखाईदिएको कुराको अभिव्यक्ति हो यो ।

निश्चितै रूपमा जनताले कांग्रेसको विकल्प खोजेका छन् र विकल्प खोज्ने जनताले सरकार चलाउनसक्ने ठूलै पार्टीको खोजी पनि गरेका हुन् । यो प्रवृत्ति जनतामा यसपल्टको आम चुनावको दौरानमा देखिएको छ । स्वतन्त्र उम्मेदवारहरू एक जना पनि नजित्नु त्यही प्रवृत्तिको एउटा संकेत हो । तर, जनताको मूल प्रवृत्ति त्यही मात्रै हो भने ने.क.पा. (मसाल) का उम्मेदवार ५-५ जना कसरी जिते त ? कसरी ने.म.कि.पा र सं.ज.मो. का उम्मेदवार जिते ? रा.प्र.पा.ले कसरी ११ सीट ल्यायो ? सदभावनाले कसरी ५ सीट ल्यायो ?

यो कोणबाट हेर्दा मालेले एक सीट पनि नल्याउनुको मूल कारण जनताले मालेको सट्टा कांग्रेसको बिकल्प एमाले नै हो भनेर ठम्याउनु हो भन्ने देखिन्न । आखिर जनताले कांग्रेसको विकल्प एमाले हो भनेर नै किन ठम्याए त ? आखिर माले पनि त संसदमा ४६ सीटसहितको देशको तेश्रो ठूलो पार्टी छँदै थियो । रा.प्र.पा. को ११ सीट आउँदा किन मालेको एउटै सीट आएन, जबकि माले रा.प्र.पा. भन्दा काफी ठूलो पार्टी थियो ।

यो आयामबाट हेर्दा, मालेले आफ्नो अलग संगठनको औचित्य आम जनताको तहसम्म स्पष्ट पार्न नसक्नु र यसरी स्पष्ट पारेर पींध तहमा अर्थात् ग्रासरूट तहमा दरिलो र व्यापक संगठन निर्माण गर्न नसक्नु-माले नराम्ररी हार्नुको प्रमुख कारण हो भन्ने मलाई लाग्दछ ।

पहिलो कुरो, एमाले र मालेको राजनीतिक कार्यक्रम-बहुदलीय जनवाद-खास भिन्न देखिएन । "जसरी पनि" सत्तामा जाने, संगठन ठूलो पार्ने, आर्थिक स्रोत जुटाउने एमाले र मालेको सोच र ध्याउन्नामा तात्विक अन्तर देखिएन । दोश्रो कुरा, आचार संहिता खोपाको देउता मात्र भयो र माले नेतृत्वको विचारधारा, आचरण र संस्कृति एमाले नेतृत्वभन्दा खासै उन्नत र फरक नदेखिनाले पार्टीका खम्बा कार्यकर्ताहरूमै माले भिन्नै र उन्नत पार्टी हो भनेर आम जनसमुदायबीच जाने आत्मविश्वास, उत्साह र अपील पल्हाएन । तेश्रो, माले नेतृत्वको प्राथमिकता र जोड उपरी तहको प्रचारमुखी काम र सतही संगठन विस्तारमा ज्यादा गयो, वैचारिक-सांस्कृतिक काम र बैलैमा ग्रास रूट तहमा दरिलो संगठन निर्माणतर्फ माले नेतृत्वको प्रारम्भ देखि नै प्राथमिकता र सक्रियता नै रहेन । फलस्वरूप, पींध तहका आम समर्थक जनता धेरैजसो एमालेमा नै कायम रहे । मालेले उनीहरूको भ्रम चिरेर आफ्नो पक्षमा तान्नै सकेन ।


त्यसैले, अहिले भर्खरै चुनावमा वहुसंख्यक बाम समर्थक जनता एमाले पक्षमा गएका होइनन् । शुरूको समयमा मालेको अकर्मण्यताले गर्दा बहुसंख्यक बाम समर्थक जनता धेरैजसो ठाउँमा पहिलेदेखि नै एमालेको एमालेमा नै रहीरहेकै थिए । खालि केही ढुलमुल, तटस्थ र मालेकै पक्षका जनता मात्र, अन्तिम घडीमा, कांग्रेस हराउन एमालेको पक्षमा गएको हुन सभव छ । आखिर एमाले र मालेमा खास भिन्नता के ? माले फुट्नुको वास्तविक औचित्य के ? त्यो नै स्पष्ट नभएकाले यस्तो परिघटना संभव भएको हो । मालेको अनेरास्ववियूकै केन्द्रले गरेजति गतिलो काम मात्र मालेको पार्टी नेतृत्वले गरेकोभए मालेको संगठनको यस्तो दुर्गति हुने थिएन । अहिलेको चुनावमा संगठन सानो भएर पनि केही सीट ती पार्टीले ल्याएक छन्, जसको पींध तहमा खास खास पकेटमा दरिलो संगठन छ र जसले आफ्नो अलग संगठनको औचित्य पनि ती ठाउँमा आम जनताबीच स्पष्ट पार्न सकेका छन् ।

*मालेको अनेरास्ववियूकै केन्द्रले गरेजति गतिलो काम मात्र मालेको पार्टी नेतृत्वले गरेकोभए मालेको संगठनको यस्तो दुर्गति हुने थिएन ।*

एउटा अर्को सहायक कारण पनि माले यसरी हार्नका लागि थप जिम्मेवार भयो । एमालेको मूल रणनीति नै जसरी पनि मालेलाई जिरोमा झार्नु रहयो । र, एमालेले नौ बामको मोर्चाका प्रमुख सहयात्रीलाई एक एक गरी चुनावी मोर्चामा तान्ने सफलता हासिल गऱ्यो । तर, माले नेतृत्व यो कार्यनीतिमा पनि पछि पऱ्यो

यी जम्मेको कुल योग मालेको अप्रत्याशित हार हो । मालेले यो हारबाट पाठ सिक्नु जरूरी छ । कम्युनिष्ट संगठनहरूको यति ठूलो भीडमा माले नामको पार्टीको अलग औचित्य के ? त्यो वैचारिक, सांस्कृतिक र राजनीतिक रूपले स्पष्ट पार्न सक्नुपर्दछ । मालेले त्यो औचित्य सिद्ध गर्न सक्छ भने, मालेको अहिलेको हार संसदको मोर्चामा मात्र भएको हो , सडकको मोर्चामा त मालेको विगतमा राम्रो भूमिका रहीआएको छ , अब अरू ज्यादा रहनसक्छ ।

क.माधवले भनेझैं पार्टी फुटाएकाले जनताले मालेलाई दण्डित गरेका होइनन् । फूटको औचित्य आम जनतालाई स्पष्ट पार्न नसकनले मालेको यो हविगत भएको हो । नत्र फूटेर आएको पार्टी त ने.क.पा. (एकता केन्द्र) पनि हो, नै.क.पा. (मसाल) पनि । जहाँसम्म, यो चुनावमा एमाले नेपाली कम्युनिष्ट आन्दोलनको मूल धार हो भनी सावित भएको छ भन्ने सवाल छ । यो निश्चिय पनि हो, तर कम्युनिष्ट आन्दोलनको सुधारवादी सोचको । क्रान्तिकारी सोचको मूल धार वा प्रतिनिधि एमाले हो भनेर अहिलेको चुनावले कहीं कतै देखाएको छैन । ❑




*नेकपा मालेका अध्यक्ष साहना प्रधान, महासचिव वामदेव गौतम र संगठन विभाग प्रमुख सी. पी. मैनाली चुनावी प्रचार अभियानमा: यो प्रचारको प्रभावकारिता सिद्ध भयो कि भएन ?*



# हजार चुनाव हारे पनि हामी अन्तिम विजय हासिल गर्नेछौं

## पद्मरत्न तुलाधर

**तपाई आफ्नो अप्रत्याशित पराजयको कारण के ठान्नु हुन्छ ?**

- यसका एक होइन, अनेक कारणहरू हुनसक्छन् । त्यसमध्ये एउटा प्रमुख कारण मेरो आफ्नै व्यक्तिगत स्वभाव हो । अरू उम्मेदवारहरू घरघर गएर प्रत्येक व्यक्तिसँग भोट माग्नेगर्छन । तर पंचायतकालदेखि अहिले चौथो पटक उम्मेदवार हुँदासम्म मैले घरघर गएर व्यक्तिहरूसँग भोट मागिनँ । विचारको आधारमा सभा र प्रचार सामाग्रीहरूमार्फत मात्र भोट मागें । त्यसले पनि मलाई पर्याप्त भोट नआएको हनसक्छ । अर्को कारण के हुनसक्छ भने, यसपटक जनताले बहुमतको एकमना सरकार चाहे । त्यसले गर्दा पनि देशव्यापी रूपमा कांग्रेस र एमालेतिर नै भोट गयो । राष्ट्रव्यापी रूपमा आएको मतदाताको यो प्रवृत्तिबाट नेकपा माले प्रभावित भयो । नेकपा मालेसँग जोडिएकोले म पनि पराजित भएँ ।

मेरो पराजयको अर्को कारण नेकपा एमालेको विभाजन पनि हो । काठमाण्डौंको चार नम्बर क्षेत्रमा अहिले पनि माले र एमालेको भोट जोड्दा हुन आउने भोट संख्या कांग्रेसको भन्दा बढी छ । यसबाहेक, हामीलाई हराउनका निम्ति राष्ट्रिय तथा अन्तरराष्ट्रिय शक्तिहरू लागेकोले पनि हाम्रो हार भएको हुनसक्छ ।

**यसपालीको चुनावी अनुभव चाहिँ कस्तो छ ?**

- यसपालीको चुनाव पैसा र झूठा आश्वासनहरूले पनि प्रभावित भयो । मैले पटकपटक भन्दै आएको छु- चुनाव जित्नका लागि मूल्य र मान्यता तोड्नु हुन्न । "म चुनाव हार्न तयार छु, तर साम्राज्यवादीहरूसंग झुक्न तयार छैन" भनेर पनि मैले भन्दै आएको छु । यसपटक पनि त्यही गरें । चुनावमा जान संसदवादी नै हुनुपर्ने र बहुदलीय व्यवस्थामा चुनाव जित्न बहुदलवादी नै हुनुपर्ने , मार्क्सवादी हुन नपाइने हो भने त्यस्तो हुन म तयार छैन । नेकपा मालेलाई पनि मेरो सल्लाह के छ भने, यदि चुनाव जित्नका लागि एमालेले जस्तै संसदवादी भएर जानुपर्छ भन्ने कुरा आउँछ भने, त्यसलाई नेकपा मालेले स्वीकार गर्नुहुँदैन । चुनावमा जाँदा पनि कम्युनिष्ट पार्टीकै हैसियतले जाने हो, हारिन्छ भने हारियोस् । यसपालिको चुनावमा स्पष्टसंग नेकपा माले एउटा क्रान्तिकारी पार्टीको रूपमा स्थापित भयो । मैले एउटा अन्तरवार्तामा भनीसकेको पनि छु, क्रान्तिकारीहरूको जीत क्रान्तिको मैदानमा मात्रै हुन्छ ।

**यसपालिको चुनावमा नेपाली जनताको चेतनास्तर कुन रूपमा अभिव्यक्त भएको पाउनु भयो ?**

-यसपालिको चुनावको नतीजा आएपछि नेपाली जनतालाई एकदमै सचेत भएको भनियो । 'एउटा पार्टीले बहुमत ल्याउनुपर्छ भनेर अत्यन्त जिम्मेवारीपूर्ण ढंगले जनताले निर्णय दिए' भन्ने कुरा पनि आएको छ । यदि त्यस्तै हो भने, नेकपा मालेलाई समर्थन गर्ने सचेत जनताले मालेलाई 'संसदमा जानुहुँदैन, गयो भने एमालेजस्तै विकृति र विसंगतिको संसदीय धरापमा माले पनि फस्नेछ' भनेर मतदान नगरेका हुनसक्छन् भन्नुपर्ने हुन्छ । 'क्रान्ति गर्ने हो भने जनताकै माझमा सडकमा बस्नुपर्दछ' भनेर पनि जनताले मालेलाई यस्तो जनादेश दिएको हुनसक्दछ । जनताको यस्तो जनादेशलाई नेपाल कम्युनिष्ट पार्टी (माले) ले स्वीकार गर्नुपर्दछ । विपक्षीको भूमिका निर्वाह गर्ने भनेको संसदभित्र मात्र होइन, संसदबाहिर जनताको माझमा बसेर झन सशक्त रूपमा गर्न सकिन्छ । यो दायित्व पूरा गर्ने काम नेकपा मालेको हो ।

> *बहुमत प्राप्त गरेको एउटा पार्टीले सरकार चलाउनु पर्दछ, चाहे त्यो पार्टी राष्ट्रघाती नै किन नहोस् भन्नेहरूको चिन्तन पूँजीवादी चिन्तन बाहेक अरू चिन्तन होइन ।*

**पूँजीवादी सोच र शैलीको जगजगी फैलिएकाले पनि आम जनतामा देशभक्तिको भावना कमजोर हुँदै गएको हो कि भन्ने लाग्दैन तपाईलाई ?**

- चुनावको राम्रो व्याख्या-विश्लेषण गर्ने हो भने तपाईले भन्नु भएजस्तै त्यस्ता कुराहरू पनि आउँछन् । पूँजीवादी समाजमा यस्तै प्रवृत्तिहरू हावी हुँदै जान्छन् । राष्ट्रियतासम्बन्धी यत्तिका समस्याहरू छन्, तर त्यसमा सचेत र बुद्धिजिवी जनताहरू पनि वेवास्ता गरेर बस्ने गरेको देखिएको छ । बहुमत प्राप्त गरेको एउटा पार्टीले सरकार चलाउनु पर्दछ, चाहे त्यो पार्टी राष्ट्रघाती नै किन नहोस् भन्नेहरूको चिन्तन पूँजीवादी चिन्तन बाहेक अरू चिन्तन होइन । मार्क्सवादी चिन्तन राख्ने अथवा कमसेकम देशभक्तिको भावना राख्नेहरूले यस्तो निर्णय लिनै सक्दैनन् ।

**मुलुकको सरकार संचालनमा प्रशस्त कमीकमजोरीहरू देखाइरहेको कांग्रेसकै पक्षमा बहुमत आउनुको कारण चाहिँ के होला ?**

-एउटा प्रमुख कारण त एमालेको विभाजन नै देखियो । कतिपय ठाउँमा माले र एमालेको भोट जोड्दा कांग्रेसको भन्दा बढी रहेको देखिएको छ । कांग्रेसको आफ्नै शक्तिले बहुमत आएको अहिले पनि देखिएको छैन । माले-एमाले विभाजनका बावजूद पनि चुनावी तालमेलमा जान सकेको भए अहिले पनि कम्युनिष्टहरूले नै राम्रो बहुमत ल्याएर एकमना सरकार बनाउन सक्दथे । यसबाहेक, कांग्रेसले बहुमत ल्याएन भने आकाशै खस्छ भन्ने जस्तो आतंक सिर्जना गरियो, त्यसकारण एमाले विभाजित भएको अवस्थामा केही तटस्थ मत कांग्रेसको पक्षमा गएको पनि देखिएको छ ।

**निर्वाचनको यो परिणामले गर्दा मुलुकका आगामी दिनहरू कुन रूपमा अघि बढ्लान् जस्तो तपाईलाई लाग्छ ?**

- हामी वामपन्थी हुनुको कारणले यो संसदीय व्यवस्थाको माध्यमले देशको विकास र जनताको मुक्ति होला भनेर हामी सोच्न सक्दैनौं । जनताको मुक्ति क्रान्ति र आमूल परिवर्तनविना संभव नै छैन । त्यसकारण, कम्युनिष्टहरूले दुई प्रकारले काम गर्नुपर्छ भन्ने मलाई

लाग्छ ।

एउटा, तत्कालै पनि नेपाली कांग्रेसको विकल्पको शक्तिको रूपमा स्थापित हुनुपर्दछ । दोस्रो प्रमुख दायित्व चाहिँ जनतालाई सचेत तुल्याएर संगठित गर्दै आन्दोलन, जनसंघर्ष र क्रान्तिलाई अघि बढाउने हो । यसतर्फ नै बढी ध्यान दिनु जरूरी छ । संसदीय पूँजीवादी व्यवस्थाबाट आम जनताको मुक्ति संभवै छैन भन्ने कुरा विश्वव्यापी रूपमै सिद्व भइसकेको छ ।

❑ **राप्रपा (चन्द) को हारसँगसँगै नेकपा (माले) को हारलाई पनि जोडेर यसपालिको चुनावमा जानताले राजावादी शक्तिलाई हराइदिएका हुन् भन्ने विश्लेषण पनि एक थरिले गरेका छन् । यसमाथि तपाईंको के टिप्पणी छ ?**

- नेकपा (माले) र मेरै सम्वन्धमा पनि यो कुरा मिल्दैन । कम्युनिष्टहरू गणतन्त्रवादी हुन्छन्, राजतन्त्रवादी हुनै सक्दैनन् । राजाभन्दा जनता ठूलो भनेर नै म चुनावी अभियानमा गएको हुँ । नेकपा मालेले पनि एमालेको तुलनामा आफूलाई एउटा क्रान्तिकारी पार्टीको रूपमा स्थापित गर्न खोजेको छ । विभिन्न जिल्लाहरूमा म आफैंले वामदेवजीका भाषणहरू सुनेको थिएँ । उहाँको भाषणमा राजावादी हुने खालको एउटा शब्द पनि उच्चारण भएको थिएन । एमालेले जस्तो राजतन्त्रवादी हुने खालको एउटा संकेत पनि उहाँले दिनु भएको थिएन । वामदेवजीका भाषणहरू सुन्ने कसैलाई पनि नेकपा माले राजावादी पार्टी हो भन्ने इम्प्रेसन पऱ्यो जस्तो मलाई लाग्दैन । नेकपा मालेले अपनाएको सिद्धान्त, त्यसका नेताहरूले गरेका भाषणहरू र कार्यकर्ताहरूको प्रतिवद्धता हेर्दा पनि मलाई नेकपा (माले) राजावादी पार्टी हुनसक्छ भन्ने लाग्दैन ।

*विभिन्न जिल्लाहरूमा म आफैंले वामदेवजीका भाषणहरू सुनेको थिएँ । उहाँको भाषणमा राजावादी हुने खालको एउटा शब्द पनि उच्चारण भएको थिएन ।*

❑ **तपाईं लामो समयदेखि भाषा आन्दोलन, जातीय उत्थान, मानव अधिकार, संसदीय राजनीतिक अभ्यास आदिमा सक्रिय रहनु भयो । आगामी दिनहरूमा तपाईंको भूमिका कस्तो हुनेछ ?**

-मैले कहिल्यै आफूलाई संसदवादी भनेर पेश गरिंन । संसदमा छँदा पनि संसदलाई भन्दा सडकलाई महत्व दिनुपर्दछ भन्ने मेरो मान्यता रह्यो । सांसद भएर पनि सडक आन्दोलनमा अरू सांसदहरू भन्दा बढी सहभागी भएका मान्छेहरूमध्ये म पनि पर्दछु । मानव अधिकारको आन्दोलन, साम्राज्यवादविरोधी आन्दोलन, दलित आन्दोलन र भाषा आन्दोलन जस्ता हरेक आन्दोलनमा सहभागी हुँदै म संसदभन्दा सडक आन्दोलनमा सक्रिय रहँदै आएको छु । त्यसकारण, एउटा चुनाव हार्दैमा हाम्रो लागि मैदान नै छैन भन्ने कुरा पटक्कै होइन । हाम्रो लागि संघर्षको मैदान यथावत् छ ।

❑ **अहिलेको यहाँको चुनावमा विश्व-प्रतिक्रियावादको एक अंगको रूपमा रहेको भारतीय विस्तारवादी शाषक वर्गको पनि कुनै न कुनै रूपमा हस्तक्षेप थियो, त्यसैले पनि देशभक्तहरू ठूलो संख्यामा हारेका हुन् भनिन्छ । तपाईंलाई कस्तो लाग्छ ?**

-भारतीय संचार माध्यमहरू र खासगरी जि.टि.भी. ले 'नेपालको चुनावमा भारत विरोधीहरूको हार भयो' भनेर प्रचार गऱ्यो । त्यसको अर्थ, भारतीयहरूले नेपालमा भारतपरस्तहरूको जीत भयो भनेर लिए । नेपालको चुनावमा मित्रशक्तिको जीत भयो भन्ने धारणा भारतीय शाषक वर्गमा पाइयो । त्यसैले नेपालका सचेत जनताहरूले सोच्नुपऱ्यो । अहिलेको चुनावको निर्णय नेपाली जनताको निर्णयभन्दा पनि, विदेशी शक्तिहरूबाट प्रभावित निर्णय हो कि जस्तो देखियो । यदि यो कुरा साँचै हो भने यो अत्यन्त दुःखदायी र गंभीर कुरा हो । त्यसैले अर्ध औपनिवेशिक अवस्थाबाट देशलाई मुक्त गर्ने ठूलो अभिभारा पनि हामीले पूरा गर्नुपर्ने अवस्था छ ।

❑ **पहिलो चोटी संसदीय चुनावमा पराजित पद्मरत्न तुलाधर मूल्याङ्कनका पाठकहरूलाई के सन्देश दिन चाहनुहुन्छ ?**

- एउटा वाक्यमा म के भन्न चाहन्छु भने, सांसद हुनुभन्दा म देशभक्त भएर बाँच्न रूचाउँछु । त्यसकारण यो चुनाव हारेर मलाई कुनै किसिमको विस्मात् र निराशा पटक्कै अनुभव भएको छैन । म सबै देशभक्तहरूसँग आग्रह गर्न चाहन्छु- एउटा चुनाव हार्दैमा हामीले निराश हुनुपर्ने कुनै कारण छैन । हजार वटा चुनाव हारे पनि हामी अन्तिम विजय हासील गर्नेछौं । यसमा हामीलाई दृढ विश्वास छ । अन्ततः इतिहासमा देशभक्ति र न्यायपरायणताको नै बिजय भएको पाइन्छ । क्षणिक पराजयहरूबाट देशभक्त र न्यायप्रेमीहरू कहिल्यै निराश हुँदैनन् । ❑

# यो चुनावले देखाएको नयाँ लक्षण र प्रवृत्तिहरु

◆ दीपेश उपाध्याय

*आम चुनाव, २०५६ ले कही नयाँ लक्षण र प्रवृत्तिहरू उजागर गरेका छन् ।*

*यस्तो प्रतीत हुन्छ, नेपाल बिस्तारै अमेरिका र बेलायतको जस्तो दुईदलीय व्यवस्थातिर लम्कँदैछ । स-साना पार्टीले सीट जित्ने संभावना कम हुँदैछ । पार्टीमा असंवद्ध स्वतन्त्र उम्मेदवारले चुनाव जित्ने संभावना त शून्य नै भएको छ । यसपालि चुनावी मैदानमा ६२१ जना स्वतन्त्र उम्मेदवारहरू थिए । तर तीमध्ये कोही एकजना उम्मेदवारले कहीं पनि चुनाव जितेनन् ।*

*सर्वसाधारण ब्यक्ति र तल्लो वर्गको प्रतिनिधित्व गर्ने स्रोतहीन पार्टीले संसदीय चुनावमै लड्न नसक्ने स्थिति पैदा हुँदैजाँदैछ ।*

*यस्तो देखिएको छ, नेपाली जनताको वर्तमान चेतना-स्तर सुधार र राहतमुखी छ । आफ्नो जीवनस्तरमा छिटो थोरबहुत सुधार जताबाट हुन संभव छ, थोरै तर तत्काल राहत जहाँबाट हुन संभव छ, बहुसंख्यक जनमत त्यतैतिर ओइरिने स्थिति नेपालमा विद्यमान छ । दीर्घकालीन आमूल परिवर्तनको नाराले कम छुने, तत्कालीन सुधार र राहतको नाराले ज्यादा छुने मनस्थिति जनतामा देखिएको छ । सुधारवादी पार्टीहरूले अहिले घोषित २०१ सीटमध्ये १९४ सीट हात पार्नु त्यसैको लक्षण हो । वामपन्थी पार्टीहरूमध्ये एमाले सबैभन्दा ज्यादा सीट ल्याउने पार्टी हुनु त्यसैको संकेत हो । क्रान्तिकारी पार्टीहरूले नेपाली जनताको यो प्रवृत्तिलाई राम्ररी ठम्याउनु जरूरी भएको छ । उनीहरूले क्रान्तिउन्मुख सुधारको लागि संघर्ष गर्नु नितान्त जरूरी भएको छ । क्रान्तिउन्मुख सुधारको निम्ति संघर्षको लर्कोले मात्र नेपाली जनतालाई सुधारवादी पार्टीको भ्रमबाट मुक्त पार्न संभव छ ।*

*चुनाव ज्यादै महँगो भएको छ । प्रमुख ४-५ वटा पार्टीले एउटा उम्मेदवारको निम्ति सरदर कम्तीमा रू १० लाख खर्च गरेको अनुमान छ । २०३ जना उम्मेदवार उठाउने पार्टीले यस हिसावले एउटै चुनावमा २० करोड रूपैयाँभन्दा ज्यादा खर्च गरेको देखिन्छ । चुनावमा लागेको सरकारी खर्च अलग्गै छ । यस हिसावले, संपूर्ण प्रमुख पार्टीहरूले मात्र एउटा चुनावमा न्यूनतम रू. एक अरब रूपैयाँ खर्च गरेको देखिन्छ । नेपालको जस्तो कमजोर अर्थतन्त्रमा यो प्रवृत्तिले केही गंभीर परिणाम निकाल्ने अवश्यंभावी छ ।*


*सर्वसाधारण ब्यक्ति र तल्लो वर्गको प्रतिनिधित्व गर्ने स्रोतहीन पार्टीले संसदीय चुनावमै लड्न नसक्ने स्थिति पैदा हुँदैजाँदैछ । यहाँ दुई पार्टी-व्यवस्था चुनावी खर्चकै कारणले पनि आउन संभव छ ।*

*प्रत्येक चुनावले हवात्तै मुद्रास्फीति बढाउनेछ । चर्को महँगीको यो भार जनताले थेग्न सक्ने क्षमताभन्दा बाहिरको हुनसक्छ ।*

*राजनीति र राजनीतिकर्ताहरूमा माफीया र ठूला पूँजीपतिको नियन्त्रण र प्रभाव निकै ज्यादा र टड्कारो हुन संभव छ ।*

*"जसरी पनि" चुनाव जित्ने प्रवृत्ति ठूला पार्टीहरूमा दरोसित हावी हुँदैजाँदैछ । "जसरी पनि" चुनाव जित्नका लागि धाँधलीका नयाँ नयाँ काइदाहरू प्रयोगमा ल्याइएको यसपाली देखिएको छ । जस्तोः दंगा प्रहरी र मतदान कर्मचारी स्वयमबाट बूथ क्याप्चर गराउने, ब्यक्तिलाई पैसा दिनुको सट्टा क्लब, भजन-मण्डल, सामुदायिक संस्था आदिलाई डक्का पैसा दिएर मत किन्ने, निर्वाचन आयोग स्वयंमबाट उल्टो स्वस्तिक छाप निश्चित ठाउँमा पठाउन लगाएर मतपत्र बदरद्वारा जित्न संभव बिपक्षी उम्मेदवारलाई हराउने, आदि । यो प्रवृत्ति बढ्दै गएमा राज्यसत्तामा पहुँच नभएको पार्टीले चुनावै लड्न नसक्ने स्थिति पैदा हुन संभव छ ।* ❑

## नेकपा मसालका चुनावी मोर्चा राष्ट्रिय जनमोर्चाको चुनावी जीतबारे नेकपा मसालका महामन्त्री क. मोहनविक्रम सिंह के भन्नुहुन्छ ?



नेकपा मसालका नेता तथा राजमोका तर्फबाट निर्वाचित सांसद चित्रबहादुर के.सी.

अहिले वास्तवमा मालेको मात्र हार भएको छैन, राजावादी शक्तिहरूको पनि हार भएको छ । मालेको पनि ती राजावादी शक्तिहरूसँग बढी झुकाव हुनुको कारणले नै चुनावमा उसको हार हुन गएको छ ।

**क. मोहनविक्रम सिंह**

# हामीले हाम्रो नीति र व्यवहारको बलमा चुनाव जितेका हौं

**❑ अहिलेको चुनावमा राष्ट्रिय जनमोर्चाको विजयका अथवा बढीत्तरीका कारणहरु के के होलान् ?**

- यसमा दुई तीन वटा कारणहरू रहेका छन् । एउटा त, संसदमा हाम्रो पार्टीका सांसदहरूले अरू पार्टीकाहरूले भन्दा बेग्लै भूमिका खेले । उनीहरू संसदभित्र देखिएका सबै प्रकारका भ्रष्टाचारहरू, जस्तो कि: रातो पासपोर्टको दुरूपयोग, औषधि उपचारको सुविधामा भ्रष्टाचार, दलबदलको फोहरी खेल आदिबाट अलग रहे । अर्को कुरो, हामीले हिजो व्यक्त गरेको प्रतिबद्धता अनुसार संसदको उपयोग गरेर पनि जनताको संघर्ष र जल्दोबल्दो समस्यालाई लिएर आन्दोलनलाई लगातार अगाडि बढाउने सही नीतिलाई हामीले दृढतापूर्वक समात्यौं । त्यस्तै, हाम्रा सांसदहरूले संसदमा हाम्रो प्रतिबद्धताअनुसार राम्रो भूमिका खेलेका छन् । यी कारणहरूबाट नै चुनावमा हाम्रो विजय हुनमा मद्दत पुग्न गएको हो ।

**❑ नेकपा (एमाले) को विशेष भूमिका भएकोले नै तपाईहरूको विजय भएको हो भनिन्छ । यो कुरो हो कि होइन ?**

- निश्चित नै तालमेलबाट हामीलाई मद्दत पुगेको छ । तर त्यसबाट हामीलाई मात्र होइन, एमालेहरूलाई पनि त मद्दत पुग्न गएको छ । जहाँ हामीले जित्यौं, त्यहाँ हाम्रो राम्रो आधार थियो । नेकपा (एमाले)ले सहयोग गर्दैमा हाम्रो आधार नभएको ठाउँमा हामीले जित्नसक्ने कुरो थिएन । त्यसकारण, मूल रूपमा हाम्रो आफ्नो नीति, व्यवहार र गत संसदमा हाम्रा सांसदहरूले खेलेको भूमिकाले नै हामीलाई विजयी बनाएको हो ।

**❑ यो चुनावमा नेकपा (माले) को पराजय हुनुको कारण चाहिं के देख्नुहुन्छ ?**

- अहिले वास्तवमा मालेको मात्र हार भएको छैन, राजावादी शक्तिहरूको पनि हार भएको छ । हामीलाई लाग्छ राप्रपा (चन्द) गुट राप्रपा (थापा) गुटभन्दा पनि बढी मात्रामा दरबारको नजीक छ । त्यही चन्द गुटसँग मालेको बढी सम्बन्ध रहेको छ भन्ने हाम्रो विश्लेषण छ । यी राजावादी शक्तिहरू वा राजापक्षीय शक्तिहरूको यो चुनावमा हार भएको देखिन्छ । मालेको पनि ती राजावादी शक्तिहरूसँग बढी झुकाव हुनुको कारणले नै चुनावमा उसको हार हुन गएको छ । अर्को कुरो, मालेको पराजय हुनुमा उसको अवसरवादी चरित्रले पनि काम गरेको छ । जस्तो उदाहरणको लागि, उसले राष्ट्रियताको कुरा त गर्‍यो तर, त्यसमा उसको कुनै इमान्दारिता रहेन । त्यस्तै, उसले चाहे राप्रपासँग होस् या कांग्रेससँग होस्, उनीहरूको नेतृत्वको संयुक्त सरकारमा गएर आफ्नो संगठनको स्थिति मजबूत बनाउने कुरा गर्‍यो । साथै, चुनावमा माओवादीहरूको भोट आफूतिर खिच्न उसले आफूलाई माओवादीहरू भन्दा पनि बढी माओवादीको रूपमा प्रस्तुत गर्ने प्रयत्न पनि गर्‍यो । उसले सशस्त्र संघर्ष र जनयुद्धको बढी पक्षपातीको रूपमा आफूलाई प्रस्तुत गर्न खोज्यो । यो उसको गम्भीर अवसरवादी चरित्र थियो । यसले नेकपा (माले)मा कुनै राजनीतिक स्थिरता र इमान्दारिता छैन भन्नेकुरा स्पष्ट रूपले देखायो ।

**❑ राष्ट्रिय जनमोर्चा र नेकपा (एमाले) बीच चुनावमा भएको तालमेल संसदमा गएपछि पनि कायम रहन्छ कि रहन्न ?**


- अहिलेको तालमेल चुनावसम्मको लागि मात्र हो । चुनावपछि संसदमा हाम्रो कुन प्रकारको सम्बन्ध कायम रहन्छ, हाम्रो नीतिमा कति सामंजस्यता कायम हुन्छ भन्ने कुरा भोलिको दिनमा हाम्रा दुवै पार्टीले लिने नीतिमा निर्भर गर्ने कुरा हो ।


**❑ भोलिका दिनमा नेकपा (एमाले) को भूमिका प्रगतिशील पक्षमा नै जान्छ भन्ने कुरामा कत्तिको आशावादी हुनुहुन्छ ?**

-यस सम्बन्धमा हामीले अहिले नै यस्तै हो भनेर भन्न सक्दैनौं । किनकि गत सालमा संघर्षको दौरानमा कैयौंपल्ट हामीले नेकपा (एमाले) सँग कार्यगत एकता गर्‍यौं । कुनै बेला उसँगको कार्यगत एकता राम्ररी चल्यो पनि, तर कुनै बेला त्यसमा बाधा अड्चनहरू पनि पैदा भए । त्यसकारण, भविष्यमा एमालेको भूमिका यस्तै हुन्छ भनेर हामीले अहिले नै किटान गर्ने र आशावादी हुने स्थिति म देख्दिनँ । तर, हामी चाहन्छौं कि भविष्यमा उसको नीति राष्ट्रियता र जनतन्त्रको पक्षमा जाओस् ।

**❑ संसदमा नेकपा (एमाले) ले जत्ति सिट प्राप्त गरको छ, त्यसको आधार के देख्नु भएको छ ?**

- अहिले नेकपा (माले) को जुन किसिमले हार भएको छ, त्यसले गर्दा नेकपा (एमाले) लाई मद्दत पुग्न गएको छ । अर्को कुरो, यो निर्वाचनमा हाम्रो पार्टीको मूख्य जोड र नारा के





*राजमोका तर्फबाट निर्वाचित सांसदहरू नवराज सुवेदी र परी थापा*

## *अहिले नेकपा (माले) को जुन किसिमले हार भएको छ, त्यसले गर्दा नेकपा (एमाले) लाई मद्दत पुग्न गएको छ ।*

रहेको थियो भने,- एकातिर राजावादी र पुनरूत्थानवादी शक्तिहरूलाई हराउने, अर्कोतिर फासिवादी शक्तिहरूलाई हराउने । यी शक्तिहरूलाई हराउने राष्ट्रिय विकल्प शक्तिको रूपमा नेकपा (एमाले) नै देखा परेको थियो । यो बास्तविकतालाई हामीले स्वीकार्नुपर्छ । अरू कतिपय पार्टीहरूले पनि चुनावमा भाग लिए र हामीले पनि भाग लियौं । तर, हामी राष्ट्रिय विकल्प शक्तिको रूपमा देखापर्नसक्ने स्थितिमा थिएनौं । यो कुराले पनि एमालेलाई यो निर्वाचनमा मद्दत पुऱ्यायो ।

❑ **अहिले नेपाली कांग्रेसको बहुमतको एकमना सरकार बनेको छ । यसले मुलुकलाई कतातिर लैजाला ?**

- नेपाली कांग्रेसको बहुमतको एकमना सरकार जुन अहिले बनेको छ, यसले राष्ट्रियता र जनतन्त्रको मामलालाई र २०४६ सालको जन-आन्दोलनबाट प्राप्त उपलब्धीहरूलाई पनि बढी बाधा र अड्चन पैदा गर्दछ, बढी संकट पैदा गर्दछ भन्ने हामीलाई लागेको छ । त्यस्तै, यसले देशमा फासीवादको संकट निम्त्याउँछ भन्ने हामी ठान्दछौं । जस्तो कि: चुनाव सिद्दिननपाउँदै अहिले नै बागलुङ्गमा कांग्रेसी गुण्डाहरूको गुण्डागर्दी बढ्न थालेको छ । उनीहरूले राष्ट्रिय जनमोर्चाका मानिसहरूलाई कुटपिट गर्ने कार्य गर्न थालेका छन् । त्यस्तै, कपिलबस्तुमा तिनीहरूले एमालेका कार्यकर्ताहरूमाथि कुटपिटका घटनाहरू बढाउँदै लागिरहेका छन् ।

त्यसैले अहिले कांग्रेसी फासीवादी शक्तिसित जुध्न देशभरका देशभक्त जनतान्त्रिक र वामशक्तिहरू मिलेर अगाडि बढ्नुपर्छ भन्ने हामीलाई लाग्छ । उनीहरूको सामना गर्दै जानको लागि हाम्रो पार्टीको के जोड रहन्छ भने, पाहिलेका संयुक्त आन्दोलनमा साथमा रहेका शक्तिहरू नेकपा (एमाले), नेकपा (माले) र अरू सबै चेतनशील प्रजातन्त्रप्रेमी स्वतन्त्र व्यक्तिहरू सबैको संयुक्त जन-आन्दोलन गर्नुपर्छ

र, यसको पक्षमा सशक्त जनमत निर्माण गर्नुपर्छ । यसले मात्रै नेपाली कांग्रेसले फासीवादी दिशा लिने प्रयत्नलाई हामीले रोक्न सक्नेछौं ।

❑ **महाकाली सन्धि गरेर आएको एमालेजस्तो पार्टीसंग तपाईहरूको सहकार्य कत्तिको चीरस्थयी होला ?**

- कोसँग सहकार्यको स्थिति बन्छ, कोसँग बन्दैन भन्ने कुरा देशको राजनीतिक स्थितिले बनाउने कुरा हो । कांग्रेसले हाम्रा कमरेड मित्रमणि जस्ता मान्छेको हत्या गऱ्यो । ०४६ सालभन्दा अगाडि पनि धेरै पटक उसँग हाम्रो संघर्ष भएको थियो । उसले नेपाली जनताप्रति धेरै गद्दारी गरेको छ । तैपनि ०४६ सालमा कांग्रेससहित हामी सबैको लागि आन्दोलनको आवश्यकता थियो र हामी मिलेर अगाडि बढ्यौं ।

त्यसकारण, विभिन्न पार्टीका आ-आफ्नै कमजोरीहरू रहेका छन् र एकअर्कामा आलोचनाहरू पनि चल्छन्, संघर्ष पनि चल्छ, दुई लाइनको संघर्ष पनि चल्छ । यी सबैको बाबजूद पनि, आजको राजनीतिक आवश्यकता अनुसार नेपाली कांग्रेसको फासीवादका विरूद्धमा जाने सबै राजनीतिक शक्तिहरू मिल्नुपर्ने आवश्यकता छ भन्ने हामीलाई लाग्छ । जहाँसम्म हामीबीचका मतभेदहरू छन्, ती सवालहरूमा हाम्रो संघर्ष चलिनै रहन्छ । एकता गर्नु भन्नुको अर्थ संघर्षलाई तिलाञ्जली दिनु होइन । एमालेसित मात्र होइन माले लगायत अन्य सबै वामहरूसित एकताबद्ध भएर अगाडि जाने हाम्रो प्रयत्न रहनेछ ।

❑ **महाकाली सन्धि गर्नमा प्रमुख भूमिका खेल्ने कांग्रेस र एमालेले यो निर्वाचनमा जुन सफलता प्राप्त गरे, यसले महाकाली सन्धि ठीक भएको साबित भयो भन्ने चर्चा पनि बजारमा चलिरहेको छ । यसमा तपाईको भनाइ के छ ?**


- यो कुरासँग हाम्रो सहमति छैन । महाकाली सन्धि राष्ट्रिघाती सन्धि नै हो । त्यसको विरोधमा हामी जान्छौं नै । यो चुनाव खालि महाकाली सन्धिको मुद्दामा मात्र भएको होइन । खास गरीकन, फासीवादी र प्रतिक्रियावादी शक्तिहरूका बिरूद्ध हामीले संघर्ष गरेका छौं । त्यस्तै, कांग्रेस र एमालेले चुनवमा विजय प्राप्त गरे भन्दैमा महाकाली सन्धि सही भयो भन्ने कुरा ठीक होइन ?

❑ **महाकाली सन्धि गर्नमा प्रमुख भूमिका खेल्ने शक्तिहरू भएकोले कांग्रेस र एमालेलाई चुनावमा जिताउन भारतीय शासक वर्गले महत्वपूर्ण भूमिका खेल्यो भन्ने भनाइहरू पनि चर्चामा आएका छन् नि ?**

- एमालेप्रति हामीले हिजो गरेका आलोचनाहरू र विरोधहरू अझै कायम छन् । एमालेसँग चुनावमा एकता गर्नुको अर्थ, उसको सम्पूर्ण राजनीतिमा हाम्रो सहमति छ भन्ने कुरा होइन । हामीले अरू बेला होस् या चुनावको समयमा होस् यो कुरा भन्दै आएका छौं कि एमालेको चरित्र साम्राज्यवादपरस्त र सामन्तवादपरस्तको छ । त्यस्तै, यसको चरित्र भारतपरस्त र कांग्रेसपरस्त पनि छ भनेर हामीले भन्दै आएका छौं । यी मामलाहरूमा हामीले कहिले पनि आँखा चिम्लेका छैनौं । यो कुरा हामीले चुनावको दौरानमा पनि प्रष्ट पारेका छौ । हेनुस्, देशभित्र हुने चुनावमा निश्चित रूपमा अन्तर्राष्ट्रिय शक्तिहरूले काम गरिराखेका हुन्छन् । यो कुरालाई हामी अस्वीकार गर्दैनौं । यो चुनावमा मात्र होइन कि देशभित्रको प्रत्येक राजनीतिमा यस प्रकारको विदेशी शक्तिको भूमिका रहने सम्भावना रहन्छ ।

तर, यी कुराहरूको बीचबाट पनि हाम्रा सही नीतिहरू के हुन्, सही कामहरू के हुन्, हामीले छुट्याउनु पर्दछ । ❑


**के तपाईले पढ्नुभयो ?**




मूल्य रू. १००।- मात्र ।

**सामुदायिक संगठन ➔ किन र कसरी ?**

अचेल सामुदायिक संगठन सबैको चर्चा र चासोको विषय भइरहेको छ । आखिर के हो त सामुदायिक संगठन भनेको ? किन यसको आवश्यकता भयो त ? यसको उद्देश्य र कार्यत्रकम कस्तो हुनुपर्दछ ? यसको निर्माण प्रक्रिया कस्तो हुनुपर्दछ ? यसमा संगठकहरूको भूमिका कस्तो हुनुपर्दछ ?

*सरिता माझी, सविता माझी, धन पाखिन, आशाराम महर्जन, गणेशभक्त सितिखु र राम डंगोलका अनुभव र अनुभूतिहरू !*

**सामुदायिक संगठनहरूका विविध आयामहरूबारे समाजशास्त्री प्रोफेसर डा. चैतन्य मिश्रको विचारोत्तेजक समीक्षा र**

सामुदायिक संगठनसम्बन्धी महत्वपूर्ण दीर्घकालीन दृष्टिकोण !

सम्पर्कः **स्पेस**

पाटनढोका, ललितपुर । फोनः ५३०६६७, पो. ब. नं. ९६३६



# हारेका उम्मेदवारहरूलाई बधाई

◆ विमल निभा

आफ्नो जिल्लाका जितेका उम्मेदवारलाई बधाई दिन गएको थिएँ – उहाँको भर्खरै निर्मित नयाँ घरमा । तर प्रवेशद्वारमा ठ्याक्कै हारेको उम्मेदवारसँग साक्षात्कार भयो । मैले आश्चर्य मुद्राको प्रदर्शन गरेर भनें, "तपाई यहाँ ?"

"किन, मैले यहाँ हुनुहुँदैन ?" उनी मुस्कुराए ।

"तर तपाई त उहाँसँगै हार्नु भएको हो नि ?"

"हो, यो मलाई पनि थाहा छ । मलाई के, सारालाई थाहा छ । के यो नयाँ कुरो हो ?"

"तपाई कुन उद्देश्यले यहाँ आउनु भएको हो ? "

मैले प्रश्न दोहोऱ्याएँ ।

"तपाई किन नि ?"

उनले मसँगै सोधे ।

"म त बधाई दिन आएको, एक परिचितको नाताले यो मेरो कर्तब्य हो पालन गर्नैं पर्‍यो ।" मैले भनें ।

"त्यसोभए, त्यो बधाई मलाई दिनोस् ।"

"तर तपाई त हारेको मान्छे । तपाईलाई के को बधाई ?"

"मलाई भनेको होइन, उहाँलाई दिने बधाई नै दिनोस् भनेको । उहाँलाई फुर्सद छैन । त्यसैले उहाँको तर्फबाट बधाई लिन म यहाँ बसेको हुं । अहिले यही मेरो ड्युटी हो ।"

"यो म के सुनिरहेको छु ?"

"जे म भनिरहेछु, त्यही सुनिरहनु भएको छ । अरू के ?"

"तपाई उहाँको विरोधमा उठ्नु भएको होइन ?" मैले आँखी भौं खुम्च्याएँ ।

"हो, उम्मेदवारहरू भाँति-भाँतिका हुने गर्छन् । कोही हराउनलाई उठेका हुन्छन भने कोही त्यसको उल्टो उम्मेदवार बनेका हुन्छन् । म भने उहाँलाई जिताउन उठेको थिएं । जिताएरै छाडें ।"उनले दाहिने आँखा भिम्क्याए ।

"मैले कुरो बुझिनँ ।"

"यसमा नबुझ्ने कुरो के छ ?"

"तैपनि मलाई तपाई राम्ररी बुझाउनोस्, असल कुरो के हो ?"

"असल कुरो के हो भने, एउटा खास जातिको उहाँ विरोधी । त्यसैले उहाँको जित शंकास्पद थियो । त्यो जातिको भोट बिर्गान म उठें । किनभने म त्यही जातिको हुँ । मैले आफ्नो काम मजाले गरें । उहाँले जित्नुभयो ।" उनले भने ।

"उहाँ जित भएको उपलक्ष्यमा माथिल्लो तलाको पूजाकोठामा भगवान र पार्टी सभापतिको तस्वीर अघिल्तिर सुगन्धित धूप बालिरहनु भएको छ ।




"यस्तो जातिवादी काम पनि गर्नु हुन्छ त ?" मैले भनें ।

"यो त झन् जातिवादको विरोध भयो । मैले जातीय भोट बिगारें । म कसरी जातिवादी भएँ ?"

"तैपनि यो राम्रो भएन ।"

"मेरो लागि त राम्रो नै भयो ।" उनले लामो सास फेरे ।

"चुनाव हारेर के राम्रो भयो ?"

"अचेल हरिया-हरिया नोट कमाउनलाई चुनाव जित्ने गरिन्छ । उहाँले मलाई हार्न प्रशस्त नोट दिनुभयो । मैले खुसीसाथ लिएँ । त्यसैले हारेरै मैले कमाएँ । जित्ने जरूरत नै भएन । मैले के नराम्रो गरें ?"

"यो त झन् प्रजातन्त्रविरोधी काम भयो !" मैले स्वरलाई चर्को पारें ।

"जातीयता र नोटको प्रजातन्त्रसँग नीकटको सम्बन्ध छ । त्यसैले यसलाई विरोधी भन्न सुहाउँदैन । तपाईलाई कुनै ज्ञान रहेनछ । अहिले सबथोक तीव्र वेगले परिवर्तित भइसकेको छ । यही लेटेस्ट प्रजातन्त्र हो ।" उनले दुबै ओठलाई गोलो पारे ।

"तपाईं त गजबको कुरो गर्नु हुन्छ ?"

"तपाईंले साँच्चिकै गजब देख्नु भएकै छैन । गजब त भित्र कोठामा भइरहेछ । सारा गजबहरू त्यहीं छन् । म त त्यो गजबको एउटा सानो भाग मात्र हुँ । त्यसैले त्यस्तो के गजब भन्ने ?"

"भित्र को छन् ?" मैले उत्सुक भावमा सोधें ।

"भित्र चुनावमा बुथ क्याप्चर गर्ने गुण्डा, नक्कली भोट खसाल्न दिने सरकारी अधिकृत, विरोधीहरूलाई धपाउन सहयोग गर्ने प्रहरी र झूठो हल्लाको प्रचार गर्ने पत्रकार-सबै छन् । आआफ्नो हिस्साको नोट लिन प्रतिक्षा गरिरहेका । मैले त पहिले नै लिइसकें । शुभकार्यमा किन पछि पर्ने ?"

उनले प्रसन्न भएर उत्तर दिए ।

"उहाँ कहाँ हुनुहुन्छ ?"

"उहाँ जित भएको उपलक्ष्यमा माथिल्लो तलाको पूजाकोठामा भगवान र पार्टी सभापतिको तस्वीर अघिल्तिर सुगन्धित धूप बालिरहनु भएको छ-। यो उहाँको भक्तिको उच्चस्तरीय शैली हो । अब शीघ्र उहाँ नयाँ मन्त्रीमण्डलमा मन्त्री बन्नुहुनेछ ।"

"हो र ?"

"घण्टीको आवाज बन्द भयो । उहाँको पूजा समाप्त भएजस्तो छ । मलाई भित्र जानु छ । तपाईसँग पछि कुरा गरौंला । अहिलेलाई टाइम छैन । ल त, बधाई छिट्टै दिइहाल्नुस् । खोइ, कहाँ छ ?"

मैले उनको हातमा बधाई राखिदिएँ । उनले बधाईलाई कोटको पकेटमा घुसारेर हतारसाथ भित्र प्रवेश गरे ।

हेर्नोस्त, म गएको थिएँ जितेको उम्मेदवारलाई बधाई दिन तर अहिले हारेको उम्मेदवारलाई बधाई दिएर लुखुर-लुखुर फर्किरहेको छु । ❑

◉ तपाईको दिनचर्या कसरी वितिरहेको छ ?

- बिहान उठ्यो, नुहायो, भेटाएका किताबहरू पढ्यो । यसरी नै दिनहरू वितिरहेका छन् ।

◉ कस्ता किताबहरू पढ्नु हुन्छ ?

-जे भेट्यो त्यही किताबहरू पढ्छु । धार्मिक पनि पढ्छु, अरू पनि पढ्छु ।

◉ नेपालको इतिहासमा तपाई सबभन्दा पहिले नगरपालिकामा चुनिएर जानु भएको महिला सदश्य हुनुहुन्छ । यसबाट तपाई त्यतिबेला राजनीतिमा सक्रिय रहनु भएको देखिन्छ । तर त्यसपछि तपाई राजनीतिमा सक्रिय हुनु भएको देखिएन । यो निस्कृयता कसरी आयो ?

- त्यतिबेला म स्वतन्त्र थिएँ । बिहापछि केटाकेटीहरू भए । घरमा गएर सासु ससुरासँग बस्नुपर्‍यो । परिवारमा बसेपछि पहिले जस्तो स्वतन्त्र हुने कुरा नै भएन । त्यसमा पनि श्रीमान राजनीतिमा लागेर जहिले पनि बाहिरैबाहिर हुनुभयो । केटाकेटी पाल्ने र स्याहार्ने दुवै जिम्मा मेरो काँधमा आयो । त्यसैले मैले जागिर खानुपर्‍यो । अनि मैले शिक्षण पेशा समातें । पंचायतकालमा जागिरमा लागेपछि यताउति गर्न पाइँदैनथ्यो । त्यसैकारणले मैले राजनीति छोड्नुपर्‍यो ।

◉ पहिले तपाईले जुन किसिमले सडकमै ओर्लिएर राजनीतिक क्षेत्रमा लाग्नुभयो, त्यसरी राजनीतिमा लाग्न तपाईलाई के कुराले प्रोत्साहित गरेको थियो ?

- त्यतिबेला नेपाल निकै धेरै पिछडिएको अवस्थामा थियो । आइमाइहरूलाई घरबाट निक्लने स्वतन्त्रता थिएन । केटीहरूका निम्ति पढ्न कुनै स्कूल थिएन । आइमाईहरूले पढ्नै हुँदैन भन्ने धारणा थियो । महिलाहरूलाई कुनै किसिमको अधिकार थिएन । त्यसकारण 'आइमाईहरू पनि स्वतन्त्र हुनु पर्छ । उनीहरूले पनि पढ्ने लेख्ने स्वतन्त्रता पाउनुपर्छ तथा पुरूष सरह अधिकार पाउनुपर्छ' भन्ने कुरा हामीलाई लाग्यो । यसरी अधिकारविहीन महिलाहरूलाई अधिकार दिलाउनको लागि नै हामी राजनीतिमा लागेका थियौं ।

◉ तपाई कहिलेदेखि राजनीतिमा लाग्नु भएको थियो ?

- २००४ सालदेखि नै राजनीतिमा लागेको थिएँ ।

◉ २००४ सालमा 'नागरिक अधिकार आन्दोलन हुँदा तपाईहरू जेलमा पर्नुभएको थियो । जेलबाट निक्लेपछि तपाईहरू प्रति समाजको धारणा कस्तो पाउनुभयो ?

-त्यतिवेला केटीहरू घरबाट निक्लनुलाई राम्रो मानिदैनथ्यो । त्यसैले त्यतिबेला समाजले हामीलाई राम्रो धारणाले हेर्‍यो भन्न सकिंदैन । तर त्यसो भन्दैमा सबैले नराम्रो धारणाले पनि हेरेका थिएनन् । केटीहरू बर्माबाट आएका, पढे लेखेका भएकाले सडकमा निक्लने आँट गरे । 'यिनीहरूले राम्रै गरे' भन्नेहरू पनि थिए । धेरै मानिसहरूले हामीलाई 'छाडा भए' पनि भने । त्यसैले 'छाडा भए' भन्नेहरूको इख तोड्नको लागि हामीले पढ्नमा जोड दियौं र महिलाहरू पनि पुरूषहरूभन्दा कम छैनन् भनेर देखाइदियौं ।

◉ २००४ सालमा तात्कालीन प्रधानमन्त्री पद्म शमशेरकहाँ महिलाहरूको डेलिगेसन जाँदा तपाई पनि



# 'अधिकारविहीन महिलाहरुलाई 'अधिकार दिलाउन नै हामीहरु राजनीतिमा लागेका थियौं

◆ साधना अधिकारी ◆

नेपालको इतिहासमै सर्वप्रथम नगरपालिकामा निर्वाचित हुने महिला सदश्यको नाम हो -साधना अधिकारी । नेपालमा सर्वप्रथम २००८ सालमा नगरपालिकाको चुनाव हुँदा उहाँ काठमाण्डौ नगरपालिकाको सदश्यमा चुनिनु भएको थियो । त्यतिवेला काठमाण्डौ नगरपालिकामा दुई तिहाई बहुमतले वामपन्थीहरू निर्वाचित भएका थिए । तर मात्रिकाप्रसाद कोइराला प्रधानमन्त्री भएको सरकारले नगरपालिकालाई कुनै पनि किसिमको सहयोग नगरेको र एकपैसा पनि निकासा नगरेकोले सबै वामपन्थी सदश्यहरूले राजीनामा गरेको कुरा साधना अधिकारी बताउनुहुन्छ ।

साधना अधिकारीको जन्म वि.सं. १९८३ मा काठमाण्डौं, असनमा आमा रम्भा प्रधानको कोखबाट भएको थियो । व्यापारको सिलसिलामा बुवा शंकरलाल प्रधान बर्मामा जानु हुँदा साधना तथा अरू छोरा छोरीहरूलाई पनि बर्मामै लिएर जानु भएको थियो । यसैक्रममा साधना अधिकारीको प्राथमिक शिक्षा बर्मामै टामिल स्कूलमा पूरा भयो । दोश्रो विश्वयुद्धको समयमा उहाँ स-परिवार फेरि नेपालमै फर्किनु भयो । नेपालमा फर्किसकेपछि घरमै पढेर दरवार हाईस्कूलबाट एस.एल.सी. परीक्षा पास गर्नु भयो । त्यसपछि उहाँले भारतको लखनौबाट आइ.ए. र त्रिचन्द्र कलेजबाट बि.ए. पास गर्नु भयो ।

क.मनमोहन अधिकारीसँग बिहा भएपछि साधना अधिकारी बिराटनगरमै गएर बस्नु भयो र त्यहाँको एउटा स्कूलमा अंग्रेजीको शिक्षिका भएर ३२ वर्षसम्म काम गर्नु भयो । अहिले उहाँ काठमाण्डौं गल्फूटारको आफ्नै घरमा छोरा बुहारीको साथमा बस्नुहुन्छ । हालै साधना अधिकारीसँग मूल्याङ्कनले उहाँकै घरमा कुराकानी गरेको थियो । यहाँ प्रस्तुत छ,उहाँसँग भएको कुराकानीको सार-संक्षेप ।

-मूल्यांकन

जानुभएको थियो । त्यतिवेला तपाईंहरूले के के माग राख्नु भएको थियो ?

-त्यसवेला के के मागहरू राखियो त्यो सबै त अहिले सम्झना भएन । धेरै पहिलेको कुरा भयो । मूख्य मागहरू 'महिलाहरूले पनि नागरिक अधिकार पाउँनु पर्छ ।' 'महिलाहरू पढ्नको लागि स्कूल खोलिनु पर्छ,' 'महिलाहरूले पनि जागिर पाउनु पर्छ,' 'महिलाहरू पनि पुरूषसरह समान हुनु पर्छ' आदि मागहरू थिए ।

◉ **पद्म शमशेरले तपाईहरूको माग पूरा गरिदिए त ?**

-पूरा गरे । हाम्रै माग अनुसार पद्मकन्या स्कूलको स्थापना भएको हो । भोट दिने अधिकारको पनि ८ सालमा पुरूषहरू सँगसँगै हामीले पायौं ।

◉ **तपाईहरूले महिला संघको स्थापना कसरी गर्नुभयो ?**

- २००४ सालमा 'नागरिक अधिकार आन्दोलन' पछि २००४ साल श्रावन महीनातिर म्हेंपीमा हामी महिलाहरूको एउटा बनभोजको आयोजना भयो । त्यसै बनभोजमा 'नेपाल महिला संघ' को स्थापना भएको थियो । त्यस महिला संघमा म, साहना, स्नेहलता ,कनकलता, श्रीमाया, कामाक्षादेवी, मंगलादेवी आदि थियौं । अरू पनि धेरै महिलाहरू थिए । तर अहिले सबैको नाम सम्झना भएन ।

◉ **२००४ सालमा गठन गरिएको महिला संघ २००८ सालमा गएर दुई टुक्रामा विभाजित भयो । के कारणले महिला संघ टुक्रिएको थियो ?**

-त्यस महिला संघमा पहिलेदेखिनै कांग्रेस समर्थक र कम्युनिष्ट समर्थक महिलाहरू थिए । उनीहरू आ-आफ्नै तरिकाले काम गरिरहेका थिए । २००८ सालमा भारतका प्रधानमन्त्री जवाहरलाल नेहरू नेपाल आउने भए । त्यतिबेला महिला संघका एकथरि महिलाहरूले '२००७ सालमा भएको दिल्ली सम्झौता धोका हो, त्यसैले जवाहरलाल नेहरूलाई कालो झण्डा देखाउनु पर्छ' भन्ने निर्णय गरे । अर्कोथरि महिलाहरूले त्यसको विरोध गरे । कालो झण्डा देखाउनु पर्छ भन्नेहरूमा कामाक्षादेवी र हामीहरू पऱ्यौं, अथवा कम्युनिष्ट विचार राख्ने महिलाहरू पऱ्यौं । कालो झण्डा देखाउनु हुँदैन भन्ने महिलाहरूमा मंगलादेवी अथवा कांग्रेस समर्थक महिलाहरू परेका थिए । हामीहरूले जवाहरलाल नेहरूलाई कालो झण्डा देखाई छाड्यौं । त्यसपछि नै महिला संघ दुई टुक्रामा विभाजित भयो । एउटा मंगलादेवी सिंहको अध्यक्षतामा गठन भयो । त्यो संघ नेपाली कांग्रेसको दिशातिर लाग्यो । अर्को कामाक्षादेवीको अध्यक्षतामा गठन भयो । त्यो नेपाल कम्युनिष्ट पार्टीको दिशातिर लाग्यो ।

◉ **तपाईले कम्युनिष्ट पार्टीको सदश्यता पनि लिनु भएको थियो ?**

- अँ मैले कम्युनिष्ट पार्टीको सदश्यता पनि लिएको थिएँ ।

◉ **तपाईले कति सालमा कम्युनिष्ट पार्टीको सदश्यता लिनु भएको थियो र पार्टीको कुन तहसम्म रहेर काम गर्नु भयो ?**

- मैले कम्युनिष्ट पार्टीको सदश्यता २००६ सालमा कम्युनिष्ट पार्टी भूमिगत अवस्थामा रहेको बेलामा नै लिएको थिएँ । त्यसपछि म काठमाण्डौं जिल्ला पार्टी कमिटीमा रहेर पनि काम गरें ।

◉ **तपाई कहिलेसम्म राजनीतिमा सक्रिय रहनुभयो ?**

-त्यस्तै २०११-१२ सालसम्म मैले सक्रिय राजनीति गरें । २०११ सालमा बिहा भयो । बिहा भएपछि म विस्तारै विस्तारै राजनीतिमा निस्कृय हुनथालें र ०१२ सालमा त म पूरै घर गृहस्थीमा लागें ।

◉ **तपाई र क. मनमोहन अधिकारीज्यूको बिहा कसरी सम्पन्न भयो ?**

- पार्टीकै कामको सिलसिलामा हामी दुवैको भेटघाट भइरहन्थ्यो । हामी दुवैजनाले एक अर्कालाई मनपरायौं । त्यसपछि पार्टीका मानिसहरू जनकलाल, शैलेन्द्रकुमार, धनुषचन्द्र गौतमले मेरा बुवासँग कुरा गर्न आए । बुवाको सहमतिअनुसार म्हेंपीमा गएर दुवैतिरको परिवार बसेर सिंदुर र माला लगाए बिहा गरेका थियौं ।

◉ **पण्डित पनि राखिएको थियो कि ?**

- पण्डित चाहिं राखिएको थिएन ।

◉ **तपाईले मनमोहनज्यूसंग करीब ४४ वर्ष बिताउनुभयो । यति लामो समयको उहाँको पारिवारिक तथा राजनैतिक जीवनलाई तपाईं कसरी विश्लेषण गर्नु हुन्छ ?**

- उहाँको पारिवारिक जीवनमा कुनै खोट लाउँने ठाउँ छैन । उहाँले मप्रति जुन किसिमको व्यवहार गर्नुभयो, त्यसमा मेरो कुनै गुनासो छैन । उहाँको व्यवहार राम्रो थियो । म उहाँको व्यवहारबाट सन्तुष्ट छु ।

राजनैतिक जीवनबारे भन्नु पर्दा पनि उहाँ जतिबेलादेखि राजनीतिमा लाग्नुभएको थियो, त्यतिबेलादेखि नै कम्युनिष्ट सिद्धान्तमा नै लागिरहनु भयो । कम्युनिष्ट सिद्धान्तबाट उहाँ कहिल्यै विचलित हुनु भएन । उहाँका साथीहरू कोही कता लागे कोही कता लागे । तर उहाँ चाहिं जीवनको अन्तिम समयसम्म पनि अविचलित रूपले कम्युनिष्ट पार्टीमा लागिरहनु भयो ।

◉ **यसरी कम्युनिष्ट सिद्धान्तप्रति अडिग रूपले लागिरहन उहाँलाई के कुराले प्रेरित गरेको थियो ?**

- मूख्य कुरा उहाँलाई परिवार पाल्ने आर्थिकभार सम्हाल्नु परेन । उहाँको सम्पूर्ण आर्थिकभार मैले आफ्नो जिम्मामा लिइदिएँ । उहाँलाई कुनै किसिमको आर्थिकभार पर्न दिइँन । जेलमा उहाँसँग भेट्न जाँदा पनि मैले कहिल्यै त्यस्तो रूने कराउँने काम गरिन । अरू साथीका श्रीमतीहरू पनि जेलमा भेट्न आउँथे । उनीहरू आफ्नो श्रीमानको अगाडि रोइकराइ गर्थे । श्रीमतीहरूको त्यो बेहाल हेर्न नसकेर पनि उहाँका साथीहरू कागज गरेर जेलबाट निस्के । मैले त्यसो नगरेको कारणले नै उहाँ सिद्धान्तप्रति दृढ भएर रहनु सक्नुभएको थियो भन्ने मलाई लाग्छ ।

◉ **त्यत्रो वर्षसम्म परिवारको आर्थिकभार वहन गर्दा तपाईले कुनै किसिमको दुःख कष्ट अनुभव गर्नु भएन ?**

-अहँ, मलाई कुनै किसिमको दुःखकष्टको अनुभव भएन । त्यस कामलाई मैले मेरो आफ्नो कर्तव्य ठानें ।

◉ **क. मनमोहन अधिकारी त्यत्रो वर्षसम्म कम्युनिष्ट सिद्धान्तमा अडिग रहिरहनुभयो । उहाँ बिल्तुहुँदा समेत कम्युनिष्ट पार्टीको अध्यक्ष हुनुहुन्थ्यो । तपाईहरूले उहाँको काजक्रिया कसरी गर्नु भयो ?**

- हामीले उहाँको काजक्रिया परम्परागत तरिकाबाटै गऱ्यौं ।

◉ **दक्षिण एशियाका धेरैजसो देशहरूमा ठूलाठूला नेताहरूका मृत्युपछि उनका श्रीमती तथा छोराछोरीहरू सक्रिय राजनीतिमा ओर्लेको देखिन्छ । के अब तपाई पनि सक्रिय राजनीतिमा लाग्नु हुन्छ ?**

- सक्रिय राजनीति भन्नाले म गाँउघर गएर काम गर्न सक्तिन । मेरो स्वास्थ्यको कारणले पनि त्यस्ता कामहरू गर्न मलाई दिँदैन । त्यसबाहेक अरू कामहरू गरेर म राजनीतिमा लाग्छु ।

◉ **अब हामी राजनैतिक कुराहरू छाडेर व्यक्तिगत कुरातिर लागौं । अहिले तपाईंको जीवन कुन आयस्रोतले चलिरहेको छ ?**

- मेरो आफ्नै पेन्सन आउँछ । त्यसबाहेक मेरो छोराको जागिर छ, उसको तलब आउँछ । त्यसैबाट हाम्रो जीवन चलिरहेको छ ।

◉ **तपाईंलाई दिक्क लागेको बेलामा मनोरञ्जनको लागि टि.भि. कार्यक्रम तथा फिल्महरू हेर्ने गर्नु हुन्छ ?**

- हेर्छु ।

◉ **कस्तो खालको कार्यक्रम तथा फिल्महरू तपाईलाई मन पर्छ ?**

- उत्ताउलो उच्छृङ्खल खालका कार्यक्रमहरू मलाई मनपर्दैन । सामाजिक तथा साधारण खालका कार्यक्रमहरू मलाई मन पर्छ । धेरैजसो म समाचार हेर्ने गर्छु । फिल्म पनि टि.भि. मा जे आउँछ, त्यही हेर्छु ।

◉ **बाहिर गएर फिल्म हेर्ने गर्नु हुन्न ?**

-अहँ, बाहिर गएर फिल्म हेर्दिन । पहिले एकदुईपल्ट प्रेमपिण्ड र बलिदान हेर्न गएका थियौं ।

◉ **गीत सुन्ने गर्नु हुन्छ ?**

-सुन्छु ।

◉ **मनपर्ने गायक छन् ?**

- नारायण गोपाल, रामकृष्ण ढकाल मनपर्छ ।

◉ **तपाई साहित्य पनि पढ्नु हुन्छ होला, नेपालका साहित्यकारहरूमा तपाईलाई मन पर्ने साहित्यकार को को छन् ?**

- लक्ष्मीप्रसाद देवकोटा तथा बालकृष्ण सम मेरा मनपर्ने साहित्यकारहरू हुन् ।

◉ **विदेशी साहित्यकारहरू कोही मनपर्ने छन् ?**

- विदेशी साहित्यकारहरूमा चीनको लु स्युन र भारतको राहुल साँकृत्यायन मलाई मनपर्छ ।

◉ **तपाईलाई मनपर्ने नेपाली राजनीतिज्ञहरू कोही हुनुहुन्छ ?**

- बि.पी. कोइराला मलाई मनपर्छ ।

❑ प्रस्तुतिः मुक्ता श्रेष्ठ

**"तपाईले मनमोहनज्यूसंग करीब ४४ वर्ष बिताउनुभयो । यति लामो समयको उहाँको पारिवारिक तथा राजनैतिक जीवनलाई तपाई कसरी विश्लेषण गर्नु हुन्छ ?"**

# म झाँक्रीको असिस्टेण्ट भएँ

## म मार्क्सवादतर्फ कसरी तानिएँ ?

क. निर्मल लामाको




त्यस दिन आमाले च्यूरा बोक्नु भएको रहेछ । त्यसैले झाडीमा लुकाएर राखेको भात चोरी भए पनि हामी भोकै भने हुनुपरेन ।

आमाले बोराबाट च्यूरा निकालेर दिनुभयो । तर च्यूरा मात्र थियो । त्यसको साथमा खाने कुरो अरू केही थिएन । पानी पनि थिएन । प्यास लागिरहेको थियो । त्यत्तिकै फुको च्यूरा हामीले खायौं ।

त्यसपछि हामीहरू बिस्तारै बिस्तारै हिंडेर मकैबारी भन्ने चियाबगानमा पुग्यौं । त्यतिखेर रातको दश बजिसकेको थियो । वास्तवमा हामी त्यहाँ ६ बजेसम्ममा पुगिसक्नुपर्थ्यो । र, ८ बजेतिर हामी घर पुगिसक्थ्यौं ।

त्यहाँ आप्पा आइपुग्नुभयो । हामी समयमा घर नपुगेपछि बाटोमा के भयो भनेर गाउँलेहरूलाई सोधेपछि 'तिम्रो छोराको कारणले उनी पछाडि परिन्, हामीले उनलाई पर्खन सकेनौं' भनेर मेरो आप्पालाई उनीहरूले भने । त्यसपछि उहाँ एक्लै राति दश बजे त्यहाँ आइपुग्नुभएको रहेछ ।

धान मेरो आप्पाले बोक्नुभयो र मलाई चाँहि मेरी आमाले बोक्नुभयो । हामी त्यहाँबाट राति १२-१ बजे घर पुग्यौं । त्यसपछि म पाँच छ दिन पूरै थला परें, चल्नै नसक्ने गरी । सबैले मलाई 'कुँजो भयो, कुँजो भयो' भनेर भन्थे । पाँच छ दिनसम्म लगातार मालिस-मालिस इत्यादि गरेपछि मात्र म ठीक भएँ । र, त्यसपछि मात्र म स्कूल जान सकें ।

अर्को एउटा कुरा, म केटाकेटीमा खोला, नदीनालामा खेल्ने र जङ्गलमा घुम्ने कुरामा खुब सोख राख्थें । त्यस्तै, खेलकूद पनि बेस्करी मन पराउथें । हक्की राम्ररी खेल्थें । फुटबल राम्ररी खेल्थें ।

म सँगसँगैको एक जना गुरूङ्ग साथी थियो - चमन सिंह गुरूङ्ग । गोथर्स भन्ने अंग्रेजहरूको एउटा स्कूलमा पढ्थ्यो ऊ । ऊ दलित जातिको मान्छे थियो । खेल्नलाई उसैले मलाई हक्की दिन्थ्यो । म हक्की किन्न पनि सक्दिनथें । तर, उसको र मेरो खेल करीब करीब बराबरी थियो । पछि, त्यो भारत-च्याम्पियन भयो र ओलम्पिकसम्म पनि खेल्न गयो ।

फुटबल पनि मेरो मनपर्ने खेल हो । फुटबल खेल्न त मलाई कस्तो सकसक् लाग्थ्यो भने, स्कूलमा क्लास सकिएको घण्टी टिङ्गलिङ्ग-टिङ्गलिङ्ग बज्नासाथ म झोलासोला हतार हतार बोकी दगुरेर घर पुग्थें र खाजा खाएर 'लालमू' गाईको लागि डोको बोकेर घाँस काट्न जान्थें । घाँस पनि हतार हतार काटेर, पिट्रि भन्ने त्यहाँ एक प्रकारको रूख पाइन्छ, त्यसको पात सोरसार गरेर डोको टन्न भर्थें र त्यसलाई घरमा ल्याई गोठमा राखेर म फुटबल खेल्न दगुर्थें ।

स्कूलमा म फुटबलको बेस्ट प्लेयर थिएँ । कुनै बेला स्कूलसँग मलाई रिस उठ्यो भने म्याचमा स्कूलको तर्फबाट खेल्न जाने बेलामा मलाई पेट दुखिहाल्थ्यो । म खेल्न सक्दिनं भन्थें । त्यस्तो भन्दा स्कूललाई फसाद पर्थ्यो र मेरो बडो चाकरी हुन थाल्थ्यो । मेरो अनुभव यस्तो रमाइलो पनि छ ।

घरमा म केटाकेटीदेखि नै काम गर्नेगर्थें । मेरा दिदी बहिनीहरू नभएका र दाजुभाइहरू मात्र भएका कारणले गर्दा घरमा आमा एक्लैले काम गर्नुपर्ने र अझ कमाउनु पनि पर्ने स्थिति थियो-त्यो बेला । त्यसैले यो कुरा बुझेर सबै दाजुभाइहरूले घरमा आमालाई काम गर्न दिन्नथे । बिहान बेलुका खाना पकाउने, घर लिप्ने, भाँडा माझ्ने आदि जस्ता कुनै पनि काम हामी आमालाई छुन दिन्नथ्यौं । यसैले गर्दा अहिलेसम्म पनि मेरा आठै जना दाजुभाइहरू परिश्रमी छन् । सबै आफू आफै काम गर्छन् ।

मेरो एउटा भाइ अहिले यू.एन.ओ.को जनसंख्या विभागको प्रमुख छ । अहिले पनि ऊ आफिसबाट घरमा आउनासाथ कुटो कोदालो लिएर बारीको बगैंचामा काम गर्न गइहाल्छ ।

श्रमप्रतिको हाम्रो जुन माया छ, त्यो हामीलाई हाम्रो आमाले नै सिकाउनुभएको हो । गरीबहरू प्रति दया गर्नुपर्छ, माया गर्नुपर्छ, हेप्नु हुँदैन भनेर पनि हामीलाई बच्चै बेलामा नै आमाले सिकाउनुभएको हो । जहाँसम्म जातपात छुवाछूतको कुरा छ, मैले थाहा पाएदेखि मेरो घरमा त्यो रहेन । कामी आओस् अरू आओस्, जोसुकै किन नहोस्, कसैलाई पनि भेद्भाव गरिएन । सबैलाई भित्रै हाम्रै साथमा सँगै राखेर खाना ख्वाइन्थ्यो । यस्तो चेतना आमामा कहाँबाट आयो, त्यो त मलाई थाहा छैन । तर सबैलाई भेदभाव नराखी समान व्यवहार गर्नमा आमा कहिल्यै चुक्नुभएन ।

एउटा दमाई बूढा थिए । उनको नाम छेदन बूढा थियो । एक दिन उनी हाम्रो घरमा आएका थिए । आमाले हतार हतार यत्रो गोल्टिन बट्टामा जाँड बनाएर दिनुभयो, ती बुढालाई म अहिले पनि सम्झन्छु । तिनको लामो मुठा जुँगा थियो । जाँड खाँदा उनको जुँगा ग्वाम्मै जाँडमा डुबेको थियो र जुँगा जम्मै सेतो भएको थियो ।

पछि त्यस्तै एउटा कामी, जसलाई हामी गोरे गोरे भन्थ्यौं, त्यो हाम्रो घरमा आयो । त्यो मान्छे मेरै उमेरको हो र धिरीमा पानी बोक्दाको समयमा हामी सँगसँगै काम गर्थ्यौं । पछि उसलाई मैले सात सालको क्रान्ति अगाडि जनसेनामा भर्ना गरिदिएको थिएँ । भर्ना गरिदिइसकेपछि मेरा दाइले उसको नाम रामसिंह राखिदिनुभयो । मेरा दाइलाई पनि त मैले नै जनसेनामा भर्ना गरिदिएको हो नि । उहाँले त बीरगंज कब्जा गर्नेदेखि विराटनगर इत्यादि ठाउँमा काम गर्दै पछि उहाँ पुलिस इन्स्पेक्टरसम्म पनि हुनु भएको थियो । मेरा ती दाइ नरेन्द्र लामा हुन् । मेरोभन्दा उहाँको चाखलाग्दो अनुभव छ । बीरगञ्जमा आक्रमण कसरी भयो, कब्जा कसरी भयो भन्ने जस्ता जम्मै कुरासँग उहाँको प्रत्यक्ष अनुभव छ । अहिले उहाँ काठमाडौं थलिमा बस्नु हुन्छ ।

मेरा दाइ नरेन्द्र लामा एक समयमा रेञ्जर पनि हुनुभयो । त्यहीबेला एकचोटी उहाँ बन जाँचमा जानुभयो र, त्यहाँबाट फर्केपछि त्यो जाँचको टोलीले उहाँलाई पाँच हजार रूपियाँ दियो । उहाँले उनीहरूलाई सोध्नु भयो -'यो के को पैसा ?' उनीहरूले जवाफ दिए 'यो अस्ति बन जाँच गएवापतको हो ।' 'बन जाँच गएर यतिका रूपियाँ कहाँबाट आउँछ त ? टि.ए., डि.ए. त मैले पो दिन्छु, तिमीहरूलाई ।' दाइले भन्नुभयो । उनीहरूले भने- 'होइन यो पैसा त्यहाँ गाउँमा उठाएको हो ।' दाइले 'ए ! गाउँमा उठाएको ? ठीक छ ।' भनेर त्यो पैसा लिएर तुरून्त त्यहाँको एउटा संस्थालाई हस्तारन्तरण गरी भोलिपल्ट नै राजिनामा दिएर त्यहाँबाट उहाँ हिंड्नु भयो । त्यस्तो हुनुहुन्छ, मेरो दाइ ।

अघि माथि मैले उल्लेख गरेको ब्यक्ति, जसलाई मेरो दाइले रामसिंह भनेर नाम राखेका थिए, त्यो मान्छे कामी जातको मेरो पुरानो साथी हो । उसले त पछि सात सालमा वीरगञ्ज, विराटनगर, धनकुटा आदि सबै कब्जा गर्न जाँदा मेरो दाइ सँगसँगै हिड्ने काम गऱ्यो । पछि ऊ पनि पुलिस आफिसर भयो, उसले खास पढेलेखेको थिएन, अक्षरसम्म चिन्थ्यो । ऊ सब-इन्स्पेक्टरसम्म भएछ ।

म एकचोटी झापामा गएको थिएँ । ऊ त्यतिखेर त्यहाँ बसेको रहेछ । उसले थाहा पाएछ । पारङ्ग आयो, पारङ्ग आयो भनेर मसँग भेट्न ऊ आयो । म पनि उसलाई भेट्न गएँ । उसले झापामै एउटा



*क. निर्मल लामा बिरामी भएर काठमाडौं मोडल अस्पतालमा, साथमा नेता सर्वोत्तम डंगोल*

फोटोः उषा तिवारी

**हे भगवान ! मेरो यस्तो मामालाई सजायँ नदिनु होला ।' भनेर मैंले मनमनमा भगवानलाई प्रार्थना गरें ।**

सानो घर बनाएको रहेछ, ठीक्कको । त्यो त्यस्तो गरीब, अपहेलित जातिको मान्छे, असई भएर सानो घर बनाउँदा त त्यसको निम्ति त त्यो स्वर्ग भयो नि । मलाई त उसले 'तिमी मेरो देउता, तिमी मेरो भगवान !' भनेर करायो । मैंले 'ए गोरे ! त्यस्तो होइन हैं । तिमीले ज्यानको बाजी लगाएर बीरगञ्जमा लड्यौं । तिमी मरेको भए मलाई अहिले भगवान भन्न पाउँथ्यौं ?' भनेर भनें । 'त्यो पनि हो ' भन्यो उसले । हाम्रो त्यस्तो ठट्टा चल्यो त्यतिखेर । हामी त बच्चै बेला धिरीमा पानी बोक्दाको समयमा नै नजीकको साथी भएका थियौं नि ।

'ए पारङ्ग तिमी आजकल के गर्दैछौं ?' - उसले भन्यो । मैले जवाफमा भनें-'ठीकै छु नि, राजनीति गर्दैछु । म कम्युनिष्ट भएको छु ।' उसले 'कम्युनिष्ट भनेको राम्रो हो भनेर त थाहा छ , तिमी राम्रो भएकोले पनि त्यो राम्रै होला ।' भनेर भन्यो । ऊ पोहोर साल मात्रै बित्यो ।

**अब** मेरो बाल्यकालबाट मार्क्सवादसम्म म कसरी पुगें भन्ने कुरातिर लाग्छु ।

म सायद चौध पन्ध्र वर्षको हुँदोहुँला । मेरा एक मामा हुनुहुन्थ्यो । अलि टाढाको मामा । टाढाको भएपनि दशैंमा टिका लगाउन हामी जान्थ्यौं । ती मामा कहाँ थुप्रै भरियाहरू आउँथे । त्यो एरियामा भरिया भन्नाले जम्मै शेर्पा हुन्थे । मेरा मामाकहाँ शेर्पाहरू आउने, अरू मान्छेहरू पनि आउने गर्थे । त्यस्तै चियाबारीका मानिसहरू पनि उहाँकहाँ लुकीलुकी जान्थे । एकदिन मैले मामालाई भनें 'मामा यो सबै के हो ? यी सबै भुत्रो भाम्रो लाउने गन्हाउने शेर्पाहरूसँग के संगत गर्नुभएको ?' उहाँले 'यी सबै कुराको जवाफ म आउँदो शनिवारको दिन दिन्छु । त्यस दिन तिमी मसंग जानुपर्‍यो रोहीणी चियाबगानमा ।' भनेर भन्नुभयो । मैंले 'त्यहाँ जानलाई आमासँग सोधर आउनु पर्छ' भनें । उहाँले 'ठीक छ तिमी सोधेर आऊ तर यदि आमाले जानु पर्दैन भनेर भन्नु भएमा आस्याङ्गले भनेको भनेर भन न ।' उहाँले भन्नुभयो । तामाङ्ग भाषामा 'आस्याङ्ग' भनेको मामा हो ।

आमालाई मैंले त्यो कुरो भनें । उहाँले मलाई 'जा' भन्नु भयो । म गएँ ।

खर्स्याङ्गबाट यसो आउँदा एउटा ठूलो गोलाई भेटिन्छ । त्यो ठाउँको नाम नै गोलाई हो । स्वाट्ट घुमेपछि गाडीसाडी, रेलसेल केही पनि देखिदैन त्यो ठाउँबाट । त्यहाँबाट ठाडो ओरालो भर्नुपर्छ । तराइ आइसकेपछि त्यही तराइमा रोहिणी चियाबगान थियो । हामी करीब करीब त्यहाँ पाँच बजेतिर पुगेका थियौं । तराइ झरेर पनि अलिकति हिंड्नु पर्ने गाउँमा हामी पुग्यौं । त्यहाँ एउटा ठूलो बरपीपलको चौतारोमा ओछ्यान सोछ्यान के के ओछ्याइरोखेको थियो । त्यहाँ करीब दश पन्ध्रजना मान्छेहरू भेला भएका थिए । त्यहाँ मामा र म दुई जना बीचमा गएर बस्यौं । त्यसपछि बिस्तार बिस्तारै एउटा दुईटा गरी केही समयपछि त्यहाँ करीब करीब डेढ दुइसय जना मान्छेहरू जम्मा भए । आइमाई, बुढाबुढी, केटाकेटी, युवा युवती इत्यादि जम्मै । अनि मेरो मामाले भाषण दिन थाल्नुभयो ।

यो दार्जीलिङ्ग जिल्लामा नेपालीहरू धेरै छन् । यी नेपालीहरूमा पनि धेरै जसो चियाबारीमा मजदुरहरू छन् । यस्ता यस्ता कुराहरू भन्दै उहाँले मार्क्सवाद बताउँदै जानुभयो । त्यो बेला त थाहा भएन, तर अहिले बुझ्दा त्यो मार्क्सवाद बताएको रहेछ ।

हामीलाई अंग्रेजहरूले हेपेका त छन् छन्, त्यसमाथि बंगालीहरूले पनि हेपिराखेका छन् । त्यसकारण हामी सबै एक हुनुपर्‍यो । रूसमा यस्तो भयो, युरोपमा यस्तो भयो आदि कुरा गर्दै मामाले आफ्नो भाषणमा सबै मजदूर आन्दोलनको चित्रण गर्नुभयो ।

त्यो सुनेर म त जिल्ल परें । मैले जे भोगिराखेको थिएँ, त्यो थली गर्दाखेरी, धिटी बोक्दाखेरी, त्यो अंग्रेज साहेब जोनले मानिसहरूलाई कोर्रा लगाउँदाखेरि, 'हट बाहर' भनेर बाहिर लखेटेको जस्ता सबै कुराको चित्रण मामाले त्यहाँ गर्नुभयो । अनि मामाले बीचमा भाषण रोक्नुभयो ।

त्यसपछि कसैले खैनी खाने र कसैले कटुवा भन्ने सानो कागजमा सुर्ती बेरेर आगो सल्काई खाने काम गरे । मैले कटुवा तान्ने काम आमाबाट सिकेको थिएँ ।

दुई चार मिनेट रोकिएपछि फेरि भाषण शुरू हुन थाल्यो । फेरि भाषण गर्न थाल्दा त मामाले धर्मको विरोध गर्न थाल्नु भयो । यो धर्म भनेको तपाई हामीलाई ठग्ने बिषय हो भन्ने कुरा उहाँले भन्नुभयो ।

त्यतिबेला मेरो अबस्था के थियो भने, एउटा निरू भन्ने झाँक्री थियो । त्यो झाँक्रीको असिस्टेन्ट म थिएँ । झाँक्रीले ढ्यांग्रो ठटाउँथ्यो, म थाल ठटाउँथें-ट्याङ्ग ट्याङ्ग ट्याङ्ग ट्याङ्ग । अनि त्यसपछि 'एउटा कालो कुखुरा चाहियो, परिवारले खानु हुँदैन' भनेर भन्दै झाँक्रीले त्यो लिन्थ्यो र त्यो लगेर हामी काट्थ्यौं, पोल्थ्यौं र खान्थ्यौं । मैले रक्सी खान पनि त्यहींबाट सिकें । त्यस्तो गरेर आइराखेको मान्छे म तर, त्यहाँ त भाषणमा मामाले धर्म केही होइन भनेर भन्नुभयो । मैंले फेरि आफूहरू तामाङ्ग जाति भएको नाताले बुद्ध धर्मप्रति पनि आस्था राखिसकेको थिएँ । त्यतिखेरसम्म बुद्धजयन्तीको दिन म 'पोस्तक' टाउको माथि राखी बोकेर हिंड्थें । 'पोस्तक' भनेको एउटा एउटा छुट्टिने पन्नामा तिब्बती भाषाबाट लेखिएको अनि माथि र तल मोटो काठको पाताले बेरिएको बुद्धधर्मको मोटो किताब हो । तर मामाले धर्मै छैन, भगवानै छैन भनेर भन्नुभयो । त्यतिबेला उहाँले बताउनु भयो कि यो पृथ्वीको सृष्टि भगवानले गरेकै होइन । यो त सूर्यबाट चुँडिएर आएको टुक्रा हो । पछि सेलाएको हो भन्ने कुरा मामाले सरर् भन्दै जानुभयो ।

ती कुराहरू सुनेर त मलाई असाध्यै असह्य भयो । 'यस्तो जान्ने मान्छे के भएको हो ? भगवान नभए पनि छ भनेर भन्दिए त भैहाल्थ्यो नि । भगवानले थाहा पायो भने त मेरो मामालाई मार्ने नै भयो । हे भगवान ! मेरो मामालाई नमार ।' भनेर मैंले मनमनै भनें । मलाई त त्यहाँबाट भाग्न मनलाग्यो । बाह्र बजिसकेको थियो । फेरि त्यतिबेला भूत, प्रेत, मुर्कटा, इत्यादि सानोछँदा सुन्दै आएको कुरादेखि म थर्कमान थिएँ । त्यसैले म भाग्न पनि सकिनँ ।

मामाले फेरि आफ्नो भाषणलाई अगाडि बढाउनु भयो । र, केही छिनपछि केही समय भाषण रोकेर कटुवा सटुवा तान्न लगाउनुभयो सबैलाई । त्यसपछि फेरि भाषण शुरू भयो ।

भाषणमा फेरि मजदूरकै कुराहरू ल्याइए । विश्वका मजदूरहरू सबै एक हुनुपर्छ । हामी एक भएर दार्जिलिङ्गलाई स्वतन्त्र गराउनुपर्छ । त्यसपछि बङ्गाललाई स्वतन्त्र बनाउनु पर्छ । त्यसपछि सिङ्गो इण्डियालाई स्वतन्त्र बनाउनुपर्छ । अन्तमा यो सारा संसारलाई मजदूरमय बनाउनुपर्छ । यस्ता यस्ता कुराहरू मामाले भाषणमा भन्नुभयो ।


'यी कुराहरू सबै ठीकै छन् । हे भगवान ! मेरो यस्तो मामालाई सजायँ नदिनु होला ।' भनेर मैंले मनमनमा भगवानलाई प्रार्थना गरें । उहाँ मामा अहिले बितिसक्नु भएको छ ।

केही समयपछि त्यसबेला शिव नारायण राय भन्ने एक बंगाली प्रोफेसर अंग्रेजीमा भाषण दिन दार्जिलिङ्गमा आए । पछि मलाई के थाहा भयो भने, उनलाई दार्जीलिङ्गमा मामाहरूले नै बोलाएका रहेछन् । उनले यति सरल अंग्रेजी बोले कि त्यतिखेर म अंग्रेजीमा पारङ्गत थिइनँ तर, उनको भाषण मलाई सजिलै लाग्थ्यो । उनले भाषण गरेको हल म अहिले पनि झलझल्ति सम्झन्छु । खर्स्याङ्गमा एउटा मात्रै हल छ, राज-राजेश्वरी हल । त्यो हलमा उनले अंग्रेजी भाषामा भाषण गरेको यति सरल थियो कि म त्यसबाट धेरै नै प्रभावित भएँ । अनि त्यसपछि नै हो, मैले मार्क्सवादी किताबहरू बिस्तारै पढ्न थालें । त्यतिबेला मार्क्सवादी किताबहरू त्यति सजिलै पाइँदैनथ्यो । दार्जीलिङ्गमा त्यतिखेर म सायद सोह्र वर्षको भएँ हुँला । क्रमशः

◆ प्रस्तुतिः तुल्सीदास महर्जन

जीवनको झाँकी

# फाँसीको सजायँ आजीवन कारावासमा बदलियो !



## नक्सलवादी नेता क. नागभूषण पटनायकको आत्म बलिदानले भरिएको संघर्षको गाथा

### फाँसीको फन्दाको प्रतीक्षा

"अहिलेसम्म जल्लादसँग मेरो भेट हुन बाँकी छ । उसले कुनै पनि दिन फाँसीको फन्दा मेरो घाँटीमा अड्काएर मेरो जीवन समाप्त गर्न सक्छ । म त्यो दिनका लागि पूरै तयार छु । म फाँसीको तख्तासम्म मजबूत पाईलाहरूका साथ जानेछु, ती पाईलाहरूका साथ, जुन जनताका शक्ति र एकताका प्रतीक हुन् । मेरो अनुहारमा मुस्कान हुनेछ, एउटा त्यस्तो मुस्कान, जुन जनताले उत्पीडकहरूविरूद्ध बिजयको बिहानीको आश्वासनमा दिएका छन् । त्यसैले मृत्युको कुरामा म एकरत्ति पनि चिन्तित छुइनँ ।"

"लगभग दुई वर्ष अगाडि ३० नोभेम्वर, १९७० मा उनीहरूले मलाई



सबैभन्दा कडा सजायँ दिएका थिए । मलाई मृत्युदण्डको सजायँ दिएका थिए । साढे दुई वर्षभन्दा अगाडिदेखि उनीहरूले मलाई त्यस्तो ठाउँमा राखिरहेका छन् ;जहाँ एक्लोपन नै मेरो एकमात्र साथी भएको छ । र, दुई वर्षभन्दा बेसी समय अगाडिदेखि उनीहरूले मलाई मेरो जीवनको अन्तिम घडीको प्रतीक्षा गराईरहेका छन् ।"

"यदि मलाई निरन्तर मृत्युको पर्खाइमा अल्फाइराख्नु नै उनीहरूको एकमात्र उद्देश्य हो भने र यसबाटै उनीहरूलाई क्रुर आनन्द प्राप्त हुन्छ भने निश्चयनै उनीहरू अब त तृप्त भए होलान् । कुनै पनि हालतमा उनीहरूले न त मलाई तोड्न सक्छन्, न त मलाई झुकाउन नै सक्छन् । हो, उनीहरूले मलाई खत्तम गर्न सक्छन्, बस्, तर उनीहरूले मेरो बिचारलाई कहिले पनि खत्तम गर्न सक्दैनन् !"

"उनीहरूले मेलो घाँटीमा फाँसीको फन्दा अड्काएर आफ्नै गर्धनमा फन्दा हालिरहेका छन् र त्यो डोरीको एक टुप्पो जनताको हातमा दिइरहेका छन् ।"

जनताको संघर्षप्रतिको यही ज्यूँदो आशावाद बीच क. नागभूषणले बन्दी जीवन बिताइरहेका थिए । मृत्युदण्डको सजायँ पाएका उनी विशाखापत्तनमको केन्द्रीय कारागार स्थित कालकोठरीमा बन्द थिए, एक्लै एकान्तबासको सजायँ भोग्दै थिए । उनी न मृत्युदेखि डराए, न त कालकोठरीको एकान्तबासदेखि त्रसित भए ।

*मूल्यांकनको पूर्णांक ६२ देखि हामीले जिउँदै किम्बदन्तीका नायक भएका भारतका नक्सलवादी नेता स्व. नागभूषण पटनायकको आत्मबलिदानले भरिएको संघर्षको गाथा प्रस्तुत गर्दै आएका छौं । यस क्रममा यहाँहरूले नक्सलवादी आन्दोलनमा छाएको विवाद र विभाजनमा उनको भूमिकाबारे पढ्नु भयो । यस अंकमा पढ्नु होस्: मृत्युदण्डको सजायँ पाएका क. नागभूषणको जेलभित्रको संघर्ष र उनको जीवन–रक्षार्थ भएको संघर्षको कथा ।*

एकान्तबासलाई चिर्नका लागि कवि-हृदयका भावुक नागभुषणले कविता लेख्न थाले । शुरूमा उनले कविता लेख्नका लागि कलम र कागत समेत पाउन सकेनन् । जेलका अधिकारीहरूले उनीहरूलाई लेख्ने-पढने सुविधाबाट समेत बञ्चित गराइरहेका थिए । कागज र कलमबाट पनि वञ्चित जीवन बाँचिरहेका क. नागभूषण लगायत बन्दीहरूले आफ्नो अधिकार खोज्न थाले । लामो र कठीन संघर्षपछि मात्रै उनीहरूले लेख्ने-पढ्ने अधिकार पाए । किताव पत्रपत्रिका पढ्ने र लेख्ने वातावरण बन्नथाल्यो । जेलमा भेट्न आउने परिवारजन, साथीभाइ र लेखक, पत्रकार एवं वकिलहरूबाट किताव र पत्रपत्रिकाहरू पाउन थाले । बन्दीहरूका रचनाहरू जेलबाहिरका प्रकाशनहरूमा छापिन थाले ।

**–युद्ध और शान्ति–**

*तमाम चीजों में–*  
*तुम्हारे रक्त में,*  
*शरीर में, मस्तिष्क में*  
*एक युद्ध है*  
*निरन्तर लडा जाता हुआ'*

यो कवितांश क. नागभूषणले

म स्पष्ट रूपमा भन्न चाहन्छु- मार्क्सवादी लेनिनवादीहरूले आफ्ना भूलहरू र गल्तीहरू लुकाउँदैनन् । म स्वीकार गर्न चाहन्छु, कि हामीहरूले गल्ती गरेका थियौं । हाम्रो राजनीतिक संगठन बन्द तलाऊ जस्तो होइन, यो निरन्तर बगिरहने नदी जस्तै छ । हो , यसको बाटोमा उत्थान र पतन, घुम्ती र मोडहरू अवश्य आए । हाम्रो बाटो बांगोटिंगो छ । त्यसैले आफूहरूले गरेका गल्तीहरूबाट हामीले पाठ सिकेका छौं । आफ्ना आन्दोलनहरू र संघर्षहरूका क्रममा हामीले बहुमूल्य रगतको मोलमा अनुभवको पाठ पढेका छौं । गल्तीहरूबाट हामीले नसिक्ने त कुरै आउँदैन ! हामीले आफ्ना गल्तीहरूबाट सिकेर आफूलाई सुधार्ने कामलाई कसरी इन्कार गर्न सक्छौं र ?

कयौं गोलीले मलाई कयौं पटक चिथोरेर गएका छन् । मेरो साथमै रहेका साथीहरू गोलीका शिकार भई मरेका छन् । यस्तो स्थितिमा हामीले आफ्ना गल्तीहरूबाट सिक्न चाहँदैनौं भनेर कसरी घमण्ड गर्न सक्छौं र ? हामीले कसरी साथीहरूका बगेका रगतहरूलाई बेवास्था गर्न सक्छौं र !

कुनै पनि विकसित हुँदै गइरहेको संगठनका लागि अनुभवहरूबाट शिक्षा लिनु अनिवार्य हुन्छ । सारा महत्वपूर्ण

जेलमै लेखेका थिए । उनका सबैभन्दा प्रिय कवि थिए-नजरूल इस्लाम । उनले भनेका थिए-'मैले नजरूल इस्लामका अधिकांश रचनाहरू पढेको छु ।'

कविताले उनको एकान्तबासको कठीन जीवनमा जिजीविषाको लागि ऊर्जा प्रदान गर्‍यो । उनले जेलभित्रका हरप्रकारका यातना, डर-धम्की र उत्पीडनको मुकाबिला गरे । उनले आफ्नो सम्पूर्ण जेलजीवनमा राजनीतिक बन्दीहरूका निम्ति समुचित अधिकार र मर्यादाका लागि बहादुरीपूर्वक संघर्ष चलाए ।

क्रान्तिकारी नागभूषणको संघर्षको स्वरूप भने गान्धीवादी शैलीको थियो, अत्यन्त प्रभावकारी खालको । आफ्ना न्यायपूर्ण मागहरू पूरा गराउनका लागि उनी दीर्घकालीक खालको भोक हडताल गर्थे । उनको लामो-लामो समयसम्मको भोक-हडतालले जेल अधिकारीहरूलाई आच्छु-आच्छु पार्थ्यो । उनीहरूलाई कमसेकम तथाकथित जेल-कार्यविधिका विभिन्न प्रावधानहरू पालना गर्ने ढोंग रच्न भएपनि बाध्य पार्थ्यो ।

जेलकालीन संघर्षलाई मूल्यांकन गर्दै 'भारतीय क्रान्ति के लौहपुरूष नागभूषण पटनायक' मा लेखिएको छ-'देशमा प्रजातान्त्रिक अधिकार र आन्दोलनहरूका एजेण्डाहरूमा नागरिक अधिकार र जेल सुधार जस्ता मुद्दाहरू समावेश हुनुभन्दा अगावै नागभूषण पटनायकले पूँजीवादी जेलका दमनकारी गुमनामीभित्र नै न्यायको लागि अनुकरणीय संघर्ष छेडेका थिए ।'

> *"ढिलो-चाँडो मलाई फाँसीको फन्दामा झुण्ड्याइने छ । जुनसुकै बेला किन नहोस्, म यसको लागि सम्पूर्ण रूपले तयार छु ।"*
> *"शहीदहरूको चोला धारण गर्न पाउँदा मेरो छाती अरू बेसी चौडा भएको छ ।"*

### -क्रान्तिको अपराजेयताप्रति विश्वास-

नक्सलवादी आन्दोलन र त्यसको नेतृत्व गरिरहेको भाकपा (माले) मा दिशाहीनता, दलत्याग, पार्टी-विभाजन र विसर्जनको स्थिति छाइरहेको बखत पनि क. नागभूषणको क्रान्तिप्रति आस्था र विश्वासमा कुनै कमी आएको थिएन । नक्सलवादी आन्दोलन टुट-फूट बीचबाट अगाडि बढिरहेको समयमा पनि पार्टी र आन्दोलनको पुनः उदय हुने र अन्ततः त्यसले भारतमा जनवादी क्रान्ति सम्पन्न गरीछाड्ने कुरामा अटूट विश्वासका साथ उनी जेलभित्र संघर्षरत थिए ।

क्रान्तिको अपराजेयताप्रति दिगो विश्वासका साथ उनले नक्सलवादी आन्दोलनप्रति हुने हरप्रकारका गद्दारीहरूलाई सम्पूर्ण रूपले र निरपेक्षरूपले लात मारे । बन्दी नेताहरू बीच धेरैजसो उनले यही विश्वासका साथ एक्लै वैचारिक संघर्ष गरे, अनि पार्टीलाई फेरि पनि एकीकरण गरेर त्यसलाई पुनः जीवित गर्न सकिन्छ कि भनेर अथक रूपमा प्रयास गरे ।

यसरी जेलभित्र जेल अधिकारीहरू तथा पार्टी-नेताहरूसँगको अनौठो खालका संघर्षहरूकाक्रममा उनले एक आदर्श क्रान्तिकारी जीवनको उदाहरण प्रस्तुत गरेको मूल्यांकन गर्ने लेखकहरू पनि धेरै छन् । जेहोस्, उनको उदाहरणीय जेल-संघर्ष अनौठो र आशावादीपूर्ण थियो ।

### -बलिवेदीबाट ईच्छापत्र-

उनले अनौठो खालका संघर्षहरू गर्ने क्रममै 'बलिवेदीबाट बसीयतनामा' समेत लेखे । फाँसीका कैदी नं. २७६० नागभूषणले जेल, सुपरीवेक्षकलाई फाँसीको सजायँ लागू गर्नेका निमित्त सम्बन्धित अधिकारीहरूले यी यी कामहरू गरून् भन्ने बारेमा ईच्छापत्र लेखेका थिए ।

अन्ततः क्रान्तिकारी रोमाण्टिक शैलीमा लेखिएको सो ईच्छापत्रमा भनिएको थियो -"ढिलो-चाँडो मलाई फाँसीको फन्दामा झुण्ड्याइने छ । जुनसुकै बेला किन नहोस्, म यसको लागि सम्पूर्ण रूपले तयार छु ।"

"शहीदहरूको चोला धारण गर्न पाउँदा मेरो छाती अरू बेसी चौडा भएको छ ।"

"मैले हतारमा केही गरिरहेको छुइनँ । त्यसैले म दुःखी वा उत्ताउलो पनि छुइनँ, न त म कुनै धक्काबाट लड्खडाइरहेको छु । क्रान्तिकारी विचारधारा-माओ त्से तुङ बिचारधारामाथि मेरो पूरा श्रध्दा र अडिग विश्वास छ । आधुनिक

# वर्गशत्रु सफायाको नीतिबारे आत्मालोचना

◆ क. नागभूषण पटनायक

क्रान्तिकारीहरुले अतीतबाट सिकेका छन् । हाम्रा भूल र गल्तीहरू पनि स्पष्ट रूपमा देख्न सकिन्छ । जस्तो, व्यक्तिगत रूपमा वर्गशत्रुहरुलाई सफायो गर्ने नीतिकै कुरा गरौं न ।

मार्क्सवाद-लेनिनवाद अन्तर्गत यो लाइन कहिले पनि हाम्रो सामान्य राजनीतिक लाइन नहुनु पर्ने थियो । जनवादी कृषि क्रान्तिको विकासको बाटोमा यो लाइनलाई कहिले पनि राजनैतिक अभियानको रूपमा लागू गर्न सकिन्नथ्यो । तर कुनै कुख्यात बर्गशत्रु जनताको पकडमा परेको र उसलाई दण्डित गर्ने चाहना जनतामा भरपुर रूपमा जागेको दृष्टान्त पनि पाउन सकिन्छ । त्यस्ता बिरलाकोटी अवस्थामा त्यस्तो वर्गशत्रुलाई जनताद्वारा उचित ढंगले दण्डित गर्न सकिन्छ । तर यसरी गरिएको दण्डलाई, चाहे त्यसको रूप जस्तोसुकै किन नहोस्, पार्टीको सामान्य लाइनको राजनीतिक अभियानको रूपमा कहिले पनि स्वीकार गरिनुहुन्न । त्यसो त, कतै जमिन्दारहरूको बर्बर हिंसा लगातार चलिरहेको हुन्छ भने तिनलाई शारीरिक रूपमा निमिट्यान्न पार्ने क्रमलाई टार्न नसकिने हुन पनि सक्छ ।' ❑



क. नागभूषणः सोचमुद्रामा

*दिनमानबाट*

---

**ए**उटा क्रान्तिकारी पार्टी बिना क्रान्ति कहिले पनि सफल हुनसक्दैन । त्यस्तो पार्टी, जुन पार्टी दृढ रुपले माओ विचारधारामाथि आधारित हुन्छ, आत्मबलिदानले प्रेरित लाखौं लाख मजदुर, किसान र मध्यमवर्गीय युवकहरुद्वारा गठित हुन्छ, जुन पार्टीभित्र आलोचना र आत्मालोचनाको पूर्ण जनवादी अधिकार हुन्छ र जुन पार्टीका सदस्यहरुले आफ्नो ईच्छाले र स्वतन्त्र रुपले हरेक निर्देशनलाई जाँच्ने गर्दछ र क्रान्तिको

**क्रान्ति पार्टी र अन्ध नक्कल**

## क. चारु मजुमदार के भन्नुहुन्छ ?



अनुशासन मानिरहेको हुन्छ, जुन पार्टी केवल माथिको हुकुम मानेर मात्रै हिड्ने गर्दैन, स्वतन्त्ररुपले स्वार्थमा गलत निर्देशनको खण्डन गर्नबाट कदापि हिच्किचाउँदैन, जुन पार्टीका हरेक सदस्यले आफ्नो ईच्छाले काम छान्दछन् र सानोदेखि ठूलो सबैलाई समान महत्व दिन्छन्, जुन पार्टीका सदस्यहरु कुनै पनि हालतमा हताश हुँदैनन्, जस्तोसुकै कठिन परिस्थितिबाट पनि डराउँदैनन् र त्यस्ता समस्याहरु हल गर्नका लागि दृढतापूर्वक अगाडि बढ्दछन्, हो, त्यस्तै खालको एउटा पार्टी देशका विभिन्न वर्गहरु र मतहरुका जनतालाई एकताबद्ध मोर्चामा संगठित गर्न सक्छ । त्यस्तै नै खालको एउटा क्रान्तिकारी पार्टीले भारतवर्षको क्रान्तिलाई सफल पार्न सक्छ ।

❑ अन्ध नक्कल गर्ने प्रयास हानिकारक छ । यदि आफ्नो विचार गर्ने शक्तिलाई नष्ट गर्ने हो भने कम्युनिष्ट कसरी बनिन्छ ? सिर्फ आफ्नो अनभुतिबाट मात्रै विश्वासको जन्म हुन्छ र विश्वासबाटै आउँछ- दृढसंकल्प !

❑ *'भारतीय क्रान्ति के महानायक कामरेड चारु मजुमदार' बाट*

मार्क्सवादी-लेनिनवादीहरूको प्रकाशस्तम्भ यही हो । यहींबाट एउटा ज्योति प्रज्वलित हुन्छ र त्यसैको सहाराबाट म आफूले छानेको बाटो भएर अगाडि बढ्छु । मलाई कसैले पनि रोक्न सक्दैन ।"

"आफ्नो यस पवित्र लक्ष्य प्राप्तिको संघर्षमा गिरे पनि म कहिल्यै झुक्ने छुइनँ । एउटा उद्देश्यपूर्ण लडाइँमा काम लाग्ने हरेक चीजको म स्वागत गर्दछु । यही कारणले म जनताका लागि सबैभन्दा आदर्श र मेरा सपनाहरूको आदर्शराष्ट्र 'जनवादी लोकतान्त्रिक र नयाँ भारत' का लागि सबैभन्दा महानतम्

**'मैले सर्वोच्च अदालत र राष्ट्रपतिबाट कहिले पनि दयाको आशा गरिनँ ।... ...अन्ततः जनदवाबकै कारणले सरकारले मलाई फाँसीमा झुण्ड्याएर मार्न सकेन ।'**

बलिदानको निमन्त्रणालाई खुशीपूर्वक स्वीकार गर्नका लागि सम्पूर्ण रूपले तयार छु ।"

ईच्छापत्रमा उनले फाँसीको तारिख आफ्ना मित्र र परिवारजनलाई सूचित नगर्नका लागि अपील गर्दै मृत्युदण्ड दिएपछि आफ्नो शरीरका अंग-प्रत्यंगहरू अरू दुःखीपीडित जनतालाई बाँड्ने स्वतन्त्रता कायम गर्नका लागि पनि अनुरोध गरेका थिए । आफ्नो शरीरका रगत, छाला, मुटु, मस्तिष्क आदि सबै अंग-प्रत्यंगहरू प्राथमिकताक्रम अनुसार मजदूर किसान, कालीगढ, मिस्त्री, विद्यार्थी, स्कूल शिक्षक र क्रान्तिकारी बुद्धिजीवीहरूलाई प्रत्यारोपण गरी दिनका लागि उनले भावुक चिट्ठी लेखेका थिए । उत्पीडितजनप्रति मृत्युपर्यन्त पनि सक्रिय सरोकार अडान व्यक्त भएको सो चिट्ठीमा सामन्त, पूँजीपति, विश्व साम्राज्यवादका नाइके अमेरिकीसाम्राज्यवाद र संशोधनवादी सोभियत शासकहरूप्रति तीव्र घृणा व्यक्त गरिएको थियो ।

आफ्नो अन्तिम ईच्छापत्र समेत लेख्न भ्याएका नागभूषण न त सर्वोच्च अदालतमा गएर दया भीख मागे, न त राष्ट्रपतिसँग दयाको याचना गरे । अझ त्यसको ठीक उल्टो काम गरेर सबैलाई पत्र लेखेर आफूमाथि दयाको भीख मागेर दिइने कुनै पनि अपील माथि पुनर्विचार नगर्नका लागि अनुरोध गरे ।

### *–फाँसीको सजायँविरूद्ध आन्दोलन–*

क. नागभूषण रहेको जेलको सीमाभन्दा बाहिर चाहिं नक्सलवादी नेता-कार्यकर्ताहरूको जीवनरक्षा र उनीहरूलाई जेलभित्र अपराधीलाई झैं होइन, क्रान्तिकारीलाई झैं व्यवहार गर्नका लागि आन्दोलन शुरू हुन थाल्यो । आर्थिक र कानूनी सहायताका लागि भएका आन्दोलनहरूमा कंग्रेस पार्टीदेखि भाकपा, समाजवादी पार्टी र सर्वोदय आन्दोलनका नेताहरूसमेत लाग्न थाले ।

मालती चौधरी जस्ती सर्वोदय आन्दोलनकी नेतृ त नक्सलवादी बन्दीका परिवारको हेरचाह गर्ने, प्रहरी-दमनको विरोध गर्ने र बन्दीहरूलाई कानूनी सहायता दिने काममा अग्रिम पंक्तिमा देखापरिन् । त्यसमाथि मालती चौधरीले प्रहरीथानामै भेटेका नागभूषणलाई फाँसीको सजायँ सुनाइएपछि त उनले फाँसीको सजायँविरूद्ध जेहाद नै छेडिन् । नागभूषणको समर्थनमा र फाँसीको सजायँसम्बन्धी फैसलाको विरोधमा धेरै नै जनअभियानहरू भए ।

'मैले सर्वोच्च अदालत र राष्ट्रपतिबाट कहिले पनि दयाको आशा गरिनँ । जब मेरा आमा-बुवाले, श्रीमती र अरू नातेदारहरूले दयाका लागि अपील गरे, तब मैले त्यो अपील खारेज गर्नका लागि आह्वान गरें । मैले सपनामा पनि सोचेको थिइन कि म फाँसीमा झुण्डयाइनबाट बच्न सक्छु । तर जयप्रकाश नारायण, मालती चौधरी, डा. एच. के. महताब, विजु पटनायक र अन्य व्यक्तिहरूले जनपरिचालन गरी जनमत सिर्जना गरे, दवाबको स्थिति निर्माण गरे । अन्ततः जनदवाबकै कारणले सरकारले मलाई फाँसीमा झुण्ड्याएर मार्न सकेन ।'


क. नागभूषण लगायत हजारौं हजार नक्सलवादी बन्दीहरूको जीवन रक्षार्थ चलेको आन्दोलनमा भारत बाहिरका विद्वानहरूको पनि सहभागिता थियो । नोम चोम्स्की र सिमन द बुवा लगायत ३ सय जना विश्वभरिका विद्वानहरूले नक्सलवादी बन्दीहरू माथि भईरहेको अत्याचारका विरूद्ध हस्ताक्षर अभियान चलाएका थिए । उनीहरूले एउटा विरोधपत्र भारतीय सरकार समक्ष प्रस्तुत गरेका थिए । एम्नेष्टी इन्टरनेशनलले यस सम्बन्धी रिपोर्ट तयार गरेर प्रधानमन्त्री इन्दिरा गान्धी र बंगालका मुख्यमन्त्री सिद्धार्थ शंकर राय समक्ष पठाएका थिए । यी भित्री बाहिरी विरोधहरूकै परिणामस्वरूप क. नागभूषणको सजायँमा कटौती भएको देखिन्छ ।

जन अभियानहरूकै परिणामस्वरूप भारतीय सरकारले डिसेम्बर १९७३ मा फाँसीको सजायँ पाएका नागभूषणको सजायँलाई घटाएर आजीवन कारावासको सजायँमा झार्‍यो । ❑



## चुनावको सम्पूर्ण बहिष्कार गलत छ !

◆ क. नागभूषण पटनायक



*हाम्रो पार्टीले आफ्नो सामान्य राजनैतिक लाइनको रूपमा चुनावको बहिष्कारको आहवान गरेको थियो । तर, मार्क्सवाद-लेनिनवादले यसो गर्न अनुमति दिँदैन । यस्तो खालको आहवान कार्यनीतिक युक्तिसँग सम्बन्धित नारा त हुनसक्छ, परन्तु यो पार्टीको सामान्य लाइन चाहिँ हुन सक्दैन । यसरी हेर्दा, मलाई के लाग्छ भने, कतैकतै, साधारणतया चुनावमा भाग लिन सकिन्छ । तर यहाँ के याद गर्नु जरूरी छ भने, चुनावहरूमा भाग लिनु एउटा कुरो हो र संसदवादी बाटोमा विश्वास गर्नु बिल्कूल अर्कै कुरो हो । आफ्नो रणनीतिलाई अगाडि बढाउनका लागि रणकौशलका उद्देश्यहरूलाई ध्यानमा राख्दै हामीले कतैकतै, साधारणतया चुनावहरूमा भाग लिन सक्छौं । तर यो पनि सामान्य लाइनअन्तर्गत होइन । हामीले के कुरामा जोड दिनु पर्छ भने, हामी जुन नयाँ जनवादी क्रान्तिमा विश्वास गर्छौं, संसदवादी बाटो त्यसको निषेध हो । आफ्नो देशको ठोस परिस्थितिमा हामी मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ बिचार-धारालाई लागु गर्ने कुरामा विश्वास गर्छौं । भारतमा चुनाव एउटा ठोस स्थिति हो, जसमा यो देशका सत्ताधारी वर्गद्वारा छद्म प्रजातन्त्रलाई एउटा ढोंगको रूपमा प्रयोगमा ल्याइएको छ । क्रान्तिपूर्व चीनमा यो स्थिति थिएन, तर भारतमा हामीले धेरैजसो यो समस्या सिधासिधै झेल्नु पर्दछ । त्यसैले भारतको कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) ले यो ठोस स्थितिलाई क्रान्तिको हितमा उपयोग गर्नेछ, त्यस क्रान्तिलाई क्षति पुर्‍याउनका लागि चाहिँ होइन । म फेरि भन्दैछु, चुनावमा भाग लिनु नै संसदवादी बाटोमा विश्वास गरिनु हो भनेर लिइनु हुँदैन ।* ◉

# सांख्य दर्शन

## एक संक्षिप्त परिचय

### कस्तो छ सांख्य दर्शनमा विद्यमान भौतिकवाद ?

◆ प्रज्ञानरत्न ◆

**गौरवयोग्य र अत्यन्त विकसित एक प्राचीन पूर्वेली दर्शन**

सांख्य दर्शन पूर्वमा विकसित अत्यन्त प्राचीन भएर पनि अत्यन्त उन्नत दर्शन हो । यो भारतको सबैभन्दा प्राचीन दर्शनमध्ये एक हो । अझ यसलाई विश्वकै सबैभन्दा पुराना दर्शनहरूमध्ये एक भने पनि हुन्छ ।

अमेरिकाका प्रशिद्ध भौतिकशास्त्री प्रोफेसर जोसेफ काप्लानका अनुसार बस्तुहरूलाई गतिशील ऊर्जाको कम्प्लेक्सका रूपमा हेर्ने सांख्य दर्शनको प्रस्थापनाले अत्याधुनिक भौतिक शास्त्रसित पूरापूर मेल खान्छ *(हेर्नुहोस् : स्वामी प्रभावनन्द र फ्रेडरिक म्यान्चेष्टरको 'The Spiritual Heritage of India. Garden city, N.Y. Doubleday & CD., 1964, पेज २४२-४४)* । पदार्थ (अर्थात पिण्ड र ऊर्जा) मात्रात्मक रूपमा घटबढ हुने गर्दैन, तर खास खास बस्तुको उत्पत्ति र ध्वंशको प्रक्रियामा यसको खालि पुनर्वितरण मात्र हुनेगर्छ भन्ने सांख्य दर्शनको प्रस्थापनालाई प्राचीन पूर्वेली चिन्तकहरूको आधुनिक विज्ञानसम्मत महान विचार ठानिएको छ । *(हेर्नुहोस् V. Brodov को "Indian Philosophy in Modern Times" Progress Publishers, मस्को, १९८४, को पृष्ठ १०२-३)*

तर आश्चर्य के हो भने, यति उन्नत पूर्वेली दर्शन - सांख्य दर्शनको प्रतिपादन ईशापूर्व छैठौं-पाँचौं शताब्दीमा भारतमा भएको थियो, लगभग बुद्धको समय वरपर । यसका संस्थापक थिए, एकजना प्रशिद्ध ऋषि- कपिल ।

यो दर्शनले आफ्नो समयमा यति प्रभाव जमाउने ढंगले हलचल मच्चाएको थियो कि समकालीन र पछिका सबै प्राचीन ईश्वरवादी-अनीश्वरवादी पूर्वेली दर्शनहरूमा यसको अवशेष र छाप भेटिन्छ, जस्तो कि-जैन दर्शन, न्याय दर्शन, बैशेषिक दर्शन, योग दर्शन र बेदान्त दर्शनमा । *(हेर्नुहोस् R. Purigandla, १९७५)* । साख्य दर्शनको उल्लेख छांदोग्य उपनिषद्, प्रश्न उपनिषद् र श्वेताश्वतर उपनिषद् जस्ता प्राचीन उपनिषद्हरूमा समेत भेटिन्छ । महाभारत (शान्तिपर्व) र भागवत गीतामा समेत यसको चर्चा भएको पाइन्छ ।

सांख्यदर्शन प्रशस्त मात्रामा भौतिकवादी प्रस्थापनाहरू भएको आदिम भौतिकवादी दर्शन हो । अहिलेको आँखाबाट हेर्दा यसको भौतिकवादमा महत्वपूर्ण असंगति र दोषहरू भेटिन्छन् । तर आजभन्दा २४००-२५०० वर्ष अगाडिको काल खण्डलाई, त्यतिखेरको समय र परिवेशलाई, ध्यान दिने हो भने सांख्यदर्शनमा रहेका भौतिकवादी प्रस्थापनाहरू र अंशहरू निकै महत्वपूर्ण र ध्यान दिनयोग्य देखिन्छन् । अहिले हामी तिनै भौतिकवादी प्रस्थापनाहरूबारे चर्चा गर्न लागिरहेछौं ।

भनिन्छ, कपिल मुनिले आफ्ना दार्शनिक प्रस्थापनाहरू "सांख्य-सूत्र" नामक ग्रन्थमा सूत्रवद्ध गरेका थिए । तर आज "सांख्य-सूत्र" कतै प्राप्य छैन । यो हरायो वा कट्टर ईश्वरवादीहरूले लोकायत दर्शनका ग्रन्थहरूलाई झैं यसलाई पनि नास्तिक ग्रन्थ ठानेर नष्ट पारे ।

सांख्य दर्शनका बारेमा अहिले उपलब्ध सबैभन्दा पुरानो र प्रामाणिक ग्रन्थ ईश्वरकृष्णको 'सांख्य-कारिका' हो, जुन ईश्वी सन् तेश्रो-चौथो शताब्दीमा रचना गरिएको मानिन्छ । टीकाको रूपमा वाचस्पति मिश्रको 'सांख्यत्तत्व-कौमुदी' (नवौं शताब्दीमा लिखित) पनि अहिले उपलब्ध छ । यिनै रचनाहरूको आधारमा अचेल सांख्य दर्शनलाई बुझ्नु-थाहा पाउनु परेको छ ।

### भौतिकवादी प्रस्थापनाहरू

भौतिकवादी दर्शनको मुख्य गुदी हो- प्रकृति र चेतनामध्ये प्रकृतिलाई प्रधान र प्राथमिक मान्नु, चेतनाभन्दा बाहिर स्वतन्त्ररूपमा प्रकृतिको अस्तित्व स्वीकार गर्नु र यो संसारलाई, प्रकृतिलाई बुझ्न-थाहा पाउन सकिने ठान्नु ।

यो गुदी सांख्यदर्शनमा पनि पाउन सकिन्छ ।

कपिलले प्रतिपादन गरेको सांख्यदर्शनको मुख्य सिद्धान्त नै के हो भने, यो संसारमा जे जति बस्तुहरू छन् ती सबैको प्रमुख र प्रथम कारण प्रकृति हो । प्रकृतिको न शुरू छ, न अन्त्य । प्रकृतिलाई कसैले सृष्टि गरेको होइन, प्रकृतिको स्रष्टा प्रकृति आफैं हो ।

एउटा बस्तु अर्को बस्तुबाट पैदा हुन्छ । दही दूधबाट पैदा हुन्छ । लुगा धागोबाट पैदा हुन्छ । दूध र धागो यसरी दही र लुगाका कारण भए । तर स्वयम् दूध र धागो चाहिं केबाट पैदा हुन्छन् त ? अर्थात्, संसारमा जे जति बस्तुहरू छन्, तिनीहरूको अन्तिम कारण चाहिं के हो त ?

सांख्यदर्शनको स्पष्ट ठहर छ: संसारका संपूर्ण बस्तुहरूको अन्तिम कारण प्रकृति हो । संसारमा हरेक कुराको कारण हुन्छ । कारण जहिले पनि कार्यभन्दा सूक्ष्म र राम्रो हुन्छ । रूखभन्दा सूक्ष्म र राम्रो बीउ हुन्छ, कुखुराभन्दा अण्डा सूक्ष्म र राम्रो हुन्छ । मान्छेको मन सूक्ष्म र राम्रो कुरा हो । यस्तो सूक्ष्म र राम्रो कुराको कारण भौतिक परमाणु हुन सक्दैन । त्यसैले, संसारमा जे जति भौतिक अस्तित्वहरू छन् त्यसको आधारको रूपमा सूक्ष्मतम र सबैभन्दा राम्रो कुरा र सिद्धान्त हुनुपर्छ । प्रकृति नै त्यस्तो सिद्धान्त र कुरा हो । संसारमा जति पनि स्थूल सुक्ष्म बस्तुहरू छन्, ती सबैको पहिलो र अन्तिम कारण प्रकृति हो । शरीर, इन्द्रिय, बुद्धि र मन जस्ता कुराहरूको अन्तिम कारण पनि प्रकृति हो । प्रकृति अन्तिम कारण हुनाले प्रकृतिको चाहिं कुनै कारण छैन । *(हेर्नुहोस् : R. Purigandla, १९७५, पृष्ठ, ११६)* । सबै कारणहरू र कार्यहरूको कारण प्रकृति हो । उपजहरू निर्भर छन्, प्रकृति चाहिं स्वतन्त्र छ, उपजहरू संख्यामा धेरै छन्, र समय तथा परिवेशमा सीमित छन्, तर प्रकृति भने एउटा छ, सर्वव्यापी छ र चीरस्थायी छ । *( हेर्नुहोस् , सर्वपल्ली राधाकृष्णन् र अनवीन लिमिटेड, Indian Philosophy, ग्रन्थ २, जर्ज एलेन, १९७७, पृष्ठ २६०)*

प्रकृतिलाई प्राथमिक ठान्ने, प्रकृतिलाई चेतनाभन्दा स्वतन्त्र मान्ने सांख्यदर्शनका यी प्रस्थापनाहरू भौतिकवादी छन् ।

तर सांख्यदर्शन अद्वैतवादी भौतिकवाद भने होइन । यो द्वैतवादी दर्शन हो । द्वैतवादी भन्नुको तात्पर्य के हो भने, यसले प्रकृतिलाई पनि स्वतन्त्र रूपमा अस्तित्वमा रहेको मान्दछ, आत्मालाई पनि । आत्मालाई सांख्य दर्शनले 'पुरूष' भन्दछ । सांख्यदर्शनको विश्लेषणमा- प्रकृति सक्रिय छ, 'पुरूष' निस्क्रिय , सारा संसारको स्रष्टा प्रकृति हो, पुरूष होइन ।

तथापि सांख्य दर्शनले पुरूषलाई

*कपिलले प्रतिपादन गरेको साख्यदर्शनको मुख्य सिद्धान्त नै के हो भने, यो संसारमा जे जति बस्तुहरू छन् ती सबैको प्रमुख र प्रथम कारण प्रकृति हो ।*

**सांख्य दर्शनका अनुसार कुनै ईश्वरले वा अलौकिक तत्वले आजको संसार विकसित पारिदिएको होइन ।**

पनि प्रकृति सरह स्वतन्त्र अस्तित्वमा रहेको ठान्दछ ।

यहीँनेर सांख्य दर्शनको भौतिकवादमा केही असंगति देखिन्छ । यदि सारा कार्य र कारणहरूको कारण प्रकृति हो भने पुरूषको कारण के ? कसरी र कहाँबाट पैदा भयो पुरूष ?

सांख्य दर्शन भन्दछ- पुरूष पनि प्रकृतिजस्तै कसैले सिर्जना गरेको होइन । यो पनि चीरस्थायी छ र सर्वव्यापी छ ।

यदि यस्तो हो भने, कसरी प्रकृति सबै कारण र कार्यहरूको पनि कारण भयो त ? संसारमा त्यस्तो कुरा पनि त हुने भयो, जसको कारण प्रकृति होइन । प्रकृतिकै विकासको प्रक्रियामा पुरूष वा आत्माको विकास भएको हो भन्ने बिज्ञानसम्मत ऐतिहासिक भौतिवादी धारणा सांख्यदर्शनमा रहेको देखिन्न । यो सांख्यदर्शनको एउटा महत्वपूर्ण सीमा हो । तर तात्कालीन समय र परिवेशमा यो सीमा हुनु बिल्कूलै स्वाभाविक छ । किनभने, त्यतिखेर अहिलेजस्तो प्राकृतिक विज्ञानको विकास भइसकेको थिएन ।

प्रकृतिको विकासको संवन्धमा भने सांख्यदर्शनका सोचहरू भौतिवादी मात्र होइन, द्वन्दवादी पनि देखिन्छन् । सांख्यदर्शनका अनुसार प्रकृति निरन्तर गतिशील छ र प्रकृतिको गति प्रकृतिजत्तिकै चीरस्थायी छ । *(हेर्नुहोस् , उही भि.ब्रोदोभ १९८४, पृष्ठ ९८) ।*

सांख्यदर्शनले प्रकृतिमा विद्यमान कारण-कार्य संवन्धलाई निकै राम्रोसित ठम्म्याएको देखिन्छ । यो सांख्यदर्शनमा रहेको द्वन्दवादको अंशको ज्वलन्त उदाहरण हो । सांख्य दर्शनका अनुसार कारण-कार्य संवन्धका कारणले नै प्रकृतिको विकास निम्न स्तरबाट उच्च स्तरतिर स्वतः भइरहेछ । कुनै ईश्वरले वा अलौकिक तत्वले आजको संसार विकसित पारिदिएको होइन । यो संसार प्रकृतिमा भइरहेको परिवर्तनको परिणाम हो ।

'सांख्य-कारिका'को पहिलो श्लोकमै के भनिएको छ भने, निम्न स्तरबाट उच्च स्तरतर्फ संसारको विकासमा निरन्तरता छ । संसारमा जुन कुरा अस्तित्वमा छैन, त्यसबाट केही कुरा पनि पैदा हुँदैन । कारण र कार्य (cause and effect) का बीचमा घनिष्ठ संवन्ध छ । कारणबिनाको कुनै कार्य हुँदैन, कार्यबिनाको कुनै पनि कारण हुँदैन । यदि कारण-कार्यका बीचमा घनिष्ठ संवन्ध नहुँदो हो त संसारमा जताततै कुनै पनि बेला कुनै पनि कुरा पैदा हुन संम्भव हुन्थ्यो, तर यस्तो हुँदैन । खास खास समय र परिस्थितिमा खास खास कुरा मात्र पैदा हुन्छ । प्रत्येक कारणको एउटा विशेष कार्य हुन्छ र विशेष कार्य बिनाको कुनै पनि कारण हुँदैन । *(हेर्नुहोस् भि. ब्रोदोभ, उही पृष्ठ ९९)*

सांख्यदर्शनको यो कारण-कार्य सिद्धान्त द्वन्दवादी र भौतिकवादी देखिन्छ । सांख्यदर्शनका अनुसार संसारमा प्रत्येक कुराको भौतिक कारण हुन्छ । कारण र कार्यबीचको संबन्ध कस्तो हुन्छ भने, कार्य हमेशा कारणभित्रै अन्तर्निहित हुन्छ ।

कारणभित्रै कार्य अन्तर्निहित हुन्छ भनेर नठान्ने हो भने हामी- जे अस्तित्वमा छैन, त्यसबाट अस्तित्व पैदा हुन्छ भन्ने गलत निष्कर्ष निकाल्न पुग्छौं ।

जुन कुरा छँदैछैन, त्यसबाट केही कुरा पैदा हुन्छ भन्नु स्वतः बेठीक हो ।

संसारमा कारणको स्वभाव जस्तो हुन्छ, कार्यको स्वभाव पनि उस्तै हुन्छ । लुगा दहीबाट निक्लन्न, धागोबाट निक्लन्छ, दही दूधबाट निक्लन्छ, धागोबाट निक्लन्न । संसारमा सबै कुराको कारण छ । खाली एउटा कुराको मात्र कारण छैन, त्यो हो-प्रकृतिको । *(हेर्नुहोस् : उही भि. ब्रादोभ पृष्ठ १००)*

सांख्यदर्शनका अनुसार प्रकृति तीनवटा गुणहरूले बनेको छ । (गुणहरूको अर्थ यहाँ आधारभूत तत्व हो ।)

ती गुणहरू हुन्: सत्व, रज र तम । सांख्य-कारिकाका अनुसार सत्व भनेको सक्षम चेतना हो, रज भनेको गति, क्रिया र विकासको स्रोत हो, तम भनेको त्यो हो, जसले गतिमा र क्रियामा अवरोध खडा गर्छ र विकासलाई धीमा पार्दछ । सत्व प्रकाशवान र चहकिलो कुरा हो, रज उत्प्रेरक र गतिवान कुरा हो, र तम गह्रौं तथा नियन्त्रणकारी कुरा हो । सत्व चेतनशील कुरो हो, रज उर्जा हो र तम पिण्ड हो । संसारमा जे जति वस्तुहरू छन् , ती सबैमा यी तीनवटा तत्व अभिन्न रूपमा रहिरहेका हुन्छन् र यी आपसमा अन्तर्क्रिया गरिरहेका हुन्छन । यी तीनवटा गुणको अन्तर्क्रियाले प्रकृतिलाई हमेशा गतिशील पारिरहेको हुन्छ, यो कहिल्यै स्थिर हुँदैन । प्रकृति यी तीनवटा आधारभूत तत्वहरूको यान्त्रिक जोड होइन, बरू तिनीहरूको जैविक एकता हो । ❑

*(बाँकी अर्को अंकमा)*

# मे दिवसको गाथा

मे दिवसको संम्भना गर्दा सन् १८८६, मे १ मा अमेरिकाका मजदूरहरूले ८ घण्टाको श्रमदिनको माग राखेर गरेको बलिदानीपूर्ण संघर्षको सम्भना आउने गर्छ । त्यस संघर्षले विश्वका मजदूरहरूलाई एकताबद्ध आन्दोलन गर्न प्रेरणा दिएको थियो । त्यस आन्दोलनमा कैयौं मजदूरहरूले ज्यान गुमाएका थिए । यही आन्दोलनले पूँजीपतिहरूलाई मजदूरहरूको लागि ८ घण्टाको श्रमदिन लागु गराउन बाध्य पारेको थियो । त्यसैले मे १ को दिनलाई विश्वका मजदूरहरूले आफ्नो महान एकता दिवसको रूपमा मनाउँदै आएका छन् ।

## मे दिवसको इतिहास यस्तो थियो

अठारौं शताब्दीमा शुरू भएको औद्योगिक क्रान्तिपछि विश्वका विभिन्न देशहरूमा उद्योगहरूको तीव्र विकास हुन थाल्यो । औद्योगिक विकासले गर्दा पहिले आफ्नै परिश्रमले घरेलु तथा कुटिर उद्योग चलाइरहेका मालिकहरू तथा साना साना किसानहरू सर्वहारा वर्गमा परिणत हुँदैगए भने थोरै पूँजीपतिको हातमा धेरै पूँजी जम्मा हुन पनि थाल्यो । सर्वहारा वर्गसँग आफ्नो जीवन धान्ने एउटै साधन आफ्नो परिश्रम मात्र थियो । त्यसैबाट फाइदा उठाएर पूँजीपति वर्गले सर्वहारा वर्गलाई कमभन्दाकम ज्याला दिएर बढीभन्दाबढी काम गराउन थाले । बिश्वभर नै मजदूहरूले हप्तैभरि काम गर्नु पर्दथ्यो । दिनको १७-१८ घण्टा काम गर्नु भनेको मामुली कुरा थियो । अझ, अमेरिकाको फिला डेल्फियामा त प्रतिदिन १९-२० घण्टासम्म काम गर्नुपर्थ्यो । मजदूहरू बस्नको लागि अत्यन्तै अस्वस्थकर घरहरू हुन्थे । त्यसैले कैयौं मजदूरहरू अकालमै मृत्युको मुखमा पुग्थे ।

यस्तो जीवनबाट आजित भएर मजदूरहरूले संघर्षको बाटो अपनाउन थाले । पहिले त उनीहरू मेशिन तथा औजारहरू तोडफोड गरेर आफ्नो आक्रोश ब्यक्त गर्ने गर्थे । बिस्तार-बिस्तारै मजदूहरूले बुझ्न थाले कि- उनीहरूको पीडादायक जीवनको कारण मेशिन नभएर कारखाना मालिकहरू हुन् ।

**◆ अमेरिकाबाट यो दिवस कसरी शुरु भयो ?**

**◆ यसले अन्तर्राष्ट्रिय रूप कसरी लियो ?**

त्यसपछि नै उनीहरूले बिभिन्न मागहरू राखेर कारखानामा हड्ताल गर्न शुरू गरे ।

सन् १८२० देखि १८४० सम्ममा धेरैजसो औद्योगिक केन्द्रहरूमा हड्तालहरू भए । त्यतिबेलाको मुख्य माग १० घण्टाको श्रमदिन थियो । १० घण्टाको श्रमदिन सबभन्दा पहिले अमेरिकाका मजदूरहरूले प्राप्त गर्न सफलता प्राप्त गरे । मजदूहरूको दशौं वर्षको संघर्षपछि नै अमेरिकामा १० घण्टाको श्रमदिन लागु भएको थियो ।

सन् १८४८ मा कार्लमार्क्स तथा फ्रेडरिक एंगेल्सले 'कम्युनिष्ट घोषणा पत्र' प्रकाशित गर्नु भयो । त्यस घोषणा पत्रमा 'संसारका मजदूरहरू एक होऊ' भन्ने नारा लेखिएको थियो । यस नाराले संसारका मजदूरहरूको ऐक्यबद्धतालाई प्रेरित गर्नुका साथै मजदूरहरूमा चेतनाको संचार पनि गर्न शुरू गऱ्यो । त्यसपछि मजदूरहरूले १० घण्टाको श्रमदिनका साथसाथै अरू आर्थिक मागहरू पनि उठाउन थाले । १८५० देखि १८६० को दशकमा बिश्वका धेरैजसो औद्योगिक क्षेत्रहरूमा मजदूरहरूका संगठनहरू निर्माण हुन थाले । ती संगठनहरूले ८ घण्टाको श्रमदिनको माग उठाउन थाले । १८५५ मा अष्ट्रेलियाको भिक्टोरिया राज्यका डकर्मी मजदूरहरू सो माग पूरा गराउन सफल पनि भए । त्यो माग पूरा भएको लगत्तैपछि अष्ट्रेलियाका मजदूरहरूले ८ घण्टा काम, ८ घण्टा आराम तथा ८ घण्टा निद्राको माग अगाडि सारे । १८५६ मा त्यहाँका मजदूहरू सो माग पूरा गराउन पनि सफल भए । सन् १८६४ मा 'अन्तर्राष्ट्रिय मजदूर संघ' First International को स्थापना भयो । यो संघको स्थापनाले बिश्वका मजदूरहरूलाई एकताबद्ध गराउन सहयोग पुऱ्यायो । बिश्वका मजदूहरूमा ऐक्यबद्धता कायम भएपछि एक देशका मजदूरहरूले हड्ताल गर्दा अर्को देशका मजदूहरूले आर्थिक सहयोग पुऱ्याउन शुरू

# यसरी मनाउन थालियो विश्वमा मे दिवस

गरियो । यसले गर्दा मजदुरहरूको हड्ताल सफलतामा टुंगिनथाल्यो । यसैको फलस्वरूप, १८६० को दशकमा ठूला-ठूला आन्दोलनहरू भए । अष्ट्रेलियाका मजदुरहरूले उठाएका ८ घण्टा श्रम, ८ घण्टा आराम तथा ८ घण्टा निन्द्राको माग जताततै उठ्न थाल्यो । श्रमिक संघले पनि यो मागलाई बारंबार उठाइ नै रह्यो ।


यही आन्दोलनले गर्दा अमेरिकी सरकार ८ घण्टाको श्रम दिनलाई कानूनी मान्यता दिन बाध्य भयो । तर सरकारले बनाएको कानूनलाई त्यहाँका पूँजीपतिहरूले लत्याइरहे । यो कानूनलाई लागु गराउन त्यहाँका मजदुरहरूले दशौं वर्ष संघर्ष गर्नु पर्‍यो । जर्मनी, फ्रान्स, अष्ट्रिया, इङ्गलैण्ड, बेल्जियम आदि देशहरूमा पनि सोही माग लिएर मजदूरहरू हड्तालमा उत्रन थाले ।

सन् १८७१ मा त फ्रान्समा पूँजीपतिहरूको सत्तालाई पल्टाएर सर्वहारावर्गको सत्ता (पेरिस कम्युन) स्थापना गर्न पेरिसका मजदूरहरू सफल पनि भए । तर यो सत्ता ७१ दिन भन्दा बढी टिक्न सकेन । फ्रान्सवरिपरिका पूँजीवादी मुलुकहरूले पेरिसमाथि अक्रमण गरेर हजारौं निहत्था जनताको हत्या गरेर सर्वहाराहरूको सत्ता पल्टाए । कैयौं मानिसहरूले बिदेशिनु पर्‍यो । त्यहाँबाट बिदेशिएका मजदूरहरूलाई अरू देशका मजदूहरूले ठूलो सहयोग गरे ।

पेरिस कम्युनको पतनपछि पनि मजदुरहरू चूप लागेर बसेनन् । त्यसपछि मजदूरहरूको मागमा झन् विविधता देखिनथाल्यो । मजदूरहरूको संघर्ष एशिया तथा विशेष गरेर, अमेरिकामा फैलिनथाल्यो ।

यसरी अन्तर्राष्ट्रिय मजदूर संघको प्रभाव फैलिन थालेको र मजदूरहरूको संघर्ष बढ्न थालेकोले पूँजीवादी सरकारहरू आत्तिनथाले । त्यो संघलाई पतन गराउन उनीहरूले अनेक प्रपंच रच्नथाले । संघमा गलत बिचार बोकेका मान्छेहरू घुसाउन थाले । विभिन्न देशमा रहेको राष्ट्रिय संघमाथि आक्रमण गर्नथाले । र, पछि त्यसलाई गैरकानूनी घोषणा समेत गरे । त्यसैले पहिलो अन्तर्राष्ट्रियलाई १८७२ मा बिघटन गरियो । तैपनि अमेरिकामा यसले १८७६ सम्म काम गरि नै रह्यो ।

पहिलो अन्तर्राष्ट्रियको बिघटनपछि पनि मजदूरहरूको आन्दोलन रोकिएन । अमेरिका तथा यूरोपेली मुलुकहरूमा सानातिना हड्तालहरू भई नै रहे ।




**एकातिर मजदूरहरूले आन्दोलनको तयारी गरिरहेका थिए भने अर्कोतिर, सरकारले पनि आन्दोलनमाथि दमन गर्ने तयारी गरिरहेको थियो ।**

सन् १८८० को दशक फेरि मजदूरूहरूको संगठन, आन्दोलन, तथा शक्तिको ब्यापक बृद्धिको वर्ष साबित भयो । यही दशकमा विभिन्न देशहरूमा ठूलाठूला हड्तालहरू भए । १८८२ मा जापानका ट्राम-वेका मजदूहरूको हड्ताल, १८८५ मा मास्कोको मोरोजोम प्रान्तको हड्ताल, १८८६ मा फ्रान्सको डेकाज भिल्लेका कोइला मजदूरहरूको हड्ताल ८० को दशकमा भएका महत्वपूर्ण हड्तालहरू थिए ।

त्यस्तै किसिमले १८८७ मा लण्डनमा सलाई बनाउने कारखानाका महिला मजदूहरूले पनि समाजवादी महिला एन्नी बेसान्तको नेतृत्वमा ठूलो हड्ताल गरेका थिए । त्यसैसाल बेल्जियममा शिशा बनाउने कारखानाका मजदूरहरूले ऐतिहासिक हड्ताल गरेका थिए । यी सबै हड्तालहरूको माग ८ घण्टाको श्रमदिन नै थियो ।

### *मे दिवस अमेरिकाबाट शुरू भएको थियो*

सन् १८८४ देखि १८८६ सम्म अमेरिकामा पनि ठूला-ठूला हड्तालहरू भए । त्यस अवधिमा त्यहाँ ३०९२ वटा हड्तालहरू भए । ती हड्तालमा १० लाख मजदूरहरूले भाग लिएका थिए । त्यही समयमा त्यहाँका तत्कालीन राष्ट्रपति एण्ड्रयु जोहन्सनको सरकारले संघीय राज्यका कर्म-चारीहरूको श्रमदिन ८ घण्टा हुने कानून पास गर्‍यो । तर पूँजीपतिहरूले त्यो कानून लागु गरेनन् । त्यो कानून लागु गराउनको लागि अमेरिकाका ट्रेड यूनियनहरूले संघर्ष जारी नै राखे ।

सन् १८८४ मा अमेरिकाको संगठित ट्रेड तथा मजदूर युनियनको महासंघ (The Federation of Organized Trade and Labour Unions) को चौथो महाधिवेशन भयो । सो महाधिवेशनले अमेरिकामा ८ घण्टा श्रमदिन लागु गराउने प्रस्ताव पारित गर्‍यो । त्यस कामको लागि कारखानाका कालिकहरूसँग कुराकानी गर्ने जिम्मा ट्रेड युनियनलाई दिइयो । कुराकानीको क्रममा सबैजसो कारखाना मालिकहरूले सो प्रस्तावलाई स्वीकार गरेनन् । शान्तिपूर्ण छलफलबाट सो माग पूरा नगरेपछि मई १, १८८६ का दिन सबै कारखानाका मजदूरहरू आफ्नो सम्पूर्ण काम छोडेर सडकमा ओर्लिने निर्णय गरियो । मई १ को ८ घण्टे श्रमदिनको संघर्षको लागि १८८४ को अक्टोबरदेखि नै तयारी हुन थालेको थियो ।


१ मई, १८८६ को दिन गरिने भनिएको मजदूर हड्ताल र त्यसको ८ घण्टा कार्यदिनको मागलाई सबकासब मजदूरहरूले समर्थन गर्न थाले । अमेरिकाको अर्को मजदूर संगठन The Nights of Labour का नेता टेरेन्स भि. पाउडरलीले यो संघर्षको विरोध गरेता पनि त्यस संगठनका मजदूरहरू यस आन्दोलनमा भाग लिन थाले । त्यस्तै किसिमले, समाजवादी मजदूरहरू तथा अराजकतावादी मजदूरहरूले पनि यसको समर्थन गरे ।

सन् १८८५ मा महासंघका सेक्रेटरी ग्याब्रिल एडमोन्सटनले संघर्षसँग सम्बन्धित संगठनहरूको ब्यापक रूपमा संघर्ष कमिटीहरू बनाउन र प्रत्येक मजदूरहरूले संघर्षको बेला आफूले खानको लागि हप्ताको २ डलर जम्मा गर्न आव्हान गरे । १८८६ को मे महिना नआउँदै ८ घण्टा श्रमदिनको माग निकै लोकप्रिय हुन थाल्यो । १८८६ को शुरूतिरै, खास गरेर, अप्रिल महिनामा अमेरिकाका धेरै कारखानाहरूमा हड्ताल हुन थाल्यो । अप्रिल महिनाको अन्त्यसम्ममा अमेरिकाका ३० हजार मजदूरहरूले ८ घण्टा श्रमदिन प्राप्त गरे । मे ३, १८८६ सम्ममा त अमेरिकामा ५ हजार वटा हड्तालहरू संचालन भैइरहेका थिए । यसमा ३ लाख ५० हजार मजदूरहरू सरिक थिए ।

मे, १८८६ को हड्ताल तथा प्रदर्शनको सम्बन्धमा सबभन्दा बढी तयारी अमेरिकाको शिकागो शहरमा भएको थियो । शिकागो शहर अमेरिकाको सबभन्दा ठूलो औद्योगिक शहर थियो । र, यो जुझारू तथा सशक्त आन्दोलनको लागि पनि प्रख्यात थियो ।

यसरी, एकातिर मजदूरहरूले आन्दोलनको तयारी गरिरहेका थिए भने अर्कोतिर, सरकारले पनि आन्दोलनमाथि दमन गर्ने तयारी

## इतिहास



*१८८७ नोभेम्बरमा शिकागोमा अदालती स्वेच्छाचारिताको शिकार भएका हेमार्केटका शहीदहरूलाई फाँसी दिइएको दृश्य*

**मजदूर नेताहरूलाई दिइएको फाँसीको खबर संसारभरि फैलियो । हत्याको विरोधमा अमेरिका तथा युरोपका शहरहरूमा ठूला-ठूला प्रदर्शनहरू भए ।**

गरिरहेको थियो । सरकारले सैनिक तथा प्रहरीहरूलाई विषेश तालिम दिएर कुनै पनि समयमा आदेश पालन गर्न तयार हुन आदेश दिएको थियो । गुण्डाहरूलाई तोडफोड गर्न तालिम दिइएको थियो । बुर्जुवा प्रेसले मजदूरहरूकाबिरूद्ध बिष बमन गर्न थालेको थियो । शिकागोका पत्रिकाहरूले आन्दोलनकारीहरूलाई निर्ममतापूर्वक दबाउने र बरखास्त गर्ने धम्की दिन थालेका थिए ।

मे १, १८८६ को विहानदेखि नै अमेरिकाका शहरहरूमध्ये, विशेष गरेर, शिकागो शहर हातहतियारबाट सुसज्जित सैनिक तथा प्रहरीले टन्न भरिएको थियो । उनीहरूलाई प्रदर्शनकारीहरूमाथि आक्रमण गर्ने निर्देशन थियो । तर मजदूरहरू आफ्नो ज्यानको पर्वाह नै नगरेर ८ घण्टा श्रमदिनको नारा लगाउँदै सडकमा निक्लन लागे । त्यो दिन प्रदर्शनकारीहरू यति संख्यामा निक्ले कि- सैनिकहरू तथा प्रहरीहरूले उनीहरूमाथि आक्रमण गर्ने आँटै गर्न सकेनन् । गुण्डाहरूले पनि विरोध प्रदर्शन बिथोल्ने आँट गर्न सकेनन् । अमेरिकामा कुनै एउटा यस्तो औद्योगिक शहर बाँकी रहेन, जुन शहरमा प्रदर्शन नभएको होस् । सबै शहरमा गरेर ५ लाखभन्दा बढी मजदूरहरूले त्यो दिनको आन्दोलनमा भाग लिएका थिए । त्यो दिन शान्तिपूर्ण रूपबाट नै आन्दोलन सम्पन्न भयो ।

तर त्यसको दुई दिनपछि मे ३ तारिखको दिन शिकागोका उद्योगपतिहरूले जवाफी कारवाही शुरू गरे । उनीहरूले आन्दोलनमा भाग लिने मजदूरहरूलाई बरखास्त गर्ने र हड्तालीहरूमाथि गोली बर्षाउने घोषणा गरे ।

यो बर्बरतापूर्ण काम सबभन्दा पहिले शिकागोको मैकार्मिक हारवेस्टर कारखानामा शुरू भएको भयो । त्यहाँ प्रहरीहरूले निहत्था मजदूरहरूमाथि गोली बर्षाए । त्यहाँ तत्कालै चारजना मजदूरहरू मारिए । कैयौं घाइते भए । यो क्रम अरू कारखाना पनि शुरू भयो । जहाँ जहाँ मजदूरहरूको शक्ति कमजोर थियो, त्यहाँ त्यहाँ पुलिसहरूको गोलीले मजदूरहरू धेरै मरे या घाइते भए ।

यस गोलीकाण्डले पनि मजदूरहरू तर्सेनन् । यो बर्बरतापूर्ण हत्याकाण्डको विरोध गर्न मे ४ तरिखको दिन मजदूरहरू हे मार्केट स्क्वायरमा जम्मा भए । सभास्थल पूरै हतियारबन्द पुलिसहरूले घेरिएको थियो । वातावरण तनावपूर्ण थियो । मजदूरका नेताहरूले मजदूरहरूलाई उत्तेजित नहुन, तोडफोड नगर्न र आफ्नो ८ घण्टा श्रमदिनको माग पुरा गराउन लगातार संघर्षमा जुटिरहन आव्हान गरे । सभा टुंगिनै लागेको थियो, १८० जना हतियारबन्द पुलिसहरू सभास्थलमा घुसेर मजदूरहरूलाई तितरबितर हुने आदेश दिए । त्यति नै बेला उद्योगपतिहरूले तयार पारेका गुण्डाहरूमध्ये एकजनाले पुलिसहरूसामु एउटा बम फ्याँक्यो । त्यसबाट एकजना पुलिस तत्कालै मऱ्यो । र, ५ जना घाइते भए । त्यसको जवाफी हमलामा पुलिसहरूले सभामा गोली बर्साए । त्यहाँ १० जना मजदूरहरू तत्कालै मरे, २०० जनाभन्दा बढी मजदूरहरू घाइते भए । ७ जना मजदूर नेताहरू समातिए । उनीहरूलाई २० अगष्ट, १८८६ मा फाँसीको सजायँ सुनाइयो । पछि उनीहरूमध्ये २ जनाको फाँसीको सजायँलाई आजन्म कैदमा परिणत गरियो । १ जना जेलमै मरे र ४ जनालाई १८८७ मा फाँसी दिइयो ।

मजदूर नेताहरूलाई दिइएको फाँसीको खबर संसारभरि फैलियो । हत्याको विरोधमा अमेरिका तथा युरोपका शहरहरूमा ठूला-ठूला प्रदर्शनहरू भए । १८८६ को आन्दोलनलाई जीवन्त राख्नको लागि दोश्रो अन्तर्राष्ट्रियको पहिलो अधिवेशनले १ मे, १८९० मा बिश्वभरि नै मे दिवस मनाउने निर्णय गरेपछि यो आन्दोलन लगातार जारी रह्यो । यसैको फलस्वरूप २५ जुन, १८९३ को दिन हेमार्केटमा शहीदहरूको नाममा एउटा स्मारक स्थापना गरियो । त्यसको भोलिपल्ट त्यहांको गभर्नरले १८८६ मा भएको आन्दोलनका नेताहरूलाई लगाइएको मुद्दा झुठा भएको र आन्दोलनमा संम्बद्ध सबैलाई दिइएको सजाय रद्द भएको घोषणा गरे ।

### मे दिवसले अन्तर्राष्ट्रिय रूप लियो

शिकागोमा मजदूर नेताहरूलाई फाँसी दिइएको एक वर्ष पछि १८८८ मा अमेरिकाको मजदूर संघको अधिवेशनले ८ घण्टा श्रमदिनको आन्दोलन फेरि शुरू गर्ने निर्णय गऱ्यो । त्यसपछि १८८९ मा पेरिसमा भएको विभिन्न समाजवादी नेताहरूको भेला (जुन भेला पछि दोश्रो इन्टरनेशनलको नामले प्रख्यात भएको थियो)ले १ मे, १८९० मा बिश्वभरि नै मे दिवस मनाउने प्रस्ताव पास गऱ्यो । सो प्रस्ताव अनुसार अमेरिका तथा युरोपका विभिन्न देशहरूमा १८८९ देखि नै मे दिवस मनाउने तयारी हुन थाल्यो । त्यही हिसाबले मे दिवस मनाउन नदिनका लागि पूँजीपतिहरूले पनि तयारी गर्न थाले । फ्रान्स र जर्मनी सरकारले विशेष किसिमले तयारी गरे ।

फ्रान्स र जर्मनीका पूँजीवादी सरकारहरूको ब्यापक दमनका बाबजुद पनि त्यहाँका मजदूरहले १ मे, १८९० को दिन जुलुस प्रदर्शन गरीछाडे । अमेरिका, स्विट्जरलैण्ड, इटली, स्पेन, अष्ट्रिया, स्कण्डनेभियाली देशहरूमा तथा क्युवा र रूसमा पनि मजदूरहरूको ठूलो जुलुस प्रदर्शन भयो । बेलायतमा भने ४ मे को दिन आईतवार जुलुस प्रदर्शन गर्ने निर्णय गरियो । तैपनि १ मे को दिन अन्तर्राष्ट्रिय ऐक्यबद्धता जनाउन त्यो दिन हाइड पार्कमा २००० मजदूरहरू जम्मा भएर ४ मे को कार्यक्रम सफल बनाउन आव्हान गरे । नभन्दै ४ मे को कार्यक्रम सोचेभन्दा बढी सफल भयो ।

१८९० को मे दिवस अन्तर्राष्ट्रिय रूपमै सफल भएपछि १८९१ को दोश्रो मे दिवस पनि भव्यताका साथ सम्पन्न गरियो । १८९३ सम्ममा धेरैजसो देशहरूका मजदूरहरूले ८ घण्टाको श्रमदिन प्राप्त गरिसकेका थिए । त्यसैले मे दिवसलाई लगातार जारी राख्न दोश्रो इन्टरनेशनल, १८९३ को अधिवेशनले मजदूरहरूको मागमा ब्यापकता थप्ने निर्णय गऱ्यो । सन् १९०० सम्म पुग्दा त मे दिवस सर्वहारा वर्गको संघर्षको प्रतीक नै बन्न पुग्यो । बिस्तार-बिस्तारै मे दिवस एशिया तथा अफ्रिकी देशहरूमा पनि मनाउन थालियो । यसरी नै मे दिवस संसारभरि फैलियो ।

### नेपालमा मे दिवसको शुरूवात

नेपालको मजदूर आन्दोलन २००३ सालबाट शुरू भएको थियो । तर मे दिवस कहिलेदेखि विधिवत रूपबाट मनाउन थालिएको हो, त्यो कुरा प्रष्ट देखिँदैन । २०३३ सालतिर काठमाण्डौंमा गुप्त रूपमा पर्चा, पोष्टर गरेर ८९ औं मे दिवस मनाइएको देखिन्छ ।

२०३६ सालको जनआन्दोलनपछि बर्गीय संगठनहरू केही खुकुलो भएको थियो । त्यसै अवसरमा २०३७ सालमा काठमाण्डौं लगायत केही औद्योगिक शहरहरूमा मे दिवस मनाउन थालियो । त्यतिबेला पनि काठमाण्डौं बाहेक अन्य ठाँउहरूमा दमन तथा धरपकड भएको थियो । त्यसपछि सरकारी दमनका बाबजुद पनि नेपालमा लगातार मे दिवस मनाउन थालियो । मे दिवस मनाउँदा कति मजदूहरू जेल परे, कति मजदूरहरूको जागिर गयो ।


२०४६ सालमा प्रजातन्त्रको पुनर्वहालीपछि नेपालमा खुला रूपमा मे दिवस मनाउन पाइयो । २०४७ सालमा अन्तरिम सरकारले मे दिवसको दिन मजदूहरूलाई सार्वजनिक छुट्टीको घोषणा गरेको थियो ।

तर अहिलेसम्म पनि नेपालमा सबै उद्योगहरूमा ८ घण्टाका श्रमदिन लागु भएको छैन । मजदूरहरूका कैयौं समस्या ज्युं का त्युं नै बाँकी छन् । यी सबै समस्या समाधान गर्ने हो भने नेपालमा पनि सबै ट्रेड युनियनहरूको ऐक्यबद्धता जरूरी छ र संयुक्त आन्दोलन उठाउन जरूरी छ । यसैबाट नै नेपालमा मे दिवसको परंपरालाई कायम राख्न सकिन्छ ।

❑ विष्णुदेवी श्रेष्ठ

# बहुग्रहको नयाँ सौर्यमण्डल अपसिलन एण्ड्रोमेडा

तुल्सीदास महर्जन




## त्यो ग्रहभन्दा बाहिरको अर्को ग्रह भने हाम्रो बृहस्पतिको तुलनामा दोब्बर ठूलो रहेको छ ।

परलोक छ कि छैन ? अर्थात् पृथ्वीभन्दा पर पनि कुनै ठाउँमा जीवनको अस्तित्व छ कि छैन ? यो प्रश्नको सन्दर्भमा पहिलेदेखि नै मानिसहरूले बिभिन्न तर्क-बितर्क गर्दै आइरहेका छन् ।

मरेपछि मानिसहरूको आत्माले परलोकको स्वर्ग वा नर्कमा बास गर्छ भनेर आध्यात्मवादीहरू विश्वास गर्छन् । तर आत्मा भन्ने कुरो मानिसको चेतना हो र हाम्रो भौतिक शरीरको अन्त्य हुँदा त्यो सँगसँगै हामीमा भएको चेतनाको पनि अन्त्य हुन्छ भन्ने कुरो बैज्ञानिकहरूले पुष्टि गरिसकेका छन् । त्यसैले मानिसहरू मरेपछि तिनीहरूको आत्माले बास गर्ने त्यस्तो कुनै अलग्गै ठाउँ वा परलोक यो ब्रम्हाण्डमा कहीं कतै पनि छैन भन्ने कुरो पुष्टि भइसकेको छ ।

तर पृथ्वीमा जीवहरूको जसरी विकास भएको छ, त्यसरी नै कहीं कतै खगोलको कुनै पिण्ड वा ग्रहमा पनि जीवनको विकास भएको छ कि भनेर खगोल बिज्ञानको विकास भएयता धेरै समय पहिलेदेखि बैज्ञानिकहरूले अध्ययन अनुसन्धान र विचार विमर्श गर्दै आइरहेका छन् । पृथ्वी बाहेक पनि सौर्यमण्डलका अन्य आठवटा ग्रहहरू मध्ये कुनैमा जीवनको विकास भएको छ कि भनेर धेरै समय पहिलेदेखि बैज्ञानिकहरूले अनुसन्धान गर्दै आइरहेका छन् । तर, अहिलेसम्म कुनै पनि ग्रह वा उपग्रहमा पृथ्वीमा जस्तो जीवनको अस्तित्व भएको तथ्य पत्ता लागेको छैन । जीवनको खोज गर्ने, अनुसन्धान गर्ने बैज्ञानिकहरूले हाम्रो सौर्यमण्डलको सीमित घेराभित्र मात्र काम गरेनन् । उनीहरू सौर्यमण्डलभन्दा पर पनि कहीं कतै जीवनको संकेत छ कि भनेर शक्तिशाली ठूला-ठूला टेलिस्कोपहरूको सहयोगमा अध्ययन, अनुसन्धान गरिरहेका छन् । अहिले यो कुरो सामान्य भइसकेको छ कि आकाशमा देखिने असंख्य ताराहरू अरू केही नभई ती सबै सूर्य जस्तै बलिरहेका आगाका बिशाल डल्लाहरू हुन् ।

वास्तवमा सूर्य पनि एक तारा नै हो । सूर्यबाट हामी नजीक भएकोले हामीले त्यसको ताप र प्रकाश पाइरहेका छौं । तर, अन्य ताराहरू हामीबाट धेरै टाढा भएकोले तिनीहरू सबैलाई हामी राति आकाशमा टिलपिलाएको मात्र देख्छौं ।

ब्रम्हाण्डमा जीवनको खोजी गर्ने क्रममा बैज्ञानिकहरूले ताराहरूमा पनि हाम्रो सूर्यमा झैं वरिपरि परिक्रमा गरिरहने ग्रहहरू छन् कि भनेर अनुसन्धान गर्ने कार्य केही वर्ष पहिलेदेखि गर्दै आइरहेका छन् । उत्साहजनक कुरा के छ भने, सन् १९९५ देखि अहिलेसम्ममा हाम्रो सूर्यलाई नौवटा ग्रहहरूले आ-आफ्नै बाटोमा रही परिक्रमा गरिरहेजस्तै ताराहरूलाई पनि परिक्रमा गरिरहने जम्मा २० वटा ग्रहहरू बैज्ञानिकहरूले पत्ता लगाइसकेका छन् । अर्थात् अहिलेसम्ममा बैज्ञानिकहरूले हाम्रो सौर्य मण्डलभन्दाबाहिर जम्मा २० वटा ग्रहहरू पत्ता लगाइसकेका छन् । तर ती सबै एकल ग्रहका सौर्यमण्डलहरू हुन् । प्रत्येक सौर्यमण्डलमा एक एकवटा मात्र ग्रहहरू रहेका छन् ।

तर दुई महिना अगाडि मात्रै अमेरिकाको सान फ्रान्सिस्को स्टेट यूनिभर्सिटीका बैज्ञानिकहरू ज्योफ्रे मर्सि र डेब्रा फिसरले नेतृत्व गरेका दुई अलग-अलग अनुसन्धान टोलीहरूले अलग अलग रूपमै स्वतन्त्र ढंगले अनुसन्धान गरेर बहुग्रहको एक नयाँ सौर्यमण्डल पत्ता लगाएका छन् । त्यो सैर्यमण्डलको सूर्य एण्ड्रोमेडा तारामण्डलमा पर्ने अपसिलन एण्ड्रोमेडा नामक तारा हो ।

अनुसन्धानमा लागेका बैज्ञानिकहरूले पृथ्वीबाट ४४ प्रकाश वर्ष (४२५ खरब किलोमिटर) टाढा रहेको अपसिलन एण्ड्रोमेडा सौर्यमण्डलमा तीनवटा बिशाल ग्रहहरू रहेको कुरा पुष्टि गरेका छन् । ती ग्रहहरूमा सबभन्दा भित्रको ग्रह हाम्रो बृहस्पतिको तुलनामा तीन चौथाई गुना ठूलो अथवा पृथ्वीभन्दा २२५ गुना ठूलो रहेको र त्यसले आफ्नो सूर्य अपसिलन एण्ड्रोमेडालाई केवल ४.६ दिनमा परिक्रमा गर्छ । त्यो ग्रहभन्दा बाहिरको अर्को ग्रह भने हाम्रो बृहस्पतिको तुलनामा दोब्बर ठूलो रहेको छ । र, यसले अपसिलन एण्ड्रोमेडालाई २४२ दिनमा एक चक्कर लगाउँछ । अपसिलन एण्ड्रोमेडाको सबभन्दाबाहिर रहेको ग्रह सबभन्दा ठूलो छ । यो ग्रह हाम्रो बृहस्पतिभन्दा चार गुना ठूलो रहेको छ । आफ्नो सूर्य अपसिलन एण्ड्रोमेडाबाट यसको दूरी सूर्यबाट पृथ्वीको दूरीभन्दा दुई गुणा बराबरको रहेको छ । र, यसले आफ्नो सूर्यलाई तीनदेखि चार वर्षभित्रमा एक चक्कर लगाउँछ ।

बैज्ञानिकहरूका अनुसार अपसिलन एण्ड्रोमेडा अत्याधिक चम्किलो तारा हो । यो हाम्रो सूर्य

**अपसिलन एण्ड्रोमेडाका ग्रहहरू तिनीहरूको विशाल आकारको कारणले गर्दा हाम्रो सौर्यमण्डलका ग्रहहरू जस्तै ठोस अवस्थामा रहेका छैनन् ।**

बैज्ञानिकहरूका अनुसार अपसिलन एण्ड्रोमेडा अत्याधिक चम्किलो तारा हो । यो हाम्रो सूर्य जत्तिको ठूलो छ । बैज्ञानिकहरूले गत एघार बर्षदेखि यो तारालाई क्यालिफोर्निया विश्वविद्यालयको लिक बेधशालाबाट गहन रूपले अवलोकन गरिरहेका थिए । एघार वर्षको अवलोकनबाट प्राप्त विभिन्न तथ्यगत डाटाहरूको अध्ययन र विश्लेषणबाट बैज्ञानिकहरूले त्यस अपसिलन एण्ड्रोमेडा तारा वरिपरि तीनवटा ग्रहहरूले परिक्रमा गरिरहेको निष्कर्ष निकालेका हुन् ।

उता यही तारालाई अमेरिकाकै एरिजोना स्थित ह्विपल बेधशालामा पनि बैज्ञानिकहरूले अवलोकन गरिरहेका थिए । उनीहरूले पनि त्यही निष्कर्ष निकालेका छन् ।

ह्विपल बेधशालाबाट अपसिलन एण्ड्रोमेडालाई अवलोकन गरिरहेका हार्वड विश्वविद्यालयका बैज्ञानिक रबर्ट नोएजका अनुसार अपसिलन एण्ड्रोमेडाका ग्रहहरू तिनीहरूको विशाल आकारको कारणले गर्दा हाम्रो सौर्यमण्डलका ग्रहहरू जस्तै ठोस अवस्थामा रहेका छैनन् । उनका अनुसार ग्रहहरूलाई ठोस अवस्थामा राख्न त्यहाँ पर्याप्त मात्रामा गह्रौ तत्वहरू रहेका छैनन् ।

ती ग्रहहरू हाम्रो बृहस्पति जस्तै ग्याँस अथवा बरफिलो बाफले भरिएका विशाल डल्लाको रूपमा रहेका छन् भनेर बैज्ञानिक नोएज विश्वास राख्दछन् ।

बैज्ञानिकहरूका अनुसार अपसिलन एण्ड्रोमेडा ताराको सबभन्दा नजीकको ग्रह त्यस ताराबाट करीब ५० लाख माइल मात्र टाढा छ । यो भनेको हाम्रो पृथ्वी र सूर्यबीचको दूरीको करीब बीस खण्डको एक खण्ड हो । त्यसैले त्यस ग्रहको सतहको तापक्रम पानी उम्लने तापमानभन्दा बढी नै हुनु पर्ने बैज्ञानिकहरूको भनाइ छ । बाँकी बाहिरी दुई ठूला ग्रहहरू पनि धेरै तातो अवस्थामा नै रहेको बिश्वास गरिएको छ । र, तिनीहरूको आफ्नो सूर्यलाई परिक्रमा गर्ने कक्ष (orbit) धेरै लामो वृत्ताकारको छ भन्ने अनुमान गरिएको छ ।

खगोल बैज्ञानिकहरूले ग्रहहरूको कक्ष र उनीहरूको आकारको निर्धारण उनीहरूले परिक्रमा गरिरहेका ताराहरूमा परेको उनीहरूको गुरूत्वाकर्षणको प्रभावको आधारमा गर्ने गर्छन् ।

बैज्ञानिकहरूका अनुसार अपसिलन एण्ड्रोमेडा प्रति सेकेण्ड १.८ किलोमिटरको गतिमा पृथ्वीबाट टाढा भागिरहेको छ । यो ताराको वरिपरि घुम्ने विशाल ग्रहहरूको प्रचण्ड गुरूत्वाकर्षणको कारणले गर्दा यसको गति कि तेज भइरहेको कि त धीमा भइरहेको हुनुपर्छ । तर, परिवर्तन कुन रूपमा भइरहेको छ भनेर पत्ता लगाउन धेरै नै संवेदनशील उपकरणहरूको आवश्यकता पर्दछ । बैज्ञानिकहरूका अनुसार त्यति हदसम्मको उच्च प्रविधि र उपकरण हालसम्म उपलब्ध भइसकेको छैन ।

तर, खगोल बैज्ञानिकहरू निराश छैनन् । किनकि उनीहरूको लागि उच्च क्षमताका उपकरणहरू निकट भविष्यमै तयार हुन गैरहेका छन् । यसको लागि सन् २००५ मा 'नासा' ले 'स्पेश इन्टरफेरोमिटर मिसन' नामक भू-उपग्रह छोड्ने तयारी गरिरहेको छ । त्यसले अहिले पृथ्वीको धरातलमा रहेका उच्चतम टेलिस्कोपहरूलेभन्दा धेरै बढी संवेदनशील काम गर्नेछ । ताराको सानो चाल पनि पत्ता लगाउने यो 'मोशन डिटेक्टर' उपकरणले ताराको चाल र पृथ्वीको तुलनामा त्यसको गतिमा हुने सानो परिवर्तनलाई पनि सजिलै पत्ता लगाउन सक्छ ।

यो 'स्पेश इन्टरफेरोमिटर मिसन' छोडेको ६ वर्षपछि 'नासा'ले 'टेरिष्ट्रियल प्लानेट फाइण्डर' नामक अर्को भू-उपग्रह छोड्ने छ । यो भू-उपग्रहमा यस्तो उपकरण जडान गरिनेछ, जसले ताराबाट आउने प्रकाशलाई निष्प्रभावी बनाइदिन्छ । यसले गर्दा टेलिस्कोपले त्यस तारालाई परिक्रमा गरिरहेको ग्रहमा परावर्तन भई आएको प्रकाशलाई सिधै समात्न सक्दछ । यस्तो उपकरणले पृथ्वी जस्तो ग्रह मात्र होइन कि बरू त्यसको सतहको तापमान र वायुमण्डलको संरचनाको बारेमा पनि ठोस-ठोस संकेत दिन सक्दछ ।

बैज्ञानिकहरूले अपसिलन एण्ड्रोमेडा सौर्यमण्डलका ग्रहहरूमा जीवनको कुनै संकेत देखेका छैनन् । तर, यो सौर्यमण्डल जस्तो बहुग्रहको सौर्यमण्डलको अन्वेषणले बैज्ञानिकहरूलाई के कुरामा उत्साहित तुल्याएको छ भने, हाम्रो आकाश गंगा तारापुञ्जमा पक्कै पनि यस्ता सौर्यमण्डलहरू ठूलो संख्यामा हुनुपर्छ । र, कतै न कतै पक्कै पृथ्वीजस्तो जीवनले हराभरा भएका ग्रहहरूको अस्तित्व रहेको हुनुपर्छ, जुन भविष्यमा अन्वेषण हुने नै छ ।

❑ *सन्दर्भ सामाग्रीहरू*

◆ Newsweek, April 26, 1999
◆ नव भारत टाइम्स ९ मई, १९९९
◆ Herald Tribune, April 26,1999





# साहनाको गाडीमा ढुंगा हान्ने प्रवृत्ति कस्तो प्रवृत्ति हो ?

गत बैशाख ६ गते ने.क.पा. एमालेका अध्यक्ष्य क. मनमोहन अधिकारी अचानक मुर्छा पर्नु भएकोले काठमाण्डौंको शिक्षण अस्पतालमा पुऱ्याइनु भएको केही घण्टापछि ने.क.पा. मालेकी अध्यक्ष क.साहना प्रधान उहाँलाई हेर्न जानुभयो । जाँदा अस्पताल वरपर उभिइरहेको एमाले समर्थक भीडबाट केही व्यक्तिहरुले उहाँलाई तथानाम गाली गरे र उहाँ चढेर जानु भएको गाडीको ढोकामा ढुंगा प्रहार गरी ऐना फुटाइदिए ।

त्यसको दुई-तीन दिनपछि काठमाण्डौं बसन्तपुरमा एमालेको एक जिम्मेवार कमिटीले क.मनमोहन अधिकारीको स्वास्थ्य लाभको कामना गरी खुला सभाको आयोजना गऱ्यो । त्यस सभामा कांग्रेस, पंच र सद्भावना पार्टीका प्रतिनिधिलाई समेत बोलाई स्वास्थ्य लाभको निम्ति बोल्न लगाइयो । तर त्यस सभामा ने.क.पा. मालेलाई भने बोलाइएन ।

क.मनमोहन अधिकारीको बैशाख १३ गते निधन भएपछि दुईदिन उहाँको शवलाई टुँडिखेल खुला मंचमा राखियो । आमजनताले उहाँको अन्तिम दर्शन गरे । अन्तिम दर्शन गर्न ने.क.पा. मालेका नेताहरु साहना प्रधान र वामदेव गौतमहरु जान सकेनन् । कारण, उनीहरु आएमा "खुट्टा भाँचिदिने वा मारिदिने" भनी व्यापक उन्माद बोकेर टुँडिखेलभरि भुण्डभुण्ड भएर एमालेका कार्यकर्ताहरु बसीरहेका थिए ।

"आज विहान ११ बजेदेखि ४ बजेसम्म टुँडिखेलमा यी भुण्डहरुसँग हामीले बादविवाद गऱ्यौं र एमालेका ती युवाहरुलाई संभाउने कोशीस गऱ्यौं । आधा जति चुप भए, आधा जति त भगडै गर्न आए ।" -बैशाख १४ गते साँभ नेपालका एक जना प्रशिद्ध प्रगतिशील गायक-संगीतकारले चित्त दु:खाउँदै यो स्तंभकारसँग आफ्नो गुनासो ब्यक्त गर्नुभयो ।

त्यतिखेर नै, स्व. क. जीवराज आश्रितकी पत्नी क.माया ज्ञवालीसँग हाम्रो भेट भयो । क.माया क. मनमोहनको शवलाई फूल चढाउन जानु भएछ । तर उहाँलाई स्वयंसेवकहरुले लछारपछार पारेछन् ।

"मलाई त्यहीं नजीकैबाट साधना अधिकारीले बोलाउनु भयो, म समवेदनाका दुई शब्दहरु बोल्नका निम्ति उहाँतिर जान चाहें, तर मलाई त्यहाँबाट बलात् तल धकेल्ने काम एमालेहरुले गरे ।"

-यसो भन्दै क.माया ज्ञवालीले चित्त दु:खाउनु भयो ।

ने.क.पा. मालेले आफ्नो पार्टीको तर्फबाट श्रद्धाञ्जली अंकित कागजको टुक्रा नत्थी गरेको फूलको गुच्छा आफ्ना एक नेता क. मनकुमार गौतममार्फत् त्यहाँ पठाएछ । एमालेका स्वयं-सेवकहरुले क.मनकुमार गौतमलाई हुटिङ्ग गरे र अन्तमा उहाँले शवमा चढाउनु भएको फूलको गुच्छामा नत्थी गरिएको कागज त्यहीं तत्कालै च्यातचुत् पारीदिए ।

-यी तीन घटनाहरु क. मनमोहन अधिकारीको बिमारीको समय र मृत्युपछिको समयमा घटेका केही बढी नै चर्चित घटनाहरु हुन् ।

बास्तवमा, यी घटनाहरुले हाम्रो वामआन्दोलनमा विद्यमान असहिष्णुताको संस्कृतिको एक भलक पेश गरेका छन् । विरामीलाई भेट्न आउनेलाई ढुंगा हान्ने, स्वास्थ्य-लाभको कामना गर्नमा वामपन्थीलाई नै विशेष दूराग्रहपूर्वक पक्षपात गर्ने र शवको अन्तिम दर्शन गर्न पनि नदिने हदको यो असहिष्णुताले ने.क.पा. एमाले समग्रकै सांस्कृतिक स्तरको नापो त प्रस्तुत नगर्ला, तर यी घटनाहरुप्रति ने.क.पा. एमाले-पंक्तिको "मौनता" ले भने गंभीर कुरातर्फ संकेत गर्दछ । एमालेका नेताहरु, बौद्धिक व्यक्तिहरु वा सांस्कृतिककर्मीहरुले यी घटनाहरुमा भएका आवेगजन्य बेठीकहरुप्रति असहमति वा दु:ख प्रकट गर्ने काम गरेनन् ।

यसको अर्थ के हो ?

के यो मौनताले यी व्यवहारहरुप्रति एमालेका जिम्मेवारहरु सबैको समर्थन रहेको बुझिदैन ?

भर्खरै संपन्न चुनावमा कांग्रेसद्वारा पराजित भएपछि आज ने.क.पा. एमालेका महासचिव क.माधवकुमार




# वाम-आन्दोलनभित्रको असहिष्णुता र संकीर्णता

नेपालले ने.क.पा मालेमा लागेका व्यक्तिहरुलाई एमालेमा फर्कने आह्वान गरिरहनु भएको छ । "घर फर्कन चाहनेहरुलाई हाम्रो स्वागत छ" भनी उहाँले ने.टि.भी. बाट भन्नुभयो ।

उहाँको यो भनाइ बाहिर आएपछि त झन ठूलो प्रश्न उठीरहेको छ ।

- "के क.मनमोहनको स्वास्थ्य लाभको कामना गर्न समेत पंच एवं कांग्रेसलाई जत्ति पनि हिजो आफूले नजीक नठानेका मालेहरुलाई आज आफ्नो पार्टीमा पस्न बोलाउन मिल्छ ? यसो गर्नु नैतिक हुन्छ ?"

-"अथवा, आज आफ्नो पार्टीमा बोलाउन लायकहरुलाई हिजो क.मनमोहनको शवमा फूल चढाउन समेत नालायक किन ठानियो ? किन गाडीमा ढुंगा हानेकोमा असहमति जनाइएन ?"

बास्तवमा, यी प्रश्नहरुको जवाफ खोजेर यहाँ कुनै मुद्दाको छिनोफनो गर्न लागिएको हैन । तर यहाँ केसम्म चाहिं कुरा उठाउन खोजिएको हो भने, यो खालको संकीर्णता वा असहिष्णुता हाम्रो आन्दोलनमा व्याप्त छ । यो असहिष्णुताको अन्त गर्नु जरुरी छ कि छैन ?

ने.क.पा. एमाले फुट्यो । नफुट्नु पर्थ्यो । तर फुटी नै सक्यो । दुवैथरि एकसाथ बस्न सकेको भए राम्रो हुन्थ्यो । तर बस्न सकेनन् ।

कोही कसैसँग कुनै सैद्धान्तिक वा व्यवहारिक कारणले सँगै बस्न सक्दैन भने त्यो उसको मौलिक अधिकार हो । कसैको कमारो वा बाँधा भएर कसैले पनि बस्नुपर्छ भन्ने छैन नै । एमाले विभाजन हुनुअघि क. वामदेवहरुले "भिन्न मतलाई बहुमतले नपेल्ने ग्यारेण्टी गर्न ४० प्रतिशत केन्द्रिय सदस्य संख्या" मागे । बहुमतले दिएन । पार्टी फुट्यो ।

कि त वामदेवले त्यो माग्नु हुन्नथ्यो, अनि पार्टी फुट्दैनथ्यो । अथवा, कि त त्यत्रो ठूलो फूट ब्यहोर्नुभन्दा त ४० प्रतिशत सिट दिनु नै जाती हो भनी माधव नेपाल-खड्ग ओलीहरुले सहजै मान्नु पर्थ्यो , अनि पार्टी फुट्दैनथ्यो ।

तर दुवै थरिले आफ्नो अडान त्यागेनन्, त्यसैले एमाले फुट्यो ।

आ-आफूले आ-आफ्नो अडान नत्याग्नुलाई दुवै थरिले उचित देखे । फूट नै दुवै थरिको लागि स्वीकार्य भयो । पार्टी दुईवटा भयो । हुनु राम्रो थिएन । तर भयो ।

अब भैसकेपछि के गर्ने ? 'एक' भएर बसीरहनु दुवै थरिका लागि सह्य भएन । त्यसैले फुटे, आ-आफूलाई ठीक लागेको बाटोमा दुवैथरि लागे ।

अब यो घटनालाई लिएर त दुवैथरिले नकारात्मक रुपमा पाठ सिक्दै अगाडि बढ्ने बाटो पक्रिनु पो जरुरी थियो ।

बाटाहरु दुईथरि थिए ।

एक, दुवैथरिका बीच भिन्न मत र भिन्न प्रवृत्तिका कुराहरुमा आ-आफ्नो तरीकाले अघि बढ्ने ।

दुई, यीबाहेक दुवैथरिका साझा बुँदाहरुमा भने दुवैथरिलाई फाइदा हुने 'लेन-देन' को बाटो खोजी त्यस्ता कुराहरुमा मिलेर अघि बढ्ने ।

समाजको प्रगतिशील परिवर्तन गर्नु नै पार्टीको उद्देश्य हो भने यो उद्देश्य के गर्दा पूरा हुन्छ, त्यो काम गर्नु नै एउटा उद्देश्यमुखी पार्टीको कर्तब्य हो ।

दुईथरि 'एक' भएर त्यो काम गर्न विभिन्न उचित वा अनुचित कारणले गर्दा संभव भएन भने ती दुईथरिले 'नजीकै रहेर'त्यो काम गर्न संभव हुन्थ्यो नि !

यसैका निम्ति हो- सहिष्णुता जरुरी हुने । संकीर्णता त्याग्नुपर्ने भनेको पनि यसैका निम्ति हो । कसैको निम्ति 'दया' गरेर हामी सहिष्णु बन्नुपर्ने हैन, कसैप्रति रीस फेर्न हामी असहिष्णु बन्नुपर्ने हैन । के गर्दा हाम्रो आन्दोलनको उद्देश्यप्राप्तिमा एक इन्च भएपनि फाइदा पुग्छ, हामीले त्यसै गर्नु जरुरी हुन्छ । हाम्रा ब्यक्तिगत रीस, द्वेष र झोंकहरु हाम्रा नीति निर्णयका निम्ति निर्णायक कुरा हुन सक्दैनन् । निर्णायक कुरा, फेरि पनि, आन्दोलनको निम्ति फाइदा हुने कि नहुने भन्ने कुरा नै हो ।

एमाले र मालेबीच भिन्नता छ । तर के यसो भन्नुको अर्थ, यी दुईबीच साझा कुरा नै छैनन् भन्नु हो ? के एमालेको निम्ति कांग्रेस र पंचभन्दा टाढा छ माले ? हैन भने, क. मनमोहनको स्वास्थ्य-लाभ कामना-सभामा मालेलाई एमालेले किन बोलाएन ? ब्यक्तिगत झोंकको कारणले ? झोंक पनि कसको झोंक ? आन्दोलनको उद्देश्यभन्दा पनि ठूलो त्यो 'झोंक' कुन 'महापुरुष'को झोंक हो ? यो झोंक देखाएर आममानिसले देखाउने सामान्य औपचारिक सभ्य ब्यबहार समेत एमालेले मालेप्रति देखाएन । उसको यो अशिष्ट र संकीर्ण ब्यबहारले स्वतन्त्र चिन्तन राख्ने सामान्य जनतामा एमालेको सांस्कृतिक स्तरप्रति ठूलो प्रश्न चिन्ह पैदा गरेको छ ।

समाज परिवर्तनको बाटो लामो र टेढोमेढो छ । यो बाटोमा अघि बढ्दा थुप्रै फूटहरु पनि होलान्, जुट पनि होलान् । फूट भयो भन्दैमा के यस्तै ब्यबहार हामीले एकअर्काप्रति गर्दै जाने हो ? के बिरामी हेर्न आएकालाई ढुंगाले हान्ने र शवमा फूल चढाउन आउनेलाई हुटिङ्ग गर्ने र धकेल्ने खालको सामान्य अशिक्षित मान्छेको घरपरिबारमा पनि नहुने हदको तल्लो दर्जाको संस्कृति एउटा 'कम्युनिष्ट पार्टी' भनिने पार्टीले प्रोत्साहित गर्नु हुने संस्कृति हो ?

**के एमालेको निम्ति कांग्रेस र पंचभन्दा टाढा छ माले ? हैन भने, क. मनमोहनको स्वास्थ्य-लाभ कामना-सभामा मालेलाई एमालेले किन बोलाएन ?**

डेढ महिना समग्र पनि नबित्दै त्यहीं पार्टीका मान्छेहरुलाई 'आफ्नो पार्टीमा फर्क' भनेर अपील गर्नु पर्ने रहेछ त, डेढ महिनाअघि चाहिं यस्तो बेसोमती ब्यवहार किन गरेको त ?

यो प्रश्न एमाले पंक्तिलाई गर्ने कि नगर्ने ?

पार्टी भनेको समाजको प्रगतिशील परिवर्तनको धेयप्रति प्रतिबद्ध एउटा औजार हो । यसलाई यस्तो औजारको रुपमा हैन, ब्यक्तिगत प्रतिष्ठा, अहम्, ब्यक्तिगत स्वार्थ र ब्यक्तिगत रीस-इबी को थलोका रुपमा बुझ्ने यो प्रवित्ति गलत प्रवित्ति हो कि हाइन ?

यस्तो गलत प्रविति अन्य वामपार्टीका कतिपय नेता-कार्यकर्ताहरुमा पनि विद्यमान रहेको हामी पाउँछौं । अन्य पार्टीहरुका त्यस्ता नेता-कार्यकर्ताहरुमा पनि यो प्रश्न गर्ने कि नगर्ने ?

विभिन्न बाम पार्टीका कतिपय इमान्दार नेता-कार्यकर्ताहरु पनि हाम्रो आन्दोलनमा यो असहिष्णुता र संकीर्णताले ग्रस्त भीड-तन्त्रको शीकार भएका छन् । आलोचनात्मक चेतनाको कमी र 'आवेग हैन, विवेकका आधारमा काम गर्ने' वैज्ञानिक चिन्तन पद्धतिको अभावका कारण उनीहरु यस्तो शीकार बन्न पुगेका हुन् ।

भर्खरै सम्पन्न आम-चुनावको क्रममा यही असहिष्णुता र संकीर्णताका कारण वाम-तालमेल हुन सकेन । अलगअलग समूहबाट उठेका वामपन्थी नेता र तिनका कार्यकर्ताहरुबीच ठूलो द्वेषको खाडल खडा भएको छ । थुप्रै प्रतिभा एवं इतिहासहरुको मानमर्दन भएको छ, शत्रुवर्गभन्दा पनि मित्र वामपार्टीप्रति घृणा फैलाउने काम एक अर्कोले गरेका छन् र यसबाट नेपालको बाम आन्दोलनमा ठूलो क्षति भएको छ ।


आज "हिजोको फूटका कारण हारिएको" चेत पलाएका एमाले नेताहरुले "पार्टी एक हुनुपर्थ्यो", "फुट्नु हुन्नथ्यो" प्रकारका बिगतप्रति चुक्चुकाउने खालका अभिव्यक्तिहरु मात्र ब्यक्त गर्ने, तर आज गर्नुपर्ने र गर्नसकिने अत्यावश्यक कार्यगत-एकता गर्न भने पटक्कै पहल नगर्ने हो भने उनीहरुको यो रबैया फगत् असचेत एकताप्रेमी कार्यकर्ताहरुलाई आफूतिर तान्ने"काइते दाउ" मात्र ठहरिने छ । यो रबैया त्यागी तत्कालै सह-अस्तित्व स्वीकारी नेकपा मालेसँग तालमेल-स्तरको एकता गर्ने पहल एमालेले गर्नु जरुरी छ ।

अन्यथा, भविष्यमा पनि पुनः केही नेता-कार्यकर्ताहरुको झोंक चाहिं फेरिने, तर आन्दोलनलाई भने ठूलो क्षति पुग्ने कम भने रोकिने छैन ।

यही कुरा अरु बामपन्थी समूहहरुका निम्ति पनि लागू हुन्छ ।

❑ -चन्द्रदेव नेपाली

साहित्य



"देशभरि बर्खा मासका लेकाली वनका जुकाझैं एन.जी. ओ.हरू खुल्या छन् । जता हेऱ्यो, उतै स्वाउँस्याउँती । जहाँ गयो, जता हेऱ्यो, एन.जी.ओ. नाउँ गरेका जुकाहरू भोका थुतुना उठाउँदै जम्जमाइरहेका देखिन्छन् । कता जाऊँ, के खाऊँ, कसरी ढाडिऊँ – तिनको रातोदिनको धन्दा यस्तो छ । भन्नोस्त, ती सहस्र जुकाहरूलाई छाडेर तपाईंहरू आखुआउमै किन आउनु भएको हो ?" जिरी दमिनीको बरण्डामा बसेको शेषकान्तले सोध्यो ।

शेषकान्तको छेउमा तीन जना तरूनी-तन्नेरी बसेका थिए – श्यामसुन्दर श्रेष्ठ, अनन्त खनाल, र सीता उपाध्याय । तीन तरूनी-तन्नेरी भक्तले भगवानका दिव्य वचन सुनेझैं भाइ दारीका वचन सुनिरहेका थिए । हातमा कलम-कापी, मनमा खपिनसक्नु खुल्दुली, आँखामा अलिकता आशङ्का, अलिकता धक,

# जूनकीरीको संगीत

उपन्यास अंश

अलिकता डर – तीन तरूनी-तन्नेरीको हालत छिपछिपे किनारमा पौडी खेल्ने कच्चा, सिकलाइ गरेपछि पौडी सिकाउने गुरूले रहतिर घँचेट्न लाग्दाखेरिको सिकारू पौडीबाजको जस्तै थियो । रहमा डुबेपछि एकबारको जुनी रहमै बिलाउने पो हो कि ।

तीन तरूनी-तन्नेरी आजै बेलुका अबेर काठमाडौंबाट रूकस्याक ब्याग बोकेर सिमरिङ आइपुगेका थिए । दाइ दारी कपिलले काठमाडौंमा पहिले नानावली सवाल सोधेर तिनका सपना र तिर्सना, तिनको ल्याकत र हुती, तिनको ज्ञान र सीप, तिनका जीवन-अनुभवका कथा र व्यथाको छड्के जाँच गरेको थियो । त्यसपछि एक महिने विकासे तालिम भयो । तालिम श्रोत-व्यक्ति भन्ने सिपालुहरूले दिएका थिए । आफू परे तीनैजना उपल्ला जातका, जागीर पऱ्यो तल्ला जातका दमाई, कामी र सार्कीका घर-दैलामा जाने, तिनका भाँडामा जो पाकेको खाने, तिनका गुन्द्रीमा सुत्ने, तिनका बात सिक्ने, तिनका चित्तमा घुसेर तिनका ऐय्या-आत्थोका कथा र व्यथा सुन्दै तिनका हातमा हात, काँधमा काँध मिलाएर तिनलाई सुँगुरको जुनीबाट मान्छेको जुनीमा फेरिन सघाउने, साथ दिने । यी सब कामलाई शेषकान्तले 'दलितका आँसु पुछ्ने' भन्ने नाउँ राखेको थियो । अल्लारे उमेरका उपल्ला जातका दुई तरूनी-तन्नेरी –श्यामसुन्दर र सीता– का आशङ्का र धरमरको कुहिरो लागेका चित्तमा अहिले दुई थरीका भावना खेल्दै थिए । एकातिर कि गरिछाड्यो कि मरिछाड्यो भन्ने निम्छरो इरादा थियो, अर्कोतिर दुबिधा र अन्यौल छाएको थियो । उपल्लो भनाउँदो जातले जात काडेर जीवनको किनारातिर हुत्याइदेला कि ! सिनो र सिंगान, मयलका माभ्री र मान्छेको बिष्टा, गोबर र कुखुराको सुली, घाउ र खटिरा, लिखा र जुम्रा, उपियाँ र उडुस, आँसु र कोलाहल, गनगन र कचकचका असंख्य फौजको घेरामा परेर एकबारको चोला दलित बस्तीको कालरात्रिमा कसैले चालै नपाई शून्यमा बिलायो भने !... उता तन्नेरी अनन्त चाहिं आफ्नै मनको बुझिनसक्नुको संसारमा अलपत्र परेको थियो ।

"बोल्नोस्न ।" शेषकान्तले बकाउन बल गऱ्यो, "ती सहस्र जुकामध्ये कसैको पछि नलागेर किन आखुआउमै आउनु भो ? आङमा चिटिक्क सुकिला लुगा लगाऊ, पिठ्यूँमा काइदाका रूकस्याक ब्याग बोक, पिपिरी पात बजाउँदै र माया-पिरेमको भाखामा सुसेली हाल्दै फिरन्ते बिदेशी टुरिस्टझैं चौतारीको शीतल सियालमा बस, देउरालीमा उक्लेर तरेली परेका डाँडाकाँडा हेर, भुवाको चुलीजस्तो हिमाल नजर गर, इन्द्रेनीमा सैसला खेल, गरीब-दलितहरूलाई चौतारीमा बटुल र विकासका बुटी बाँड, कङ्गालहरूलाई रिनबापत दान गरेका कुखुराका चल्ला, तरकारीका बेर्ना, सल्लाका बोट, हग्दै नहगी थोत्रिएका हगनगौंडी, बनाइ नसक्दै बिग्रिएका धारा, औंठाको ल्याप्चे सही ठोक्न नछाडेका साक्षरहरूको संख्या गन्ती गर, 'गरीबहरू धनी भए, दुःख पाएकाले सुख पाए, रोएकाहरू हाँसे, अन्धकारमा उज्यालो छायो सर'भनेर चिटिक्क परेका रिपट लेख, एक थैलो तलब थाप,- चैनका ठाउँमा चैन छ, दामका ठाउँमा दाम छ, नामका ठाउँमा नाम छ । यसो गम्नोस्त, अरू विकासे खाइदेउका पुच्छर समातेर सजिलो काम गर्न र छेलोखेलो माम जोर्न कति सजिलो छ ! त्यस्तो सजिलो, घमाइलो र रमाइलो संसार छाडेर तपाईंहरू यहाँ किन ? यहाँ त बारैमास अनिकाल छ, भुम्के भोलको आतङ्क छ, चित्कार छ, कालको एकछत्र राज छ, ऱ्याल र सिंगान छ, सिस्नोधारी र सिनो छ, लोभ र द्वेष छ, अनन्त सराप र औडाहा छ, आफूभित्र मारमार छ – भन्नोस्त, स्वर्गको दौलत र सुख छाडेर यो नर्ककुण्डको दरिद्रता र दुःखमा तपाईंहरू किन ?"

शेषकान्तका मुखबाट दलित गाउँको कहालीलाग्दो हालतको शब्दचित्र सुन्दा तीन तरूनी-तन्नेरीलाई अस्पट लागेर आयो । जानाजान पीपको अहालमा हाम्फालिएछ के रे, ज्यानको हुलिया टाइट हुने भो ! तरूनी-तन्नेरीले बेचैन नजरले एक-अर्कालाई पुलुक्क हेरे ।

"हँ, श्यामसुन्दरजी ?"

"देश-दुनियाँका लागि यसो केही गरिहेरौं भनेर, दाइ ।"

"मैले भनेका सबै जुकाहरू पनि त देश-दुनियाँकै लागि गरिरा'छौं

*खगेन्द्र संग्रौलाले हालै लेख्नुभएको नयाँ उपन्यास 'जूनकीरीको संगीत' प्रकाशनका निम्ति प्रेसमा गएको छ । केही समयपछि यो बजारमा आइपुग्दैछ । प्रकाशनअघि नै विशेष चर्चामा आएको यस उपन्यासको एक अंश पाठकहरूको निम्ति रोचक हुने ठानी हामीले यहाँ प्रस्तुत गरेका छौं । –मूल्यांकन*

चौबीस हिउँद खाएको श्यामसुन्दरले एउटा जुकाको पछि लाग्दा सँगालेको अनुभव दारीलाई सुनायो । उसले एउटा एन. जी. ओ.को छातामुनि पाँच वर्षजति काम गरेको थियो, विकासे कार्यकर्ता भएर । काम गर्ने थलो बर्दियाको थारू बस्तीमा थियो । आफूलाई अरन-खटन गर्ने र दानापानी खिलाउने उसको अगुवा जनकपुरतिरको चौधरी ब्राह्मण थियो । निज ब्राहमणका सनक, सोख र शान अजीव खालका थिए । विकासे चौधरीजीको दिनको कम्ता पनि पाँच पटक नुहाउने सोख थियो । जातले ठूलो, पदले ठूलो, उसमाथि गरीबको दुःख हर्न दुःखका कत्रा-कत्रा जँघार तर्दै थारू बस्तीको देहातमा पाउकष्ट गरेको उन्नत जातको विकासे,- वरको सिन्को पर सार्न भनेपछि उसलाई मरे बराबर हुन्थ्यो । त्यसैले विकासे चौधरीजीलाई 'अस्नान' गर्न तरूनी थरूनीले इनारबाट पानी तान्दिनु पर्ने, ज्यानमा साबुन घसिदिनु पर्ने, बिजुली कट भएको बेलामा पंखा हम्किदिनु पर्ने, तिर्सना चढेको बेलामा चौधरीजीको ओछ्यानमा सुतीदिनु पर्ने । श्यामसुन्दरले विकासे संसारका नानावली कृष्ण -लीलाहरूका झाँकी पर्तच्छे देख्यो ।

"चौधरीको दिसा गर्ने शोख पनि गजपै थियो, दाइ ।" देखीजानेको अनुभवको पन्तुरो खोल्दै श्यामसुन्दरले भन्यो ।

"कस्तो ?"

"राजमार्गछेउको डेरामा काइदाको विकासे चर्पी थियो । अस्ति त्यहीं, हिजो त्यहीं, आज त्यहीं – सधैं एकै ठाउँमा के दिसा गर्नु ? चौधरी सापलाई दिसा गराइको स्वाद फेर्न मन लाग्थ्यो । अनि ऊ मोटर साइकल चढेर तीन-चार किलोमिटर उता राजमार्गको जङ्गलमा दिसा गर्न जान्थ्यो । उसको दिसा गराइको आनन्दै बेग्लै ।"

"हजूर ।"

"हाम्रो जागीर साक्षरता कक्षा चलाउनु थियो । चौधरीजी पाइला टेक्दै नटेकेका थारू बस्तीका मनचित्ते नाउँ बटुलेर यति जना साक्षर भए, उति जनाका आँखा खुले भनेर रिपट पठाउँथ्यो । अनि सो बापत निकासा भएको पैसाले कुकुर बाँध्ने साङ्लो जत्रै सुनको साङ्लो भ्याम्ले रौं भएको छातीमा लगाउँथ्यो । खान भनेपछि मिस्टर चौधरी नर्कमा मुख गाड्न पनि तयार हुन्थ्यो । कापी-कलमको पैसो, लालटिनको पैसो, मट्टितेलको पैसो । बियर नाथे त पानी बराबर ।"

"गजप रहेछ ।" शेषकान्तले दारी-जुँगाको जङ्गलभित्र लुकेका ओठमा अचम्मको मुस्कान नचाउँदै भन्यो, "खास्सा एन.जी.ओ., खास्सा विकासे कार्यकर्ता, बढिया सेवा, शानदार मेवा । श्यामसुन्दरजी, त्यस्तो शान र मान, गोपिनीहरूको त्यो रमितालाग्दो जङ्गल, त्यो सोमरस, नीलो आकाशमुनिको त्यो पहारिलो हगनगौंडी, थरूनी सुन्दरीका घिउजस्ता मुलायम हातको त्यो मालिस, गाउँले अप्सराका हातले हम्केको ताडका पंखाको त्यो सितलु हावा – इन्द्र भगवानको दरबारको जस्तो त्यो स्वर्गबाट सिमरिङ गाउँको यो नर्कमा तपाईं कसरी खस्नु भो ?"

"दाइ, निमुखा थरूनीका आँसुको पोखरीमा मैले स्वर्गको सुख देखिनँ । मलाई बेचैनी, पछुतो के के मात्र लागिरहयो । त्यसैले मैले त्यो नर्क छाडें । अनि निमुखाहरूका पछ्छेमा साँच्ची नै केही गर्न पाए हुन्थ्यो भनेर भौंतारिंदा-भौंतारिंदै..."

"तपाईंको तलब कति थ्यो ?"

"महिनावारी पाँच हजार ।"

"आखुआउमा ?"

"कपिल दाइले पच्चीस सय भन्नु भा'छ ।"

"छँदाखाँदाको त्यत्रो थैलो छाडेर...."

"जेनतेन पेट भरूँ र मन सन्तोक हुने केही गरूँ भनेर, दाइ...."

"अनि अनन्त-जी ?"

छिट्छिटो नाक मुसार्दै अनन्तले आँखा झिम्झिम् पार्‍यो ।

"मेरो कुरो बर्बाद छ, दाजु ।" बाइस वर्षे अनन्त खनालले खूब गहिरिएर गम खाएझैं गर्दै भन्यो ।

"तपाईंको बर्बाद कुरो के छ ?"

"म जन्मजात टुहुरोजस्तो मान्छे हुं, दाजु । म जन्मेको साता दिन बित्न नपाई बाउ मास छर्न गएछन् । अलिअलि चाल पाउने भएपछि मैले बाउ खोजें । बाउ हुनुपर्ने ठाउँ खाली थियो । दामले सिंगानेहरू मलाई गिज्याउँदै 'तँ बाबुबिनाको बतासे चल्लो' भन्थे । ठूला-बडा भनाउँदाहरूले मलाई 'बाउ टोकाहा' भनेको पनि मैले कताकति सुनें । हामी मावलीमा बस्या थ्यौं – आमा र म । मामाका छोराहरू कहिले गट्टा खेल्दै, कहिले पाङ्रा खेल्दै, कहिले खोपी खेल्दै घरमै हल्लिदै हाँसखेल गर्थे, किच्करिन्थे । म डोको बोकेर घाँस काट्न जान्थें, उनीहरू खेल्न जान्थे । उनीहरू कापी-किताब बोकेर इस्कुल जान्थे, म मनमा बेथा बोकेर बाख्रा हेर्न जान्थें । माइजू मलाई घरी-घरी गाली गर्थिन् । खाने बेलामा उनीहरू पहिले, म पछि । कहिले त मलाई उनीहरूले गिजोलेको भात मात्र दिन्थे । यसरी कोपिलैमा मेरो जिन्दगी निमोठियो, दाइ ।"

"हजूर ।"

"मेरा पनि बाउ भइदिए...भन्ने मलाई लाग्थ्यो । कहिलेकाहीं सपनामा बाउलाई देख्थें । बाउ खाटमा, म बाउका काखमा । ब्यूँझेपछि मलाई त्यसैत्यसै रून मन लाग्थ्यो ।"

"यो त भयो तपाईंको दुखिया बालककालको कुरो । तपाईं आखुआउमा कसरी आइपुग्नु भो, त्यो कुरा सुनम् न ।"

"आमाले मलाई खूपै दुःख गरेर पढाउनु भो । पढ्नु पर्ने बेलामा पढ्न पाइनँ, आइ. ए. मा म गुल्टें । दुष्टहरूले मलाई गुल्ट्याए, भनम्न । अनि आमा पनि खस्नु भो । यत्रो दुनियाँमा मेरो आफ्नो भन्नु कोही

**"श्यामसुन्दरजी, त्यस्तो शान र मान, गोपिनीहरूको त्यो रमितालाग्दो जङ्गल, त्यो सोमरस, नीलो आकाशमुनिको त्यो पहारिलो हगनगौंडी_ इन्द्र भगवानको दरबारको जस्तो त्यो स्वर्गबाट सिमरिङ गाउँको यो नर्कमा तपाईं कसरी खस्नु भो ?"**



रहेन । मामाघर मलाई नर्कजस्तो लाग्यो । मामा-माइजु भन्न थाले – 'भान्जा, हामीले तिम्रो गु-मुत स्याहार्‍यौं, तिमीलाई पखेटा लाइदियौं । आफूले खाई-नखाई तिमीलाई ख्वायौं, पढायौं । अब हामीलाई हेर्ने पालो तिम्रो । कतै मास्टरी खोज । यसो नून-तेल जोर्न सघाउ-पगाउ गर । भाइ-बहिनीको पढाइमा बल गर ।"

"अनन्तजी, मेरो सोधाइ तपाईंले बुझ्नु भएन ?" अनन्तको लम्बेतान गन्थनलाई ब्रेक लगाउँदै शेषकान्तले कुराको मेसो सोझ्याउन खोज्यो ।

"बुझ्या छु, दाइ ।" ओठ टोकेर आँखा झिम्झिम् पार्दै उसले भन्यो । "अनि दुई-चार सय रूपियाँ चोरेर म काठमाडौं गएँ । काठमाडौंमा गाउँका विद्यार्थी साथीहरू थिए । तिनैका डेरामा घुम्रिएर अलि दिन बसें ।"

" के सुरले काठमाडौं भाग्नु भा' थ्यो ?"

"मैले एन.जी.ओ., आइ.एन.जीको बयान सुनेको थिएँ ।"

"कस्तो बयान ?"

"तिनका अड्डामा पैसाको खोलो बग्छ । पैसै जाबो त यतै फालाफाल, उतै फालाफाल । काम नाम मात्रको, तलब छेलोखेलो । राम्रो गाडी, मिठो भोज, देश-देशावरको भ्रमण.... जता पनि मोजैमोज । उठै मोज, बसै मोज, खाई मोज, सुतै मोज ।"

शेषकान्तलाई अनन्तको कुरो चाखलाग्दो लाग्यो । मुसुमुसु हाँस्दै उसले हौस्यायो, "हजूर, हजूर ।"

"अनि मैले धुईंपत्ताल खोजेर एउटा एन.जी.ओ.को अड्डा पत्ता लगाएं । जागीर माग्नु थियो, म दिनका दिन धाउन थालें । पुतली जस्ती भर्खरकी केटी ढोका छेउमा बसेकी थिई । ऊ घरी-घरी फोनमा हेलो-हेलो गर्थी । विकासेहरू झुत्रेझाम्रेलाई खूब मायाँ गर्छन् भन्ने सुन्या थें । गयो, देख्या नदेख्यै गर्छे । कौच खाली छ, बस्न मलाई धक लाग्छ । अनि हेलोवालीसँग मैले मुख फोरें ।"

"बास्, बास् । हेलोवाली..."

"हेलोवालीसँग मैले आफ्नो बेथा बताएँ । कुरा सुनेर त्यो फुलबुट्टे त छक्क पो परी बा ! भिखारीलाई हेरेझैं गरी उसले मलाई माथिबाट तलसम्म सर्लक्क हेरी । ठीक त्यही बेला सुट-बुट जखेको काइदाको मान्छे भित्रबाट निस्क्यो । हेलावालीले अंग्रेजीमा उसँग यसो केही भनी । अनि सुटवालले मसँग के नाम, के काम भनेर सोध्यो । मैले जागीर चाहियो भनें । उसले कति पढ्या छौ भनेर सोध्यो । मैले बताएँ । अनि हेलोवालीलाई कर्के आँखाले यसोक्क हेरेर छाँटले मस्किंदै ऊ भित्र पस्यो ।"

## "म पार्टीमा छँदा यसो जलुस र सभा–गोष्ठीतिर तपाईंसँग आक्कल–झुक्कल भेट भयो होला । कुरो त्यत्ति हो । मलाई न तपाईंका, न सुखका कथा थाहा छ, न दुःखका व्यथा ।"

"आच्छा ।" शेषकान्तले ठट्टा गऱ्यो । "भाइ, हेलोवालीसँग तिम्रो प्यार-मुहब्बत त भएन ?"

श्यामसुन्दर र सीता खित्का छाडेर हाँसे । हेलोवालीको हुलिया बताइरहेको अनन्त हिस्स पऱ्यो ।

"अनन्तजी, तपाईंले मेरो सोधाइलाई त टेरपुच्छरै लाउनु भएन नि त ।

सोधेको कुरा बिर्सेझैं गरी अनन्त अल्मलियो । उसका आँखा झिमझिम् झिमझिम् गरे । ओठ टोकेर निधार चाउरी पार्दै दारीले सोधेको सवाल उसले सम्झिन बल गऱ्यो । तर उसको केही सीप लागेन ।

"दाइ, सवाल के पो थियो ?"

"सवाल आखुआउ...!"

मरूञ्जेल बल गरेर प्रश्न सम्झेपछि ऊ बल्ल उत्तर घुराउन थाल्यो । "हेलावालीको हाकिमले मलाई हेलाँ गऱ्यो । बजियालाई सराप्दै काठमाडौंमा म हल्लिन थालें – बाटो न घाटो दगुर्छ लाटो भनेजस्तो ।"

"अनि हल्लिंदै...."

"हल्लिंदा-हल्लिंदै दैव संजोगले कपिल दाइसँग भेट भो । कपिल दाइको घर र मेरो मावली एउटै ठाउँमा हो, गोर्खा जिल्लामा । 'कता भाइ ?' उनले सोधे । 'त्यत्तिकै हल्लिंदै', मैले भनें । 'के खोज्दै छौ ?' उनले सोधे । 'जागीर खोज्दैछु', मैले भनें । 'कस्तो जागीर ?' उनले सोधे । 'डलर थाप्ने जागीर', मैले भनें । उनले मलाई हात समातेर आखुआउको अड्डामा लगे । सँगै खाइयो, सँगै सुतियो । कपिल दाइले दमाई-कामी-सार्की बस्तीमा यस्तो-यस्तो काम छ, गर्न सक्छौ भनेर सोधे । 'आ.. किन नसक्नु ?', मैले भनें । 'जनै फुकाल', उनले भने । मेरो पालो जनै फुकालेर भित्ताको किलोमा झुण्ड्याएँ । 'घर जाँदा जनै लाएर जानू', उनले भने । 'हवस्', मैले भनें । अनि पूर्व उज्यालो भएदेखि रात छिपिउञ्जेलसम्मको एक महिने चर्को तालिममा मरेर जोतिएँ । अनि साझा बस चढेर श्यामसुन्दरजी र सीताजीसँगै म यता लागें ।"

अनन्तको सिल्पट-सिल्पट खालको चरित्रको छनक पाएर शेषकान्तले मनमनै तर्कना गऱ्यो, "यो मान्छे भने अजीव परेछ ।"

"भाइ, तपाईंले बेठीक ठाउँ रोज्नु भो ।" दारीको जङ्गलभित्र रमरम हाँसो खेलाउँदै शेषकान्तले आधा ठट्टा, आधा साँच्चीको काइदाले भन्यो, "तपाईंका लागि सुहाउँदिलो ठाउँ त हेलोवालीतिरै हो, भाइ । आखुआउमा फालाफाल पैसा छैन । यसले तपाईंलाई डलरको थैलो टक्र्याउँदैन । देश-देशावरको शयर गराउँदैन । तपाईंको चाख बुझेर यसो लख काट्दा भाइ, श्यामसुन्दरजीको चौधरी हाकिमको अड्डाजस्तो ठाउँ तपाईंलाई....। यसो गम्नोस्, तपाईंको चाल 'काशी जानु कुतीको बाटो' भन्यास्तो भएन र ? कुतीको बाटो समातेर हेलोवालीको डलर फल्ने अड्डातिर पुगिन्छ ?"

"खल्तीमा भ'को पैसो बुटीटाट भो, दाइ । ताक्यास्तो काम पाइएन...."

"अहिलेलाई पाएको रूखोसुखो खान थालूँ, पछिलाई हेलोवालीतिरको आसा छँदैछ भन्ने तपाईंको मनसुवा हो कि ?"

श्यामसुन्दर र सीता अनन्तका आँखा छल्दै मुखमुख गरेर हाँसे । आनन्तले छिट्छिटो नाक मुसार्दै आँखा झिमझिम् पाऱ्यो मुखको कुनो यसोक्क नचायो ।

"आखुआउमा नारिएर कस्तो ठाउँमा, कस्ता मानिससँग के काम गर्नुपर्छ भन्ने कुरा कपिल दाइले

> "कलेजमा पढ्दाताका म वाम पार्टीको झण्डामुनि उभिन पुगें । विद्यार्थी र महिला मोर्चामा ।"

बताउनु भएन ?"

"व्यापक बताउनु भा' हो ।"

"अनि तपाईंले के भन्नु भो त ?"

"मैले भनें – 'दाइ ! म एकफेर कोशिश गरिहेर्छु' ।"

"ठीक छ ।" अनन्तका तिघ्रामा धाप मार्दै शेषकान्तले सहनीको स्वरमा भन्यो । "कोशिश गर्नु राम्रो कुरा हो । दत्तचित्त भएर इमानसाथ अटुट कोशिश गरियो भने जीवनमा अप्ठेरा-अप्ठेरा काम पनि फत्ते गर्न सकिन्छ, कसो अनन्त भाइ ?"

"तो त हुँदै हो, भनम्न ।"

आइते छिनछिनमा लिस्नोबाट यसोक्क माथि मुन्टो निकाल्थ्यो, बिराले चालले बरण्डामा आउँथ्यो र लिस्नोमाथि बरण्डाका छेउको खम्बामा अडेस लागेर सास दबाएर कुरा सुन्थ्यो । अनि लुसुक्क तल झर्थ्यो । अनन्तका कुरा सुन्दा ऊ मजा मान्दै बेला-बेला बोल्नेका आँखा छल्दै मुख छोपेर हाँस्थ्यो ।

"सीता बहिनी..." अनन्तको रामकहानी र उसका बतासे सपनाको कथा सुनिसकेपछि शेषकान्त सीतातिर फर्क्यो, "तपाईं स्वास्नीमान्छे, आखुआउको भुङरालोमा तपाईं कसरी फस्नु भा' हो ?"

तेईस वसन्त पार गरेकी सीताले पछ्यौरीले मुख छोपेर अलिबेर शेषकान्तका दारी हेरी । उसको उसँग पहिले नै भेटघाट भएको थियो । मनका बात साटासाट गर्ने जोगमेसो भने त्यतिको मिलेको थिएन ।

"मेरो पुरानो कथा त दाइका लागि बिरानो नहोला ।"

"कुन कथा भन्नु भो ?"

"पार्टीमा काम गर्दाको कथा ।"

"अहँ, मलाई क्यै थाहा छैन भने पनि हुन्छ ।" हत्तपत्त मुन्टो हल्लाउँदै दारीले भन्यो । "म पार्टीमा छँदा यसो जलुस र सभा-गोष्ठीतिर तपाईंसँग आक्कल-झुक्कल भेट भयो होला । कुरो त्यत्ति हो । मलाई न तपाईंका, न सुखका कथा थाहा छ, न दुःखका व्यथा ।"

"कलेजमा पढ्दाताका म वाम पार्टीको झण्डामुनि उभिन पुगें । विद्यार्थी र महिला मोर्चामा ।"

"त्यति त मलाई थाहा छ । म पनि त एक जमानामा त्यही पार्टीमा थिएँ ।"

"पार्टीले मेरो जाँच गऱ्यो, मैले पनि आफ्नै ढङ्गले पार्टीको जाँच गरें ।"

"चाखलाग्दो कुरा ।" दारीले गम्दारी काइदाले दुई हातले दारी मुसाऱ्यो । "हजूर, उता र यताको दोहोरो जाँचाजाँच भो । अनि ?"

ठूलो दारकी, उस्तै ठूलो मोहडा भएकी सीता उपाध्याय कसैले सुनिहाल्ला कि भनेर साउती गरेझैं गरी भन्दैगई, "रूढीले गाँजेको समाज छ, त्यस समाजको दबाब र बन्धनमा जकडिएका आइमाई छन् – पार्टीलाई हलचल र घुमफिर गर्ने महिला कार्यकर्ताको सारै खाँचो थियो । मेरा आमा-बा उतिसारो साँगुरो चित्तका थिएनन् । फेरि मेरो विचार र सोभाउ देखेर यसलाई घरका किलामा बाँधी राख्न सकिन्न भन्ने कुरा आमा-बाका मनमा परिसकेको थियो । पहिले-पहिले बिरानो लोग्नेमान्छेसँग रात-साँझ हिंडेको देख्दा, राति अबेर घर फर्कदा बाले हप्काए, आमाले पिरोलो मान्दै सम्झाइन्, फकाइन् । म पेल्दै गएँ, आमा-बा थाक्दै गए । बा-आमालाई यो यस्तै हो भन्ने पऱ्यो । त्यसैले मेरा खुट्टामा बाँधिएको घरको साङ्लो खुकुलो भएको थियो । पार्टीले स्नेहका साथ कर्तव्यको झोला मतिर लम्कायो, प्रेमका साथ मैले झोला बोकें । अनि झोला बोकेर मैले फिरन्तेको भेष धारन गरे । कहिले तनहुँ, कहिले चितवन, कहिले जनकपुर, कहिले कता । अनि घुम्दै-फिर्दै फेरि काठमाडौं । मलाई जता जाँदा पनि, जतिखेर पनि चारैतिरबाट राछ्छेसका डरलाग्दा आँखाले आफूलाई हेरेजस्तो, पिछा गरेजस्तो, लखेटेजस्तो लाग्थ्यो । जातका आँखा, धर्मका आँखा, रीतिरिवाज र परम्पराका आँखा, मुखिया पल्टेका लोग्नेमान्छेका आँखा र यी सब आँखाको रख्खे गर्न र मलाई कुल्चिन तम्सेजस्ता पुलिसका आँखा । मनको एक खण्डमा उत्साह र आन्दका तरङ्गहरू खेलिरहन्थे । अभागी आइमाईहरूका खुट्टा र मनलाई कजाउने साङ्ला तोड्न म हिंडेकी छु । झोलामा साङ्ला तोड्ने हतियार छ – चेतनाको हतियार । गाढा निन्द्रामा लट्ठिरहेकाहरूलाई झकझकयाउने, चलमल गर्न लागेकालाई ब्यूँझाउने, ब्यूँझेकालाई उठाउने, उठेकालाई हिंडाउने, हिंड्न थालेकालाई एकगठ भएर आवाज र मुक्का उठाउन हौस्याउने हतियार । असमानता र अन्यायका किल्लामाथि धावा बोल्ने हतियार ।"

"राम्रो हतियार !" दारीले स्याबास् भनेझैं गरी ओठ चलायो । "हतियार धारिलो, काइदाले सान लाएको र अचुक हुँदोहो, कसो बहिनी ?"

"दाजु, हतियारको आफ्नै कथा छ ।"

"कथा सुनम् ।"

"शुरू-शुरूका एकाध वर्ष मेरा खुट्टा फुर्तिला थिए । मन चङ्गा थियो ।

चङ्गा मनमा अचम्मको उमङ्ग थियो । पार्टीको र आफ्नो विवेक र आँटले जीवनको साँगुरो पिन्जरा तोडेर फराकिलो आकाशमा उडेकी चरी – म फुरूङ्ग परेकी थिएँ, सन्तुष्ट थिएँ । खुकुरीको धार टेक्दै म हिंडिरहेकी छु । मेरो पछिपछि मेरा पैतालाका रगतका पाइला बसिरहेका होलान् । म ढुक्क छु । तर तीन-चार वर्ष हिंडेपछि अलि थकाइ लागेजस्तो भो । थकाइ मेट्न बाटामा बसें र पछाडि फर्केर हेरें । मेरी आमै ! म त झसङ्ग भएँ । म माथि छङ्गाछुर छाँगाबाट तल काली दहमा खसें ।" ।

"खसाइ चर्को भो ।" दारीले थोरै ठट्याइलो र धेरै गम्दारी स्वरमा टिप्पणी गऱ्यो । "तपाई अझै जिउँदै हुनुहुन्छ के रे । यो खुशीको कुरा हो । अनि काली दहमा खसेपछि ...."

"भ्रमको डरलाग्दो तन्द्राबाट म एकाएक ब्यूँझे, दाइ ।"

"बहिनी, के थियो त्यो भ्रम ?"

"हिंडेर आएको बाटोमा पाइला छँदै थिएनन् । पाइलाको हो, हो कि जस्तो लछछिन पनि कतै थिएन ।"

"ठूलो दुर्भाग्य भएछ !"

"त्यसै भने पनि हुन्छ, दाइ ।"

"बाटामा बसे भन्ठानिएका पाइलाका छाप किन बसेनन् होला त बहिनी ?"

"मेरो कथा 'हिंड्दै छ, पाइला मेट्दै छ' जस्तो भयो, दाजु ।"

"मान्छेको जिन्दगीका कथाहरूमध्ये सबभन्दा दुखलाग्दो कथा हो यो – हिंड्दै छ, पाइला मेट्दै छ । लट्टे जोगीको चाल ।"

"हो, चाल झण्डैझण्डै त्यस्तै भो ।"

"हजुर ।"

"पार्टी उही हो । त्यसमा मैलेभन्दा कति-कति धेरै समय दाइले काम गर्नुभयो होला । दाइका अगाडि यी झिना-मसिना अनुभवको कथा कहनु सूर्जेका सामु बत्ती देखाउनु जस्तो होला ।"

"हरेक मान्छेको जिन्दगी आ-आफ्नै ढङ्गको हुन्छ, बहिनी । अनुभव पनि आ-आफ्नै हुन्छन् । बेग्ला-बेग्लै । त्यसो नहुँदो हो त बेग्लाबेग्लै मान्छेका जिन्दगीको छुट्टो अर्थ के ? अर्काको जस्तो सापटी र बासी जीवन जिउनुको अर्थ के ?"

यहाँनेर सीता उपाध्यायले पछ्यौरीले मुख छोपेर शून्य आकाशतिर हेर्दै रित्तो सुस्केरा हाली । सके उसका आँखा त्यो शून्यमा आफूले हिंडेर आएको बाटोमा आफ्ना पाइला खोज्न व्याकुल भएका थिए ।

"हजूर, अगाडि सुनम् ।"

> *चन्दा चाहियो, चन्दा उठाऊ । जुलुस निकाल्नु पऱ्यो, जुलुस निकाल । धर्ना दिनु पऱ्यो, धर्ना देऊ । खटन बमोजिम खुरूखुरू गर्नेहरू कहिल्यै चुँसम्म बोल्दैनन्, न खटन मान्नुअघि, न खटन मानिसकेपछि ।*

"मलाई आफू झोला बोकेर कुदेको कुद्यै गर्ने हल्कारा मात्र भएँछु भन्ने लाग्यो ।"

"कसरी नि बहिनी ?"

"हल्कारा कुममा पुलिन्दा भुण्ड्याउँछ । पुलिन्दामा के छ उसलाई अत्तोपत्तो हुँदैन । के छ भनेर सोधखोज गर्ने हक उसलाई छैन । चिट्ठी लेख्ने अर्कै हुन्छ, पुलिन्दामा लाहाछाप ठोक्ने अर्कै हुन्छ, पुलिन्दा बुझ्ने अर्कै हुन्छ, खाम च्यातेर चिट्ठी पढ्ने अर्कै हुन्छ । के, कसो, किन भन्ने हक हलकारालाई छैन । उसको भागमा त कर्तव्य मात्र पऱ्या छ । कर्तव्य, कर्तव्य र फेरि कर्तव्य । म हो, त्यस्तै हल्कारा मात्र भएँछु । झोलामा सर्कुलर, दस्ताबेज, पर्चा, पोस्टर, चन्दा प्याड आदि इत्यादि भन्ने लिखत बोक । गैंडाको काइदाले कुदै गएर पुऱ्याऊ, भनेको ठाउँमा लिखत पुऱ्याऊ । रित्तो झोला लिएर लुखुर-लुखुर फर्क । फेरि झोला भर, फेरि पुऱ्याऊ । फेरि फर्क, अनि फेरि, फेरि र फेरिको कहिल्यै नटुङ्गिने फेरो मार ।"

"यो फेरि, फेरि र फेरिको फेरोको कुरो मैले बुझिनँ, बहिनी । बुझिने गरी फेरि एकफेर भन्नसक्नु हुन्छ ?"

सीता उपाध्याय बोलिन । उसका कन्चटका नशा टनक-टनक टन्किरहेका थिए । छातीमा हेमानको जाँतोले थिचेझैं उसको निधार खुम्चेर डल्लो परेको थियो । र, नजानिदो गरी उसको सास बढिरहेको थियो । उसले अनन्तलाई हेरी, ऊ आँखा झिम्झिम् पार्दै कागले छेरेका जस्ता अक्षरमा छिट्छिटो केही लेखिरहेको थियो । ऊ एकदम ब्यस्त र अस्तव्यस्त थियो । विकासे तालिममा भाग लिएपछि उसले जे पनि लेख्नुपर्छ, खूब लेख्नुपर्छ, जति लेख्यो उति बुद्धिमान भइन्छ भन्ने चेत पाएको थियो । श्यामसुन्दर हत्केलामा च्यूँडो टेकाएर एक चित्तले कुरा सुनिरहेको थियो । सीताले पुलुक्क हेर्दा उसका आँखा छलन खोज्दै आइतेले तल कालीगण्डकीतिर आँखा हुत्यायो ।

"बहिनी, पुलिन्दाका ती लिखतहरू कहाँ लगेर के गरिन्थे ?"

"कमिटीमा लगिन्थे, तल सेल कमिटीमा । के, किन, कसरी भनेर लिखतका बेहोरा र अरन-खटनबारे कसैले कहिल्यै फिटिक्क सवाल उठाउँदैन । पुलिन्दामा पर्चा आउँछन्, सर्कुलरमा अराए बमोजिम भनेको बेला, भनेको ठाउँमा पर्चा छऱ्यो, काम तमाम भो । पुलिन्दामा पोस्टर आउँछन्, सर्कुलरमा अराए बमोजिम भनेको बेला, भनेको ठाउँमा पोस्टर टाँस्यो, काम फत्ते भो । सर्कुलरमा सेल कमिटी गठन गर्ने खटन हुन्छ, दुई-चारजना जन बटुल्यो, कमिटी गठन गऱ्यो, काम सकियो । चन्दा चाहियो, चन्दा उठाऊ । जुलुस निकाल्नु पऱ्यो, जुलुस निकाल । धर्ना दिनु पऱ्यो, धर्ना देऊ । खटन बमोजिम खुरूखुरू गर्नेहरू कहिल्यै चुँसम्म बोल्दैनन्, न खटन मान्नुअघि, न खटन मानिसकेपछि । कुन काम कुन उद्देश्यले किन गरिएको हो ? गरिसकेपछि पछाडि फर्केर हेर्ने, केलाउने, गम खाने चलन छैन । के गर्न खोजिया थ्यो, के गरियो, फल के पाइयो, कुनै लेखो छैन । हल्कारा झोला बोकेर लुरूलुरू आउँछ, गर्नु भनेको काम चुपचापसँग खुरूखुरू गर्छ, माम्लो खत्तम । गर्दै-भन्दै र जानी-नजानी गम्दै जाँदा मलाई बूढा लेखनाथ पौड्यालको 'चङ्गा' भन्ने कविताको भ्याट्ट सम्झना भयो । हावामा कावा खाँदै र हुरीमा हुर्रिंदै चङ्गा उड्दो छ । हातमा लट्टाई घुमाउँदै धागो छाड्ने र खिच्ने मान्छेबारे ऊ पूरापूरा बेखबर छ । किन उडेको छु ? उसलाई चेत छैन । धागो चुँडिएर कुन बेला अनन्त शून्यमा बिलाउने हुँ ? उसलाई बिल्कुल अत्तोपत्तो छैन ।"

"मुटु झस्किने कुरा सुनाउनु भो, बाहिनी ।"

"पछि-पछि त दाजु, खुट्टा थाक्दै गए, मन भरङ्ग हुन थाल्यो । यसो आफैतिर फर्केर नियाल्न खोज्छु, आफूलाई मैनको पुतली जस्ती देख्छु, सुद्धि-बुद्धि क्यै नभ'को मैनको पुतली – सधैं चुपचाप ! पुतली नचाउने हात पर्दा पछाडि छ । औंला चल्दा छन्, हल्कारा कुद्दोछ । म वाक्क-ब्याक्क र दिक्क भएँ ।" सीताको अनुहारमा वाक्क-ब्याक्क र दिक्क भएको भावनाको कालो बादल लाग्यो । उसको चाल हेर्दा आफ्नै बोलीको करौंतीले आफ्नै चित्त चिराचिरा पारिरहेको पो हो कि भन्ने लाग्थ्यो ।

"कथाभित्रको व्यथा सकियो, बहिनी ?"

"दाइ, भनिसक्नै गारो भो ।"

"मनको अमिलो पोख्दा मन तैबिसेक हलुङ्गो हुन्छ, बहिनी । भन्नोस्, भन्दै जानोस् । दुखियाको दुःखको कथा सुन्दा सुन्ने दुखियाको चित्त पनि तैबिसेक हलुङ्गो हुन्छ ।"

"भनिहालें नि दाइ, त्यसपछि मेरो जाँगर मरेर आयो । चटक्क छाडेर हिंडूँ, दुनियाँछेउ आफूले केही बाचा-कबोल गरिया छ । नहिंडूँ, निसासलाग्दो अँध्यारो सुरूङ्मा एक्लै, चुपचाप कतै नपुग्ने गरी हिंडिरहेकी कि पो छु कि भन्ने लाग्छ । पार्टीको झण्डामाथि मान्छे जातिले आजसम्म अर्जेका अनुभव र ज्ञानजति जम्मै मथेर, केलाएर, चालेर, बुनेर रचेको सबभन्दा जिउँदो, सबभन्दा पत्यारिलो सिद्धान्त छ । अरूको मात्र होइन आफ्नो समेत बुद्धि र चरित्रलाई कमसलबाट असलमा फेर्न तिनको चिरफार गर्ने चनाखा आँखा र दरो हुती भएको सिद्धान्त छ । सिद्धान्तले भन्छ – ए गुलाम हनुमान ! तँ ओठ खोल् र जानी-नजानी बोल् । गलत विचारको तरबारको भुत्ते धारमा सही विचारको तरबारको लाग्ने धार बजार्दै नयाँ विचारका झिल्का निकाल् । झिल्काको उज्यालो हेर्दै तँ अगाडि पाइला चाल् । दासबाट मान्छेमा फेरिने रहर भए तँ वाद-विवाद गर्दै संवादको लहरो समात् । तँलाई बाँदा बनाउने रामको सिङ्गासन हल्लिने गरी लहरो हल्ला । तर व्यवहार भने सपाट छ, भेलले बगरमा हुत्याएको मूढो जस्तो । केही नयाँ कुरा सुनूँ, केही नयाँ कुरा भनूँ, केही तर्क गरूँ, केही बितर्क गरूँ, उज्यालो कल्पनाको सागरमा पौडी खेल्दै केही नयाँ कुरा रचूँ – यो त दासबाट मान्छेमा फेरिन खोज्ने जीवको स्वाभाविक रहर हो नि । अहँ, कतै केही चालचोल, आबाचाबा, तरक-मरक केही छैन । नयाँ खबर र ज्ञान-गुनको खोजी गर्ने, नयाँ पुस्तक पढ्ने, पढेका कुरा अरूलाई सुनाउने, अरूका आफूले सुन्ने छाँट-छन्द,

> *दासबाट मान्छेमा फेरिने रहर भए तँ वाद-विवाद गर्दै संवादको लहरो समात् । तँलाई बाँदा बनाउने रामको सिङ्गासन हल्लिने गरी लहरो हल्ला । तर....*

मेलोमेसो, चिन्ता-सुर्ता कतै केही छैन । लिखत पढ्यो, तिनमा गाँठा परेका शब्दमा, तीन हातका वाक्यमा सिद्धान्तका ठूला कुरा हुन्छन् । ती ठूला कुरा दिनदिनैको जिन्दगीका दुःख र सुख, तिर्सना र सपना, आशा र आकांक्षासँग कहीं कतै गाँसिएका पाइँदैनन् । सिद्धान्त सात डाँडापारि छ, जिन्दगी सात डाँडावारि । उताको सिद्धान्तलाई यता तानेर र यताको जिन्दगीलाई उता ठेलेर तिनलाई जोड्ने जुक्ती र बुद्धि कतै देख्नु छैन । अनि 'थुक्क मेरो बुद्धि' भन्दै निधारमा धारे हात बजाऱ्यो, पुलिन्दा बोकेर कुद्यो । कुद्दा-कुद्दै आजीत भएर थाक्यो अनि बसेर कन्ना पछाडि माथिकाका कुरा काट्न थाल्यो । हाक्काहाक्की कुरा गरूँ, हल्कारालाई हक छैन । कि केही गरूँला, कि यसै मरूँला भनेर आँट गर्दै माथि बसेकाका आँखामा सोझै हेरेर तर्क-वितर्क गरूँ, आफूसँग पुग्दो हिक्मत छैन । हिक्मत भए नै पनि आफूलाई सिद्धान्तका गाँठा परेका शब्द र बटारिएका वाक्य आउँदैनन् । यसरी दाजु, आफ्नै नालायकपना देखेर म लाज्जित भएँ, मैले हार खाएँ ।"

"सारैविधि मन छुने कुरा गर्नु भो, बहिनी । अनि ?"

"जीवनको रीत सम्झेर ल्याउँदा अचम्म लाग्छ, दाइ !" बडेमाको अनुहारका बडा-बडा आँखाले कालीगण्डकीको नीलो प्रवाह हेर्दै अलिबेर अडेर ऊ भन्दै गई, "हो, आफ्नै जिन्दगी सम्झेर ल्याउँदा आफैलाई अचम्म लाग्छ । निसासलाग्दो सुनसान सुरूङमा अड्केको त्यो जिन्दगीमा त्यहाँबाट फुत्किन र चिच्याउन मन नलाग्ने केही मुहुनीदार कुरा पनि थिए ।"

मुहुनी भनेको सुन्दा अनन्तले झटपट ठाडा कान लगायो र त्यस अजङ्गकी आइमाईका तीखा, चम्किला आँखामा लोभी आँखा गाड्यो । अनि हरेस खाएझैं गरी उत्तिखेरै उसले पाडाको जत्रो सास फेऱ्यो । ❑


युवा साहित्यकार
इश्मालीद्वारा लिखित
नयाँ उपन्यास
जिरो
माइल
आगामी अंकदेखि
मूल्यांकनमा धारावाहिक
रूपमा प्रकाशित हुँदैछ ।
प्रतिक्षा गर्नुहोला ।






# कोरियामा रायन पुरस्कृत

संगीतकार गीतकार तथा गायक रायनले हालै नेपालको इतिहासमा पहिलो पटक अन्तर्राष्ट्रिय कला महोत्सवमा भाग लिई आफ्नो कला प्रस्तुत गरेर अन्तर्राष्ट्रिय पुरस्कार "CREATION AWARD" प्राप्त गर्न सफल हुनु भएको छ ।

जनगणतन्त्र कोरियाको राजधानी प्योङ्गयाङ्गमा हरेक वर्षको अप्रिल महिनामा अन्तर्राष्ट्रिय मैत्रिकला महोत्सव (ब्एच्क्षी कएच्क्ष्ल्न च्क्षभ्ल्म्कज्क्षए भ्क्त्क्ष्ख्वि) धुमधामसंग मनाईदै आएको छ । प्रजग कोरियाका स्वर्गीय राष्ट्रपति किम इल सुँगको १५ अप्रिलमा पर्ने जन्मोत्सवको अवसरमा संसारका विभिन्न मुलुकबाट कला तथा साँस्कृतिक कर्मीहरू भेला भएर आ-आफ्नो देशको कला प्रदर्शन र कलाकारहरू बीच एक-आपसमा मैत्रीपूर्ण सम्बन्ध गाँस्ने र विचारहरूको आदान-प्रदान गर्ने थलोको रूपमा यो महोत्सव त्यहाँ चर्चित रहेको छ ।

यही १९९९ को अप्रिल ९ देखि १९ सम्म ( २०५५ चैत्र २६ देखि २०५६ वैशाख ६ गतेसम्म) उत्तर कोरियाको राजधानी प्योङ्गयाङ्गमा आयोजित १७ रौं (सत्रौं) अन्तर्राष्ट्रिय कला महोत्सबमा प्रजातान्त्रिक-जनगणतन्त्र कोरिया सरकारको निमन्त्रणमा नेपालको तर्फबाट प्रशिद्ध प्रगतिशील संगीतकार, गीतकार तथा गायक रायन र प्रशिद्ध "सिम्मा" गीतिनाटकका नायिका रश्मी श्रेष्ठ सम्मिलित दुई सदस्यीय कलाकार प्रतिनिधि मण्डलले भाग लिएको थियो । विश्वका करिब ८० मुलुकका साँस्कृतिक प्रतिनिधि मण्डलले भाग लिएको उक्त महोत्सबमा कलाका विभिन्न विधाहरूको प्रतिनिधित्व गर्दै संगीतकार, गायक, निर्देशक, रंगमच कलाकार, वाद्यवादक, सर्कस टोली आदि गरी करिब १००० जना भन्दा बढी कलाकर्मीहरूले भाग लिएर आफ्नो कला प्रस्तुत गरेका थिए । उक्त कला महोत्सबमा हरेक विधाको एकल प्रस्तुतिदेखि समूहगत प्रस्तुतिलाई विचार गरी पुरस्कृत गर्ने कार्य भएको थियो । उक्त कला महोत्सबमा कतिपय मुलुकबाट कलाकारहरूको प्रतिनिधि मण्डलको नेतृत्व सरकारका उच्चपदस्थ व्यक्तिहरूबाट भएको थियो । यसको साथै राजनैतिक पार्टीका नेता, पार्टीका महासचिवहरूले पनि भाग लिनु भएको थियो ।

उक्त कला महोत्सबमा भाग लिन यही १९९९ को ९ अप्रिलमा सबै देशका कलाकार प्रतिनिधि मण्डलहरू प्र.ज.ग. कोरियाका राजधानी प्योङ्गयाङ्गमा पुगेका थिए । १० अप्रिलका दिन सडकको बीचभागमा बनेको मुक्तिको ढोका (Arch of Triumph) बाट लाखौं कोरियाली जनताको बीचबाट संसार भरबाट जम्मा भएका कलाकारहरू प्लेकार्ड, तुल, फूलको गुच्छा लिएर प्रदर्शन गर्दै, नाँच्दै खुशी प्रकट गर्दै शहरको विभिन्न स्थान हुँदै April 25 House of Culture नामको हलमा पुगेका थिए । उक्त हलमा कलाकारहरूको स्वागत गर्दै कला महोत्सबको झण्डोत्तोलन भएको थियो । विभिन्न देशको प्रतिनिधि मण्डलका नेता तथा कलाकारबाट शुभकामना व्यक्त गरी कला महोत्सव शुरू भएको थियो । ११ अप्रिल देखि १७ अप्रिल सम्म लगातार विभिन्न ८ वटा अत्याधुनिक ठूलाहलमा कला प्रस्तुति भई १८ अप्रिलमा पुरस्कार वितरण तथा समापन समारोह सम्पन्न भएको थियो ।

उक्त कला महोत्सबमा नेपालका साँस्कृतिक टोलीको नेतृत्व गर्नु भएका वरीष्ठ प्रगतिशील संगीतकार, गीतकार तथा गायक रायनले प्रस्तुत गर्नु भएको गीत तथा संगीत रचनालाई सो पुरस्कारद्वारा सम्मानित गरिएको हो ।

स्मरणीय छ, काठमाडौंमा मासिक रूपमा सञ्चालन भइरहेको 'साहित्य सन्ध्या'ले पनि रायनलाई गत वर्ष २०५५ को निम्ति 'साहित्य सन्ध्या' पुरस्कार हालै प्रदान गरेको थियो । ❑


तपाईले पढ्नुभयो ?
*नारायण ढकाल* को
नयाँ किताब
शोकमग्न यात्रीहरू
संस्मरणहरूको संग्रह भर्खरै
प्रकाशित भएको छ ।



# जर्मनी र अमेरिकाका भाडाका सिपाहीहरू

## कोसोभो लिवरेशन आर्मी (KLA)

**कोसोभो!** कोसोभो बिदेशीहरूको यातना र आततायीहरूको पीडा सहेर बाँचिरहेको छ, हिजो पनि, आज पनि !

१८७०मा अटोमन साम्राज्यको आक्रमणको शिकार भएको कोसोभो आज अमेरिकी र जर्मन साम्राज्यवादको लुछाचुँडीबीच फँसिरहेको छ । बीसौं शताब्दीमा अस्ट्रो-हंगेरियन साम्राज्यको उत्पीडनदेखि मुसोलिनीको इटालीका फासिवादीहरू र हिटलरको जर्मनीका नाजीवादीहरूको बर्बर शासनबीच पिल्सिएको कोसोभो एक्काईसौं शताब्दीको शुरूवाततिर आएर अमेरिकी साम्राज्यवादको नेतृत्वमा रहेको NATO सैनिक गठबन्धनको हवाई आक्रमणले गर्दा रगताम्य भइरहेको छ ।

हामी धेरेजसोलाई अमेरिकी साम्राज्यवादको नेतृत्वमा रहेको नेटोले कोसोभो र सिंगों युगोस्लाभियामाथि गरिरहेको बर्बर आक्रमणका बारेमा केही थाहा होला, तर अमेरिकी र जर्मन साम्राज्यवादले कोसोभो प्रान्तभित्र कोसोभो लिवरेशन आर्मी (KLA)नामक छापामार संगठन मार्फत चलाइरहेको 'कम घनीभूत युद्ध' को बारेमा कम मात्रै थाहा होला । हो, अहिले कोसोभोले एकातिर अमेरिकी र जर्मन साम्राज्यवादको अगुवाइमा भइरहेको नेटोको हवाई आक्रमणको पीडा भोलिरहेको छ भने अर्कोतिर यसले कोसोभो लिवरेशन आर्मी ( KLA) नामक भाडाका सिपाहीहरूले चलाइरहेको गृहयुद्धको बलात्कारको दुःख पनि भोगिरहेको छ ।

अमेरिकी र जर्मन साम्राज्यवादले सोभियत संघ र चेकोस्लोभाकियालाई छ्यान्नब्यान्न पारिसकेपछि युगोस्लाभियालाई पनि क्रोएशिया, स्लोभेनिया, मेशेडोनिया, बोस्निया-हर्जगोभिना, सर्बिया-मोन्टेनिग्रो जस्ता राज्यहरूमा बिभाजित गरिसकेका छन् । युगोस्लाभियाको नाउँमा एकीकृत भएका सर्बिया र मोन्टेनिग्रोमध्ये सर्बियाको एउटा प्रान्तको रूपमा रहेको कोसोभोलाई पनि टुक्र्याउन ती दुवै साम्राज्य-वादीहरूले वर्षौंवर्ष अगाडिदेखि गृहकार्य गर्दै गोप्य जासूसी अपरेशन संचालन गर्दै आइरहेको रहस्यो-द्घाटन हालै भएको छ ।

युगोस्लाभियाको बिभाजनका लागि जर्मन र अमेरिकी साम्राज्यवादले चलाएको गोप्य जासूसी अभियानलाई **Operation Roots** नामाकरण गरिएको थियो ।

### अपरेशन रूट्सको रहस्य

जर्मनीकै पार्टी अफ डेमेक्रेटिक सोसलिज्म (PDS) नामक संसदीय पार्टीका प्रेस-प्रवक्ता जोर्गेन रीन्ट्सले गत चैत्र २५ गते जर्मन सरकारको अत्यन्त विश्वसनीय रिपोर्ट सार्वजनिक गरी जर्मनी अमेरिकी साम्राज्यवादको कोसोभोसम्बन्धी गोप्य नीतिको भण्डाफोर गरेका छन् । युगोस्लाभियाबिरूद्ध नेटोको बर्बर आक्रमणको विरोध गर्दै आइरहेको PDS पार्टीका प्रेस-प्रवक्ता जोर्गेन रीन्ट्सले सो गोप्य रिपोर्ट जर्मन सरकारको अत्यन्त उच्च पदमा रहेका गुप्तचर अधिकारीबाट एकजना क्याथोलिक पादरीमार्फत प्राप्त गरेका थिए । उक्त क्याथोलिक पादरीले गुप्तचर अधिकारीको परिचयलाई गोप्य राख्दै त्यस गोप्य रिपोर्टको अधिकारिकताको जाँच गरिसकेपछि जोर्गेन रीन्ट्सलाई दिएका थिए ।

सो रिपोर्ट अनुसार युगोस्लाभियाको बिभाजनका लागि जर्मन र अमेरिकी साम्राज्यवादले चलाएको गोप्य जासूसी अभियानलाई Operation Roots नामाकरण गरिएको थियो । अमेरिकी सरकारको खुँखार जासूसी संगठन सी.आई. ए. को अगुवाईमा भएको सो गोप्य जासूसी अपरेशन जर्मन जासूसी संस्था र सी. आई. ए. को संयुक्त अपरेशन हो । युगोस्लाभियालाई टुक्रा-टुक्रामा बिभाजित गरेर आफ्नो नव उपनिवेश कायम गर्नका लागि अमेरिकी र जर्मन जासूसी संगठनहरूले राष्ट्रपति बिल क्लिन्टनको प्रथम सत्तारोहणको समयदेखि अपरेशन शुरू गरेका थिए ।

'अपरेशन रूट' सम्बन्धी गोप्य रिपोर्टमा युगोस्लाभियालाई एउटा स्वतन्त्र राष्ट्रको रूपमा अस्तित्वमै

## न्यूयोर्क टाइम्स्, CNN, MS / NBC, CBS र ABC जस्ता विशाल अमेरिकी संचार माध्यमहरूले नेटोको आक्रमण र KLA को कारवाहीको समर्थनमा प्रचारवाजी गर्ने क्रममा आँखा चिम्लनुको पछाडिको रहस्य के हो ?

नरहने गरी ध्वस्त गर्ने कार्यलाई ती दुवै साम्राज्यवादीहरूद्वारा आफ्नो अपरेशनको अन्तिम उद्देश्यको रूपमा उल्लेख गरिएको छ । रिपोर्टमा भनिएको छ- 'अपरेशन रूटको उद्देश्य हो- कोसोभोलाई अलग्ग राज्य बनाउनु र अल्वानियालाई एउटा भूभागका रूपमा विकसित गर्नु, मोन्टेनिग्रोलाई अलग्ग राज्य बनाउनु, ता कि भूमध्य सागरसम्मको बाटो पहुँचयोग्य होस्, भोज्भोदिनालाई अलग्ग राज्य बनाउनु, ता कि युगोस्लाभियाको अधिकांश खाद्यान्नको उत्पादन ठप्प होस् । यी सबै कार्यबाट युगोस्लाभियाको सर्वनाश हुनेछ र त्यसको एउटा स्वतन्त्र राष्ट्र हुनुको अस्तित्व समेत मेटिनेछ ।'

गोप्य रिपोर्टमा कोसोभोको मुक्तिकालागि लडिरहेको दावी गर्ने कोसोभो लिवरेशन आर्मी (KLA) लाई सीआइ को मानसपुत्रको रूपमा उल्लेख गरिएको छ ।

### KLA का जन्मदाता साम्राज्यवादीहरू

अमेरिकाको 'वर्कस वर्ल्ड' पार्टी नामक बामपन्थी पार्टीको पाक्षिक मुखपत्र 'वर्कस वर्ल्ड' ले गत वर्षको चैत्र महिनामै गेरी विल्सनको Washington's designs on Kosovo नामक खोजपूर्ण रिपोर्ताज प्रकाशित गरेर सीआईले कोसोभो लिवरेशन आर्मी (KLA) को सक्कली अनुहार उदाङ्ग्याइसकेको थियो । त्यसमा तथाकथित लिवरेशन आर्मीलाई जर्मन र अमेरिकी साम्राज्यवादीले जन्माएको, हुर्काएको, पैसा र हतियार दिएर भाडाका सिपाहीका रूपमा लड्न पठाएको रहस्योद्घाटन गरिएको थियो ।

वर्कर्स वर्ल्ड पत्रिकाको रिपोर्ताज अनुसार, KLA

## आँखीझ्याल

दुइवटा समूहमा विभाजित छ । एउटा हो- जर्मन साम्राज्यवादसमर्थक (*यस सम्बन्धी बिस्तृत रिपोर्ट अर्को अंकमा दिइनेछ ।)* अर्को हो-अमेरिकी साम्राज्यवाद समर्थक ।

अमेरिकी साम्राज्यवाद समर्थक KLA को एउटा हेडक्वाटर जेनेभा शहरमा छ । त्यस समूहले आफूलाई 'गभर्मेन्ट अफ कोसोभो' भनी परिचय दिने गर्छ । २६ मे, १९९८ को वाशिङ्गटन पोष्टका अनुसार KLA को यो समूहलाई अमेरिकी गुप्तचर संस्था -सी.आई.ए. ले भरपुर रूपले आर्थिक सहयोग गरिरहेको छ ।

वर्कर्स वर्ल्ड पत्रिकाका अनुसार, कहीं कतै अस्तित्वमा नरहेको 'गभर्मेन्ट अफ कोसोभो'ले अमेरिकाको राजधानी वाशिङ्गटनमा आफ्नो कार्यालय स्थापना गरिराखेको छ । यसले आधिकरिक रूपमा जनसम्पर्क गर्ने सम्पूर्ण जिम्मा रडर-फिन (Ruder-Finn) नामक कुख्यात अमेरिकी कम्पनीलाई दिएको छ । अमेरिकालाई आफ्नो मूल आधार मान्ने यो कम्पनीले सी: आई.ए. को प्रचार यन्त्रको रूपमा लामो समय अगाडिदेखि काम गर्दै आइरहेको छ । युगोस्लाभियालाई टुक्रा-टुक्रा पार्नका लागि अमेरिकी र जर्मन साम्राज्यवादीहरूले चलाएको दुस्प्रचारको अभियानमा यो कम्पनी अग्रपंक्तिमा क्रियाशील रहँदै आएको छ । साम्राज्यवादीहरूले निर्माण गर्न लागिरहेको ' रिपब्लिक अफ कोसोभो' नामक भूमिगत सरकारको एजेण्टका रूपमा क्रियाशील यस कम्पनीलाई तथाकथित 'कोसोभो सरकारको जासूसी कम्पनी नं. ४३१५' को नाम दिएको छ ।

### झूठो प्रचारवाजीभित्रको गोप्य कुरा

झूठो प्रचारवाजी गर्नका लागि कुख्यात यस कम्पनीले कोसोभो बारे साम्राज्यवादीहरूको स्वार्थ अनुकुलका समाचारहरू उत्पादन र बितरण गर्ने कार्य गरिरहेको छ । यस कम्पनीद्वारा उत्पादित समाचारहरू नै पूँजीवादी अखवारहरूले आँखा चिम्लेर प्रचार-प्रसार गरिरहेका छन् । न्यूयोर्क टाइम्स्, MS / NBC, CBS, CNN र ABC जस्ता विशाल अमेरिकी संचार माध्यमहरूले नेटोको आक्रमण र KLA को कारवाहीको समर्थनमा प्रचारवाजी गर्ने क्रममा आँखा चिम्लनुको पछाडि पनि रहस्य लुकिरहेको देखिन्छ । त्यो रहस्य हो- ती संचार माध्यामहरूमाथिको नियन्त्रण तिनका मालिकहरूको हातमा छ । जस्तो, नेटोका जेट फाइटरहरूलाई इन्जिन सप्लाई गर्ने जनरल इलेक्ट्रिक (GE) नामक अमेरिकाको सबैभन्दा ठूलो हात-हतियार निर्माण बहुराष्ट्रिय कम्पनीको हातमा NBC नामक विशाल संचार माध्यम छ र MS/ NBC को आधीजसो स्वामित्व पनि त्यसकै हातमा छ । अमेरिकी शासनलाई पर्दा पछाडिबाट चलाउने जनरल इलेक्ट्रिक जस्ता बहुराष्ट्रिय कम्पनीहरूले नेटोको आक्रमणको समाचार र विश्लेषण पनि आफ्नो

## *कोसोभोमा सम्राज्यवादीहरूद्वारा KLA का छापामारहरूमार्फत् चलाइएको 'कम घनीभूत युद्ध'को रहस्यमय कथा*



*अमेरिकी विदेशमन्त्री मेडलीन् अल्ब्राइट, जसले यो युद्ध सञ्चालन गरिरहेकी छिन्*

ब्यापारिक स्वार्थ अनुकुल प्रचार गर्ने कुराप्रति सबै ब्यक्ति चनाखो हुनु जरूरी छ । यस्ता बहुराष्ट्रिय कम्पनीहरूको नाफाको स्वार्थ अनुकुल नियन्त्रित, उत्पादित, सेन्सर गरिएका समाचार, लेख एवं रिपोर्ट नै संसारभरिका रेडियो, टि.भि., र अखवार मार्फत प्रचारित भइरहेका छन् ।

### अमेरिकी सिनेटर KLA का प्रवक्ता

अमेरिकामा कोसोभो समस्याका बारेमा यस्ता समाचारहरूको अर्को प्रमुख स्रोत हो- 'कोसोभो गभर्मेन्ट इन-एक्जाइल' को तलब खाने कर्मचारीको रूपमा रहेका भूतपूर्व रिपब्लिकन सिनेटर रबर्ट डोल ! रिपब्लिकन पार्टीबाट राष्ट्रपतिका उम्मेदवार समेत बनिसकेका रबर्ट डोल अचेल 'कोसोभो गभर्मेन्ट इन-एक्जाइल' का आधिकारिक प्रवक्ता भएका छन् । उनी अचेल KLA को पक्षमा अमेरिका सत्ता-राजनीतिमा लविङ्ग गर्ने र संचारमाध्यमहरूलाई प्रभावित पार्ने काममा ब्यस्त छन् । अधिकांश अमेरिकी संचार माध्यम-हरूको कोसोभोसम्बन्धी समाचारको प्राथमिक स्रोतको रूपमा विकसित भएका रबर्ट डोलकै प्रतापले गर्दा अमेरिकी संचार माध्यमका पत्रकार र फोटोग्राफरहरूले KLA का छापामारहरूसँगै रणभूमिमा गएर फोटो र समाचार सम्प्रेषण गर्ने सौभाग्य पाइरहेका छन् ।

### KLA लाई अमेरिकी हतियार

अमेरिकी सिनेटर र कम्पनीहरू मात्रै होइन, सिंगो अमेरिकी साम्राज्यवाद र त्यसका यन्त्रहरू सबै अहिले युगोस्लाभियाबिरूद्ध चलिरहेको खुला र गोप्य आक्रमणमा क्रियाशील छन् । यसमा सबैभन्दा क्रियाशील छन्, अमेरिकी रक्षा विभाग-पेन्टागन, गुप्तचर विभाग- सी.आई.ए. र बहुराष्ट्रिय कम्पनीका संचार माध्यमहरू ।

अमेरिकी रक्षामन्त्री विलियम कोहेन र प्रमुख अमेरिकी जनरल हेनरी शेल्टनले सार्वजनिक रूपमा घोषणा गरेका छन् - 'युगोस्लाभियाविरूद्ध अमेरिकाको सैनिक अपरेशनको उद्देश्य KLA लाई विजयको माला पहिऱ्याउनु हो ।'

KLA लाई विजयी बनाउन अमेरिकी साम्राज्यवादले भियतनाम युद्धका लडाकुहरूदेखि लिएर अत्याधुनिक हतियार कोसोभोमा पठाएर आफ्नो सैनिक अपरेशनलाई मजबूत पारिरहेको छ । PBS को *न्यूजआवर* नामक कार्यक्रमले भियतनामविरोधी अमेरिकी युद्धमा अमेरिकाको तर्फबाट लडेका लडाकुहरूले अल्बानियामा KLA का भाडाका सिपाहीहरूलाई युद्धकौशलको प्रशिक्षण दिइरहेको समाचार प्रसार गरेको छ ।

त्यस्तै, ब्रिटेनको टेलिग्राफ नामक अखवारले अमेरिकी सरकार र कोसोभो लिवरेशन आर्मी (KLA) बीच हातहतियारको पुनः सप्लाई गर्ने विषयमा 'गोप्य वार्ता' भएको रहस्योद्घाटन गरको छ ।

# 'दुष्ट महाशक्ति' को बमवर्षाको नालीबेली

अप्रिल १२, १९९९ को अंकमा त्यसले रिपोर्ट गरेको छ -' अमेरिकाले KLA का लागि वायर गाइडेड एन्टी ट्यांक मिसाइलहरू, मध्यम स्तरका मोर्टारहरू र आर्मोरका विरूद्ध लड्नका लागि चाहिने अत्याधुनिक र उपयोगी हतियारहरूको खेप सप्लाई गर्नेबारेमा गोप्य वार्ता भएको छ । वार्तापछि अमेरिकाले ती सबै हतियार लादिएको जंगी जहाज बाल्कन क्षेत्रतिर पठाउँदैछ ।

## कोसोभोमा ब्रिटेन र क्यानाडा पनि फँस्यो

अमेरिकी साम्राज्यावादले आफ्ना हतियारहरू र सैनिक प्रशिक्षकहरू मात्र होइन, आफ्ना मित्रराष्ट्रका विशेष सैन्यदस्ताहरू पनि कोसोभोतिर पठाउन लगाएका खबरहरू आउन थालेका छन् । अमेरिकाको पिछलग्गू क्यानाडा सरकारले पनि KLA सँगसँगै युगोस्लाभिया सरकारसँग लड्न आफ्ना सैनिकहरू पठाएको कुरा सार्वजनिक भएको छ ।

नेटोकै सदस्य राष्ट्र क्यानाडाको संसदका सदस्य डेभिड प्राइसले पत्रकारहरूसँग कुरा गर्ने क्रममा ५० जना क्यानाडाली सैनिकहरू KLA सँगै कोसोभोमा संघर्षरत रहेको जानकारी सार्वजनिक गरेका छन् । उनको भनाइ अनुसार, ती सैनिकहरूले KLA का छापामारहरूलाई कहाँ कहाँ बमवर्षा भइरहेको छ भन्ने कुरा जानकारी दिने र अरू बम कहाँ वर्षा गर्ने भन्ने कुरा जानकारी दिई सही निशाना लगाउन सहायोग गरिरहेका छन् ।


Jane s Defense Weekly ले क्यानाडा लगायत अमेरिका, ब्रिटेन, फ्रान्स र नेटोको अन्य सदस्य राष्ट्रहरूका विशेष सैन्यदस्ताहरू (Special Forces) विभिन्न आवरणमा कोसोभोमा काम गरिरहेको कुरा प्रमाणित भएको खबर छापेको छ ।

लण्डनको सण्डे टेफिग्राफले माथिको समाचारलाई अझ सप्रमाण पुष्टि गर्ने ढंगले समाचार छाप्ने क्रममा लेखेको छ- 'ब्रिटेनको विशेष सैन्य दस्ता -SAS- का विभिन्न इकाइहरूले अल्बानियाको राजधानी टिराना नजिकै KLA का दुईवटा छापामार प्रशिक्षण शिविरहरू संचालन गरिरहेका छन् । ASA द्वारा प्रशिक्षित KLA का छापामारहरू अत्याधुनिक हतियार र संचार उपकरणहरूसहित कोसोभोभित्र छिरिरहेका छन् । उनीहरूले स्याटलाइट र सेलुलर टेलिफोनहरू प्रयोग गरेर नेटोको बमवर्षा अभियानलाई सहयोग गरिरहेका छन् ।

## नरसंहारमा अमेरिकी कम्पनी पनि संलग्न !

सोही समाचारमा KLA ले अमेरिकाको भर्जिनिया राज्यस्थित MPRI नामक भाडाका सिपाहीहरूलाई प्रशिक्षण दिने व्याबसायिक सैनिक प्रतिष्ठानसँग लगनगाँठो बाँधेको खबर पनि छापिएको छ । अमेरिकी सैनिक अधिकारीहरू भाडाका सिपाहीहरूलाई प्रशिक्षण दिएर विभिन्न देशमा डलरको लागि लड्न पठाउनका लागि स्थापित गरेको यस सैन्य-प्रतिष्ठानले पेन्टागनसँग मिली विदेशीहरूको लागि पटक-पटक सैनिक प्रशिक्षण शिविर चलाइसकेको छ । यसको सबैभन्दा ठोस उदाहरण हो- युगोस्लाभियालाई विभाजित गर्ने क्रममा पहिले त्यसकै एउटा प्रान्तको रूपमा रहेको क्रोएशियाका फासिष्टहरूलाई सैनिक प्रशिक्षण दिने र क्रोएशियाली सैनिक शक्तिलाई संगठित गर्ने काम सम्पन्न गरेको इतिहास ।

MPRI द्वारा प्रशिक्षित क्रोएशियाली सैनिकहरूले पहिले एकीकृत युगोस्लाभियामा पछि क्रोएशियाभित्रै ताण्डब नाच मच्चाएको दृष्य त कसैले पनि बिर्सन सक्दैन । अगष्ट, १९९५ मा ती सैनिकहरूले क्राजिना क्षेत्रमा सर्बियाली किसानहरूको नरसंहार गरेर आफ्नो फासिष्ट अनुहार देखाएका थिए , जुन नरसंहारलाई १९४० मा युगोस्लाभियामाथि आक्रमण गर्ने क्रममा हिटलरका नाजी सैनिकहरूले गरेको भिषण हत्याकाण्डसँग तुलना गरिएको छ ।



नेटोको बमवर्षाको शिकार भएका कोसोभोका एक नागरिक

### दोस्रो विश्व युद्धपछि अमेरिकी साम्राज्यवादद्वारा विभिन्न देशका जनतामाथि गरिएका बमवर्षाहरू


| | | | |
|---|---|---|---|
| चीनमा | १९४५-४६ | एल साल्भाडोरमा | १९८० को दशकभरि |
| कोरिया र चीनमा | १९५०-५३ | निकारागुआमा | १९८० को दशकभरि |
| ग्वाटेमालामा | १९५४ | पानामामा | १९८९ |
| इण्डोनेशियामा | १९५८ | इराकमा | १९९१-९२ |
| क्यूबामा | १९५९-६० | सुडानमा | १९९८ |
| कंगोमा | १९६४ | अफगानिस्तानमा | १९९८ |
| पेरूमा | १९६५ | युगोस्लाभियामा | १९९९ |
| लाओसमा | १९६४-१९७३ | | |
| भियतनाममा | १९६१-१९७३ | | |
| कम्बोडियामा | १९६९-१९७० | | |
| ग्वाटेमालामा | १९६७-६९ | | |
| ग्रेनेडामा | १९८३ | | |
| लिबियामा | १९८६ | | |

◆ बिल ब्लुम

*Killing Hope: US Military and CIA Interventions Since World War II का लेखक*

'नेशन' पत्रिकाका अनुसार पेन्टागन र MPRI को नीति-निर्देशनमा क्रोएशियाली सैनिकहरूले सर्बियाली जनताबिरूद्ध चलाएको अपराधिक सैनिककारवाहीका कारण हजारौंहजार सर्बियालीहरूले घरवार, परिवारजन र आफ्नो गाउँ-शहर छाड्नु परेको थियो । पूँजीवादी अखवार न्यूयोर्क टाइम्सले समेत यस सैनिक कार्वाहीबारे हेग शहरस्थित अन्तर्राष्ट्रिय युद्धअपराध अदालतमा भएको बहसका बारेमा लामो रिपोर्टिङ गर्ने क्रममा लेखेको छ- "सो अदालतले क्रोएशियाली सैनिकहरूको कारबाहीलाई बाल्कन क्षेत्रमा बिगतको दशकमा भएका सबैभन्दा जघन्य र बर्बर अपराधिक घटनाका रूपमा गरेको विश्लेषणलाई बेठीक मान्न सकिदैन ।"

अमेरिकी र जर्मन साम्राज्यवादव्दारा पालिएका,पोसिएका क्रोएशियाली सैनिकहरूले अहिले चलिरहेको कोसोभो युद्धमा पनि फासिष्ट शक्तिलाई नै साथ दिइरहेका छन् । 'वर्कर्स वर्ल्ड' पत्रिकाका अनुसार, क्रोएशियाली सरकारले केही समय अगाडि आफ्ना केही जनरलहरू KLA संग काम गर्नका लागि देश छाडेको कुरा स्वीकार गरेको छ ।




**Jane s Defense Weekly ले क्यानाडा लगायत अमेरिका, ब्रिटेन, फ्रान्स र नेटोको अन्य सदस्य राष्ट्रहरूका विशेष सैन्यदस्ताहरू विभिन्न आवरणमा कोसोभोमा काम गरिरहेको कुरा प्रमाणित भएको खबर छापेको छ ।**

*(अर्को अंकमा पढ्नुहोस्-अमेरिकी जर्मन साम्राज्यवादव्दारा अल्वानियाबाट चलाइरहेको जासूसी अभियानको नालीबेली )*

# नेटो-युद्धको विरोधमा बिश्वब्यापी रूपमा आवाज घन्कियो !

युरोपको एउटा सानो स्वतन्त्र राष्ट्र युगोस्लाभियामाथि नेटो (NATO) का १९ वटा सदस्य राष्ट्रहरूको सैनिक शक्तिलाई नेतृत्व गर्दै अमेरिकी साम्राज्यवादले निर्मम ढंगले अहिले पनि सैनिक आक्रमण गरिरहेको छ । युगोस्लाभियाका जम्मा-जम्मी एक करोड जनतामाथि संसारका सबैभन्दा ठूला सैनिक शक्तिहरूका हजारौं बमवर्षक विमानहरूले दिनकादिन आकाशबाट मृत्युको वर्षा गरिरहेका छन् ।

अमेरिकी साम्राज्यवादको नेतृत्वमा नेटोले एकातिर हजारौंहजार बम, मिसाइल र रासायनिक हतियारहरूद्वारा महिनौं दिन अगाडिदेखि आकाशबाट आक्रमण गरिरहेको छ भने अर्कोतिर, नेटोका ३० हजारभन्दा बेसी स्थल सैनिकहरू 'स्थल युद्ध'को तयारी पनि युद्धस्तरमा गरिरहेका छन् । अमेरिकी साम्राज्यवादको नेतृत्वमा रहेका पूँजीवादी-साम्राज्यवादी राष्ट्रहरूले हिजोसम्म 'नार्को टेरेरिज्म' (आतंकवादीहरूको लागू पदार्थको उत्पादन र तश्करीको काम) को मुद्दा उठाई मध्य र दक्षिण अमेरिकी राष्ट्र र त्यहाँका जनतामाथि आक्रमण गर्थे, त्यसपछि 'इस्लामिक टेरेरिज्म'को नाममा पश्चिम एशिया र अफ्रिकी मुलुकहरू र त्यहाँका बासिन्दाहरूमाथि बमवर्षा गर्थे । तर आज आएर यिनीहरूले 'दुष्ट राष्ट्रहरू' को निहुं थापेर क्यूबा, उत्तर कोरिया, इराक, सुडान, लिबियालाई आक्रमणको तारो बनाउन खोज्दैछन्, इराकपछि अहिले युगोस्लाभिया त्यसको धिनलाग्दो दादागिरीको शिकार भइरहेको छ ।

अमेरिका र सिंगो नेटोको दादागिरी झन् बढ्दै गइरहेको स्थितिमा विश्वभरिका साम्राज्यवादविरोधी बामपन्थीसमर्थक राष्ट्र,पार्टी र जनताले आफ्नो संघर्षलाई तेज पार्दैआएका छन् । यो वसन्तभरि संसारका सबैजसो कम्युनिष्ट र बामपन्थी पार्टीहरू, साम्राज्यवादी-युद्धविरोधी जन-संगठनहरू र शान्तिकामी जनताले युगोस्लाभियामाथि नेटोले गरिरहेको बर्बर आक्रमणका विरूद्ध आवाज उठाइरहेका छन्, सडकमा जुलूस-प्रदर्शनहरू गरिरहेका छन् । सबैभन्दा ठूलाठूला विरोध प्रदर्शनहरू त आक्रमणकारी नेटो-राष्ट्रहरूकै शहर-शहरमा दिनकादिन भइरहेका छन् । त्यस्तै, आक्रमणको शिकार भएको देश-युगोस्लाभिया र त्यसका छिमेकी राष्ट्रमा त रातोदिन जन-प्रदर्शनहरू भइरहेका छन् र विश्व थर्कने गरी नारा घन्काइरहेका छन् -'नेटो-युद्ध बन्द गर् !

' 'साम्राज्यवाद युगोस्लाभियाबाट फर्की जा !!'

न्यूयोर्क र बाशिंगटनदेखि लण्डन, पेरिस, मस्को, बेइजिङ, दिल्ली, टोरन्टो र मेलबर्नसम्म भएका हजारौं जन-प्रदर्शनहरूमा अमेरिकी र जर्मन साम्राज्यवादको भर्त्सना र नेटोको कडा विरोध गरिएका नाराहरू घन्किरहेका छन् । युगोस्लाभियामाथि पहिलो बमवर्षा भएको दिनदेखि न्यूयोर्क, वाशिंगटन, डेट्रोइट, मिनियापोलिस, सनफ्रान्सिस्को, लस एन्जलस, पोर्टल्याण्ड र ओर लगायत ५० वटा भन्दा बेसी अमेरिकी शहरहरूमा लगातार जन प्रदर्शनहरू भइरहेका छन् । 'इन्टरनेशनल एक्शन सेन्टर' (IAC) नामक साम्राज्यवादविरोधी अमेरिकी वामपन्थीहरूको संगठनले नेटोको आक्रमण विरूद्ध व्यापक रूपमा जनप्रदर्शनहरू संगठित गर्ने, अमेरिकी वहुराष्ट्रिय कम्पनीका संचार माध्यमहरूको मिथ्या प्रचारका विरूद्ध सही सूचना प्रवाहित गर्ने र आक्रमणको शिकार भएका जनतालाई राहत दिने खालका कार्यक्रमहरू संयोजन गरिरहेको छ । अमेरिकाका एटर्नी जनरल रामसे क्लार्क लगायत थुप्रै साम्राज्यवादविरोधी चर्चित व्यक्तित्वहरूको संलग्नता रहेको यस संगठन र वर्कर्स वर्ल्ड पार्टीले अमेरिकामा अमेरिकी साम्राज्यवादको चर्को विरोध गरिहेका छन् ।

IAC कोआह्वानमा जेठको पहिलो हप्तामा न्यूयोर्कको प्रदर्शनमा सहभागी भएका १५ हजार अमेरिकीहरूले अमेरिका, ब्रिटेन, जर्मनी, फ्रान्स र इटली जस्ता नेटो सदस्य राष्ट्रका कार्यालयहरू अगाडि नारा घन्काए । सो प्रदर्शनलाई सम्वोधन गर्दै IAC का प्रवक्ताले घोषणा गरेका छन् -'क्लिन्टन प्रशासन र पेन्टागन युगोस्लाभियाविरूद्ध छेडिएको युद्धमा युद्ध अपराधी सावित भएका छन् ।'

अमेरिकाकै शान्तिका लागि लडिरहेका व्यक्तिहरूको राष्ट्रिय मंच Emergency Mobilisation to Stop War ले युद्ध-विरोधी अभियानलाई चर्काउने क्रममा पेन्टागनको भवनअगाडि विशाल ऱ्याली गरेको छ । वाशिंगटनको 'भियतनाम भेट्रान मेमोरियल' बाट शुरू भएको सो ऱ्यालीलाई एटर्नी रामसे क्लार्क, विशप थोमस गुम्बलेटन, लुसियस वाकर लगायतले सम्वोधन गरेका छन् ।

नेटोको एउटा नेतृत्वकारी सदस्यको रूपमा रहेको साम्राज्यवादी मुलुक ब्रिटेनमा पनि युद्ध-विरोधी जनप्रदर्शनको लहर नै छाइरहेको छ । प्रदर्शनहरूमा विभिन्न खालका कम्युनिष्ट र वामपन्थी पार्टीहरूदेखि जनसंगठनहरू, पेशागत यूनियनहरू, धार्मिक संगठनहरू र सांसदहरूको पनि सहभागिता भइरहेको छ ।

नेटोको सदस्य राष्ट्र जर्मनीका १५० वटा शहरहरूमा लाखौं युद्धविरोधी शक्तिहरूले लगातार जनप्रदर्शन गरिरहेका छन् । साथै,




**'नेटो-युद्ध बन्द गर् । 'साम्राज्यवाद युगोस्लाभियाबाट फर्की जा ।।' न्यूयोर्क र बाशिंगटनदेखि लण्डन, पेरिस, मस्को, बेइजिङ, दिल्ली, टोरन्टो र मेलबर्नसम्म भएका हजारौं जन-प्रदर्शनहरूमा अमेरिकी र जर्मन साम्राज्यवादको भर्त्सना र नेटोको कडा विरोध गरिएका नाराहरू घन्किरहेका छन् ।**

*अमेरिकाको सनफ्रान्सिस्को शहरमा भएको विरोध प्रदर्शनमा अमेरिकी महिलाहरू 'क्लिन्टन आज कतिवटा बच्चाहरू मार्यौ ?' भन्ने नारा लगाउँदै*




*'युगोस्लाभियामाथि भइरहेको नेटोको बमवर्षा रोक ।' अमेरिकी र ब्रिटिश साम्राज्यवादविरूद्ध नारा लगाउँदै ब्रिटिश नागरिकहरू*

विदेशमन्त्री जोश्खा फिशरको पार्टी-ग्रीन पार्टीको हेडक्वार्टरमाथि नै कब्जा जमाएर उनीहरूले नेटो युद्ध समर्थकहरूलाई अपमानित गरे । प्रदर्शनकारीहरूले दंगा प्रहरीहरूसँग लड्दैभिड्दै नयाँ समाजवादी जर्मन चान्सलर र हिटलरलाई दाँज्दै नारा घन्काए, अनि अमेरिकी झण्डा जलाई नेटो-युद्धको विरोध गरे ।

**जर्मनीका प्रदर्शनकारीहरूले दंगा प्रहरीहरूसँग लड्दैभिड्दै नयाँ समाजवादी जर्मन चान्सलर र हिटलरलाई दाँज्दै नारा घन्काए, अनि अमेरिकी झण्डा जलाई नेटो-युद्धको विरोध गरे ।**

नेटोको सदस्य मुलुक इटालीमा अधिकांश वामपन्थी पार्टीहरूले लगातार जन-प्रदर्शनहरू गरिरहेका छन् । अप्रिल १० का दिन एक लाख रोमवासीहरूले नेटो-युद्धमा सहभागी भइरको इटलीको वामपन्थी सरकालाई कुर्सी त्याग्न आह्वान गरे, अनि नारा लगाए -'बेलग्रेड हाम्रो स्तालिनग्राड हुनेछ !'

इटालीस्थित अमेरिकी अभियानो हवाई अखडा युगोस्लाभियामाथि वमवर्षा गर्न प्रयोग भइरहेकोमा विरोध जनाउन ६ हजार इटालीवासीले त्यही अखडामा प्रदर्शन गरे । आकाश थर्किने नारा घन्काई, बाजा-गाजा बजाई युद्ध -विरोधी गीत गाई, ठूल-ठूला ब्यानरसहित अमेरिकी सैनिक अखडा पुगेका प्रदर्शनकारीहरूले त्यहाँ घोप्टो परी दुई मिनेटसम्म कोलाहललाई ठप्प पारे, मसानको मौनता व्याप्त पारे । त्यसपछि साम्राज्यवादी अमेरिकी राष्ट्रपति विल क्लिन्टन र तिनका जुनियर पार्टनर भएका इटालीका वामपन्थी प्रधानमन्त्री मास्सिमो डि-अलेमालाई 'हत्यारा'को संज्ञा दिँदै आकाश थर्काए ।

नेटोको सदस्य राष्ट्र फ्रान्समा पनि अमेरिकी साम्राज्यवाद र त्यसको समर्थन गर्दै युगोस्लाभियामाथि वमवर्षा गर्न क्रियाशील फ्रान्सिसी राष्ट्रपति ज्याक शिराक विरूद्ध व्यापक प्रदर्शनहरू भएका छन् । फ्रेन्च कम्युनिष्ट पार्टीले पेरिसमा युगोस्लाभियामाथि भइरहेको वमवर्षाको भत्सर्ना गर्दै विरोध प्रदर्शन गर्ने क्रममा माग गर्‍यो -'कोसोभो समस्याको शान्तिपूर्ण समाधान खोज !'

सिटिजन मुभमेन्ट र मुभमेन्ट फर फ्रान्स, नो टू वार मुभमेन्टले युद्धको विरोधमा र युगोस्लाभियाको समर्थनमा हस्ताक्षर संकलन गर्ने, धर्ना दिने कार्य गरेका छन् ।

ग्रीसको राजधानी एथेन्स र सालोनिकाजस्ता शहरहरूमा फैलिएको युद्ध-विरोधी जन प्रदर्शनको लहरले गर्दा ग्रीस सरकारले स्थल युद्धमा भाग नलिने र नेटो युद्ध बन्द गर्नुपर्ने घोषणा गर्नु परेको छ । नेटोको सदस्य-राष्ट्र ग्रीसमा प्रदर्शनकारीहरूले जन-प्रदर्शनकै क्रममा नेटोले सैनिकहरू र हतियारहरू लानका लागि प्रयोग गरिरहेको उत्तरी ग्रीकस्थित थेसालोनिक बन्दरगाहका दुईवटा ढोकाहरू बन्द गरेका छन् । ग्रीक कम्युनिष्ट पार्टीको आह्वानमा भएको कारवाहीमा प्रदर्शन-कारीहरूले घोषणा गरेका छन् -'साम्राज्य-वादीहरू बाल्कन क्षेत्रबाट निस्की जा !'

ग्रीसमा हजारौं ग्रीक कम्युनिष्टहरू र शान्तिवादीहरूले दंगा प्रहरीहरूसँग लड्दैभिड्दै अमेरिकी र ब्रिटिश दूतावासको वरिपरि नेटो-युद्ध विरोधी आक्रोश व्यक्त गरे । नेटोको बम आक्रमणको विरोधमा लाखौंलाख ग्रीक मजदूरहरूले दुईघण्टे हडतालको आयोजना गरे , जसले गर्दा अधिकांश कल-कारखाना, याता-यात, बैंक र अन्य सार्वजनिक सेवाहरू दुई घण्टासम्म ठप्प भएका छन् । त्यस्तै, युगोस्ला-भियामा बमको शिकार भएकाहरूलाई सहयोग गर्न ग्रीसको औषधी र खाद्यान्न सप्लायरहरूले, औषधी र खाद्यान्न, थेसालोनिकी मेडिकल एसोसियनले डक्टर र नर्सहरू पठाउने घोषणा गरेका छन्

बेल्जियममा उर्लिएको युद्धविरोधी जन प्रदर्शनको लहरदेखि डराएर राजधानी ब्रसेल्सका मेयरले बमबर्षाविरोधी सार्वजनिक प्रदर्शनहरूमाथि नै प्रतिवन्ध लगाएका छन् । मेयरको आदेशको अवज्ञा गर्दै सडकमा निस्केका प्रदर्शनकारीहरूले नेटोको हेडक्वार्टरसम्म विराधको आवाज घन्काउने साहस गरेका छन् ।

प्रहरीहरूले शुरू गरेको गिरफ्तारी र दमनका बावजूद बेल्जियमको कम्युनिष्ट पार्टी-PTB र साम्राज्यवादविरोधी लीगले मजदूरहरू र युवाहरूलाई संगठित गरी लगातारजसो प्रदर्शन गर्ने र दमनकारी प्रहरीविरूद्ध जुध्ने कार्य गरिरहेका छन् ।

रूसको राजधानी मस्कोमा केही सशस्त्र ब्यक्तिहरूले युगोस्लाभियाका जनतामाथि भइरहेको बर्वर आक्रमणका विरूद्ध अमेरिकी दूतावासमाथि ग्रेनेड लन्चर र राइफलद्वारा आक्रमण गरेका छन् । आक्रमणको क्रममा प्रहरीहरूले पनि प्रत्याक्रमण गर्न थालेपछि युद्ध -विरोधी आक्रमणकारीहरू प्रहरीहरूकै जीप लिई भागेका छन् ।

त्यसपछि त्यहीं भएको युद्धविरोधी प्रदर्शनमा प्रहरी र प्रदर्शनकारीहरू बीच पेट्रोल बम र ढुंगा प्रहार गरी संघर्ष भएको खवर छ । रूसी राष्ट्रपति बोरिस येल्तसीनको लाछी सरकार देखेर रिसाएका रूसी जनताका केही वीरहरूले युगोस्लाभियाको पक्षमा लड्नका लागि स्वयंसेवक भएर जाने निर्णय गरेका छन् । रूसी स्वयं सेवकहरूको नेतृत्व गर्दै रूसको सुदूर पूर्वी सैनिक कमाण्डका कर्णेल जनरल भिक्टर चेचेभातोभ युगोस्लाभियातिर प्रस्थान गर्ने तयारी गर्दै छन् ।

युक्रेनको राजधानी कीभमा कम्युनिष्टहरूको नेतृत्वमा प्रत्येक दिनजसो जुलूस प्रदर्शन भइरहेका छन् । जन-प्रदर्शनकै दवाबको परिणामस्वरूप युक्रेनका दुईजना मन्त्रीहरू बेलग्रेड गई मध्यस्थताको संभावना खोज्न गएका छन् ।

नेटोको हवाई आक्रमणले गर्दा बल्गेरिया र पोल्याण्डलाई अछूतो रहन दिएन । बल्गेरियाको राजधानी सोफियामा दशौंहजार बल्गेरियालीहरूले नेटो-युद्धविरूद्ध आफ्नो आक्रोश पोखे । उता, पोल्याण्डवासीहरूले पनि राजधानी वार्सामा अमेरिकी झण्डा जलाईकन नारा लगाए -'क्लिन्टन हत्यारा हुन् !'

हजारौं रोमानियाली जनताले पनि अमेरिकी झण्डा जलाए अनि युगोस्लाभियाबाट एक घण्टाको बाटोमा रहेको रोमानियाको राजधानी तिमिस्वाराका सडकहरूमा युद्ध सरदार नेटोको बर्वरतामाथि थुकेर आफ्नो विरोध प्रकट गरे ।

पहिले युगोस्लाभियाकै एउटा प्रान्तको रूपमा रहेको मेसिदोनियाको राजधानी स्कोप्जीस्थित अमेरिकी राजदूतावासमाथि नेटो-युद्ध विरोधीहरूले पेट्रोल-बम प्रहार गरे । आक्रोशित भीडले बल्दो अगुल्टो जर्मन

**रूसी राष्ट्रपति बोरिस येल्तसीनको लाछी सरकार देखेर रिसाएका रूसी जनताका केही वीरहरूले युगोस्लाभियाको पक्षमा लड्नका लागि स्वयंसेवक भएर जाने निर्णय गरेका छन् ।**

# कलाकारहरू पनि युद्धविरुद्ध सडकमा

र ब्रिटिश राजदूतावासको हाताभित्र फ्याँक्ने र झ्याल-ढोका फोर्ने काम गरेर आफ्नो युद्धविरोधी आक्रोश पोखे । नेटोको स्थल सेनासँग सम्बन्धित ब्रिटिश सैनिक गाडीहरूमाथि ढुंगामुढा गरेर पनि मेसिडोनियावासीहरूले नेटोको विरोध जनाए ।

बोस्नियाली सर्व रिपब्लिकमा हजारौं विद्यार्थी र किशोरहरूले अमेरिका, नेटो र साम्राज्यवादपरस्त सर्व नेताहरूको विरोधमा नारावाजी गरे । बान्जा लुकामा भएको विरोध प्रदर्शनमाथि प्रहरीहरूले बल प्रयोग गरेपछि भिडन्तसमेत भएको खबर छ ।

अष्ट्रियाली जनताले भियनामा गरेका निरन्तर प्रदर्शनहरूकै दवाबका कारणले अष्ट्रियाली सरकारले नेटोको आक्रमणका लागि आफ्नो आकाश र धरती प्रयोग गर्न नदिने घोषणा गरेको छ ।

नर्वेमा बसोवास गर्ने सयौं युगोस्लाभ जनताले राजधानी ओस्लोस्थित अमेरिकी दूतावासमाथि अगुल्टो र अण्डाहरू प्रहार गरे । नर्वेवासीहरूले पनि त्यहाँको संसददेखि अमेरिकी राजदूतावाससम्म ऱ्याली गर्दै नारा घन्काए -'बमवर्षा रोक ! क्लिन्टन र हिटलर बराबर !!'

साम्राज्यवादीहरूद्वारा विभाजित गरिएको राष्ट्र चेकोस्लोभाकियाको एउटा राज्य-चेक रिपब्लिकको राजधानी प्रागमा कम्युनिष्ट पार्टी अफ बोहेमिया एण्ड मोराभिया (KSCM) को अगुवाइमा सडकमा उत्रेका २० हजार चेकवासीहरूले नेटोको बर्बर युद्धको विरोधमा प्रदर्शन गरे । त्यस्तै बर्नो, उस्तिनाद लेबेम, नोभी जिसिन, उस्त्राभा, पार्दुबिसे, ओलोमोक, ब्रून्ताल र हाभिरोभ जस्ता शहरहरूमा पनि चेक जनताले KSCM को आह्वानमा विरोध प्रदर्शन गरे । विरोध प्रदर्शनमा चेक कम्युनिष्ट नेताहरूले अपील गरेका छन् -'अमेरिकी राष्ट्रपति, ब्रिटिश प्रधानमन्त्री टोनी ब्लेयर, नेटोका महासचिव सोलानालाई युगोस्लाभियामाथि भइरहेको नेटोको बर्बर आक्रमणको अपराधमा हेगस्थित अन्तर्राष्ट्रिय अदालतले युद्ध अपराधको आरोपमा कानूनी कारवाही गर्नु पर्दछ ।'

त्यस्तै, क्यानाडा र अस्ट्रेलियामा नेटो युद्धको विरूद्ध जुलूस-प्रदर्शन गरी युद्धखोर साम्राज्यवादीहरूलाई खबरदारी गर्ने काम भएका छन् । क्यानाडाको राजधानी टोरन्टोमा भएको प्रदर्शनमा सहभागी भएका क्यानाडालीहरूले अमेरिकी कन्सुलेटको कार्यालयअगाडि प्रहरीहरूसँग भिडेका छन् । २ हजार क्यानाडाली र सर्बियाली समुदायका जनताहरूको सहभागितामा भएको सो प्रदर्शनमा नेटोको युद्ध बन्द गर्न र क्यानाडाको सहभागिता रोक्नका लागि जोड्दार माग गरिएको खबर छ ।

अस्ट्रेलियामा नेटो-युद्धका कारणले आक्रोशित ६ हजार जना अस्ट्रेलियावासीहरूले मेलबर्न शहरमा अमेरिकी कन्सुलेट अगाडि नेटो युद्धको जोडदार विरोध गरे । त्यस्तै, सिड्नीमा ७ हजार जनाले, पर्थमा १५०० जनाले, क्यानबेरामा एक हजार जनाले विरोध प्रदर्शन गर्दा ठाउँ-ठाउँमा प्रहरीहरूसँग भिडन्त भएको खबर छ । प्रदर्शनकारीहरूले अमेरिकी झण्डा जलाउनुका साथै क्लिन्टन र हिटलरलाई समकक्षमा राखेर नारावाजी गरेका छन् ।

त्यस्तै चीन, भियतनाम, साइप्रस, अर्जेन्टिना, आयर-ल्याण्ड, बंगलादेश र क्युबाका राजधानीहरूमा लाखौं जनताले साम्राज्यवादीहरूको बर्वर युद्धको विरोधमा नारा घन्काए । बेइजिङमा त विद्यार्थी र युवाहरूले बेलग्रेडस्थित चिनियाँ दूतावासमाथि भएको बमबर्षाको विरोधमा अमेरिकी दूतावासमाथि ढुंगामुढा समेत गरेका छन् ।

भारतमा भाकपा, माकपा, भाकपा माले (लिबरेशन समूह) र भारतीय समाजवादी एकता केन्द्र (SUCI) लगायत थुप्रै वामपन्थी पार्टीहरूले राजधानी दिल्ली र अन्य दर्जनौं शहरमा विरोध प्रदर्शन गरेका छन् ।

नेपालमा पनि नेकपा माले, एकता केन्द्र, मसाल र नेमकिपालगायत ६ वाम पार्टीको आह्वानमा अमेरिकी साम्राज्यवादले शुरू गरेको युद्धको विरोधमा अमेरिकी दूतावाससमक्ष प्रदर्शन भएको छ । त्यस्तै साम्राज्यवादविरोधी राष्ट्रिय मंच, नेपालले पनि लाजिम्पाटदेखि अमेरिकी दूतावाससम्म विरोध प्रदर्शनको आयोजना गर्नुका साथै आक्रमणबिरूद्ध एक छलफल कार्यक्रम आयोजना गरेको छ । ❑





*युगोस्लाभियाको राजधानी बेलग्रेडमा दिनहुँजसो नेटोको बमवर्षाको विरूद्ध प्रदर्शनहरू भइरहेका छन् । यी प्रदर्शनहरूभन्दा अलि भिन्न खालको विरोध प्रदर्शन गर्दै युद्ध-विरोधी रक कन्सर्टमा युगोस्लाभियालीहरू*

# विश्वका कम्युनिष्टहरूको हुँकार




*अमेरिकाको वर्कर्स वर्ल्ड नामक कम्युनिष्ट पार्टीको अगुवाइमा न्यूयोर्कमा भएको विरोध प्रदर्शनमा अमेरिकी नागरिकहरू*

## नेटोका सदस्य-राष्ट्रहरू, बाल्कन क्षेत्र राष्ट्रहरू र अरब जगतका देशहरूका कम्युनिष्ट पार्टीहरूद्वारा नेटो-युद्धको विरोध

अमेरिकी साम्राज्यवादको अगुवाइमा नेटो (NATO) नामक साम्राज्यवादी शक्तिहरूको सैनिक गठवन्धनले युगोस्लाभियाविरूद्ध संचालन गरिरहेको बर्वर हवाई आक्रमणको विरोधमा विश्वभरिका कम्युनिष्ट र श्रमिक पार्टी तथा वामपन्थी शक्तिहरूले जुलूस-प्रदर्शन, धर्ना र प्रतिरोध आन्दोलनहरू संगठित गरिरहेका छन्

ती शक्तिहरूले अमेरिकी साम्राज्यवाद र नेटोको विरूद्ध आवाज उठाउने क्रममा आ-आफ्नो देशभित्र साम्राज्यवादविरोधी वैचारिक अभियान पनि चलाउन थालेका छन् । यो विरोधको लहर अब विस्तारै अन्तराष्ट्रियकरण समेत हुन थालेको छ । यो कुरा नेटो सदस्य-राष्ट्रकै कम्युनिष्ट पार्टीहरूदेखि लिएर नेटो-युद्धको शिकार भएको बाल्कन क्षेत्र र मध्यपूर्व (अरव जगत) का कम्युनिष्ट पार्टीहरूले समेत संयुक्त रूपमा विरोधको आवाज उठाएकोबाट प्रष्ट देखिन्छ ।

### नेटो-राष्ट्रका कम्युनिष्ट पार्टीहरू को के भन्छन् ?

युगोस्लाभियामाथि बर्वर युद्ध थोपरिरहेको नेटो सैनिक गठवन्धनका सदस्य-राष्ट्रहरूभित्रैबाट नेटोको बर्वर युनिष्ट पार्टीहरू, ब्रिटेन र नेदरल्याण्डका न्यू कम्युनिष्ट पार्टीहरू, क्याटालुनियाका कम्युनिष्टहरूको पार्टी, टर्कीको पार्टी अफ लेबोर र हंगेरीको वर्कर्स पार्टीले एक संयुक्त विरोध-वक्तव्य प्रसारित गरेका छन् ।

यी कम्युनिष्ट पार्टीहरूले अमेरिका र नेटोको सैन्य-शक्तिले युगोस्लाभियाका निर्दोष जनतामाथि निरन्तर गरिरहेको अपराधिक बमवर्षा र सैनिक हस्तक्षेपका विरूद्ध विश्वव्यापी रूपमा प्रतिरोध संघर्ष छेड्न अपील गरेका छन् । वक्तव्यमा क्षेत्रीय समस्याको राजनीतिक समाधान खोजी गरेर त्यस क्षेत्रमा शान्ति-सुव्यवस्था कायम गर्न, अपराधिक वमवर्षा तुरून्त रोक्न, 'नयाँ नेटो' ले तय गरेको नयाँ रणनीतिक भूमिकाअनुसार संसारको जुनसुकै कुनामा पनि साम्राज्यवादी 'नयाँ विश्व व्यवस्था' स्थापना गर्नका लागि सैनिक हस्तक्षेप गर्न सक्ने नीतिको विरोध गर्न जन-संघर्ष अगाडि बढाउनुपर्ने विचार व्यक्त गरिएको छ । नेटो राष्ट्रभित्रका ती कम्युनिष्ट, वामपन्थी र श्रमिक पार्टीहरूले अमेरिका र नेटोको खतरनाक खालको नयाँ भूमिकाविरूद्ध जन-संघर्ष संगठिन गर्न सबै उपायहरू प्रयोग गर्ने, सबै खालका संघर्ष र क्रियाकलापहरू संचालन गर्ने घोषणा पनि गरेका छन् ।

### वाल्कन क्षेत्रका कम्युनिष्ट पार्टीहरूद्वारा विरोधको लहर

नेटो-युद्धको शिकार भइरहेको युरोपको बाल्कन क्षेत्रका कम्युनिष्ट पार्टीहरूले नेटोको हिटलरी शैलीको बमवर्षा र सैनिक हस्तक्षेपको कडा विरोध जनाउँदै संयुक्त विरोध-वक्तव्य दिएका छन् । वक्तव्यमा न्यू कम्युनिष्ट पार्टी अफ युगोस्लाभिया, युगोस्लाभ कम्युनिष्टस्, कम्युनिष्ट पार्टी अफ ग्रीस, कम्युनिष्ट पार्टी अफ रोमानिया, कम्युनिष्ट पार्टी अफ अल्बानिया, कम्युनिष्ट पार्टी अफ बल्गेरिया, बल्गेरियन सोशलिष्ट पार्टी-मार्क्सिष्ट प्लेटफर्म र बल्गेरियन कम्युनिष्ट पार्टी (जी. दिमित्रोभ) ले संयुक्त रूपमा हस्ताक्षर गरेका छन् ।

संयुक्त वक्तव्यमा बाल्कन क्षेत्रमा पुनः युद्धको बादल मडारिएकोमा गहिरो चिन्ता व्यक्त गर्दै नेटोका सदस्य राष्ट्रका सत्तासीन पूँजीपति वर्ग र साम्राज्यवादी शक्तिहरू, विशेष गरेर, अमेरिकी साम्राज्यवादको स्वार्थबश त्यस क्षेत्रमा युद्धको आगो भड्किएको विश्लेषण गरिएको छ ।

वक्तब्यमा भनिएको छ-अहिले एउटा सार्वभौम राष्ट्रविरूद्ध खुला रूपमा सैनिक आक्रमण भइरहेको छ, भोलि ती साम्राज्यवादीहरू सक्षम भएमा उनीहरूले सिंगो बाल्कन क्षेत्रमा भाइमारा युद्ध संचालन गर्नेछन् । त्यसैले, बाल्कन क्षेत्रका हामी कम्युनिष्ट पार्टीहरू हाम्रो क्षेत्रमा नेटोको बर्वर हस्तक्षेपको विरोध गर्दछौं । हामी घोषणा गर्दछौं -सर्ब र अल्वानियाली जनताहरूका साथै सिंगो बाल्कन क्षेत्रका हामी जनताहरू स्वयं आफ्नो समस्याको समाधान विनाविदेशी हस्तक्षेप गर्न सक्छौं । हामी बाल्कन क्षेत्रका सवै जनतालाई नेटो र अमेरिकाको सैनिक हस्तक्षेपका विरूद्ध, संम्पूर्ण बिदेशी आक्रमणका विरूद्ध र सम्पूर्ण खालका भाइमारा युद्धहरूका विरूद्ध चलिरहेको युद्धविरोधी संघर्षलाई अझ सुदृढ पार्न अपील गर्दछौं ।

> *अहिले एउटा सार्वभौम राष्ट्रविरूद्ध खुला रूपमा सैनिक आक्रमण भइरहेको छ, भोलि ती साम्राज्यवादीहरू सक्षम भएमा उनीहरूले सिंगो बाल्कन क्षेत्रमा भाइमारा युद्ध संचालन गर्नेछन्*

## नेटोको युद्धको विरोधमा मध्यपूर्वका कम्युनिष्ट पार्टीहरूको अपील

साम्राज्यवादीहरूको आक्रमणको शिकार हुँदै आएका मध्यपूर्वका जनताको मुक्तिका लागि संघर्षरत ८ वटा अरेबियन कम्युनिष्ट पार्टीहरूले अमेरिका र नेटोको बर्बर आक्रमणको कडा भर्त्सना गरेका छन् ।

अमेरिकाको नीति-निर्देशनमा नेटोका बर्बर सैनिकहरूले थालेको आततायी आक्रमणले गर्दा आक्रोशित भएका ती कम्युनिष्ट पार्टीहरूले वक्तव्यमा विश्वमाथि आफ्नो प्रभुत्व लाद्नका लागि अमेरिकाद्वारा गरिएको यो आक्रमणलाई बर्बर आक्रमणको संज्ञा दिएका छन् । वक्तव्यमा यो आक्रमण भनेको बाल्कन क्षेत्रलाई रूस र सिंगो युरोपका श्रमिक जनताविरूद्ध साम्राज्यवादीहरूद्वारा छेडिने भावी युद्धको सैनिक शिविर बनाउने पूर्वाभ्यासको रूपमा विश्लेषण गरिएको छ ।

अरब राष्ट्रका आठ वटा कम्युनिष्ट पार्टीहरूले आफ्नो संयुक्त वक्तव्यमा बर्बर आक्रमण तुरून्त रोक्न र राजनीतिक समाधानका लागि वार्ताको टेबुलमा बस्न अपील गर्दै कोसोभोको स्वायत्तता र सार्वभौम राष्ट्र युगोस्लाभियाको एकता र अखण्डता अक्षुण्ण रहने शर्तमा समाधान खोज्नका लागि जोड्दार अपील गरेका छन् ।

संयुक्त वक्तव्यमा जोर्डनियन कम्युनिष्ट पार्टी, बहराइन नेशनल लिबरेशन फ्रन्ट, सुडानीज कम्युनिष्ट पार्टी, सिरियन कम्युनिष्ट पार्टी (बी), सिरियन कम्युनिष्ट पार्टी (एफ), इराकी कम्युनिष्ट पार्टी, लेबनीज कम्युनिष्ट पार्टी र इजिप्सियन कम्युनिष्ट पार्टीहरूको हस्ताक्षर समावेश गरिएको छ । त्यस्तै, पपुलर फ्रन्ट, दि लिबरेशन अफ प्यालेस्टाइनले पनि अलग्गै वक्तव्य प्रकाशित गरेर अमेरिकी र नेटोको सैनिक आक्रमणले गर्दा युगोस्लाभियाको स्वतन्त्रता र अखण्डतामाथि ठाडो चुनौती आएको र आन्तरिक मामिलामा हस्तक्षेप भएको ठहर गरेको छ ।

त्यस्तै, ग्रीसका मजदूरहरूका यूनियनहरूको महासंघ-ग्रीक जनरल कन्फेडेरेशन अफ लेबोर, पोर्चुगीज जनरल कन्फेडेरेशन अफ लेबोर र फ्रेन्च जनरल कन्फेडेरेशन अफ लेबोरले पनि छुट्टाछुट्टै वक्तव्यमा विश्वका सबै श्रमिकहरूलाई अहिलेदेखि नै साम्राज्यवादी आक्रमणको प्रतिरोधमा संघर्ष चलाउन अपील गरेका छन् ।

❑ राजेन्द्र महर्जन



# नेपालमा नेटोविरूद्ध प्रदर्शन




*युगोस्लाभियामा भइरहेको नेटोको बमवर्षाको विरूद्ध साम्राज्यवादविरोधी राष्ट्रिय मञ्च, नेपालले निकालेको विरोध प्रदर्शनको दृश्य*

संयुक्त राष्ट्र संघको बडा-पत्र, पंचशीलको सिद्धान्त र संपूर्ण अन्तर्राष्ट्रिय नियम कानूनको ठाडो उल्लंघन गर्दै अमेरिकाको अगुवाइमा उत्तर एटलाण्टिक सन्धि संगठन-नेटोले युगोस्लाभियामा महीनौदेखि ज्यादा समयदेखि भीषण र बर्बर हवाइ आक्रमण गरिरहेछ । जनताको बस्ती, खानेपानी, अस्पताल, विद्युत गृह, इन्धन-केन्द्र, सार्वजनिक बस जस्ता आम जनतालाई प्रत्यक्ष असर पर्ने ठाउँमा मिसाइल आक्रमण र बम वर्षा गरेर नेटोले अमानवीयताको पराकाष्ठा नाघ्ने काम गरिरहेछ । हालै उसले चीन, भारत, लगायत अन्य कतिपय देशका दूतावासमा समेत आक्रमण गरेर कूटनीतिज्ञहरुको ज्यान समेत लिने काम गरेको छ । अमेरिका र नेटोको यो नांगो दादागिरी नितान्त निन्दनीय छ भन्दै साम्राज्यवादविरोधी राष्ट्रिय मंच नेपालले भनेको छ - आम जनस्तरमा विरोध गरिएन भने, संसारको कुनै पनि मुलुकमा कुनै पनि निहुँमा नेटोले फौजी हस्तक्षेप गर्न सक्ने संभावना टड्कारो भएको छ ।

युगोस्लाभियामाथि नेटोले गरिरहेको आक्रमणको विरोध गर्न यो राष्ट्रिय मंचले दुइवटा महत्वपूर्ण कार्यक्रमहरु आयोजना गर्‍यो ।

मंचको आयोजनामा बैशाख ३० गते काठमाण्डौंस्थित अमेरिकी दूतावासमा गएर अमेरिकी राष्ट्रपतिलाई विरोधपत्र दिने कार्यक्रम सम्पन्न भएको छ । खानी विभाग, लैनचौरमा जम्मा भएका बामपन्थी नेता, कार्यकर्ताहरुदेखि लिएर डाक्टर, वकिल, पत्रकार, लेखक, प्राध्यापक लगायत विभिन्न पेशाका बौद्धिक ब्यक्तिहरु विरोध प्रदर्शनमा सहभागी भएका थिए ।

त्यस्तै, मंचको आयोजनामा जेष्ठ ३ गते नेटो-युद्धको विरोधमा चाल्नुपर्ने कदमहरुका बारेमा विभिन्न पार्टी र पेशागत संगठनहरुबीच छलफल कार्यक्रम पनि भएको छ । छलफलको क्रममा साम्राज्यवादका विरुद्ध संघर्ष छेड्नका लागि ब्यापक रुपमा बहस-छलफल र अन्तर्क्रियाहरु चलाउनु पर्ने, विभिन्न खाले प्रचारात्मक कार्यक्रमहरु संचालन गर्नु पर्ने सुझावहरु आएका थिए ।

स्मरणीय छ, वैशाख २९ गते ६ वाम समूहहरुले पनि विरोध प्रदर्शन गरेका थिए । ❑

# के पाकिस्तान र भारतबीच युद्ध भड्केला ?

भारत र पाकिस्तानबीच अब कतै युद्ध नै भड्कने त होइन ? त्यस्तो आशंका पैदा हुन सक्ने हदको तनाव यतिखेर इस्लामावाद र नयाँ दिल्लीबीच सिर्जना भएको छ । यो तनाव गएको जेठ १२ गतेदेखि भारतले भारत र पाकिस्तानको सीमा 'नियन्त्रण रेखा' मा हवाई आक्रमण गर्न थालेपछि पैदा भएको हो । पाकिस्तानका करिब ६०० जना गुरिल्लाहरू भारतीय साइडमा रहेको काश्मिरमा घुसेकोले उनीहरूलाई 'धपाउनका लागि' भनेर भारतले यसरी काश्मिरको कार्गेल र द्रास क्षेत्रमा आक्रमण गर्न थालेको हो ।

यसको प्रत्युत्तरमा पाकिस्तानले पनि भारतीय वायुसेनाको दुईटा मिग- २७ बमवर्षक विमान र एउटा युद्धक हेलिकोप्टर खसालीदिएको दावी गरेको छ । भारतले भने दुईमध्ये एउटा बमवर्षक विमान पाकिस्तानले खसालेको नभएर आफ्नै 'प्राविधिक गल्ती' को कारणले खसेको बताएको छ । तर सबै विमानहरू र हेलिकोप्टर पाकिस्तानी क्षेत्रमै खसेको पाइएको छ र ती वायुयानहरू पाकिस्तानको काश्मिर क्षेत्रमा सीमा अतिक्रमण गरेर उडेको हुंनाले गोली हानी खसालेको पाकिस्तानले दावी गरेको छ ।

पाकिस्तानको विदेश मन्त्रालयले पाकिस्तान यो स्थिति चर्काउन चाहन्न भनेर आफ्नो धारणा अघि सारेको छ । प्रधानमन्त्री नवाज सरिफले संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानलाई पत्र लेखेर काश्मिरको खतरनाक स्थितिमा तुरून्त ध्यान दिन आव्हान गरेको छ ताकि स्थिति नियन्त्रणभन्दा बाहिर नजाओस् । उनले जम्मू काश्मिर क्षेत्रमा पाकिस्तानी गुरिल्लाहरूले घूसपैठ गरेको भन्ने निहुँमा भारतीय वायुसेनाले गरेको आक्रमणकारी कार्यवाहीको 'जाँचबुझ गर्न संयुक्त राष्ट्रसंघको 'विशेष दूत' पठाउन पनि माग गरेका छन् ।

तर भारतले भने यो पंक्ति लेखुदासम्म ४०० जना 'घूसपैठकारीहरू'लाई मारिसकेको र भारतीय आक्रमण पाकिस्तानी 'घूसपैठिया' हरूलाई धपाउन काफी सफल भएको ऐलान गरेको छ ।

भारतीय प्रधानमन्त्री र पाकिस्तानी प्रधानमन्त्रीबीच यस विषयमा 'हट लाइन' मा कुराकानी समेत भइसकेको छ । तर अहिलेसम्म तनाव तुरून्तै शान्त हुने लक्षण देखिएको छैन । स्मरणीय छ, दुई राष्ट्रबीच काश्मिरकै सवाललाई लिएर विगतमा दुई दुई पटक युद्ध समेत भइसकेको छ । अहिले भारतले सीमा क्षेत्रमा खालि वमवर्षक विमान मात्र होइन, स्थल सेना पनि परिचालन गरेको छ । भारतको दावी छ, पाकिस्तानी सेनाको पुट र तालिम पाएरै पाकिस्तानी र तालिवानी गुरिल्लाहरू भारतीय काश्मिर क्षेत्रमा घूसपैठ गरेका हुन् । घूसपैठ गरेकाहरूमा धेरैजसो अफगानिस्तानका अर्ध बेरोजगार तालीवान योद्धाहरू छन् ।

त्यसैले, दुई राष्ट्रबीच युद्ध भड्किने सम्भावना प्रशस्त छ । तर नवाज शरिफ र अटल बिहारी बाजपेयीबीच तीन महिनाअघि मात्र बाजपेयीको लाहोरसम्मको बस यात्राबाट विकास गरिएको भनिएको मैत्री र शान्ति एक्कासी आक्रमण र युद्धमा कसरी र किन परिणत हुँदैछ ? सबैको जिज्ञासाको विषय भएको छ । ◉



# कस्तो होला भट्टराईको प्रधानमन्त्रीत्व र बहुमतको सरकार?

*प्र.म. भट्टराई माओवादी समस्यालाई 'आतंकवादी' र 'अपराधिक' समस्या ठानेर 'आर्मी र पुलिस' लाई यसको समाधानको जिम्मामा सुम्पने मानसिकतामा देखिनु भएको छ ।*

गएको जेठ १३ गते कृष्णप्रसाद भट्टराई नेपाली कांग्रेसको संसदीय दलको नेता चुनिनु भएको छ र दोश्रो पटक नेपालको प्रधानमन्त्री हुनुभएको छ । अन्तरिम कालमा २०४७ साल बैशाखमा उहाँ प्रधानमन्त्री हुनुहुँदा उहाँ संपूर्ण अधिकार-संपन्न प्रधानमन्त्री हुनुहुन्थ्यो । उहाँ त्यतिखेर पार्टीको सभापति पनि हुनुहुन्थ्यो, जन-आन्दोलनको शीर्ष भागमा रहेर गणेशमान र उहाँले खेलेको भूमिकाका कारणले जन-समुदाय र पार्टी दुवै ठाउँमा उहाँको प्रतिष्ठा र नैतिक हैसियत उँचा थियो । तर यस पटकको उहाँको प्रधानमन्त्रीत्व भने पहिलेजस्तो हुने लक्षण छैन । उहाँको यस पटकको प्रधानमन्त्रीत्व नैतिक हैसियत र अधिकारविनाको अपुताली प्रधानमन्त्रीत्व हुने छाँटकाँट छ । र, यो स्पष्ट छः अपुताली प्रधानमन्त्रीत्व धेरै दिन टिक्दैन ।

यस्तो किन हुँदैछ भने, पहिलो कुरो त पार्टीलाई पुनः बहुमतमा ल्याउन र बहुमतको सरकार गठन गर्नमा प्रमुख र निर्णायक भूमिका यसपालि गिरिजाप्रसाद कोइरालाको रह्यो । गिरिजाकै रणनीति, दाउपेच ,क्रियाशीलता, मिहेनत,साम, दान, दण्ड, भेदले गर्दा अत्यन्त अलोकप्रिय स्थितिमा पनि कांग्रेसको यसपल्ट संसदमा स्पष्ट बहुमत आउनसक्यो । यसमा कृष्णप्रसाद भट्टराईको खासै भूमिका देखिएको छैन ।

तसर्थ, यसपटक नेपाली कांग्रेसभित्र "काम गर्ने गिरिजा, फल पाउने भट्टराई" भन्ने छवि सिर्जना भएको छ । यसबाट प्रधानमन्त्रीत्व सम्हाल्ने भट्टराईको नैतिक हक र हैसियत गिरिजाको तुलनामा कमजोर भएको छ । दोश्रो कुरा, अहिले पार्टीको लगाम मूलतः गिरिजाको हातमा छ । पार्टी संगठनमा भट्टराईको पकड पहिलेभन्दा धेरै कमजोर भएको छ । गिरिजाको चरित्र कमजोर र निष्क्रिय होइन, आक्रामक र हस्तक्षेपकारी देखिन्छ, शक्तिहीन भएर बस्ने गिरिजाको स्वभावै देखिन्न । त्यसैले, विधानतः प्रधानमन्त्री भट्टराई भए पनि पर्दापछाडिको बास्तविक प्रधानमन्त्री गिरिजा नै हुनखोज्ने स्थिति पैदा हुने संभावना टड्कारो छ । तेश्रो, कुरा, हिजोआजका भट्टराईका गतिविधि र जीवन्त अन्तर्वार्ताहरू नियाल्दा भट्टराई यो आठ बर्षको दौरानमा मानसिक रूपले असक्त भईसक्नु भएको देखिन्छ । प्रश्नको तुरून्त ठीक जवाफ दिने पहिले विद्यमान मानसिक क्षमता समेत उहाँले गुमाईसकेको भान हुन्छ । प्रधानमन्त्री भएर देश कसरी चलाउने ? -त्यो भिजन पनि उहाँमा यतिखेर देखिन्न । यी तीनवटै स्थितिको योगको फलस्वरूप भट्टराईको प्रधानमन्त्रीत्व कांग्रेसभित्र र बाहिर निकै छिटो विवाद र असंतोषको विषय बन्ने प्रष्ट संभावना देखिन्छ । गिरिजाको निम्ति भट्टराईलाई निकै छिटो कुर्सी त्याग गर्न दवाव दिने निहुँ प्रशस्त मात्रामा भट्टराई स्वयमले पैदा गर्ने देखिन्छ । यी सव कुराको परिप्रेक्ष्यमा उहाँको प्रधानमन्त्रीत्व पूरा अवधि टिक्नु आश्चर्यको कुरो हुनेछ ।

देशमा वहुदलीय प्रजातन्त्र आएको एक दशक वितिसकेको छ । तर जनताको जीवनस्तरमा अनुभूतिजन्य परिवर्तन र प्रगति ल्याउने कुनै पनि प्रजातान्त्रिक सुधार यो दश वर्षमा हुन सकेको छैन । न प्रगतिशील भूमिसुधार र कृषिक्रान्ति हुन सकेको छ, न देशको औद्योगिक कायापलट गर्ने कार्य, न ग्रामीण विद्युतीकरण र सडकीकरण, न शिक्षामा क्रान्ति ।

नेपालको प्रगतिशील कायपलट गर्ने हो भने यी चारवटा कार्यक्रम नेपालका लागि आधारभूत महत्वका प्राथमिकताका कार्यक्रम हुन् । नेपालमा गरिवी र बेरोजगारी, अशिक्षा र सांस्कृतिक पछौटेपना यिनै कार्यक्रमका आधारमा मात्र उन्मूलन गर्ने दिशातिर लैजान सकिन्छ । यी कार्यक्रमहरू उदारवाद र खुला बजार अर्थतन्त्रको बाटोबाट कदापी गर्न सकिन्न । यसको लागि जरूरत पर्छः मूलतः आफ्नो स्रोत, खुट्टामा उभिएर विकास गर्ने प्रतिबद्धताको , आफ्नै संस्थागत क्षमता बृद्धि गर्दै देशको विकास गर्न खोज्ने प्रतिबद्धताको ।

### *के कांग्रेसको बहुमतको सरकारले यो प्रतिबद्धता देखाउला ?*

नेपाली कांग्रसको चुनावी घोषणापत्र हेर्दा त्यस्तो कुनै प्रतिबद्धता त्यहाँ देखिन्न । नेपाली कांग्रेसले गरिबी उन्मूलनको कुरो त गरेको छ, तर प्रगतिशील भूमिसुधार र आत्मनिर्भर औद्योगिक कायापलटको कुरो गरेको छैन । त्योबिना नेपालमा गरिवी उन्मूलन संभव छैन । किनकि नेपालको गरिबी अन्यायपूर्ण भूमि संवन्धबाट पैदा भएको छ र बेरोजगारीबाट पैदा भएको छ । नेपाली कांग्रसले बेरोजगारी उन्मूलनको पनि कुरो गरेको छ । तर बाटो रोजिएको छ- उदारवादको । उदारवादबाट रोजगारी कहिल्यै उन्मूलन हुँदैन । किनकि, उदारवाद भनेको देशको कृषि र उद्योग-धन्दा डुबाएर बाहिरको तैयारी सामानको आयातलाई देशको ढोका पूरै खुला पारिदिनु हो । बेरोजगारी उन्मूलन गर्ने हो भने नेपाल तैयारी समान आयात गर्ने तर कच्चा पदार्थ वा बिजुली निर्यात गर्ने होइन, तैयारी सामान निर्यात गर्ने देशमा परिणत हुनु जरूरी छ । चीन, जापान र स्विट्जरलैण्ड जस्तो ।

त्यसैले, स्पष्ट बहुमतको कांग्रेसी सरकारले नेपाललाई बिगत दश वर्षभन्दा उन्नत र भिन्नै ढंगले चलाउने लक्षण देखिन्न । उसले अपनाई आएको पुरानै बाटो पछ्याउने छाँटकाँट देखिन्छ । त्यसैबाट त अरू ज्यादा महंगी, अरू धेरै बेराजगारी, अरू बढ्ता गरिवी, परिणाममा अरू ज्यादा अन्याय र धनी-गरिवबीचको खाडल मात्र तयार हुने देखिन्छ । माओवादी समस्या यसैबाट पैदा भएको हो । तर प्र.म. भट्टराई माओवादी समस्यालाई 'आतंकवादी' र 'अपराधिक' समस्या ठानेर 'आर्मी र पुलिस' लाई यसको समाधानको जिम्मामा सुम्पने मानसिकतामा देखिनु भएको छ ।

त्यसैले, सम्पूर्ण वाम तथा प्रजातान्त्रिक प्रतिपक्षहरू मिलेर बहुमतको सरकारलाई ठीक बाटोमा ल्याउन संघर्ष गर्नु जरूरी देखिन्छ । प्रतिपक्षहरू एकताबद्ध भएर संघर्ष गरेमा मात्र नेपाललाई प्रजातान्त्रिक सुधारको बाटोतिर लैजाने सम्भावना देखिन्छ । नत्र कांग्रेस स्वयंलाई आफ्नै बुद्धिले त्यो बाटोमा जाने लक्षण छैन ।

## २०४६ सालपछिका विगत तीनवटा संसदीय निर्वाचन दाँजेर हेर्दा

### *जेठ १२, २०५६ सम्मको निर्वाचन परिणामको आधारमा*

| *पार्टीको नाम* | *पाएको सीट* | | |
|---|---|---|---|
| | २०४८ साल | २०५१ साल | २०५६ साल |
| नेपाली कांग्रेस | ११० | ८३ | ११० |
| ने.क.पा.(एमाले) | ६९ | ८८ | ६८ |
| ने.क.पा.(माले) | - | - | ० |
| संयुक्त जनमोर्चा | ९ | ० | १ |
| राप्रपा (थापा) | १ | - | ११ |
| राप्रपा (चन्द) | ३ | - | ० |
| एकीकृत राप्रपा | - | २० | - |
| राष्ट्रिय जनमोर्चा- | - | २ | ५ |
| नेपाल सदभावना पार्टी | ६ | ३ | ५ |
| नेपाल मजदूर किसान पार्टी | २ | ४ | १ |
| ने.क.पा.(प्रजातन्त्रवादी) | २ | ० | ० |
| स्वतन्त्र | ३ | ५ | ० |
| कुलजम्मा | २०५ | २०५ | २०१ |

*स्रोतः निर्वाचन आयोग*

# पाठकको कुरो

## तालमेलबारे

मूल्याङ्कन अङ्क ६४ मा "वाम तालमेल" शीर्षकमा नेपाली वामपार्टी र चुनावी परिस्थितिबारे ठोस दृष्टिकोणका साथ सही विश्लेषण गरिएको छ। यदि वाम तालमेल गरेर चुनावी प्रतिस्पर्धा गर्ने हो भने संसदमा बामपन्थीहरुले सजिलै बहुमत ल्याउन सक्नेथिए। बिभिन्न टुक्रामा बिभाजित बामपन्थीहरुले संसदीय प्रणाली अन्तरगत चुनावलाई उपयोग गर्ने नै हो भने, सबै तहको चुनावमा वाम तालमेल गर्दा नै बढी उपलब्धि मिल्थ्यो। बाम तालमेल नहुँदा के, कस्तो र कति क्षति ब्यहोर्नुपर्छ भन्ने कुरा विगतको चुनावी परिणाम र अहिले नेपाली जनताले भोग्दै गरेको उत्पीडन नै जिउँदो उदाहरण हो।

यदि नेपाली वामपन्थी नेताहरुले साँचो अर्थमा सुन्दर नेपाल र सुखी नेपाली जनताको सुनौलो भविष्यलाई सुनिश्चित बनाउने सपथ खाएकै हुन् भने आफ्नो लक्ष्य प्राप्त गर्न अनुकूल परिस्थिति बनाउनको लागि आपसमा चुनावी तालमेल गर्न किन नसकेका ? केले बाधा पुऱ्याइरहेछ ? के हो अड्चन् ? नेपाली वाम नेताहरुको 'मार्क्सवादी मस्तिष्क' मा यी कुरा बिजारोपण हुनु अति आवश्यक कि- नेताहरुको गालामा फर्सि फलाएर सुकिलो र धारिलो पहिरनमा सजिएको मंचबाट प्रज्वलनशील भाषण गर्दैमा जनवादी क्रान्ति सम्पन्न गर्न सकिदैन। वर्तमान परिस्थितिमा, सकेसम्म र संभव भए जति प्रगतिशील कार्य सम्पन्न गर्दै र वामपन्थीहरुबीच एकताको हातेमालो गर्दै अघि बढेमा जनवादी क्रान्ति सम्पन्न गर्न सुगम तथा सरल हुनेछ।

◆ *ओम नारायण राई*, भोजपुर सानोदुम्मा-७, हाल, दुवई

## एकपक्षीय लाग्यो

'मुल्याङ्कन' तुलनात्मक रुपमा अरु व्यवसायिक पत्रिकाभन्दा ज्ञानवर्धक र सन्देशमूलक भएपनि यो एकपक्षीय, शक्तिको भक्ति गर्ने, सानालाई हेलाँ गर्ने र संसोधनवादी पत्रिका जस्तो लाग्यो। वर्तमान अवस्थामा मुलुकमा माओवादी पार्टीले वामपन्थी अवसरवादी भूल गरिरहेको छ र एमाले दक्षिणपन्थी अवरसरवादमा पतन भैसकेको छ। यस्तो बेलामा नेपाली कम्युनिष्ट पार्टीहरुका नराम्रा पक्षको खण्डन गरी जनतालाई सही सन्देश प्रचार गर्नुपर्दछ। तर यसले शक्तिको भक्ति गरेर कम्युनिष्टहरुको उद्देश्य अनुरुप कार्य नगरेको महसुस भइरहेको छ।

अंक ६४ मा नेपाल मजदुर किसान पार्टीको चुनाव चिन्ह मादलको डोरी चुँडाएर देखाएकोमा साह्रै दुख लाग्यो। के 'मूल्याङ्कन' का मित्रहरुलाई मादलको डोरी चुँडिएको हुन्छ कि हुँदैन भन्ने पनि थाहा छैन ? के सानो पार्टी भएकोले हेलाँ गरेको ? के तपाईहरु सच्चा कम्युनिष्टको विरोधी हुनुहुन्छ, संसोधनवादका पूजारी हुनुहुन्छ ?

त्यस्तै निर्मल लामा र चित्रबहादुर के.सी. लाई पनि सरकारमा सामेल हुन तपाईहरु प्रेरित गर्नुहुन्छ। प्रतिकृयावादी सरकारमा २-४ जना प्रगतिशील सांसदहरु सामेल भएर के नै गर्न सकिन्छ र ? झन उनीहरु पनि अवसरवादमा मुछिन्छन्। २-४ जना सरकारमा गएर राम्रो गर्न पनि सकिदैन र राम्रो गर्न खोज्यो कि सरकारबाट निकालिन्छन्। साथै, सच्चा कम्युनिष्टहरु यसरी समाजवादी परिवर्तन आउँछ कि भनी विश्वास गर्दैनन्। त्यस्तै 'जीवनको झाँकी' र विश्व 'कम्युनिष्ट आन्दोलन' मा पनि भारतको जस्तो असफल क्रान्ति हैन, चीन, उत्तर कोरिया, क्यूबाका सफल क्रान्तिबारे पनि छाप्नु जरुरी छ।

◆ *श्रीकृष्ण सुलु* पुल्चोक क्याम्पस

## पुनर्गठन बहसयोग्य

पौष महीनाको मूल्याङ्कनको बाहिरी आवरणमा "के नेपालको कम्युनिष्ट आन्दोलनलाई नयाँ ढंगले पुनर्गठन गर्न जरुरी छ ?" शीर्षकमा बरिष्ट साहित्यकार तथा बुद्धिजिवीहरुले पोख्नु भएको धारणा अत्यन्तै समसामयिक र बहसयोग्य छ। सायद यो धारणालाई ४-५ वर्ष अगाडि नै आन्दोलनको रुपमा विकास गर्न सकिएको भए वामपन्थी आन्दोलनले केही फड्को मारिसक्थ्यो कि ?

मेरो विचारमा जनवादी केन्द्रियताको नाममा कम्युनिष्ट पार्टीभित्र तानाशाहीतन्त्रलाई सीमित गर्नुपर्छ। कमसेकम सही विचारको निर्माणका लागि तल्लो तहका कार्यकर्ताहरुले पनि छलफल र बहस गर्न पाउनुपर्छ, तब मात्र पार्टीभित्र सही विचारहरुको धारा प्रवाहित हुनसक्छ।

यो आवरण शीर्षकलाई आगामी दिनहरुमा पनि मूल्याङ्कनले छलफल तथा बहसको रुपमा अगाडि बढाओस्।

◆ *रमेश 'गाउँले'* शान्तिनगर, काठमाण्डौ।

## दलित जातिबारे

हाम्रो नेपाली समाजमा ब्यापक अन्धविश्वास, कुरीति, सामाजिक भेदभाव, छुवाछूत र अत्यन्तै अपहेलित भई दोश्रो दर्जाको नागरिक हुन बाध्य पारिएका तमाम ४० लाख उत्पीडित दलित जातिहरुको पक्षमा यस पत्रिकाले नियमित स्थान दिएकोमा ज्यादै खुसी लाग्यो। विशेषगरी वर्गीय र वर्णीय दुवै दृष्टिबाट शोषित उत्पीडित दलित जातिहरुको सामाजिक मुक्ति र जातीय समानताको पक्षमा अझै खोजपूर्ण, तथ्यपूर्ण र यर्थातता बोकेका सामाग्रीहरु मूल्याङ्कनले प्रकाशित गर्दै जाओस्।

◆ *नारायण प्रसाद चँदारा* नयाँबजार, इलाम हाल,मामांखे,ताप्लेजुङ्ग

## अंक ६५

अंक ६५ मा दिइएको कुर्द नेता अब्दुल्ला ओकालनको गिरफ्तारी सम्बन्धी लेख र माओवादी नेता प्रचण्डको अन्तर्वार्ता विशेष मननयोग्य छन्।

पूर्णाक ६६ को आवरणकथामा मनमोहनबारेको लेख पाठकहरुको निम्ति प्रेरणाप्रद छ। कोसोभो युद्धको अन्तर्कथा र विभिन्न पार्टीहरुको घोषणापत्र बारेको टिप्पणी पनि पठनीय छ। त्यस्तै विश्व कम्युनिष्ट आन्दोलन अन्तर्गतको एक युवतीको हत्याको कथाले पार्टीहरुले कसरी गल्ति गर्छन् र त्यसले पार्टीलाई कस्तो घाटा पुऱ्याउँछ भन्ने कम्युनिष्ट पार्टीभित्रको कथा देखाएको छ।

◆ *शिवप्रसाद रक्साल* डेढगाउँ-९ नवलपरासी

## निस्पक्ष होस्

हरेक लेख विषेश लेखको रुपमा प्रकाशित गर्ने स्वतन्त्र वामपन्थी पत्रिका मूल्याङ्कन अहिले आएर एमालेविरोधी भएकै हो कि भन्ने लाग्न थालेको छ। कृपया त्यसो नगरियोस् र आफ्नो स्तरीयतालाई कायमै राखियोस्। आर्थिक लेखहरुलाई पनि स्थान दिएमा मजस्ता केही पाठक खुशी हुने थियौ। युरोपेली एकल मुद्रा युरोको बारेमा विस्तृत लेख प्रकाशित गरीदिनुहुन पनि अनुरोध गर्दछु।

◆ *एल.एन. पौड्याल* दमक-क्याम्पस, झापा-मेची

## कथा पनि रोचक

६४ अंकमा 'कति फरक पर्छ यो आम चुनावमा वाम तालमेल नभएमा ?' ले नेपालका वामपन्थी नेताहरुलाई सचेत पार्दै विगतको चुनावको नतिजाले उनीहरुलाई झस्क्याई दिनुभएको लेख अति मन पऱ्यो। त्यस्तै डा. नारायण पोखरेलको विचारले बढी चिन्तनले ग्रसित भएका कम्युनिष्ट नेताहरुलाई झटारो मार्नु भएकोमा हार्दिक बधाई। त्यस्तै, युवा कथाकार देविका तिमिल्सिनाको कथा पनि रोचक लाग्यो।

◆ *तिलक पौडेल* बाग्लुङ्ग, हाल-पाण्डीचेरी, (भारत)

## समाजवादी आन्दोलन

मूल्याङ्कन अंक ६५ को 'भोटदिनु अघि सोधिनुपर्ने प्रश्नको पेटारो' साह्रै राम्रो लाग्यो। मन छुने खालका लेखहरुमा नेपाली महिलाको स्थिति पनि हो। हालै खोलिएको "समाजवादी आन्दोलन नेपाल" को उद्देश्य, भावी रणनीति र यसको कार्यदिशा पनि आउँदो अंकमा आउने छ भन्ने पूर्ण आशामा छु।

◆ *विष्णुप्रसाद चौलागाई* रामेछाप, गुन्सी भदौरे-३, स्वांरा हाल-पाटन संयुक्त क्याम्पस,

## क. प्रचण्डको धैर्यबारे

पूर्णाङ्क-६६ मा कुन पार्टीहरुको घोषण पत्रले के भन्छ ? भन्ने विश्लेषणद्वारा पार्टीहरुका घोषणा पत्रहरु जनसमक्षमा ल्याएर बढी बुझ्ने सुअवसर दिएकोमा हामी हर्षित छौं।

अर्जुन शर्माद्वारा लिखित "क. प्रचण्डको धैर्य गुमेपछि" शीर्षकको लेख सान्दर्भिक छ। यदि एउटा, कम्युनिष्ट पार्टीको नेता नै आफ्नो आलोचनाको शिष्ट र सभ्य ढंगबाट प्रतिउत्तर दिनु हिच्किचाउँछन् भने जन साधारणमा उनीप्रतिको भावना कस्तो सिर्जिएला ? गंभीर बनी सोच्नु पर्ने आवश्यक ठान्दछु।

युगोस्लाभियामाथि अमेरीकाको नेतृत्वमा नेटोले बमबर्षा गरी एउटा सर्वभौम राष्ट्रप्रति नाँगो र नृशंस हस्तक्षेप गरी ब्यापक नरसंहार गर्दा पनि विश्वका विकसित भनाउँदा मुलुकहरु मुक दर्शक बनी हिंसक बाघको ताण्डव नृत्य हेरीरहेका छन्। यो कस्तो विडम्बना हो ? भोलि युगोस्लाभियामा छाएको सरुवा रोग अरु देशहरुमा पनि सर्नसक्छ।

◆ *बिक्रम कुँवर* श्री बरहथवा गाविस,-४, सर्लाही

## दीपक ज्ञवालीको लेख

मूल्याङ्कनको नियमित पाठकको हैसियतले म भन्न चाहन्छु - नेपालका बालबालिकादेखि वृद्ध-वृद्धाहरु समेतको बौद्धिक खुराक भइरहेको यस पत्रिकामा मादक पदार्थका विज्ञापन छापिनुभएन। लेखहरुमा दीपक ज्ञवालीको विचार र मूल्यांकनको चुनावी अभियान जस्तो जनचासोको लेख निकै राम्रो लाग्यो। वरिष्ठ लेखक खगेन्द्र संग्रौलाको 'चैत्र ३' सम्बन्धी सन्देश मननयोग्य देखिन्छ। माओवादी पार्टीका नेता क. प्रचण्डको अन्तर्वार्ताले कम्युनिष्ट भनाउँदाहरुलाई केही पाठ सिकाएको छ जस्तोलाग्छ। तर उहाँ माओवादी पार्टीकै अर्का प्रभावशाली नेता क. रामबहादुर थापासँग सम्बन्धित प्रश्नमा निकै विचलित हुनुभएको जस्तोलाग्यो। क. रामबहादुर थापासम्बन्धी विवादबारे थुप्रै कुरो बाहिर आइसकेको स्थितिमा पनि क. प्रचण्डले यो विवादलाई किन लुकाउन खोज्नु भएको होला, बुझ्न गाह्रो भयो।

PKK का नेता क. ओकालानबारे विस्तृत रिपोर्ट पढ्न पाइएकोमा आफ्नो धेरै ज्ञान बढेको छ।

◆ *पल्टन सिंह डाँगी क्षेत्री* बचाहा, दाङ्ग

## विद्यार्थीहरुको मत

'मूल्यांकन' को ६५ अंकमा विशेष रुपमा माओवादी नेता प्रचण्डसँग लिइएको अन्तर्वार्ता समसामयिक छ। ब्यंग्यमा आदि -रायमाझी, इत्यादि रायमाझीहरु निकै यथार्थवादी देखिन्छ। घटना र प्रबृत्तिमा स्वबियुको चुनावी परिणाममा आम चुनावको सानो तस्वीर झल्किएको देखियो। नेपालका विश्वविद्यालयका धेरैजसो विद्यार्थीहरुले समेत देशलाई गृहयुद्धमा धकेल्ने र निर्दोष नागरिकहरुको हत्या गर्ने सरकारको संरक्षणप्राप्त विद्यार्थी संगठनहरुलाई मत दिएको देखेर दुःख लाग्यो।

◆ **राजाराम भण्डारी** नीलकण्ठ-६, धादिङ्ग

## सार्थक पत्रकारिताका निम्ति समर्पित एउटा बौद्धिक-वैचारिक अभियानः नव युवा

### मूल्यांकन मासिकको सहकर्मी

**नव युवा**
मासिक

युवाहरूको मासिक खुराक
तपाईं निम्ति पनि उपयोगी !
तपाईंका छोराछोरीहरू,
भाइबहिनीहरूको
निम्ति पनि उपयोगी !!
समस्त युवाहरूको निम्ति
उपयोगी !!!




### स्वस्थ, सार्थक, रोचक, ज्ञानबर्द्धक र प्रगतिमुखी, सामग्रीहरूको संगालो !

❑ के तपाईंले किनेर पढ्नु भयो ? ❑ के तपाईंले किनेर घर लगिदिनुभयो ? ❑ तपाईंले नै लामो समयअघिदेखि खोजिरहनु भएको, प्रतीक्षा गरिरहनु भएको प्रकाशन ❑ नयाँ अंक हरेक महिना बजारमा आइरहेछ !!

❑ नेपालमा पत्रपत्रिकाहरू पुग्ने सबै जिल्लाहरू र गाउँहरूसम्म पनि **नव युवा** पुग्छ ।

◆ सिलुगढी, दार्जिलिंग, सिक्किम, कलकत्ता, नयाँ दिल्ली, गोरखपुर, मद्रास लगायत भारतका विभिन्न स्थानहरू एवं अरब मुलुकहरू, जापान, कोरिया, अमेरिका, हंगकंग, बेलायत, क्यानडा आदि देशहरूमा समेत यो नियमित रूपमा पुग्छ ।

❑ **नव युवा** रूपी यस अभियानलाई तपाईं पनि सघाउनु होस् :-

-नियमिति किनेर पढिदिएर । यसका विशेषताहरू बताएर अरूलाई पनि यो किनेर पढ्न प्रेरित गरेर र प्रतिक्रिया एवं सुझावहरू पठाएर ।

-लेख-रचनाहरू पठाएर । *(अप्रामाणिक र भरपर्न नसकिने मनगढन्त सूचना-स्रोतहरूका आधारमा लेखिएका रचनाहरूको कुनै विश्वसनीयता नहुने हुनाले ज्ञानबर्द्धक लेख-रचनाहरू पठाउँदा विश्वसनीय स्रोतका आधारमा लेखी सो स्रोतहरू पनि खुलाई पठाउन हुन अनुरोध छ ।)*

◆ **नव युवामा** विज्ञापन दिनु भनेको आफ्नो उत्पादन वा सेवाका लक्षित समूहहरूमा व्यापक रूपले सजिलै पुग्नु हो । यसमा विज्ञापन दिनुहोस् र आफ्नो व्यवसायमा अभिवृद्धि गर्नुहोस् ।

❑ स्मरणीय छ, हामी चुरोट, खैनी, सूर्ति, जुवा र रक्सीको विज्ञापन भने प्रकाशित गर्दैनौं ।

**-अन्तर्क्रिया प्रकाशन प्रा. लि.**

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०    म.क्षे.हु.द.नं. १२/०५१/५२

